# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## काठमाडौं महानगरपालिका, काठमाडौं

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री काठमाडौं महानगरपालिका,

काठमाडौं ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

[afdb]j zdf+ clwsf/L{

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २७ गते।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: मिति: २०७७।३।२५

च.नं. :

श्री महानगर प्रमुखज्यू,
काठमाडौं महानगरपालिका, काठमाडौं ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

**कैफियत सहितको राय :** हामीले काठमाडौं महानगरपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

१. महानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ अर्ब ४३ करोड ९३ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८४ करोड १३ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.३५ करोड ११ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१३ करोड ६ लाख २८ हजार र पेश्की रु.११ करोड ६२ लाख १० हजार रहेको छ ।

३.. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।१२।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पृष्ठ २०३ (दुईसय तीन) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# काठमाण्डौं महानगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले महानगरपालिका स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु महानगरपालिकाको उद्देश्य रहेको छ। यस महानगरपालिका अन्तर्गत ३२ वडा रहेको र वागमती प्रदेशमा अवस्थित छ।

**स्थानीय सञ्चित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम काठमाण्डौं महानगरपालिकाले प्राप्त गरेको आय अनुदान सहायता सम्पत्ति तथा दायित्व र स्थानीय सरकार सञ्चालनमा भएका व्ययहरुको वासलात, नाफा नोक्सान हिसाब बजेट विनियोजन तथा खर्चको वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न बमोजिम छ।

## आर्थिक बर्ष २०७५।७६ को वित्तीय विवरण

### क) वासलात र नाफा नोक्सान हिसाब

| पूँजी तथा दायीत्व | २०७५।७६ (रु. हजारमा) | २०७४।७५ (रु. हजारमा) |
|---|---|---|
| जगेडा कोष - | १५४६९८ | (६८७११) |
| सञ्चित बचत - | ६५२३२६४ | ३०६२८८३ |
| दीर्घकालीन ऋण - | ४६१,६१२ | ४६१६१२ |
| अल्पकालीन धरौटी - | १५१८३१ | १३११०८ |
| भुक्तानी दिन बाँकी हिसाब - | ६९१९३५ | ६०३८५२ |
| ह्रास बयवस्था - | ४८४० | ४८४० |
| **जम्मा:** | **७,९८८,१८०** | **४१९६३८४** |
| **सम्पत्ति तथा जायजेथा** | | |
| स्थिर सम्पत्ति - | ११०८२८४ | ८४५४८८ |
| दीर्घकालीन लगानी - | ३४५१८९ | २७५१८९ |
| जिन्सी सामानहरु - | १७५३० | ८६२१ |
| पेश्की सापटी तथा धरौटी - | २२७५४८ | १६५२६३ |
| अन्तर विभाग हिसाव - | ५,७८६,५८६ | २४६४९५२ |
| नगद तथा बैंक मौज्दात | ५०३,०४३ | ४३२८७१ |
| **जम्मा:** | **७,९८८,१८०** | **४१९६३८४** |
| **आय-व्यय हिसाव** | | |
| **आयतर्फ** | | |
| कर आय - | २४९०१३० | १३६३७०५ |
| शुल्क आय - | १८००८१९ | ३५८१४१ |
| सम्पत्तिबाट बहाल आय - | ११२९० | १३८०९ |
| बैंक ब्याज आय - | ९४६१८ | ३१७५२ |
| अनुदान र सहयोग - | ३५६६९७६ | ३०६७११८ |
| करार आय - | ४९५९८ | ३७१०२ |
| विगत बर्षको आय - | १३१३ | ११०९ |
| विविध आय - | १६२९०३७ | ४४०४०३ |
| **जम्मा** | **९६४३७८१** | **५३१३१३९** |

| व्ययतर्फ | | |
|---|---|---|
| तलब भत्ता तथा अन्य सुविधा - | ९५९१६५ | ५४४७९७ |
| कार्यालय सञ्चालन खर्च - | ३३२२२० | १७१३५१ |
| पूर्वाधार सुधार तथा निर्माण खर्च - | ८४५५६१ | ६४६०३१ |
| वातावरणीय सुधार खर्च - | ७४०३३ | ६२५९० |
| जनस्वास्थ्य सम्बन्धी खर्च - | ३६१९ | २०३० |
| विभागीय खर्च - | २२३३०८८ | २३५१८०७ |
| फिर्ता खर्च - | १११३ | ६००२२ |
| अनुदान तथा अन्य - | २५६३० | ८३३५८९ |
| अन्य खर्च - (समाहित कार्यालय खर्च) | १०८४९५० | २७६२९ |
| **जम्मा:** | **५५५९३७९** | **४६९९८४६** |
| आय-व्यय/बचत (नोक्सान) - | ४०८४४०१ | ६१३२९३ |
| गत बर्षसम्मको बचत - | ३०६२८८३ | २४४९५७७ |
| बचत हिसाब बासलातमा सारेको - | १८२६६०४२ | ३०६२८७० |

## आ.व २०७५।७६ मा क्षेत्रगत बजेट विनियोजन र खर्च स्थिति

| सि.नं. | कार्यक्षेत्रको आधार | आर्थिक वर्ष २०७५/७६ | | |
|---|---|---|---|---|
| | | अनुमानित | असार मसान्तसम्मको यथार्थ खर्च | खर्च भार प्रतिशतमा |
| १ | भौतिक पूर्वाधार विकास कार्यक्रम | ३,७०९,०७१,००० | १,८४९,३४८,९९१ | ४९.८६ |
| २ | सामाजिक विकास कार्यक्रम | ९८३,७५३,००० | ७०५,५०९,५९५ | ७१.७२ |
| ३ | शिक्षा | १,१०६,३१४,००० | १,००९,९०२,४१८ | ९१.२९ |
| ४ | सम्पदा तथा पर्यटन प्रवद्धन सम्वन्धी कार्यक्रम | ५७८,७४५,००० | ८०,२१३,४८२ | १३.८६ |
| ५ | हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम | ४९१,९३४,००० | २४४,१५१,१०७ | ४९.६३ |
| ७ | वातावरण तथा उद्यान व्यवस्थापन कार्यक्रम | ५००,२९२,००० | १४३,६८७,८६२ | २८.७२ |
| ८ | सार्वजनिक नीजि साझेदारी कार्यक्रम | २२,५००,००० | - | - |
| ९ | सूचना तथा सञ्चार सेवा कार्यक्रम | २३७,४५०,००० | ५८,३८०,०७६ | २४.५९ |
| १० | जनस्वास्थ्य सेवा कार्यक्रम | १३५,७९६,००० | ७२,९२९,९४२ | ५३.७१ |
| ११ | विपद् व्यवस्थापन कार्यक्रम | १५२,६००,००० | १९,३९८,४४५ | १२.७१ |
| १२ | अन्तर्राष्ट्रिय सम्बन्ध प्रवर्द्धन कार्यक्रम | ५०,४००,००० | २,७६३,४२७ | ५.४८ |
| १३ | कृषि र पशु सेवा कार्यक्रम | ७२,६१८,००० | २४,४२३,४८१ | ३३.६३ |
| १४ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | | - | - |
| १५ | राजस्व परिचालन तथा वित्त व्यवस्थापन कार्यक्रम | ४६,५००,००० | ५,०३७,४५७ | १०.८३ |
| १६ | शहरी सुव्यवस्था सम्वन्धी कार्यक्रम | | १४,७५८ | - |
| १८ | सहकारी व्यवस्थापन | | १,६६८,९५८ | - |
| १९ | शहरी विकास सेवा कार्यक्रम | ११८,१००,००० | २४,०४५,१२० | २०.३६ |
| | **जम्मा:** | **८,४७४,७४७,०००** | **४,२४१,४७५,११९** | **५०.०५** |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १. | **वासलाततर्फ** - महानगरको वासलातको विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छन् : | | |
| १.१. | गत वर्षको तुलनामा यस वर्ष, कोष र दीर्घकालीन दायित्वमा १०७ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसको मुख्य कारण जगडा कोषमा ३२५ प्रतिशतले भएको वृद्धि रहेको देखिन्छ । गत वर्षको तुलनामा संचित बचत घाटामा ११३ प्रतिशतले बढेको देखिन्छ जबकी दीर्घकालीन ऋणमा कुनै पनि परिवर्तन भएको देखिदैन । स्थिर सम्पत्ति तथा दीर्घकालीन लगानीमा यस वर्ष ३१ र ३० प्रतिशतले वृद्धि भएको देखिन्छ । स्थिर सम्पत्तिमा ह्रासकट्टी गरिएको छैन् । चालु सम्पत्तिमा यस वर्ष ११२ प्रतिशतले र चालु दायित्वमा १५ प्रतिशतले वृद्धि भएको देखिन्छ । | | |
| १.२. | **वित्तीय विवरणको चित्रण** - साझा यातायातमा गरेको लगानी रु.१६ करोडबाट प्रतिफल प्राप्त नगरेको, दीर्घकालीन ऋण हिसाव तिर्ने नतिर्ने सम्बन्धमा हिसावमा खुलासा नगरेको, ऋणको ब्याज भुक्तानी गर्नुपर्ने हो भने ब्यवस्था कायम नगरेको, साधारण स्टोर्स रु.८५ लाख ४३ हजारले ऋणात्मक देखाएको, कर्मचारी प्रोत्साहनतर्फ सूचक निर्धारण नगरेको, सञ्चालन खर्चमा मितब्ययीता ल्याउन प्राथमिकीकरण नगरेको, निर्माण तथा भौतिक पूर्वाधार योजनाहरु समयमा सम्पन्न नगरी पटक पटक म्याद थपी पूँजीगत खर्चमा अनुशासन कायम नराखेको, विगत बर्षका खर्च दायित्व बुक नगरी चालु बर्षमा खर्च लेख्ने गरेको, बर्षान्तमा रु.२२ करोड ७५ लाख ४८ हजार पेश्की सापटी एवं धरौटी बाँकी रहेकोमा पुराना रकमहरु फछ्र्यौट गर्नेतर्फ सक्रियता नदेखाएको, प्रतिस्पर्धात्मक खरिद प्रक्रिया नअपनाई सोझै रु.१६ करोड ९५ लाख ३५ हजारको खरिद गरेको, लगायतको अवस्थाले पेश गरेको वित्तीय विवरणले महानगरको आर्थिक स्थितिको समष्टिगत चित्रण गर्दैन । वित्तीय विवरणको प्रस्तुतीकरण र खुलासामा अविलम्व सुधार गरिनु पर्दछ । | | |
| १.३. | **ऋणात्मक कोष दायित्व** - कुनै पनि निकायमा छुट्टै प्रयोजनका विभिन्न कोषहरु स्थापना भई तोकिए बमोजिमका कार्यहरु सम्पादन हुने गर्दछन् । कोष साधारणतया धनात्मक मौज्दातमा रहन्छन् । महानगरपालिकाको वित्तीय विवरण परिक्षण गर्दा वासलातको अनुसुची-१ मा रहेको का.म.पा. कोष रु.९७,७३९,५५७- र श्री गणेशमान ई.एन.टी.हेड नेक मा रु.३५,४४,६६८।७८ ऋणात्मक मौज्दात रहेको देखिन्छ, जुन सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार प्रस्तुत गरिएको पाइएन् । यस कोषमा देखिएको ऋणात्मकमा आवश्यक समायोजन गरी प्रस्तुत गर्नुपर्ने देखिन्छ । त्यस्तै निषेधित कोष समायोजन गरी रु.२५,२४,३८,०१७- कायम गरेको छ । यस कोषको उपादेयता स्पष्ट हुन सकेन । | | |
| १.४. | **सञ्चित बचत समायोजन** - कुनै वर्षमा वित्तीय विवरणमा त्रुटी भएमा, सोको सुधार त्यही वर्षको सञ्चित बचत वा घाटा वित्तीय विवरण समायोजन गरी मिलाइन्छ । तर महानगरपालिकाको वित्तीय विवरणको विश्लेषण गर्दा, गत वर्षका त्रुटी गत वर्षको सञ्चित बचत/घाटामा समायोजन नगरी यस आर्थिक वर्षमा आएर सुरुको सञ्चित बचत घाटामा समायोजन गरिएको पाइयो । जसले गर्दा यस वर्ष तानिएको सञ्चित बचत मात्रै असर पारी गत वर्षको वित्तीय विवरणमा कुनै पनि असर नपर्ने गरी समायोजन गरिएको पाइयो । जसकारण, सुरुको सञ्चित बचत घाटाको व्यहोरा यस प्रकार रहेको छ : | | |

| विवरण | रकम |
|---|---|
| गत वर्षको बाँकी मौज्दात अध्यावधि गरिएको | ३,०६२,८८३,४५९।१० |
| (-) समायोजन गरिएका रकम | (६२४,०२०,१६९।२०) |
| **समायोजित सञ्चित बचत/घाटा** | **२,४३८,८६३,२८९।९१** |

| | | | |
|---|---|---|---|
| | अतः २०७४-७५ को वित्तीय विवरणमा सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार समायोजन वा पुनःपुस्टी गर्नुपर्ने देखिन्छ । | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १.५. | **दीर्घकालीन ऋण** - दीर्घकालीन ऋणहरु समय समयमा भुक्तानी तालिका (Repayment Schedule) का आधारमा तिरिसक्नुपर्छ । महानगरले भुक्तानी तालिकाको विवरण राख्नुपर्ने साथै ऋणको साँवा अनि सोही अनुसार ब्याज भुक्तानी गर्नुपर्नेमा ए.डी.बी.बाट प्राप्त दीर्घकालीन ऋण रु.३५ करोड ५३ लाख ९७ हजार, अन्य दीर्घकालीन ऋण रु.४ करोड, विष्णुमती लिंकरोड ऋण रु.६ करोड ६२ लाख १५ हजार समेत गत बर्ष रु.४९ करोड १६ लाख १२ हजार रहेकोमा यो बर्ष कुनैपनि ऋण थपघट नभई रकम यथावत रहेको पाइयो । उक्त ऋणको भुक्तानी तालिका पनि उपलब्ध नभएको र ऋणको साँवाँ र व्याज यस आ.व.मा पनि भुक्तानी र लेखाङ्कन गरिएको पाइएन । अतः ऋणको बार्षिक व्याज सहित साँवाको भुक्तानी कति र कहिले हुने भन्ने स्पष्ट हुनुपर्ने र सम्बन्धित अवधिमा ऋणको साँवा र ब्याज लेखाङ्कन तथा भुक्तानी गर्नुपर्ने देखिन्छ । | | |
| १.६. | **स्थिर सम्पत्ति** - सर्वमान्य लेखाका सिद्धान्तहरुअनुसार स्थिर सम्पत्तिको समुहको उप-समूह छुट्टाई त्यसको विवरण सहित रेकर्ड खातामा राख्नुपर्दछ । स्थिर सम्पत्ति खातामा सुरुको मौज्दात, यस वर्षको थपघट, अहिलेसम्मको ह्रासकट्टी, वार्षन्तमा बाँकी सम्पति जस्ता विवरणहरु राख्नुपर्दछ । यो स्थिर खातामा विवरणहरु नियमित रुपमा अद्यावधिक गर्नुपर्दछ । महानगरपालिकाले स्थिर सम्पत्तिको खाता राखेको पाइएन् । थप, स्थिर सम्पत्तिको हरेक समूह, उप-समूहको छुट्टै विवरण राखिएको पाइएन । शुरु मौज्दात, यस वर्षको थप तथा अन्तिम मौज्दातको विवरण तयार गर्ने गरिए तापनि स्थिर सम्पत्ति खातामा प्रबिस्टि गरी सम्पत्तिको परिमाण र मूल्य सहितको वर्षको सुरु मौज्दात थपघट ह्रास कट्टी तथा बर्षान्तमा बाँकी सम्पत्तिको विवरण खुल्नेगरी स्थिर सम्पत्ति खाता तयार गरिएको पाइएन । त्यसकारण महानगरपालिकाको स्थिर सम्पत्तिको सहि र यथार्थ चित्रण गरेको यकिन गर्न सकिएन । सम्पति व्यवस्थापनको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ । यसका साथै महानगरपालिकाले केहि वर्षदखि आफ्नो वित्तीय विवरण तयार पर्दा स्थिर सम्पत्तिमा ह्रासकट्टी गरिएको पनि पाइएन । आफ्नै जग्गा रु.२९ करोड ५५ लाख ५३ हजारको लालपुर्जा उपलब्ध गरी जग्गाको सरकारी मूल्याङ्कन अनुसार पुनर्मूल्याङ्कन गरिनु पर्दछ । | | |
| | महानगरपालिकाले स्थिर सम्पति खाता राख्ने र त्यस खातामा माथि उल्लेखित विवरणहरु प्रस्तुत गर्ने, विवरणलाई अद्यावधिक गर्नुपर्ने र वित्तीय विवरण तयार गर्दा स्थिर सम्पत्तिमा ह्रासकट्टी गर्नुपर्ने देखिन्छ । | | |
| १.७. | **जिन्सी सामान** - जिन्सी सामान भित्र रहेको साधारण स्टोर गत वर्ष रु.१,७४,५२,६०२।८६ रहेकोमा यस वर्ष यो घटेर ऋणात्मक रु.८५,४३,५११।११ भएको छ । त्यसैगरी यसभित्र रहेका अरु समानहरुको मौज्दात यस बर्ष पनि गत बर्ष जतिनै रहेको छ । जिन्सी सामान रेकर्ड बनाई त्यसको खरिद, प्रयोग अनि बिक्रीको पनि छुट्टै खाता बनाउनु पर्दछ । जिन्सी सामानहरु तथा अरु सामानहरुको मौज्दात कुनै बेला पनि ऋणात्मक नहुने भएकाले ऋणात्मक हुनुको आधार प्रस्तुत हुनुपर्दछ । | | |
| १.८. | **पेश्की, सापटी तथा धरौटी** - यस आ.व.को वित्तीय विवरणको अनुसूची-७ पेश्की सापटी तथा धरौटीमा देखिएको प्राप्त हुनुपर्ने अम्दानीहरुमा रहेको फिर्ता आउन बाँकी धरौटी सापटी रु.२,११,००,०००।- र आम्दानी करारहरू रु.४,४२,३०,२२९।- उठी सकेको व्यहोरा जानकारी गराएको । सम्बन्धित व्यवस्थापकीय कर्मचारीहरु अनुसार प्राविधिक त्रुटीका कारण उठिसकेको यी दुई रकमहरुलाई अनुसूची-७ मा देखाइएको पाइयो । | | |
| | अतः आम्दानीहरुलाई समायोजन गरी लेखा विवरणलाई अद्यावधिक गर्नुपर्ने देखिन्छ । | | |
| १.९. | **अन्तर विभाग हिसाब** - सामान्य रुपमा धरौटीमा राखिएका कोषहरुको मौज्दात ऋणात्मक हुनुहुँदैन । ऋणात्मक हुँदा कार्यसम्पादन क्षेत्रमा असर पार्न जाने सम्भावना रहन्छ । अन्तर विभाग हिसाबभित्र रहेको मर्मत सम्भार कोष (अनुसूची-९) को आ.व.को अन्तिम मौज्दात ऋणात्मक रू.२२,७०,५४४।८६ रहेको छ । त्यसैले यस कोषमा आवश्यक समायोजनहरु | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | सहित सोको यथार्थ चित्रण गर्नुपर्ने देखिन्छ । | | |
| १.१०. | **दीर्घकालीन लगानी** - विभिन्न आयोजनाहरुको नाममा ऋण सापटी रु.११ करोड १३ लाख ८४ हजार रहेकोमा यस वर्ष रु.७ करोड थप भई १८ करोड १३ लाख ८४ हजार पुगेको छ । ऋण लगानी सम्बन्धी अभिलेख अद्यावधिक गरी सापटी फिर्ता लिनुपर्दछ । त्यस्तै टेलिफोन धरौटी रु.४,९३,६०७।७१ तथा अन्य धरौटी रु.३३,१२,२७०।- लाई दीर्घकालीन लगानीको रुपमा देखाएको छ । धरौटी रकम लगानी नभएकोले अन्यत्र सम्बन्धित शीर्षक वा छुट्टै शीर्षकमा देखाउनु पर्दछ । | | |
| १.११. | **अल्पकालीन धरौटीहरु** - सामान्य रुपमा, राखिएका रकम, लिइएको रकम दिइएको रकम पाउनुपर्ने आम्दानीहरु दिनुपर्ने खर्चहरु छिटोभन्दा छिटो मिलान गरी सक्नुपर्दछ । यस्ता रकमहरुलाई धरै बर्षसम्म जिम्मेवारी सार्दै लैजान मिल्दैन । तोकिएबमोजिम नै मिलान गरी सक्नुपर्छ । यदि कुनै कारणवश त्यस्ता रकमहरु मिलान गर्न सकिएन भने सोको कारण सहितप्रष्ट रुपमा आवश्यक खुलासा तथा समायोजन गर्नुपर्दछ । अल्पकालिन धरौटीभित्र रहेको फिर्ता दिन बाँकी धरौटी सापटी रु.५,९१,००,०००।- गत आ.व. बाट नै मौज्दात रहेको पाइयो । अतः धरौटी रकमहरुमा समायोजन गर्नुपर्ने देखिन्छ । | | |
| २. | **सूचना प्रविधि** - महानगरपालिकाले आ.व.२०७५।७६ मा नेपाल सरकारको क्लोड सर्विस प्रयोग गरी सबै ३२ वटा वडामा नगद प्राप्ति रसीद अनलाइन प्रणालीबाट जारी गरिने भएको छ । महानगरपालिकाको राजस्व विभागले यसै आर्थिक वर्षदेखि राजस्व लेखाङ्कन सफ्टवेयर परामर्शदाताबाट तयारी गरी प्रयोगमा ल्याएको छ भने वित्तीय विभागले लेखा राख्नको लागि पहिलेदेखि नै लेखाङ्कन सफ्टवेयरको प्रयोग गर्दै आएको छ । त्यस्तै विद्युतीय माध्यमबाट भवन निर्माण इजाजत लिने प्रणालीको प्रयोग गरेको देखिन्छ । महानगरले प्रयोगमा ल्याएको ३ वटा सफ्टवेयर सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | | |
| २.१. | सबै वडा कार्यालयहरुले प्रयोग गर्ने Web Based Software सेवाग्राहीलाई जारी गरिने नगद भुक्तानी रसिद कार्यमा मात्र सिमित देखिन्छ । सेवाग्राहीलाई महानगरले दिनुपर्ने सेवाहरु सबै ३२ वटा वडाको डाटावेस राख्ने यो सफ्टवेयरमा क्षमता रहेको देखिएन । Billing Software भनेर नाउँ दिए तापनि यो नगद रसिद राख्ने Software मात्रैमा सीमित देखिन्छ । निकायमा राजस्व गणना गर्ने (जस्तै सबै व्यक्तिको नक्सापास अनुसारको राजस्व गणना), राजस्व नतिर्नेको Follow-up Report जारी गर्ने, राजस्व आम्दानी अशुल्ने कार्यमा सहयोग गर्न असफल रहेको देखिन्छ भने सेवाग्राहीले सूचना प्रविधि प्रयोग गरी कर तथा राजस्व भुक्तान गर्ने सुविधा यो software मा रहेको देखिएन । यो Software बाट नगद रसिद जारी भएका रसिदको जानकारी राजस्व विभागलाई आफ्नो प्रयोगका लागि Revenue Accounting System (RAS) software मा एकीकृत नभएको कारणले पुन RAS मा manually नै अध्यावधिक गर्नुपर्ने देखिन्छ । जसले गर्दा मानविय त्रुटीको सम्भावना निकै देखिन्छ । | | |
| २.२. | राजस्व विभागको Revenue Accounting System (RAS) ले सबै ३२ वटा वडा कार्यालयहरुबाट पठाइएको आम्दानी रिपोर्ट प्रतिबाट राजस्व तथा आम्दानीको लेखा राख्ने गर्दछ । तर राजस्व नियन्त्रण प्रक्रियामा प्रयोग गर्न सकिने प्रविधि निकायसँग रहेको देखिएन । जस्तै पव्लिक, प्राईभेट, पार्टनरशीप अन्तर्गतका कति सम्झौताहरु भएका छन, कर तथा राजस्व, रोयल्टी कति कहिले असुल गर्नुपर्ने तथा अन्य राजस्व नियन्त्रणका लागि यो Software ले सहयोग गरेको देखिएन । यो Software वित्त विभागको Financial Accounting Softwareसँगintegrated नभएकोले राजस्व संग सम्बन्धित सबै पुन Financial Accounting Software मा प्रविष्ट गर्नुपर्ने देखिन्छ । जसबाट कार्य दोहोरिने हुँदा समग्रमा उचित रुपमा हिसाब राख्न कठिन देखिन्छ.। | | |
| २.३. | वित्त विभागले प्रयोगमा ल्याएको Accounting Software को आफ्नो मात्रै Backup भएकोले, या त multiple backup को व्यवस्था गर्नुपर्ने वा नेपाल सरकारको Cloud | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | Server मा Data Backup हुनुपर्ने, अन्यथा Data Loss र Recovery को समस्या देखिन्छ । त्यस्तै दशक पहिलेको Oracle Based Software भएकोले Version Upgrade नहुंदा Database मा Easy Multiple User को प्रयोजन बनाउन सकिने देखिँदैन । वित्त विभागनै यसको नियन्त्रक भएकोले नियन्त्रण र सञ्चालन जोखिम कम गर्न विभागको मातहतमा Support र प्रविधिक नियन्त्रणको जिम्मा जरुरी देखिन्छ । | | |
| २.४. | स्थानीय निकायहरुलाई नेपाल सरकारबाट मिति २०७६।२।१९ मा म.ले.प. फाराम नं.२७२ अनुसारको ढाँचामा वित्तीय विवरणहरु समेटी खर्चको विवरण, लेखा नीति, लेखा टिप्पणी, बजेट तुलना आदि तयार पार्न परिपत्र भएको देखिन्छ । नेपाल सार्वजनिक क्षेत्र लेखा प्रतिवेदन मान (Nepal Public Sector Accounting Standard (NPSAS) उपलब्ध हुने गरि सोफ्टवेर परिमार्जन गर्नुपर्ने देखिन्छ । नितान्त वित्तीय लेखा प्रतिवेदन दिन सक्ने खालको मात्र यो सोफ्टवेर भएकाले लेखासंग मात्रै सिमितदेखिन्छ । नियन्त्रणका भव्य औजारहरु जस्तै स्थिर सम्पत्ति नियन्त्रण रजिस्टर, जिन्सी मौज्दात रजिस्टर, बैंक मिलान रिपोर्ट (Bank Reconciliation Report), नक्सा पास र सम्पत्ति कर उठ्नुपर्ने प्रतिवेदनको बिशेषता यो सोफ्टवेरमा देखिँदैन । नेपाल सरकारको निति बमोजिम अर्थ मन्त्रालय महालेखा नियन्त्रणको कार्यालयको रिपोर्टिंगको लागि २०७५।७६ देखिनै रेपोर्टिंग सोफ्टवेर SuTRA मार्फत स्थानीय निकायले प्रयोग गरि रिपोर्टिंग गर्नुपर्ने बाध्यात्मककारी व्यवस्था अनुसार महानगरको लेखाङ्कन सोफ्टवेरसँग compliance हुनेगरी रिपोर्टिङ्ग उत्पादन हुनुपर्छ । अतः SuTRA को प्रयोग गरी लेखा राख्नुपर्दछ । | | |
| २.५. | भवन निर्माण इजाजत विभागले २०७२।७३ देखि प्रयोग गर्दै आएको सफ्टवेयर विद्युतीय माध्यमबाट भवन इजाजत प्राप्त गर्ने प्रणाली (Electronic Building Permit System–EBPS) पूर्णरुपमा नक्सापास कार्यको निवेदनदेखि नक्सा पास सम्मका सबै क्रियाकलापहरु कागज रहित हुने गरी विकास गरिएको भएता पनि अझै पनि सेवाग्राहीसँग कागज निवेदन लिने फाइल तयार गरि वा कर बुझाउने (Manual) प्रकृया समेत दोहोरो कार्य नै भैरहेकोले यो Software पूर्णरुपमा कागज रहित बनाउन जरुरी देखिन्छ । २०७२।७३ भन्दा पहिले पास भएका नक्साहरु करिब २००,००० Scan गरि छुटै archieve गरि राखिएकोले विभागको ठूलो उपलब्धी हो तर यसलाई EBPS मा Database सँग integrate गर्न सके सेवाग्राहीलाई पुराना नक्सा सँग समबन्धित सेवाहरु समयमै प्रदान गर्न सकिनेछ । EBPS को प्रयोग हाल System Software भन्दा पनि inventory Software जस्तो प्रयोग भएकोले स्वचालित प्रणालीको रुपमा प्रयोगमा ल्याउन जरुरी देखिन्छ । ३२ वटै वडाको नक्सा पासको हालसम्मको Data Merge नभएकोले एकीकृत सम्पति कर उठे वा नउठेको भन्ने प्रतिवेदन हालसम्म यो Software बाट प्राप्त हुन सकेको देखिँदैन । | | |
| २.६. | **एकीकृत प्रणाली** - महानगरले हाल वडाहरुमा नगद रसिद काट्न online software प्रयोग गर्ने गरेको छ । कर तथा राजस्वको लेखा राख्न आ.व. २०७४।७५ देखि revenue account system हुँदै software प्रयोग गरि महानगरको महत्वपूर्ण भवन नक्सा पासको लागि Electronic building permit system प्रयोग गर्ने गरिएको र वित्तीय विवरण तयार पार्न वित्त विभागले Financial Accounting system प्रयोग गर्दै आएको अवस्था देखियो । राजस्वमा नियन्त्रण गुम्न पुगेको, सेवाग्राहीलाई दिनुपर्ने सेवाहरु समय सपेक्ष, पारदर्शी, मैत्री हुन नसकेको, लेखा प्रतिवेदन तोकिएको ढाँचामा प्राप्त गर्न नसकिएको, सम्पतिहरुको नियन्त्रण गुम्ने हुँदा महानगरपालिकाले प्रयोगमा ल्याएको सबै software हरुको database integration गर्न जरुरी देखिन्छ । Integration गरी सेवाग्राहीलाई सूचना प्रविधि मैत्री तथा व्यवस्थापन नियन्त्रण र निर्णय कार्यमा सहयोग पुर्याउन एउटा system प्रयोग गर्न सुझाव दिइन्छ । Integrated प्रविधि बनाउन ADB को सहयोगमा तयार भएको software MARS प्रयोग गर्न आवश्यक देखिन्छ । एसियाली विकास बैंक (ADB) को सहयोगमा अन्तराष्ट्रिय बोलपत्र मार्फत Netherland को कम्पनीद्वारा महानगर तथा संघीय मन्त्रालयहरुको सरसल्लाहमा तयार भै १३ सेप्तेम्बेर २०१७ मा महानगरलाई पूर्ण रुपमा | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | हस्तान्तरण भएको Municipal Administration and Revenue system (MARS) ले महानगरको सम्पूर्ण राजस्व, प्रशासन तथा आर्थिक नियन्त्रण गर्नसक्ने ९ वटा Module भएको उत्कृष्ट सफ्टवेयर हो । यसले Finance, Budget, Revenue, Citizen Information, स्थिर सम्पति, कर्मचारी प्रशासन तलब व्यवस्थापन र निर्णयमा सहयोग पनि पुर्याउने देखिन्छ र यस software को Enterprise Resource Planning (ERP) बिशेषता पनि देखिन्छ.। यो software प्रयोग गर्न महानगरका करिब १७० जना कर्मचारीले user acceptance testing सफलता पुर्वक सम्पन्न गरी करिब ४००० जना सेवाग्राहीले सेवा यो प्रविधि मार्फत दिएको पनि देखिन्छ । यो software को tool MARS University मार्फत कर्मचारी orientation तथा training प्राप्त गरेको पनि देखिन्छ । आ.व. २०७५।७६ को सुरुमै AMC को लागि Softech Foundation प्रा.लि.संग सम्झौता भएतापनि यो software को प्रयोगमा ल्याउने सम्बन्धमा कुनै पनि प्रगति देखिन्दैन । Software support को लागि ADB बाट प्राप्त गरेको करिब १५ करोडको हार्डवेयर समेत प्रयोग विहिन अवस्थामा रहेको देखियो । दशौं करोडभन्दा बढीको लागतमा विकास भई प्रयोगको लागि कर्मचारीहरुलाई तालिम समेत प्राप्त भएको र ४००० भन्दा बदी सेवाग्राहीहरुले सेवा समेत प्राप्त गरेको अवस्थामा काठमाडौं नगरपालिकाले यो उच्च प्रविधिको software प्रयोगमा ल्याई सम्पूर्ण प्रशासन तथा सेवाग्राहीहरुलाई सेवा दिन सक्ने छ । | | |
| २.७. | **वित्तीय विवरण** - सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार, प्रोदभावी आधार (Accrual Basis) मा वित्तीय विवरणको प्रस्तुतीकरण अनुसार कुनै पनि वित्तीय विवरण तयार पर्दा कम्तीमा वासलात, आय-व्यय विवरण, नगद प्रभाव विवरण, लेखा टिप्पणी तथा लेखा नीति विवरणहरु संलग्न गर्नुपर्दछ । | | |
| | कुनैपनि वित्तीय विवरण प्रस्तुत गर्दा त्यसको समग्र वित्तीय स्थिति र प्रदर्शन र कोष प्रवाहको सहि पहिचान र विश्लेषणको लागि माथि उल्लेखित विवरणहरु उचित ढङ्गले तयार भएको हुनुपर्दछ । काठमाडौं महानगरपालिकाले परीक्षणका लागि उपलब्ध गराएको वित्तीय विवरणमा वासलातको साथ अन्यसम्बन्धित अनुसूचीहरु उल्लेख गरिए तापनि अरु सान्दर्भिक हिस्साहरु जस्तै आय विवरण, नगद प्रभाव विवरण र नोट्सहरू समावेश गरिएको पाइएन । सर्वमान्य लेखाका सिद्धान्तहरु अनुरुप वित्तीय विवरण तयार गरी समग्र वित्तीय अवस्था सही र दुरुस्त राख्नुपर्ने देखिन्छ । | | |
| २.८. | **लेखाङ्कनमा एकरुपता हुनुपर्ने** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(१) अनुसार "गाउँपालिका तथा नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम हुनेछ ।" साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) अनुसार "स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्नेछ ।" हाल नेपाल सरकारले कारोवारहरुको लेखाङ्कनको लागि नगद आधार (Cash Basis) प्रयोगमा रहेको र सोमा आधारित Sub National Treasury Regulatory Applicaiton (SuTRA) नामक कम्प्युटर सप्टवेयर प्रत्येक स्थानिय निकायले आ.व. २०७६।७७ अनिवार्य रुपमा प्रयोगमा ल्याउनु पर्ने आवश्यकता रहेकोछ । तर हाल महानगरपालिकामा Accural Basis मा आधारित कम्प्युटर सफ्टवेयर प्रयोगमा रहेको हुँदा सो र SuTRA को उचित ब्यवस्थापन गर्दै जानुपर्ने देखिन्छ । अतः हाल सञ्चालनमा रहेको कम्प्युटर सफ्टवेयर र नेपाल सरकारले तोकेको SuTRA बीच आवश्यक प्रक्रियाहरु पुर्याई उचित व्यवस्थापन गरी SuTRA को प्रयोग गर्नुपर्ने देखिन्छ । | | |
| २.९. | **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने** - नेपाल लेखामान बोर्डबाट तयार गरिएको NPSAS नेपाल सरकारको लेखा प्रणालीमा लागू भइसकेको छ । हाल नेपाल संघीय प्रशासनिक प्रकियामा गएको छ । यसले नेपाल सरकारको प्रशासनिक तवर तरिका संघीय, प्रदेशिक र स्थानीय गरी तीन वर्गमा वर्गीकरण भएको छ । त्यसैले अघिल्लो वर्षहरूमा यस NPSAS लेखामान संघीय स्वरूपमा | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | कार्यान्वयन गरिएको थियो । तर यस वर्षदेखि NPSAS संघीय सरकारमा मात्र नभई ७ प्रदेश तथा सम्पूर्ण स्थानिय निकायहरुमा समेत पूर्ण रुपमा कार्यान्वयन चरणमा रहेको छ । काठमाण्डौं महानगरपालिकाले २०७५।७६ को आफ्नो वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार तयार गरिएको पाइएन । समग्रमा उत्कृष्ट वित्तीय विश्लेषण, कानून र अन्तराष्ट्रिय लेखा मापदण्डको अनुपालनको लागि यो नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसारको वित्तीय विवरण तयार गर्नुपर्ने देखिन्छ । | | |
| ३. | **मुद्दती निक्षेप -** महानगरले आफूसँग भएको स्रोतको अतिकतम र प्रभावकारी परिचालन सम्बन्धी नीति तय गरेको देखिएन । बचत रकममध्ये २०७५।१०।२ मा रु.१ अर्ब नविल बैंकमा १ वर्षे मुद्दतीमा राखेको र थप रु.१ अर्ब ४० करोड मुद्दतीमा राख्ने निर्णय गरेको तर कार्यान्वयन नभएको अवस्था छ । मुद्दती निक्षेपमा कोषको परिचालन गर्दा बढी प्रतिफलमूखी एवं सुरक्षित बनाउन स्रोत परिचालन नीति तर्जुमा गरी सो अनुरुप स्रोत परिचालन गर्नुपर्दछ । | | |
| ४. | **नीति तथा कार्यक्रम -** काठमाडौं महानगरलाई सांस्कृतिक जीवन्त शहरका रुपमा अगाडि बढाई विश्वमा महानगरको गौरवलाई जिवन्त राख्ने, लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडी परेका समुदायलाई प्राथमिकतामा राख्दै महानगरवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी पारदर्शीता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अंगिकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिने नीति रहेको छ । त्यस्तै स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने, सम्पदा र संस्कृतिलाई सम्बर्द्धन एवं प्रबर्द्धन गर्ने, वातावरणीय पक्षलाई विशेष ध्यान दिने, सहभागीतामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यलाई प्राथमिकता दिइने नीति उल्लेख गरी नगरसभाबाट कार्यक्रम तथा नीति स्वीकृत गरेको छ । जसमा प्रमुखरुपमा सुशासन, आर्थिक तथा वित्त, शहरी विकास, पूर्वाधार विकास, शहरी यातायात, सामाजिक विकास तथा सहकारी शिक्षा व्यवस्थापन, स्वास्थ्य, सांस्कृतिक सम्पदा र पर्यटन, सूचना सञ्चार, वातावरण विपद व्यवस्थापन, भवन मापदण्ड, शहरी योजना आयोग नीति रहेका छन् । यो वर्ष महानगरपालिकाको नीति कार्यक्रमको कार्यान्वयन अवस्था निम्न देखिन्छ । | | |

| नीति तथा कार्यक्रम (२०७५।७६) | प्रगति अवस्था |
|---|---|
| महानगरपालिका शहरी योजना आयोगको भूमिकालाई प्रभावकारी वनाउने, | आयोगको भूमिका कमजोर देखिएको |
| रानी पोखरी, काष्ठमण्डप, धरहरा लगायतका सम्पदा पुर्ननिर्माण | निर्माण चरणमा रहेको |
| महानगरको केन्द्रीय कार्यालय रहेको हरी भवन निर्माण गरिने | कार्य नै नभएको |
| नो मास्क सिटी लगायत प्रदुषण नियन्त्रणमा विशेष कार्यक्रम सञ्चालन गरिने | कार्य सञ्चालन भईरहेको |
| कार्यविवरण लागु गर्ने | कार्य विवरण तयार नगरेको |
| महानगर प्रमुखको सचिवालय अन्तर्गत रहने गरी अनुगमन इकाई गठन गरिने | अनुगमन इकाई प्रभावकारी नभएको |
| टोल फि नम्बरको उपयोग/गुनासो व्यवस्थापन | उपयोग प्रभावकारी नभएको |
| हस्तान्तरणीय सम्पत्तिको लगत संरक्षण उपयोग | प्रभावकारी नदेखिएको |
| कार्यसम्पादन करारको व्यवस्था गर्ने | प्रभावकारी नदेखिएको |
| जनप्रतिनिधिको क्षमता विकास तथा तालिम व्यवस्थापन | प्रभावकारी नदेखिएको |
| महानगर कर्मचारी व्यवस्थापन नियमावली कार्यान्वयन | कार्यान्वयन नभएको |
| प्रविधि मैत्री सुरक्षा नीति लागू गर्ने | कार्यान्वयन नभएको |
| आन्तरिक श्रोतको प्रभावकारी परिचालन | नभएको |
| सेवासँग करको आवद्धता गर्ने गरी सम्पत्ति कर, वहाल कर व्यवसाय कर लागू गर्ने | प्रभावकारी नभएको |
| सम्पुर्ण करदाताहरुको तथ्याङ्क संकलन गरी अध्यावधिक गरिने | तथ्याङ्क स)कलन नभएको |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td><table>
<tr><td>कर परीक्षण प्रभावकारी वनाउने</td><td>प्रभावकारी नभएको</td></tr>
<tr><td>प्रत्येक करदाताको Smart Tax Payer Card को प्रयोग गर्ने</td><td>लागू नभएको</td></tr>
<tr><td>शहरी सौन्दर्य र सुरक्षाको आँच आउने गरी विज्ञापन सामाग्रीहरु राख्ने कार्य निषेध गर्ने</td><td>प्रभावकारी नभएको</td></tr>
<tr><td>सम्पत्ति कर असुलीलाई थप प्रभावकारी वनाउनका लागि नेपाल विधुत प्राधिकरणसँग समन्वय र सहकार्य गरिने</td><td>प्रभावकारी नभएको</td></tr>
<tr><td>पर्यटन उपभोग कर लगाउनका लागि आवश्यक पहल गरिने (होटलवास खर्च विदेशी)</td><td>प्रभावकारी नभएको</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td></td><td>अतः तय गरेका नीतिको कार्यान्वयनलाई प्राथमिकता दिई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५.</td><td>योजना तर्जुमा प्रक्रिया - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार महानगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी सो समितिले बजेट तथा योजना तर्जुमा गरी दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आ. व. को बजेट, कार्यक्रम, सीमा, छनौट लगायतको प्रक्रियालाई सभामा पेश गरी योजना तर्जुमा प्रक्रिया सञ्चालनमा ल्याइनुपर्नेमा सो अनुरुपको प्रक्रिया अवलम्वन गरेको पाइएन । वडाबाट योजना लिने, बाडफाँड गर्ने, विभागमा खर्च गर्ने, अख्तियारी सुम्पने, खर्चको उत्तरदायित्व वडा तथा विभागमा ट्रान्सफर गर्ने, प्रतिवेदन लिने, अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका कार्यलाई व्यवस्थित गरी महानगरपालिकाबाट तत्सम्बन्धी कार्यप्रक्रियामा सुधार गरिनुपर्दछ । प्रत्येक वडा तथा विभागको कार्यक्रम, बजेट, योजना छुट्टयाई वित्तीय उत्तरदायित्व र जवाफदेहितालाई विकेन्द्रित गरी कार्यक्रम सञ्चालनमा ल्याउने र ठूला पूर्वाधार क्षेत्रका योजनामा मात्र महानगपालिकाले कारवाही अगाडि बढाउने गरी योजना तर्जुमा, कार्यान्वयन र वितरण प्रणालीमा आमूल सुधार गरिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५.१.</td><td>कार्यक्रम समन्वय - एकीकृत खुला तारहरुलाई भुमिगत रुपमा व्यवस्थापन गरी शहरी सौन्दर्यीकरण अभिवृद्धि गर्ने कार्यको अध्ययन एवं कार्यान्वयन प्रारम्भ गर्ने कार्यको लागि रु.१० करोड विनियोजन गरेको छ । नेपाल विधुत प्राधिकरण मार्फत तारहरलाई भुमिगत रुपमा व्यवस्थापन गर्ने कार्यक्रम सुरुवात भइसकेको छ । तसर्थ कार्यक्रम तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकार मार्फत हुने कार्यलाई समेत विचार गरी दोहोरो नपर्नेगरी योजना तर्जुमा गरिनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५.२.</td><td>महानगरपालिका भित्रका सडक विस्तार तथा पूर्वाधार विकास कार्यक्रममा महानगरपालिका, सडक विभाग, सडक विस्तार आयोजना लगायतका संस्था संलग्न भएको देखिन्छ । कुन निकायबाट कुन कुन सडक निर्माण तथा स्तरोन्नति गर्ने हो समन्वय गरी दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा एकै स्थानमा ठेक्का पट्टा हुँदा काम घटेको, साईट परिवर्तन गरेको, भेरियसन अर्डर जारी गर्नुपरेको अवस्था रहेको देखिन्छ । यसो गर्दा दोहोरो भुक्तानी हुने सम्भावनालाई न्यून गर्नेतर्फ समन्वय गरी योजना तर्जुमा र खरिद व्यवस्थापन हुन आवश्यक देखिएको छ ।</td><td></td><td></td></tr>
<tr><td>५.३.</td><td>अवण्डा बजेट - वार्षिक रुपमा प्राप्त गर्ने आय अनुमान, सरकारी अनुदान लगायत प्राप्त हुने आय अनुरुप अवण्डा रुपमा बजेट नराखी कार्यक्रम तथा विषयगत क्षेत्रमा बजेट विनियोजन, वर्गीकरण तथा सो अनुरुप वित्तीय खर्च गरी प्रगति प्राप्त गर्नुपर्नेमा कतिपय शीर्षकमा बजेट अवण्डा राखी बजेट तथा खर्चको कार्यक्रम तय गर्ने गरेको देखिएकोले यस्तो प्रक्रियामा तत्काल नियन्त्रण हुनुपर्दछ । केहि उदाहरण निम्नानुसार छन्:<table>
<tr><th>विवरण</th><th>रकम (रु हजारमा)</th></tr>
<tr><td>वडा स्तरीय विविध भौतिक पुर्वाधार विकास कार्य</td><td>७५५०००</td></tr>
</table></td><td></td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | |
|---|---|
| वडा कार्यालय भवनहरु निर्माण | २५०००० |
| विभिन्न स्थानमा सडक मार्किङ, ट्राफिक वत्ती, रुट नम्वरसहितको सूचना वोर्ड राख्ने कार्य, यात्रु प्रतिक्षालय निर्माण | ५०००० |
| केन्द्रीय योजनाहरु (सडक फुटपाथ, इटा, ढुंगा छाप्ने र ढल तथा अन्य ) | ६००००० |
| | |

६. **कर्मचारी व्यवस्था** - काठमाण्डौ महानगरपालिकाको २२ औं नगरपरिषद्को मिति २०७०।३।३० को निर्णयबाट २२५८ दरवन्दी कायम भएकोमा तत्काली स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ अनुसार महानगरपालिकाले २२५२ दरवन्दी कायम गरेको देखिन्छ । सोमध्ये १६२५ जना कार्यरत रही ६२७ जना रीक्त रहेको छ । महानगरले १४५ जनालाई करारमा नियुक्त गरेको समेत गर्दा १७७० कार्यरत रहेको देखिन्छ । संघीय सरकारबाट प्राप्त विवरण अनुसार २४६ जना मात्र कर्मचारी दरवन्दी स्वीकृत भएको अवस्था छ । साविकमा स्वीकृत भएको दरवन्दी नयाँ संरचनाअनुसार संघीय सरकारवाट स्वीकृत दरवन्दीबीच सामजस्यता कायम हुने गरी दरबन्दीको पुनसंरचना गरी स्वीकृत गराउनु पर्दछ ।

७. **त्रीवर्षीय बजेट** - महानगरको विगत ३ वर्षको बजेट खर्चको स्थिति निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| क्र. सं. | बजेट शीर्षक | २०७३।७४ | | | | २०७४।७५ | | | | २०७५।७६ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | हिस्सा | बजेट | खर्च | प्रतिशत | हिस्सा | बजेट | खर्च | प्रतिशत | हिस्सा |
| १. | तलब पारिश्रमिक सुविधा खर्च | १५६९१९० | ४६९७०३ | ३० | १९ | ७९७३४० | ५४४७९७ | ६८ | १२ | १४३९२६० | १०६६२४९ | ७४ | १८ |
| २. | कार्यालय सञ्चालन खर्च | २९०४०० | १६२७०९ | ५६ | ७ | ४२६५०० | २५९००० | ६० | ५ | ६२३१५० | ३५८९६३ | ५८ | ६ |
| ३. | पूँजीगत सम्पत्ति खर्च | ३९९७८५ | २६६३०३ | ६७ | १० | १४०६३२६ | ८६७३८ | ६ | २ | १५०४००० | ३३२७९७ | २२ | ५ |
| ४. | पूर्वाधार सुधार तथा अन्य विकास खर्च | ४६६६२०७ | १६११४३६ | ३४ | ६४ | ९४१३७८१ | ३८९६०४८ | ४१ | ८१ | ८४७४७४७ | ४२४१२५२ | ५० | ७० |
| | **जम्मा:** | **६९२५५८२** | **२५१०१५१** | **३६** | **१००** | **१२०४३९४७** | **४७८६५८३** | **३९** | **१००** | **१२०४११५७** | **५९९९२६१** | **५०** | **१००** |

तलब पारिश्रमिक सुविधा र कार्यालय सञ्चालन खर्च गत वर्ष कुल खर्चको १७ प्रतिशत रहेकोमा यस वर्ष २४ प्रतिशत पुगेकोले खर्च बृद्धि भइरहेको परिस्थितिमा चालु प्रकृतिका खर्चलाई नियन्त्रण गर्न करार सेबा, सल्लाहकार सेबा जस्ता कार्यमा मितव्ययीता ल्याई विकास निर्माणका लागि हुने खर्चमा प्राथमिकता दिनुपर्दछ ।

त्यस्तै पूर्वाधार तथा अन्य विकास खर्चतर्फ रु.४ अर्ब २४ करोड १२ लाख ५२ हजार देखाएको छ । जसको आधारमा कुल खर्चमा ७० प्रतिशत हिस्सा देखिन्छ । तथापी उक्त रकममा अन्तरनगर पूँजीगत अनुदान अन्य कार्यक्रम खर्च तथा शिक्षा स्वास्थ्य, कृषि, पशुतर्फको तलब भत्ता रकम समेत समावेश गरेकोले बढी देखिन आएको हो । महानगरले बजेट शीर्षक ८०००० विकास खर्चमा समावेश गरी तलब, भत्ता, अन्य कार्यक्रम खर्च गरेको अवस्था छ । तसर्थ बजेट पुस्तिकामा पूर्वाधार सुधार तथा अन्य विकास खर्च भए तापनि २०७५।७६ को वास्तविक पूर्वाधार खर्च रु.२ अर्ब ३० करोड १२ लाख ३६ हजार हुने देखिन्छ । जुन कुल खर्चको ३८ प्रतिशत मात्र छ । तसर्थ महानगरले नेपाल सरकारद्वारा स्वीकृत लेखा संहिता अनुसार बजेट शीर्षकमा परिमार्जन गरी लेखाङ्कनलाई यथार्थपरक बनाउनु पर्दछ ।

८. **वार्षिक बजेट खर्च स्थिति** - महानगरको वार्षिक बजेट रु.१२ अर्व ४ करोड ११ लाख ५७ हजार रहेकोमा रु.५ अर्ब ९९ करोड ९२ लाख ६० हजार खर्च गरी ५० प्रतिशत मात्र खर्च भएको अवस्थाले महानगरको बजेट अनुमान र खर्च व्यवस्थापन क्षमता कमजोर देखियो । उक्त खर्चमध्ये शीर्षकगत रुपमा केहीमा खर्च नै नभएको, केही शीर्षकमा ज्यादै न्यून खर्च भएको देखिन्छ भने केही शीर्षक विनियोजित बजेटभन्दा बढी खर्च भएको स्थिति समेत रहेको छ ।

| बजेट शीर्षक | असार मसान्तसम्मको यथार्थ खर्च |
|---|---|
| पूँजीगत सम्पत्ति खर्च | ३३२७९६६११ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | |
|---|---|
| तलब, पारिश्रमिक, सुविधा खर्च | ९९६९८९५६१ |
| जनप्रतिनिधि सुविधा खर्च | ६९२५९१०३ |
| कार्यालय सञ्चालन खर्च | ३५८९६३०८९ |
| पूर्वाधार विकास कार्यक्रम | २३०१२३६७५८ |
| अन्तरनगर पूँजीगत अनुदान | ११८८००००० |
| विभिन्न संघ संस्थालाई अनुदान | ५०००००० |
| सामाजिक सुरक्षा भत्ता | ५६८३६९३५१ |
| विषयगत (शिक्षा, स्वास्थ्य, कृषि, पशु) तर्फको खर्च | १०८४९४९७४२ |
| कार्यक्रम सञ्चालन अनुदान | १६२८९५७५४ |
| **जम्माः** | **५९९९२५९९६९** |

बजेट खर्च सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् :

८.१. **बजेटभन्दा बढी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले आ.व २०७५।७६ मा निम्न बजेट शीर्षकमा विनियोजित रकमभन्दा वढी खर्च गरेको देखियो । बजेटभन्दा वढी खर्च भएको रकम नगरपरिषदबाट खर्च समर्थन भएको प्रमाण पेश हुनुपर्ने रु. ---- १७९०८३८७.० (रकम)

| बजेट शीर्षक | बजेट | खर्च रकम | वढी खर्च |
|---|---|---|---|
| कर्मचारी महंगी भत्ता/ विषेश भत्ता | ३५०००००० | ४२९६९१७७ | ७९६९१७७ |
| कार्यालय मालसामान | २५०००००० | २६१०९७९३ | ११०९७९३ |
| कर्मचारी विमा | ६०००००० | ८१०४६०० | २१०४६०० |
| विशेष अनुदान | १०००००० | ११७५००० | १७५००० |
| अन्य | ७५५०००००० | ७५८८३२७४५ | ३८३२७४५ |
| क्षेत्र तथा सडक सफाई खर्च | ५२००००० | ७९१६२७७ | २७१६२७७ |
| कर्मचारी तलव | ६०००००० | ६०००७९५ | ७९५ |
| **जम्माः** | **८३३२०००००** | **८५११०८३८७** | **१७९०८३८७** |

८.२. विभिन्न शीर्षकहरुमा न्यून खर्च भएकोमध्ये केही शीर्षकहरुको विनियोजन र खर्चको स्थिति निम्न छन् :

| क.सं | विनियोजन शीर्षक | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | सडक तथा फुटपाथ | ५४००००००.०० | ६६०३९४८५.०० | १२.२३ |
| २. | सडक बत्ती | ५०००००००.०० | १३२३९३१३.०० | २६.४८ |
| ३. | ढुङ्गा, इट्टा छाप्ने | १५००००००.०० | १५११३६९.०० | १.०१ |
| ४. | ढल निकास | १३०००००००.०० | ९६३७०८४.०० | ७.४१ |
| ५. | पार्क मर्मत निर्माण/मर्मत | ८७२०००००.०० | ६६४८८८५.०० | ७.६२ |
| ६. | ल्याण्डफिल्ड ट्रान्सफर स्टेशन व्यवस्थापन | २१९७५००००.०० | ४९८३१०६८.०० | २२.६८ |
| ७. | महानगर अस्पताल निर्माण | १००००००.०० | ० | ० |
| ८. | सम्पदा संरक्षण अन्य कार्यक्रम | ५१३१४५०००.०० | ४७९३५५७.०० | ९.३४ |
| ९. | अग्नी नियन्त्रण सामग्री | १५०००००.०० | ० | ० |
| १०. | विपद व्यवस्थापन अन्य कार्य | १५२६०००००.०० | ११८९२१३५.०० | ७.७९ |
| ११. | सार्वजनिक निजी साझेदारी कार्यक्रम | २१००००००.०० | ० | ० |
| | जम्माः | १८६६१९५०००.०० | १६३५९२८९६.०० | |

उपरोक्त स्थितिबाट सडक तथा फुटपाथ निर्माण सडक बत्ती व्यवस्थापन, ढल

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | निकास, पार्क मर्मत सम्भार, सम्पदा संरक्षण, विपद व्यवस्थापन लगायतका महत्वपूर्ण कार्यमा न्यून खर्च भएबाट नगरवासीको सर्वोपरी हितलाई केन्द्रराखी कार्य गरिने नीतिगत व्यवस्थाको कार्यान्वयन पक्ष कमजोर रहेको देखियो । | | |
| ९. | **मापन र मूल्याङ्कन** - महानगरपालिकाले वर्षभरमा सम्पादन गरेको कार्य र उपलब्धीको स्वयम् परीक्षण गरी नतिजा सार्वजनिकीकरण गर्नुपर्नेमा गरेको देखिएन । वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति, वार्षिक प्रगति समीक्षा, चौमासिक प्रगति समिक्षा, कर तथा आय स्रोतको अभिलेखन, कोष खाता सञ्चालन, लेखापरीक्षण तथा बेरुजू फछ्र्यौट, सम्पत्ति व्यवस्थापन,भवन निर्माण तथा नक्सापास, कर्मचारी व्यवस्थापन, राजस्वका दर सार्वजनिक, सहभागितात्मक योजना तर्जुमा, लक्षित समूह कार्यक्रम, स्थानीय शासन, सामाजिक सुरक्षा, सुनुवाई, साझेदारी, पूर्वाधार, खर्चको सीमा पालना, लेखा प्रणाली, गुणस्तर, श्रोत परिचालन, खरिद व्यवस्थापन लगायतका क्षेत्रमा भएका शर्तको मापन र मूल्याङ्कन गरी स्वयम् "KMC Audit" गर्नुपर्नेमा गरेको छैन । स्वयम् परीक्षण पद्धतिले कार्य वातावरणमा सुधार ल्याउने हुँदा यसतर्फ गम्भिर बन्न आवश्यक छ । | | |
| १०. | **चौमासिक प्रगति विवरण** - राष्ट्रिय योजना आयोगको सचिवालयले तोकेको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी सो सम्बन्धमा भए गरेका सूचकमा आइपरेका सम्भावित जोखिम उपर कसरी समाधान गर्न सकिन्छ सो सम्बन्धमा छलफल गरी अपेक्षित प्रगति हासिल गर्न कार्यक्रमको प्रगति तोकिएको ढाँचामा तयार गर्नुपर्दछ । | | |
| १०.१. | बजेट विनियोजनको ढाँचा अनुसार विभागगत कार्यक्रमहरु उक्त कार्यक्रममा विनियोजन भएको बजेट अनुसारको खर्च विवरण तयार नगरेको कारण बजेटमा समावेश कार्यक्रमगत प्रगति सम्बन्धमा विश्लेषण गर्न सकिएन । | | |
| १०.२. | सूचना प्रविधि महाशाखाबाट सञ्चालन गरिने इन्टरनेट पूर्वाधारतर्फ रु.३ करोड घर बहाल कर प्रयोजनको लागि तथ्याङ्क सङ्कलनतर्फ रु.५ करोड, सी.सी.क्यामरा जडानको लागि रु.५ करोड समेत सूचना प्रविधिसंग सम्बन्धित अन्य कार्यका लागि कुल रु.२१ करोड ७७ लाख ६० हजार विनियोजन भएको रु.५ करोड १९ लाख ८ हजार (२३.८ प्रतिशत) खर्च भएको छ । तर महानगरको आय वृद्धिसंग सम्बन्धित घर बहाल कर प्रयोजनको लागि तथ्याङ्क सङ्कलन कार्य हुन सकेको छैन । | | |
| १०.३. | **सार्वजनिक सुनुवाई/सार्वजनिक परीक्षण** - उपभोक्ता लगायत महानगरपालिकाले सञ्चालनमा ल्याएका कार्यक्रम, खर्च विभागीय प्रगतिको सम्बन्धमा भए गरेका कार्यको सार्वजनिक सुनुवाई र योजनाको सार्वजनिक परीक्षणमा अपनाइने सबै प्रक्रिया पूरा गरी Public Audit लाई प्रभावकारी बनाउनुपर्नेमा सो कार्यको समय निर्धारण नगरेको, Audit सम्बन्धी Tools हरु प्रयोग नगरेको अवस्था छ । सार्वजनिक सुनुवाई/परीक्षणलाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई परीक्षण Tools हरु प्रयोगमा ल्याइनुपर्दछ । | | |
| १०.४. | **कार्यसम्पादन प्रगति** - कार्यालयले कामको प्रकृति, कार्यबोझ अनुसार कर्मचारीको व्यवस्थापन गरी अपेक्षित प्रगति पूर्णरुपमा प्राप्त गरिनुपर्दछ । महानगरपालिकाबाट सञ्चालन भएका कार्यक्रम तथा बजेटको तोकेको ढाँचामा भौतिक तथा वित्तीय प्रगति देखिने गरी वार्षिक लक्ष्य प्रगति वा वार्षिक कार्यसम्पादन प्रगति तयार गरी खर्चको उपलब्धी र बजेटको परिचालन सम्बन्धमा विश्लेषण गर्नुपर्नेमा गरेको देखिएन । प्रगति विवरण तयार गर्दा बजेट तथा खर्चको उपलब्धी देखिने गरी कानूनले तोकेबमोजिम कार्यसम्पादन प्रगति विवरण तयार गरिनुपर्दछ । | | |
| ११. | **कार्यक्रम अनुदान** - महानगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्न तथा विभिन्न उद्देश्यमा स्थापित र सञ्चालित सयौं संघ संस्थालाई कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराएको छ । अनुदान वितरणको निश्चित मापदण्ड बनाएको देखिँदैन । मापदण्ड र आधार समेत नबनाई पटके निर्णय गरी अनुदान दिएको छ । स्पष्ट नीति, मापदण्ड वेगर | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | अनुदान वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | | |
| ११.१. | **सामाजिक कार्य र अनुगमन** - महानगरपालिकाको कार्यक्षेत्रभित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा नगरक्षेत्रका सरकारी, गैरसरकारी तथा दातृ संस्थासंग आवश्यक समन्वय गरी कार्यक्रममा दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले कार्यक्रम सञ्चालन गर्न विभिन्न गैरसरकारी संस्था, क्लब, समूह, समाजलाई सामाजिक विकास विभाग अर्न्तगत रकम अनुदान दिएको छ । ती संस्थालाई उपलब्ध गराएको अनुदान रकमको अनुगमन समेत गर्ने गरेको छैन । संस्थाले गरेको खर्च र प्रतिफलको सामयिक अनुगमन गर्ने कार्यमा प्रभावकारीता ल्याउन आवश्यक छ । | | |
| १२. | **न्यायीक समिति** - आ.व २०७५।७६ मा २९३ वटा उजूरी प्राप्त भएकोमा १९९ वटा उजूरी फछ्र्यौट भई ९४ वटा विचाराधिन अवस्थामा रहेका छन् सोको समेत टुङ्गो लगाउनु पर्दछ । | | |
| १३. | **नगर प्रहरी** - महानगरपालिका नगरप्रहरी विभागमा विभिन्न पदका १९५ नगर प्रहरी कार्यरत रहेको पाइयो । नगर प्रहरी विभागबाट महानगर क्षेत्रभित्र फुटपाथ अतिक्रमण रोक्न, अवैध निर्माण सामग्री हटाउने, महानगरको कानून महाशाखा र न्यायीक समितिको फैसलाको कार्यान्वयन लगायतका कार्य गर्दै आएको देखिन्छ । विभागवाट प्राप्त प्रगती विवरण निम्नानुसार छ : | | |

| कामको विवरण | पक्राउ सख्या | कारबाही सख्या | प्राप्त राजस्व |
|---|---|---|---|
| सडक पेटी अतिक्रमण नियन्त्रण | १३५९ | ८७५ | ५२१७०० |
| अव्यवस्थीत पार्किङ्ग व्यवस्थापन | १२४०४ | १२३८० | १२३८०००० |
| छाडा चौपाया पक्राउ तथा व्यवस्थापन | ३१० | ३१० | ९५१५० |
| दृष्य प्रदुषण नियन्त्रण तथा व्यवस्थापन | ९४ | ९४ | ३९५००० |
| अनियमित निर्माण कार्य अनुगमन नियन्त्रण तथा कारबाही | १० | १० | १५३०० |
| फोहरमैला व्यवस्थापन तथा नियन्त्रण | १४७ | १४७ | ७४४००० |
| **जम्मा:** | **१४३२४** | **१३८१६** | **१४१५११५०** |

| | | | |
|---|---|---|---|
| | यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् : | | |
| १३.१. | **सवारी पार्किङ्ग** - काठमाडौं महानगरपालिकामा भएको बढ्दो शहरीकरण र जनसंख्याको चापको कारण सवारी साधनको आवागमन अत्याधिक वृद्धि भएको अवस्था छ । आवागमन तथा पार्किङ्ग गर्ने स्थानको अभावमा जतातती पार्किङ्ग गर्ने प्रक्रियाले सवारी आवागमनमा जाम भई बाटो काट्न नागरिकलाई लामो समय लाग्ने स्थिति समेत देखिएको छ । पार्किङ्गलाई व्यवस्थित बनाउन पालिकाले विकल्पको पहिचान गर्नुपर्दछ । | | |
| १३.२. | **फुटपाथ** - शहरी क्षेत्रको फुटपाथमा जथाभावी साना व्यापारीले साना पसलहरु सञ्चालन गरी आवतजावतमा असर परेको छ । बाटो हिड्ने पैदलयात्री स्वतन्त्र रुपमा हिड्न सक्ने अवस्थामा समेत असर परेको छ । अति सम्वेदनशील क्षेत्र, बस चढ्ने ओर्लने एरिया तथा आकाशे पुल लगायतका क्षेत्रमा अनधिकृत रुपमा व्यापार गर्ने अवस्थालाई नियन्त्रण गरी आवागमनमा सुधार ल्याइनुपर्दछ । | | |
| १३.३. | **होर्डिङ बोर्ड व्यवस्थापन** - महानगरपालिकाले आफ्नो क्षेत्रभित्र होर्डिङ बोर्ड राख्ने मापदण्ड बनाएको देखिन्छ तर उपत्यकाका अधिकांश स्थानमा तोकिएको मापदण्ड विपरीत होर्डिङ बोर्ड बनाएको भए तापनि उक्त बोर्ड हटाउने प्रभावकारी प्रयास गरेको देखिदैन । | | |
| १४. | **साझेदारी इकाई** - महानगरभित्र निजी, सार्वजनिक, साझेदारी इकाई (PPP) नगर प्रमुख अर्न्तगत रहेको छ । नयाँ क्षेत्रमा के कस्ता योजना र लागत शेयर हुने, संभाव्य परियोजनाको बारेमा संभाव्यता अध्ययन गर्ने, Refreshment Centre, बागबगैंचा, खुला पार्किङ्ग स्थान, शौचालय आदिको व्यवस्थापनको लागि इकाईलाई सक्रिय र प्रभावकारी तुल्याउन तत्सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको अवस्थालाई | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | ध्यानमा राखी प्रभावकारी कार्यान्वयनमा महानगरपालिका सम्वेदनशील हुनु जरुरी देखिन्छ। | | |
| १५. | **सार्वजनिक खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ बमोजिम पालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने व्यवस्था छ । ऐनको अधिनमा रही पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था छ । सो अनुरुप महानगरले खुला दरभाउपत्रबाट खरिद गर्ने अङ्क रु.१० लाख, सिलबन्दी दरभाउपत्रबाट रु.५० लाखसम्म र सोभन्दा माथि टेण्डर प्रक्रियाबाट खरिद गर्ने गरी नियमावली बनाएको छ । कार्यमा छिटोपना ल्याउन तथा कार्य परिमाण बढी भएको कारण नियमावलीमा संघीय कानूनभन्दा बढीको अङ्कभार थप गरेको उल्लेख छ । संघीय खरिद कानूनले तोकेको सीमाभन्दा बढी हुने गरी नियमावली बनाउनु उपयुक्त देखिंदैन । | | |
| १५.१. | **खरिद सम्झौता/समय/समन्वय** - निर्माणको ठेक्का सम्झौताका शर्तमा समयको पालना, गुणस्तर नियन्त्रण, खर्च नियन्त्रण र सम्झौता अन्त्यका सम्बन्धमा स्पष्ट शर्तहरुको व्यवस्था गरिए तापनि सम्झौता कार्यान्वयनमा महानगरपालिका र निर्माण व्यवसायीले ध्यान दिएको पाइएन । ठेक्का सम्झौता अनुरुप Time overrun हुनुको प्रमुख कारण समन्वयको अभाव र कानूनी कारवाही अगाडि नबढाइनु नै हो । रुग्ण अवस्थामा रहेका ठेक्काको सम्झौता अनुरुप पूर्वनिर्धारित क्षतिपूर्ति नलिनु, खरिदको पूर्व तयारी विना नै निर्माण कार्यको खरिद सम्झौता गर्नुको कारणले म्याद थप गर्नुपर्ने स्थिति देखिन्छ । कार्य परिमाणको आधारमा निर्माण कार्यमा समय कति लाग्ने हो सोको इष्टिमेट गर्ने गरेको छैन । समय र कार्य बिचको समन्वय नहुँदा अधिकांश ठेक्काको समय थप भएको छ । स्रोतको सुनिश्चिता, खरिद छनौट, कार्यान्वयनलाई कार्यतालिकामा तादाम्यता नगराईदा खरिद सम्झौता तोकेको समयमा सम्पन्न भएका देखिदैन । वर्षको अन्तमा खरिद सम्झौता गर्ने र सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने कार्यादेश दिने, भौगोलिक वातावरणलाई निर्माण कार्यसँग समन्वय नगराई पटक पटक म्याद थप्ने, प्राविधिक त्रुटी एवं लाभग्राहीको माग बमोजिम लागतअनुमानमा संशोधन गरी लागत रकम घटाउने/बढाउने स्थिति समेत देखिएको छ । खरिद कार्यको इष्टिमेट गर्दा बाहिरी वातावरण तथा सरोकारवालाबीच समन्वय गर्नुपर्ने सुधारका कार्यबीच छलफल नहुँदा योजना छनौट कार्य प्रभावकारी नहुने, स्थान परिवर्तन गर्ने, कार्य गर्दा समस्या उत्पन्न हुने र म्याद थप गरी एवं लागत संशोधन हुन गई सम्झौतामा उल्लेख भएका शर्तहरु निस्प्रभावित हुने अवस्थामा सुधार ल्याउन उल्लेखित विषयप्रति ध्यान दिनुपर्ने अवस्था छ । चाडपर्व र वर्षायामलाई प्रमुख कारक तत्वको रुपमा स्वीकार गरी म्याद थप गर्नु पनि उचित हुँदैन । कावुभित्रका र कावु बाहिरका परिस्थितिको यथार्थ विश्लेषण नगरिदा पनि खरिद सम्झौताले बढी समय लिने गरेका छन् । इष्टिमेट एवं पूर्वानुमान लागत तयार गर्दा छलफल गरी तयार गर्ने, वातावरणीय तापक्रमको आधारमा कालोपत्रे लगायतको कार्यमा समयलाई मध्यनजर गरी ठेक्का प्रदान गर्ने, सम्झौताको शर्तहरुमा Milestone राख्ने, पूर्वनिर्धारित क्षतिपूर्तिलाई Milestone सँग समन्वय गराउने, शर्त र updated program बीच अनुगमन गर्ने, समन्वय र सहजीकरणको वातावरण मिलाउने लगायतका विषयमा सुधार गरी पूर्वाधार क्षेत्रको निर्माण र विकासमा महानगरपालिकाले विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | | |
| १५.२. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। महानगरपालिकाले यो वर्ष पूँजिगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाएको देखिएन । महानगरले सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको | | |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>सीमाभन्दा बढी हुने गरी सोझै खरिदको रु.१० लाख र सिलबन्दी दरभाउपत्र रु.५० लाखसम्मको खरिद गर्ने गरी नियमावली बनाएको देखियो । त्यस्तै एक आर्थिक वर्षमा एक आपूर्तिकर्ताबाट एक पटकभन्दा बढी खरिद गर्न नसकिने व्यवस्था समेत परिवर्तन गरी नियमावली बनाएको देखिन्छ । आ.व २०७५।७६ मा महानगरपालिका ले रु.१८,३०,८१,७६५।७९ को वस्तु र सेवा खरीद गरेकोमा बोलपत्रबाट रु.६,११,३१,३६९।४५, खुला दरभाउपत्रबाट रु.१२,०४,५०,१८०।४० र सोझै खरिदबाट रु.१५,००,२१५।९१ को गरेको देखियो । कुल खरिद मध्येमा टुक्राटुक्रा गरी रु.१२,१९,५०,३९६।३४ (६६.६० प्रतिशत) सोझै र खुला दरभाउपत्रबाट गरेको देखिएकोले सार्वजनिक खरिद ऐनको परिपालना भएको देखिएन । सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१५.३.</td><td>खरिद व्यवस्थापन - निर्माण व्यवसायीबाट समयमा काम नहुँदाको अवस्थामा लागत अनुमानमा समावेश नगरी भेरियसनबाट गराएको, समयमा काम नगर्दा सम्झौता अनुसार कारवाही नगरेको र कार्य समयमा नहुँदा पूँजीगत खर्चमा कमी आएको देखिँदा सार्वजनिक खरिदको काम दक्षतापूर्ण तवरले गरिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१६.</td><td>तालिम तथा नर्म्स - काठमाडौं महानगरपालिकाले सञ्चालन हुने लामो अवधिको तालिम नीति तथा तालिमको नर्म्ससमेत प्रयोगमा ल्याएकोमा सो नीति तथा नर्म्स अर्थ मन्त्रालयले जारी गरेको तालिम खर्च र मापदण्डबीच मिलान भएको देखिएन । एकै किसिमको कार्यको नीति तथा नर्म्समा एकरुपता हुनुपर्नेमा फरक हुने गरी नर्म्स बनाई कार्यान्वयनमा ल्याउने कार्यमा सुधार गर्नुपर्दछ । केही उदाहरण देहायवमोजिम छन्:<br>
<table>
<tr><th>तालिम तथा कार्यक्रम</th><th>विवरण</th><th>अर्थमन्त्रालयको नर्म्स</th><th>महानगरपालिकाको नर्म्स</th></tr>
<tr><td rowspan="5">सार्वजनिक सेवा प्रवाह क्षमता विकास र अभिवृद्धि</td><td>श्रोत व्यक्ति( बाहिरी)</td><td>२०००.००</td><td>४५००.००</td></tr>
<tr><td>तालिम संयोजक भता</td><td>५००.००</td><td>२५००.००</td></tr>
<tr><td>तालिम सहसंयोजक भत्ता</td><td>-</td><td>२३००.००</td></tr>
<tr><td>तालिम सहायक भत्ता</td><td>-</td><td>१०००.००</td></tr>
<tr><td>तालिम प्रतिवेदन लेखन</td><td>१०००.००</td><td>७०००.००</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>१६.१.</td><td>नगरपालिकाले विभिन्न संघ सस्था मार्फत सञ्चालन हुने तालिम, गोष्ठी र सेमिनारमा अनुदान/सहायता उपलब्ध गराउने गरेको देखिन्छ । यसरी अनुदान उपलब्ध गराउदा अर्थमन्त्रालयको नर्म्स अनुसार हुने तालिम, गोष्ठी र सेमिनारको कुल खर्चको आधारमा अनुदान उपलब्ध गराउनुपर्नेमा संस्थाले पेश गरेको प्रस्तावको आधारमा उपलब्ध गराउने गरेको देखियो । संस्थाले पेश गरेको प्रस्तावमा तोकिएका कार्यमा अर्थमन्त्रालयको नर्म्सको तुलनामा वढी प्रस्ताव गर्ने गरेको देखिएकोले नर्म्सको पालना गर्दा वास्तवीक रुपमा नगरपालिकाकै अनुदानवाट मात्र पनि कार्यक्रम संम्पन्न हुनसक्ने अवस्था देखिएकोले यसमा आवश्यक सुधार हुनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१७.</td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।<br>● प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको । (निजामति सेवा ऐन, २०४९ को दफा ५)</td><td></td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | • उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको<br>• जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको<br>• प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,<br>• खर्चका बिल भर्पाईहरुको तेरीज बनाउने नगरेको,<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९०.१ अनुसुची १४),<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• भ्रमण अभिलेख खाता नराखेको (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>• सवारी लगबुक अद्यावधिक नगरेको,<br>• यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड निर्धारण नगरेको,<br>• सामान खरिद गर्दा तयार गरिने लागत अनुमानको आधार संलग्न गर्ने नगरेको ,<br>• नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस महानगरपालिका अर्न्तगत गाभिएका निकायहरुको हस्तान्तरण हुनुपर्ने सम्पूर्ण सम्पत्तिको अभिलेख जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन वा नगरपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त विद्युतिय लेखा सञ्चालन गरेको छैन । ऐनको व्यवस्था बमोजिम विद्युतिय लेखा उपयोगमा ल्याउनुपर्दछ ।<br>• स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा महानगरपालिकाले मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको देखिएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | | |
| १८. | दीर्घकालीन योजना तर्जुमा गरी स्रोत र साधनको संचालन विकास पूर्वाधारको आंकलन हुन नसकेको कारणले महानगरको आवधिक योजना अवधिको लागि आन्तरिक स्रोतको संकलन, संघीय तथा प्रदेश सरकारसँग माग गर्नुपर्ने रकमबाट नपुग हुने स्रोतको खोजीका लागि यथोचित कदम चालेर पूर्वाधार निर्माण एवं सेवा प्रवाहमा स्रोतको न्यूनतम हुन नदिने गरी बजेट व्यवस्थापन नगरी पटके रुपमा बार्षिक आय पेश गरी कार्य संचालन गरेको देखियो । विकास निर्माणको लागि अत्यावश्यक भएका तर प्राथमिकतामा पर्न नसकेको आयोजनाहरु उपर लक्षित वर्गलाई आयोजना संचालन गर्ने कार्य योजना महानगरले तयार गरेको छैन तसर्थ विकास मापन (Development Mapping) गरी क्रमशः प्राथमिकताको आधारमा आयोजना संचालन गर्नु पर्दछ । | | |
| | **शहरी योजना आयोग** | | |
| १९. | **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार नगरपालिकाले आफ्नो क्षेत्राधिकारको स्थानीय निकायको लागि आवधिक वार्षिक रणनितिक क्षेत्रगत मुल्याँकन एवं दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ को व्यवस्थाका आधारमा महानगरले ५ वर्षिय योजना २०७०।७४ तर्जुमा गरेको थियो । जसमा काठमाडौंलाई सुन्दर र साँस्कृतिक शहरको रुपमा समेट्ने दीर्घकालिन सोच समावेश भएको थियो । यो कार्यको लागि ५ वर्षको अवधि अन्तर्गत पूर्वाधार विकासमा रु.३६ अर्ब ३० करोड, सामाजिक विकासमा रु.२ अर्व ४३ करोड, वातावरण संरक्षण तथा दीगो विकासमा रु.२ अर्ब १७ करोड, यातायात व्यवसायमा ९० करोड लगायतमा करिब ४० अर्ब ९० करोड श्रोत आवश्यक पर्ने आँकलन भएकोमा सोको बजेट व्यवस्था, खर्च व्यवस्थापन र आवधिक तथा अन्तिम वर्षको मूल्याङ्कनको कार्य भएको छैन । महानगरले महानगर योजना आयोग गठन गरेर २०७५।७६ मा पदाधिकारी तथा कर्मचारीको सुविधा तथा प्रशासनिक खर्च समेतमा रु.२,२१,३७,०२१।- खर्च गरेको छ । तर उक्त आयोगले साविकको आवधिक योजनाको समिक्षा गर्ने र नयाँ दिर्घकालिन योजना बनाई श्रोतको आँकलन र विकासको मापन जस्ता कार्य गरेको देखिन आएन । गठन भएको योजना आयोगको कार्य सम्पादन औपचारिकमा मात्र सिमित रहेको अवस्था देखिदा आवधिक योजना तर्जुमा, तर्जुमा भएको योजना अनुसार वार्षिक बजेट व्यवस्थापन र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नु जरुरी छ । | | |
| २०. | **स्रोत र आवश्यकता बिचको सामन्जश्यता** - महानगरले वार्षिक नीति र कार्यक्रम तथा बजेट व्यवस्थापन गरेता पनि सो को प्रभावकारी कार्यन्वयन गर्न नसकेकोले विकास निर्माणको कार्यले गति लिन नसकेको, स्वीकृत भएका पूर्वाधार तथा अन्य निर्माणको प्रगति सुस्त रहेकोले पुँजिगत बजेट खर्च गर्ने क्षमतामा बढोत्तरी हुन सकेको छैन । फल स्वरुप आयोजनाहरुको निर्माणमा ढिलाइको कारणले लक्षित वर्गमा प्रतिफल प्राप्ति हुने कार्य समेत अपेक्षाकृत रुपमा हुन नसकेकोले विकास निर्माण, पूर्वाधार र सेवा प्रवाहमा गतिशिलता ल्याउन उपलब्ध श्रोत र साधनलाई निश्कृय नबनाउने गरी कार्यक्रम | | |

|  | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
| --- | --- | --- | --- |
|  | कार्यान्वयन गर्नुपर्दछ । |  |  |
| २१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । महानगरले स्थानीय राजपत्रमा २०७४।५।२२ मा प्रमाणीकरण गरी काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग गठन तथा सञ्चालन नियमवाली, २०७४ प्रकाशन गरेर सोही नियमावली बमोजिम शहरी योजना आयोगको गठन गरी योजना आयोगका उपाध्यक्ष र सदस्यहरुको आ.ब. २०७४।७५ मा भुक्तानी दिन बाँकी मासिक पारिश्रमिक सहित यस वर्षको पारिश्रमिक तथा कार्यसञ्चालन खर्च लगायत कार्यक्रम खर्च सहित जम्मा रु.२,२१,३७,०२१।- खर्च लेखेको छ । महानगरले ऐनमा भएको व्यवस्था बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी नगरसभाबाट पारित गरी संरचना खडा गरेको पाइएन । त्यसै गरी महानगरले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिका शहरी योजना आयोग (गठन तथा सञ्चालन कार्यविधि) ऐन, २०७५ (प्रमाणिकरण मिति २०७५।१२।२९) जारी गरी संरचनामा केही हेरफेर गरी नगर प्रमुख अध्यक्ष, कार्यपालिकाबाट नियुक्त एकजना उपाध्यक्ष, महानगर प्रमुखबाट नियुक्त कम्तीमा दुईजना महिला सहित नौ जना सदस्य, महानगर उप-प्रमुख आमन्त्रित सदस्य र शहरी योजना आयोगका सचिव सचिव रहने गरी आयोगको पुनर्गठन गरेको छ । उक्त कार्यको समेत संगठन तथा व्यवस्थापन प्रतिवेदन तयार गरी ऐन बमोजिम नगरसभाबाट पारित गरिएको नदेखिएकोले आयोगको सांगठनिक संरचनाको उपयुक्तताको विषयमा आश्वस्त हुने आधार देखिँदैन । |  |  |
| २२. | **करियर क्याम्प खर्च** - नगरसभाबाट पारित ऐन बमोजिम गठित आयोगका सदस्यहरुका अतिरिक्त प्रमुखले आयोगमा थप १५ जना सहायक विज्ञहरु नियुक्त गरी पारिश्रमिकका अतिरिक्त मासिक पारिश्रमिकको थप ५० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था समेत ऐनमा नै व्यवस्था गरिएको छ । यसका अतिरिक्त सेवा करार वा परामर्श सेवामा काम लगाउन सक्ने व्यवस्था समेत ऐनमा उल्लेख गरिएको छ । आयोगले नगरसभाबाट पारित विभिन्न कार्यक्रममध्ये करियर क्याम्प सञ्चालन गरे बापत कुल जम्मा रु.४४,२२,९६१।- खर्च गरेको छ । उक्त खर्चमध्ये १६ जना प्रशिक्षार्थी पारिश्रमिक बापत रु.२७,२७,५००।- स्रोत व्यक्ति पारिश्रमिकमा रु.२,३४,०००।- र परियोजना सुपरीवेक्षक सुविधामा रु.६,९६,५०२।- गरी जम्मा रु.३६,५८,००२।- खर्च गरेकोमा उक्त कार्य सम्पादन गर्न स्रोत व्यक्तिको रुपमा आयोगमा कार्यरत सहायक विज्ञले नै मासिक पारिश्रमिक कै दायरामा रही भूमिका निर्वाह गर्न सक्ने हुँदा यस वर्ष विज्ञ पारिश्रमिक तथा कार्यसञ्चालन खर्च बापत रु.१,०३,८७,३१९।- रकम खर्च गरेको सन्दर्भमा उक्त सम्पूर्ण रकमको पूर्ण उपयोगिता सम्बन्धमा आश्वस्त हुने आधार देखिएन । साथै आयोगमा विज्ञहरु रहेको अवस्थामा स्रोत व्यक्ति र परियोजना सुपरीवेक्षण बापत बाह्य जनशक्तिबाट कार्य गराउनु उपयुक्त नदेखिएको रु. --- | ९३०५०२.०० |  |
| २३. | आयोगले इन्द्रायणी मन्दीरको गुरुयोजना तयार गरे बापत ACE Associates Pvt. Ltd., New Baneshwor, Kathmandu लाई मू.अ.कर बाहेक रु.४,३५,०००।- को सम्झौता गरी मू.अ.कर सहित रु.४,९१,५४९।- भुक्तानी दिएकोमा उक्त कार्य आयोगमा कार्यरत सदस्य एवं सहायक विज्ञको संलग्नतामा हुन नसक्ने वस्तुनिष्ठ आधार नदेखिएको हुँदा खर्च रकम मनासिव नदेखिएको रु. - | ४९१५४९.० |  |
|  | **चालु खर्चतर्फ** |  |  |
| २४. | **अवकास कोष** - महानगरपालिकाबाट सेवा निवृत्त भएका स्थानीय सेवाका २१२ जना कर्मचारीलाई पालिकाले मासिक निवृत्तभरण उपलब्ध गराउदै आएको छ । निवृत्तभरण |  |  |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | वापत पालिकाले औसत रु.२ करोड ५० लाख खर्च गर्ने गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार निजामती कर्मचारीले पाएसरह निवृत्तभरण पाउने व्यवस्था अनुरुप निवृत्तभरण उपलब्ध गराएको उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम १० प्रतिशत कट्टी तथा १० प्रतिशत रकम थप गरी कर्मचारीको लागि एक अवकास कोष स्थापना गर्ने उल्लेख छ । कट्टी तथा थपको व्यवस्था पालिकाबाट अवलम्वन नभएको अवस्था छ । निवृत्तभरण दायित्वको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनमा स्पष्ट व्यवस्था समेत देखिदैन । सो अनुरुप निवृत्तिभरण दायित्व खर्च सम्बन्धमा कानूनद्वारा व्यवस्थित गरिनुपर्दछ । महानगरपालिकाले यो आर्थिक वर्षको लागि कल्याणकारी कोषमा रु.६,००,००,०००।- दाखिला गरेको देखियो । योगदानमा आधारित पद्धती र नियमावली अनुसार एक महिनाको तलब जम्मा गर्नुपर्नेमा नगर परिषद्बाट एकमुष्ठ बजेट पारित गराई कल्याणकारी कोषमा दाखिला गरेको उपयुक्त देखिएन । | | |
| २५. | **मेट्रो एफ.एम.** - महानगरपालिकाले विभिन्न सूचना तथा सञ्चार प्रवाह गर्नको लागि मेट्रो एफ.एम (९४.६ मेघाहर्ज) सञ्चालनमा ल्याएको छ । महानगरपालिकाले मिडिया शाखामा (मेट्रो एफ.एम) कार्यरत करारका २२ कर्मचारीलाई तलव भत्ता वापत रु.७०,६३,०३०।- वार्षिक खर्च गरेको देखिन्छ । राष्ट्रिय सभागृहबाट प्रसारित उक्त एफ.एमले महानगरपालिकाको सूचना वाहेक कुनैपनि सूचना प्रशारण गर्ने गरेको देखिएन । यसरी दैनिक विहान ५:३० देखि राति १० वजेसम्म सञ्चालन हुने एफ.एम.मा संचालित समय अनुसारको कार्यक्रम हुने गरेको देखिएन । विज्ञापन प्रशारण वापत सेवा शुल्क लिई राजस्व वृद्धि गर्नुपर्नेमा विज्ञापन दररेट निर्धारण गरेता पनि कुनैपनि किसिमको विज्ञापन प्रसारण नगरेकोले आन्तरिक आय नहुनुका साथै एफ.एम.को आय व्ययको लेखा राख्ने लेखाका कर्मचारी समेतको व्यवस्था गरेको छैन । अतः महानगरपालिकाले एफ.एम सञ्चालन गर्दा व्यावसायीक तवरले सञ्चालन गर्ने तथा एफ.एमलाई आत्मनिर्भर वनाउनुका साथै आय-व्ययको लेखा राख्ने कर्मचारीको व्यवस्थापन गरी आन्तरिक नियन्त्रण प्रणाली वलियो वनाउनु पर्दछ । | | |
| २५.१. | मेट्रो एफ.एममा कार्यरत कर्मचारीको उपलब्ध कार्यविवरण अध्ययन गर्दा एक जना व्यक्तिले प्रतिहप्ता न्यूनतम ३० मिनेट र अधिकतम १० घण्टा ३० मिनेट काम गरेको देखिन्छ । मासिक तलव भत्ता प्राप्त गर्ने व्यक्तिले हप्तामा न्यूनतम ४९ घण्टा काम गर्नुपर्ने व्यवस्था रहेकोमा उपरोक्त तथ्यवाट जनशक्तीको उचित व्यवस्थापन भएको अवस्था देखिएन । तसर्थ मेट्रो एफ.एमको कर्मचारी व्यवस्थापनमा पुनरावलोकन गरी चुस्त तथा सानो समूहबाट एफ.एम सञ्चालन गरी खर्चमा मितव्ययीता अपनाउनु पर्ने देखिन्छ । | | |
| २६. | **बिल भपाई बेगरको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरकार्यपालिकाको २६ औ र २७ औ बैठकको बैठक भत्ता र र परिबहन भत्ता वितरण गर्न ना.सु. रेशम बहादुर रानालाई भुक्तानी दिएकोमा बैठक भत्ता र र परिबहन भत्ता वितरण गरेको भरपाई समावेश नभएकोले खर्चसँग सम्वन्धीत विलभरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ---- | १८८५००.०० | |
| २७. | **बढी भुक्तानी -** ना.सु. श्री अनिल रत्न तुलाधरको श्रीमतीलाई सञ्चित बिदाको रकम भुक्तानी दिँदा कर्मचारी प्रशासन विभागबाट कुल १२६ दिन मात्र सञ्चित बिदा बाँकी रहेको प्रमाणित अभिलेख पेश भएकोमा निजलाई गो.भौ.१०११३, मिति २०७५।५।३० बाट २६१ दिनको रु.२,२१,८०५।६७ भुक्तानी दिएकोले १३५ दिनको बढी भुक्तनी दिएको रुकम रु.१,१४,७२७०७ असुल गर्नुपर्ने देखिएको रु. --- | ११४७२७.०७ | |
| २८. | **खर्च मापदण्डको पालना** - काठमाडौ महानगरपालिका खर्च व्यवस्थापन मापदण्ड, २०७२ को दफा १६.३ मा पुस्तक तथा पत्रपत्रिका खरिद व्यवस्थित गर्न कार्यालय लागि आवश्यक पुस्तक तथा पत्रिका खरिद र पत्रिकाको सदस्याताको लागि पुस्तक व्यवस्थापन समितिले | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | बजेटको परिधिभित्र रहि आवश्यकता अनुसार समितिको सिफारिसमा मात्र खरिद र सदस्यता हुन सकिने व्यवस्था छ । तर नगरपालिकाले कुनै व्यक्तिका व्यक्तिगत पुस्तक व्यक्तिगत सहायता स्वरुप खरिद गर्ने गरेको देखिन्छ जुन समितिको सिफारिस वमोजिम हुने गरेको छैन । साथै सोहि मापदण्डको दफा १६.२ मा रु.१,०००।- सम्मको विज्ञापन मिडिया शाखाको प्रमुखको आदेशमा प्रतिपत्रिका वर्षमा एक पटकको लागि भुक्तानी स्वीकृत गर्न सकिने र सोभन्दा वढी रकमको विज्ञापन महानगरपालिकाको सचिवले मात्र विज्ञापनको आदेश दिई भुक्तानी गराउन सकिनेछ भन्ने उल्लेख छ । तर कार्यालयले विज्ञापन बापत गरेका खर्चमा विज्ञापन प्रकाशनको आदेश विनानै विज्ञापन प्रकाशनको विलका आधारमा भुक्तानी दिएको देखियो । त्यस्तै महानगरपालिकाले शुभकामना छपाई वापत भुक्तानी गरेका खर्चमा केहि खर्चहरु व्यक्तिको नाममा मात्र सम्वोधित भएको देखिएकोले महानगरपालिकाले शुभकामना वा कुनै सुभेक्षा व्यक्त गर्दा महानगरपालिकाको नाममा हुनुपर्ने देखिन्छ । | | |
| २८.१. | **खर्च मितव्ययीता** - सरकारी खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बूँदा ११ अनुसार सरकारी खर्चमा सभा सम्मेलन गोष्ठी सेमिनार अन्तरक्रिया जस्ता कार्यक्रम संचालन गर्दा भरसक सरकारी निकायकै सभाहल प्रयोग गर्नुपर्ने, सम्बन्धित संस्था वा सरकारी सभाहल उपलव्ध हुन नसकेमा अधिकतम मितव्ययी हुने गरी कार्यक्रम गर्ने उल्लेख छ । का.म.पा. को वोर्डको १०० जनाभन्दा बढी क्षमताको आफ्नै सभाहल भएको अवस्थामा सो भन्दा कम संख्याको कार्यक्रम गर्दा समेत विभिन्न होटलमा कार्यक्रम गरी बढी व्ययभार पारेको पाइयो । महानगरपालिकाले आ.व २०७५।७६ मा कार्यालयको जनशक्ति विकास तालिम खर्चमा विनियोजन भएको रु.२,००,००,०००।- मध्ये रु.६१,०७,२०१।- खर्च भएको देखियो । जसमा तालिम सञ्चालन गर्दा एकदिवसीय तालिमलाई समेत रिसोर्टमा गई तालिम सञ्चालन गरिएको देखियो । कार्यालयको आफ्नौ सभाहल हुँदाहुँदै अन्य स्थानमा गई तालिम तथा सेमिनार गरी राख्नुपर्ने औचित्य देखिँदैन । अतः कार्यालयले गर्ने खर्चमा निर्देशिका अनुसार मितव्ययिता अपनाउनु पर्दछ । केहि उदाहरण निम्नानुसार छन्: | | |

| भौ.नं र मिति | स्थान | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| ०११३२४/०७५/११/२१ | होटल भ्यु भृकुटी | स्थानीय शासन सञ्चालन सम्वन्धी | १९९९०५४ |
| १००१०/०७५/४/२० | अल्फा हाउस रेस्ट्रो वार एण्ड वैङ्क्वेट प्रा.ली | सार्वजनिक सेवा प्रवाहमा एकीकृत सम्पत्ति कर तालिम | १००५७०० |
| १०६४९/७/२५ | hongxiang | | ४५२०० |
| १०६५५/७/२५ | pagoda | | ४९७२० |
| ११०७४/१०/७ | park village | | ३१५७२ |
| १११५०/१०/२० | yello pagoda | | १८२७२१ |
| | **जम्मा:** | | **३३१३९६७** |

| | | | |
|---|---|---|---|
| २८.२. | काठमाण्डौ महानगरपालिकाको खर्च व्यवस्थापन मापदण्ड, २०७२ मा कुनै कार्य गर्नको लागि कानून वमोजिम गठन भएका समितिमा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा वढीमा ३ जनासम्म मात्र आमन्त्रीत सदस्यसम्मलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था छ । नगरपालिकाले आ.व २०७५।७६ कुनै विषेश कार्य गर्नका लागि गठन गरेका समितिमा खर्च व्यवस्थापन मापदण्ड विपरित आमन्त्रीत सदस्यलाई भत्ता उपलब्ध गराएको देखिएकोले कार्यालयले मापदण्डको पालना गर्नुपर्ने देखिन्छ । भौ.नं. ११७१०।०७६।१।२७ बाट शिक्षा समितिको वैठकको भत्ता वितरण गर्दा जम्मा १५ जना उपस्थित भएकोमा २५०० का दरले रु.३७,०००।- भत्ता वितरण जसमध्ये ७ जना आमन्त्रित सदस्यलाई भत्ता भुक्तानी भएको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २८.३. | **विशेष अनुदान पुस्तक प्रकाशन गर्न सहायता** - नेपाल सरकारको बजेट निर्देशिका तथा वित्तीय हस्तान्तरण ऐन, २०७४ अनुसार विशेष अनुदान शिक्षा, स्वास्थ्य, भौतिक तथा मानवीय विकासको दृष्टीले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना तथा कार्यक्रममा खर्च गर्नुपर्ने उल्लेख छ । महानगरपालिकालाई संघीय सरकारबाट विशेष अनुदान प्राप्त नभए पनि यस कार्यालयले विशेष अनुदान पनि वार्षिक बजेट विनियोजन गरेको देखिएकोले यस शीर्षकबाट गरिने खर्च विशेष अनुदानको मर्म अनुसार गर्नुपर्नेमा ०१२२४१।०७६।३।३१ मा काठमाण्डौ महानगरपालिकाको जनप्रतिनिधिहरु तथा संघीय राज्य व्यवस्था नामक पुस्तक प्रकाशन गर्नको लागि मातृभुमि महिला समाजलाई रु.३,००,०००।- भुक्तानी गरेको देखिन्छ जुन खर्च बजेट शीर्षकको औचित्य विपरीत देखिन्छ । अतः कार्यालयले विशेष अनुदानमा बजेट विनियोजन गरी सकेपछि बजेट शीर्षकको मर्म र औचित्य अनुसारको क्षेत्रमा खर्च गर्नतर्फ ध्यान दिनुपर्दछ । | | |
| २९. | **कानूनी परामर्श** - कार्यालयमा कानूनी सल्लाहाकारको रुपमा ४ जना कर्मचारीहरु करारमा नियुक्त गरी वार्षिक रु.४,८०,०००।- दरले रु.१९,२०,०००।- खर्च लेखेको देखिन्छ । करारमा नियुक्त गर्न दरबन्दी स्वीकृत भएको नदेखिएको एवं कर्मचारीहरुले गरेको कार्यसम्पन्न अवस्था खुल्ने विवरण पेश भएन । यस प्रकार खर्च लेखेको एवं कानूनी शाखामा स्थायी कर्मचारी समेत रहेको अवस्था भए तापनि महानगरपालिकाको विवाद निरुपण, प्रशासकीय कार्यविधि नियमित गर्ने, सार्वजनिक यातायात व्यवस्थापन गर्ने, शहरी योजना आयोग लगायतका विधेयक तर्जुमागर्न मेरिट लिगल कन्सल्टेन्सी प्रा.लि.सँग परामर्श सेवा खरिद गरी रु.६,७३,०००।- भुक्तानी गरेको देखिन्छ । यस्तो कार्य महानगर कानून शाखाबाट गरी खर्चमा मितव्ययीता ल्याउनु पर्दछ । | | |
| ३०. | **भत्ता तथा आर्थिक सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानूनबमोजिम हुने व्यवस्था छ । त्यस्तै ८६(२) मा स्थानीय सेवाको गठन सञ्चालन व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अनय व्यवस्था स्थानीय तहले बनाएको कानूनबमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले सेवा, शर्त तथा सुविधा सम्बन्धी कानून बनाएको देखिएन । कानूनी व्यवस्था नगरी विभिन्न विभाग तथा निकायमा परिषद्को निर्णयानुसार तलब स्केलको ३३ देखि ५० प्रतिशतसम्म कर्मचारीलाई भत्ता सुविधा दिएको देखिन्छ । त्यस्तै प्रत्येक कर्मचारीलाई रु.१,५००।- का दरले महानगर भत्ता समेत उपलब्ध गराएको अवस्था छ । अधिकतम ५० प्रतिशत भत्ता तोकिएकोमा कुनै विभागमा सोको अतिरिक्त राशन भत्ता लगायत थप भत्ता उपलब्ध गराएको छ । विभिन्न रुपमा भत्ता उपलब्ध गराउँदा पटके कार्यसम्पादनलाई आधार मानी उपलब्ध गराएको देखिन्छ । प्रत्येक विभागको कार्य प्रक्रिया अनुसार कार्य वर्गीकरण गरी कार्य सम्पादन सूचक बनाई सूचकको आधारमा प्राप्त प्रतिफल एवं नेगेटिभ सूचकको आधारमा रकमको कटौति लगायतको व्यवस्था गरी सम्पादन सूचकको आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली कार्यान्वयनमा ल्याउन गत विगत वर्षमा समेत व्यहोरा औल्याएकोमा यो वर्ष पनि सो प्रक्रिया नअपनाई पटके निर्णयको आधारमा भत्ता तथा आर्थिक सुविधा उपलब्ध गराएको छ । यस वर्ष प्रदान गरिएको भत्ताको विवरण निम्नानुसार छन् : | | |

| क्र.सं. | बजेट शीर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १. | कर्मचारी अतिरिक्तसमय भत्ता | ७५०००००.०० | ४९६५६८५.०० |
| २. | प्रोत्साहन तथा विविध भत्ता | १३२००००००.०० | ९०७७८१२२.०० |
| ३. | परिबहन भत्ता | १५०००००.०० | १३२९१२५.०० |
| $. | महानगर भत्ता | ५००००००००.०० | ३२२६५८३३.०० |
| | जम्मा: | १९१००००००.०० | १२९३३८७६५.०० |

यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् :

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३०.१. | कर्मचारीहरुलाई प्रोत्साहन भत्ता/अतिरिक्त भत्ता उपलब्ध गराउँदा दोहोरो नपर्ने गरी, कामको विवरण, डिजिटल हाजिर, न्यूनतम दैनिक अतिरिक्त समय खुल्ने कागजात लगायत विवरण, तथ्याङ्क अद्यावधिक गरी उपलब्ध गराउनु पर्नेमा सो बेगर प्रोत्साहन भत्ता दिएको देखिन्छ। त्यस्तै अर्थ मन्त्रालयको खर्चको मापदण्डमा दैनिक २ घण्टा अतिरिक्त समय काम गरे मात्र भत्ता भुक्तानी गर्ने व्यवस्था उल्लेख भएकोमा सोको अनुशरण भएको देखिएन। | | |
| ३०.२. | **विद्युतीय हाजिर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार बील भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०७५ बूँदा ७.१.१ बैठक भत्ताको मापदण्ड सम्बन्धि उप बुदा २ मा यस्तो बैठक भत्ता कार्यलय समयअघि वा पछि हुनुपर्ने उल्लेख भएको छ। महानगरले आन्तरीक नियन्त्रणको लागि कर्मचारीको विद्युतीय हाजिर (e-attendence) लागू भइसकेको अवस्थामा कार्यालय समय अघि/पछि बैठक बसे बापतको ४८ बैठकको रु.१,५००।- को दरले हुन आउने रकममा कर कटाई भौ.नं.११११६६ मिति २०७५/१०/२३ बाट रु.३,७६,२००।- वितरण गरेको छ। बोलपत्र मूल्याङ्कन समितिमा कार्यालयका मात्र कर्मचारी उपस्थित भएमा भत्ता दिन मिल्ने अवस्था देखिंदैन। तसर्थ सो समेत यकिन गरी यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययीता अपनाउनु पर्दछ। | | |
| ३०.३. | कर्मचारीलाई काठमाण्डौ महानगरपालिका खर्च मापदण्ड निर्देशिका, २०७२ अनुसार डिजिटल हाजिरको आधारमा भुक्तानी गर्नुपर्नेमा काम गरेको स्पष्ट प्रमाण र डिजिटल हाजिर नै नराखी प्रोत्साहन भत्ता वापत वार्षिक रु.३२,३७,४२०।- भुक्तानी गरेको देखिएको छ। | | |
| ३०.४. | राशन भत्ता पाउने कर्मचारीलाई समेत ५० प्रतिशत भत्ता उपलब्ध गराउने गरेकोले २ किसिमका भत्ता प्रदान गर्ने कार्यमा पुनर्विचार गरी आवश्यक नियन्त्रण हुनुपर्दछ। | | |
| ३०.५. | **प्रोत्साहन भत्ता तथा विविध भत्ता** - काठमाण्डौ महानगरपालिकाले आ.व २०७५।७६ मा प्रमुखको सचिवालय, उपप्रमुखको सचिवालय, फोहोरमैलामा काम गर्ने कर्मचारी, जनस्वास्थ्याका कर्मचारीलाई जोखिम वापत २ महिनाको तलव वरावरको रकम, वित्त विभाग, प्रशासन, पूरानो वसपार्कमा कार्यरत लगायतका कर्मचारीलाई प्रोत्साहन तथा विविध भत्ता भनी रु.४९,६५,६८५।९६ खर्च लेखेकोले छ। जसमध्ये प्रमुखको सचिवालय र उपप्रमुखको सचिवालयमा कार्यरत कर्मचारीलाई डिजिटल हाजिर समेत नराखी भुक्तानी भएको छ। | | |
| ३०.६. | **कर्मचारी सञ्चार सुविधा** - नेपाल सरकार अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ परिच्छेद-७ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिको बूँदा १.७.८ मा मन्त्रिपरिषद् सदस्यहरुले पाउने सञ्चार सुविधा तथा बूँदा ७.१.९ मा मन्त्रीज्यूहरुको सल्लाहकार तथा अन्य पदाधिकारीहरुको सञ्चार सुविधा बारे उल्लेख भएको बाहेक अन्य कुनै पनि कर्मचारीलाई सञ्चार सुविधा दिने सम्बन्धी व्यवस्था भएको देखिंदैन। तर महानगरले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु.३,०००।-, सह-सचिव र आठौं तहको अधिकृतलाई मासिक रु.१,५००।- एवं सातौं तहको अधिकृतलाई मासिक रु.१,०००।- का दरले सञ्चार सुविधा बापत रु.९,८४,०००।- उपलब्ध गराएको छ। | | |
| ३१. | **तलब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानूनबमोजिम हुने व्यवस्था छ। साथै दफा ८८ मा स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। महानगरपालिकाले सातौं तहका २८ जनालाई रु.३२,०९०।- भुक्तानी गर्नुपर्नेमा रु.३४,२२०।- र आठौं तहका ३२ जनालाई रु.३४,२२०।- भुक्तानी गर्नुपर्नेमा रु.३७,२००।- भुक्तानी गरी संघीय कानूनमा तोकेकोभन्दा बढी हुने गरी पारिश्रमिक वितरण गरेको देखिएको छ। स्थानीय स्वायत शासन नियमावली, २०५६ अनुसार साविक स्थानीय निकायका कर्मचारीलाई श्रेणीगत व्यवस्थाबाट तहगत व्यवस्था लागू भएपश्चात् | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | अधिकृतस्तर तृतीय श्रेणीलाई अधिकृतस्तर छैठौं तह र अधिकृतस्तर द्वितीय श्रेणीलाई अधिकृतस्तर सातौं तहमा तह मिलान गरेकोले सो अनुसार तलव भुक्तानी गरिएको भन्ने कार्यालयको भनाई रहेको छ । तथापी तह मिलान नगरी यसरी बढी तलब भुक्तानी गर्न मिल्ने आधार नदेखिएको रु. --- | २०१५०००.०० | |
| ३२. | **स्थानीय तहका पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् : | | |
| ३२.१. | नेपालको संविधानको धारा २२७ मा नगर सभाका पदाधिकारी तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं.३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मितिदेखि अनुसूची-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । नगरपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.४,५६,४७,७४२।- सुविधा वापत भुक्तानी भएको छ । | | |

| विवरण | प्रमुख | उप प्रमूख | वडा अध्यक्ष ३२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ११८ जना | जम्मा (खर्च) |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा (श्रावण देखि पौष मसान्त सम्म) दर | ४२००० | ३७००० | २५००० | ८००० | ७००० | ४५६४७७४२ |
| मासिक सुविधा-माघ देखि आषाढ मसान्त सम्म) दर | ४२००० | ३७००० | २५००० | १५००० | ७००० | |
| पोशाक | १२००० | १२००० | १२००० | १२००० | १२००० | १९२०००० |
| सञ्चार सुविधा -मासिक दरमा) | ३००० | १५०० | १००० | - | - | ५०९००० |
| परिवहन | - | - | - | - | - | ८१५३००० |
| **वार्षिक कुल जम्माः** | | | | | | **५६२२९७४२** |

| | | | |
|---|---|---|---|
| ३२.२. | **बढी सञ्चार सुविधा** - प्रदेश कानूनमा उल्लेख भए बमोजिमको सञ्चार सुविधा उपलब्ध गराउनु पर्नेमा कार्यपालिका सदस्यलाई समेत वडा अध्यक्ष सरह सञ्चार सुविधा उपलब्ध गराएकोले कानूनवमोजिम जम्मा रु.४,३८,०००।- खर्च हुनेमा रु.५,०९,०००।- खर्च लेखेकोले बढी खर्च भएको रु. --- | ७१०००.०० | |
| ३२.३. | **पदाधिकारीलाई पोशाक भत्ता** - महानगरपालिकाले सुविधा सम्बन्धी ऐन, २०७५ मा व्यवस्था नगरेको अवस्थामा निर्णय गरी स्थानीय तहका प्रमुखसहित १६० जना पदाधिकारीलाई पोशाक भत्ता बापत रु.१९,२०,०००।- खर्च लेखेको देखिन्छ । तसर्थ पदाधिकारीलाई ऐनमा व्यवस्था नभएको पोशाक भत्ता भुक्तानी भएको रु. --- | १९२००००.०० | |
| ३२.४. | **परिवहन भत्ता** - महानगरपालिकाले सुविधा सम्बन्धी ऐनमा व्यवस्था नगरेको जनप्रतिनिधि परिवहन भत्ता वापत रु.८१५३०००।- खर्च लेखेको छ । तसर्थ पदाधिकारीलाई ऐनमा व्यवस्था नभएको परिबहन भत्ता भुक्तानी भएको रु. -- | ८१५३०००.०० | |
| ३३. | **वैठक भत्ता** - उपरोक्त ऐनमा न्यायीक समिति, विद्यायन समिति, लेखा समिति र सुशासन समितिलाई अनुसूचीमा उल्लेख भए वमोजिमको दरमा मात्र भुक्तानी गर्नुपर्नेमा महानगरपालिकाले यस आ.व.मा वैठक भत्ता वापत रु.१,५९,२१,८२३।- खर्च गरेको छ । जुन खर्च जनप्रतिनिधि सम्मिलित बैठक भत्ता र कार्यसञ्चालन बैठक भत्ता भनी छुट्टिंदैन तर कार्यसञ्चालन बैठकमा पनि यस महानगरपालिकाका कर्मचारीमात्र सम्मिलित हुने | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | भएकोले एकै कार्यालयका कर्मचारी सम्मिलित बैठकमा बैठक भत्ता उपलब्ध गराउने व्यवस्था नभएकोले महानगरपालिकाको बैठक बापतको खर्च ऐन, नियम कानूनमा उल्लेख भए बमोजिमको हो भनी यकिन हुन सक्ने आधार देखिएन । त्यसैले कानून विपरीत गरेको बैठक भत्ता खर्च रु. --- | १५९२१८२३.०० | |
| ३४. | **पदाधिकारी आर्थिक सहायता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । काठमाण्डौ महानगरपालिकाले आ.व २०७५।७६ मा जनप्रतिनिधिलाई उल्लेखित ऐनमा नभएको उपचार खर्च वापत स्पष्ट कार्यविधि एवं मापदण्ड बेगर देहायवमोजिमका जनप्रतिनिधिलाई उपचार खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. – | १२१२६१५.०० | |

| भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| १०३५१/०७५/६/१० | वडा नं ३१ का वडा अध्यक्ष नारायण प्रसाद भण्डारी | २७५८४८ |
| ११०२३/०७५/९/३० | वडा नं ११ का वडा सदस्य सरोज कुमार मल्मी | ३३५३८४ |
| ११०२४/०७५/९/३० | वडा नं ११ वडा सदस्य आशा श्रेष्ठ | १२७९६० |
| ११४२२/०७५/१२/४ | वडा नं १२ का महिला सदस्य नानीहेरा डंगोल | ५१६२४ |
| ११८२७/०७६/२/१५ | कार्यापालिका सदस्य लक्ष्मी श्रेष्ठ | १७१७९९ |
| १२००६/०७६/३/११ | वडा नं २० का वडा अध्यक्ष राजेन्द्र मानान्धर | १००००० |
| १२००७/०७६/३११ | वडा नं २० का महिला सदस्य रसेल श्रेष्ठ | ५०००० |
| १२०१०/०७६/३/१३ | वडा नं २३ वडा सदस्य ज्योती शाक्य | ५०००० |
| १२०११/०७६/३/१३ | वडा नं २३ वडा सदस्य गोपाल नापित | ५०००० |
| | **जम्मा** | १२१२६१५ |

| | | | |
|---|---|---|---|
| ३५. | **ईकाइ दरमा खरिद सम्झौता नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ अनुसार सार्वजनिक निकायले मालसामान वा अन्य सेवा खरिद गर्दा अनुसूची-३ वमोजिम र प्राविधिक स्पेसिफिकेशन र अवधिमा आधारित भई गर्नुपर्दछ भन्ने छ साथै सोही अनुसूचीको खण्ड (ख) मा संरचनात्मक वा एकाई दर सम्झौता गरि खरिद गर्न सक्ने व्यवस्था गरेको छ । यस वर्ष महानगरले स्टेशनरी सामान खरिद गर्दा एकाई दरमा सम्झौता नगरी एकमुष्ट रुपमा ओम श्री ओम नेस्कोसंग ठेक्का सम्झौत गरी खरिदगर्दा निम्नानुसारका सामान खरिदमा रु.६४९३६२ वढि व्ययभार परेको छ । (दाखिला प्रतिवेदन नं.८ र २७) | | |

| गो.भा.न र मिति | सामानको नाम | खरिद परिमाण | खरिद दर | न्यून कवोल दर | फरक दर | वढि व्ययभार परेको रकम |
|---|---|---|---|---|---|---|
| १४/२०७४/७/२० | फोटो कपी पेपरa 4 80 ग्राम | १८०० रिम | ३७० | ३१६.१० | ५३.९ | ९७०२० |
| | फोटो कपी पेपरa 4 80 ग्राम हरियो | १८रिम | ३७० | २५२.३ | ११७.७ | २११९ |
| | फुलिस्केप सादा | ४६० रिम | २०० | १२० | ८० | ३६८०० |
| | स्केच प्याड ३० पाने | २५० थान | ३५ | ३० | ५ | १२५० |
| | टेलिफोन डायरी १२/१८ | १५५ थान | १५० | ५० | १०० | १५५०० |
| | इन्डेक्स फाइल १२०० कोव्रा | ५०० थान | ८५ | ३५ | ५० | २५००० |
| | साइन पेन | १००थान | ३५ | १५ | २० | २००० |
| | हाइलाइटर | ५०० थान | ३५ | २० | १५ | ७५०० |
| | स्पापलर मेशिन 1=1m | २०० थान | ६० | ५३ | ७ | १४०० |
| | स्पापलर मेशिन 600 hd | ५० थान | ११० | ५५ | ५५ | २७५० |
| | स्पापलर मेशिन | १०थान | ३०० | ५५ | २४५ | २४५० |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | hd23s25 | | | | | |
| | स्टपलर पिन मझौला | ३०० पाकेट | २० | १५ | ५ | १५०० |
| | स्टपलर पिन ठुलो | २०० पाकेट | २९० | ७० | २२० | ४४००० |
| | स्टापलर पिन सानो | १००० पाकेट | ११ | १० | १ | १००० |
| | रवर | ५पाकेट | १०० | १० | ९० | ४५० |
| | पोसिड पेपर | १००थान | ३५ | ५ | ३० | ३००० |
| | स्केल १८ इन्च | १००थान | २० | १० | १० | १००० |
| | इन्डेक्स फायल प्लाष्टिक कभर | ३०००थान | ११० | १०० | १० | ३०००० |
| | क्लीप फाइल | २५० थान | ६० | ५० | १० | २५०० |
| | my clear bag | ७५०थान | १५ | १० | ५ | ३७५० |
| | फोल्डर फायल | ५० थान | १५ | १०.४४ | ४.५६ | २२८ |
| | रिङ्ग फायल | २५००थान | ८८ | ७० | १८ | ४५००० |
| | पन्चिग मेसिन ठुलो 800 | ५० थान | १५०० | २५० | १२५० | ६२५०० |
| | पन्चिग मेसिन मझौला 600 | ५०थान | २०० | १७५ | २५ | १२५० |
| | डटपेन | ६०००थान | ९.५ | ८.७ | .८० | ४८०० |
| | जेलपेन | १५००थान | २३ | १८.५६ | ४.४४ | ६६६० |
| | स्केल १२ इन्च | ५०थाान | १५ | १० | ५ | २५० |
| | पेन्सिल कटर dell 616 | २५ थान | २५० | १० | २४० | ६००० |
| | पेपर कटर | १००थान | ४५ | १० | ३५ | ३५०० |
| | वाइन्डिग टेप २ इन्च | १२थान | ५५ | १० | ४५ | ५४० |
| | टिपेक्स | ५० थान | ४८ | १० | ३८ | १९०० |
| | वेगन ६०० ml | ७५० थान | ५५० | ३८१ | १६९ | १२६७५० |
| | ई. थर्मस ५ लि | १०० थान | २८५० | २४५३.९८ | ३९६.०२ | ३९६०२ |
| | कोरा कपडा ७२ इन्च | १००० मी | ६५ | ३५ | ३० | ३०००० |
| | पानी पिउने गिलास ठुलो | २५० थान | ३० | २७ | ३ | ७५० |
| | ओडोनिल | ५० थान | ७५ | ५७ | १८ | ९०० |
| | हार्पिक | १०० थान | ७० | ५८.२३ | ११.७७ | ११७७ |
| | कैचि ठुलो | २० थान | ५२ | ४५.७५ | ६.२५ | १२५ |
| | गेडा फिनेल | ५० पाकेट | १५० | ८३.१९ | ६६.८१ | ३३४१ |
| | सर्फ १ केजी | १००पाकेट | ८० | ४३ | ३७ | ३७०० |
| | ताल्चा सानो | ५० थान | ६५ | ५० | १५ | ७५० |
| | प्लाष्कि वाटा २० लि | ५०थान | १८० | १५० | ३० | १५०० |
| | वाटर डिस्पेन्सर | २५ थन | १५०० | ४१४ | १०८६ | २७१५० |
| | जम्मा: | | | | | ६४९३६२ |

| | | | |
|---|---|---|---|
| ३६. | **कार्यालय भवन** - कार्यालय भवन निर्माणको लागि २०७४।७५ मा रु.२० करोड र २०७५।७६ मा रु.४० करोड बजेट विनियोजन भएको देखिन्छ । तथापी भवन निर्माणको कार्य सुरुवात भएको देखिएन । कार्यालयले कार्यालय सञ्चालनको लागि वार्षिक रुपमा घरभाडा वापत रु.२,१२,३६,५३०।- खर्च गरेको देखिन्छ । यसरी भवन निर्माण नगरी वार्षिक रुपमा घरभाडामा खर्च गर्नु उपयुक्त देखिएन । | | |
| ३७. | **राष्ट्रिय उत्सव** - महानगरपालिकाले संविधान दिवस, प्रजातन्त्र दिवस, गाईजात्रा लगायतका राष्ट्रिय दिवस मनाउन रु.३८,४१,८१०।- खर्च गरेको छ । उक्त खर्चमा गृह मन्त्रालय अन्तर्गतका निकाय (महानगरीय प्रहरी कार्यालय) र रक्षा मन्त्रालय अन्तर्गतका निकाय (निवेश कार्यरथी विभाग जङ्गी अड्डा) लाई भुक्तानी गरेको खर्च समेत समावेश गरेको देखिन्छ । कार्यक्रममा हुने कुल खर्च, अन्तरनिकाय खर्च बाँडफाँडको विवरण संलग्न गरी दोहोरो खर्च नियन्त्रण हुने अवस्था सृजना गर्नुपर्दछ । | | |
| ३८. | **जलपान खर्च** - नगरपालिकाले प्रत्येक वडा कार्यालयलाई रु.२,००,०००।- का दरले | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | रु.६५,००,०००।-, विभाग अर्न्तगत मासिक रु.५,०००।- का दरले र प्रत्येक इकाईलाई मासिक रु.२,०००।- एवं नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सचिवालयको खर्च समेत गरी वार्षिक रु.१,४२,७७,०६२।- खर्च गरेको देखिन्छ । विभाग तथा इकाई अन्तर्गत सीमा निर्धारण गरेको भए तापनि सोभन्दा बढी समेत खर्च भएको देखिएको एवं प्रमुख, उपप्रमुख तथा प्रशासकीय अधिकृतको सचिवालयतर्फ सीमा निर्धारण समेत भएको नदेखिएकोले खर्चको सीमा निर्धारण गरी खर्चमा मितव्ययीता ल्याउनु पर्दछ । | | |
| ३९. | **दरबन्दी बेगरको करार** - काठमाण्डौ महानगरपालिले मिति २०७४।६।९ मा बसेको निर्णयानुसार २०७४।६।१० मा मासिक रु.४०,१५०।- का दरले पारिश्रमिक दिने गरी जनसम्पर्क तथा सूचना सल्लाहकार नियुक्ती गरेको देखियो । नगर प्रमुख सचिवालयका जनसम्पर्क र सूचना सल्लाहकारलाई वार्षिक रु.४,९१,८००।- पारिश्रमिक खर्च लेखेको देखिन्छ । यसरी मासिक रु.४०,१५०।- मा करारमा नियुक्ती कुन पदको लागि गरिएको हो । कार्यालयको दरवन्दीमा समावेश भए नभएको यकिन हुन नसकेकोले नियुक्ति पछि यस वर्ष भुक्तानी भएको रु.४,९१,८००।- को खर्च स्पष्ट गर्ने आधार पेश नभएको रु. --- | ४९१८००.०० | |
| ४०. | **अवलोकन भ्रमण** - काठमाडौ महानगरपालिकाको यस आर्थिक वर्षमा विभिन्न स्थानमा अध्ययन, अवलोकन तथा भ्रमणको लागि करिव रु.५२,१९,०४४।- खर्च भएको देखिन्छ । भ्रमण क्षेत्र कार्यालयको कार्यक्षेत्रभन्दा बाहिर रहेको देखिन्छ । भ्रमणको उद्देश्य कार्यालयको कार्यासम्पादनसँग सम्बन्धित नभई व्यक्तिगत मनोरञ्जनसँग सम्बन्धित देखिएकोले यस्ता खर्च गर्नु औचित्यपूर्ण देखिंदैन । साथै भ्रमणबाट फर्कदाको दिन भ्रमण खर्च नियमावली अनुसार दैनिक भ्रमण भत्ताको २५ प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा केहिमा ५० प्रतिशत नै भुक्तानी गरेको देखिन्छ । अतः कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित अध्ययन अवलोकन तथा भ्रमणमा मात्र खर्च गर्नुपर्दछ । केही उदाहरणहरु देहायबमोजिम छन् : | | |

| भौ नं र मिति | सहभागि सख्या | स्थान | रकम |
|---|---|---|---|
| १२२२८/०७६/३/३१ | नखुलेको | डडेल्धुरा र पोखरा | १९१९५ |
| १००११/०७५/४/२० | ३ जना | झापा,इलाम, धरान र धनकुटा | ३६५३० |
| १००४७/०७५/४/२३ | ८ जना | पोखरा, चितवन, पाल्पा, लुम्वीनी र दाङ | ९७००० |
| १००६७/०७५/४/३० | १ जना | गोरखा, चितवन, पोखरा, पाल्पा,लुम्बीनी र दाङ | १२२०० |
| १०१५२/०७५/५/५ | १२ जना | धनगडी | १३०३२० |
| १०१५५/०७५/५/५ | ३ जना | भद्रपुर , विराटनगर | ३८८०० |
| १०१७४/०७५/५/५ | ५ जना | झापा, इलाम,धरान र धनकुटा | ५५००० |
| १०२२७/०७५/५/२५ | ३ जना | विराटनगर, झापा, इलाम, धरान र धनकुटा | ३४१८५ |
| ०११८०२/०७६/२ | १ जना | लुम्विनी , पोखरा, जनकपुर | ८६७० |
| १०२६१/०७५/५/२९ | ७ जना | इलाम, धनकुटा | ८८५५० |
| १०५८४/७/१५ | १ जना | कन्चनपुर , दार्चुला | १५६०० |
| १०५८६/७/१५ | १ जना | पोखरा | १४५०० |
| १०६४३/७/१८ | १ जना | राराताल | १००४४ |
| ११०३५/१०/१ | २ जना | कोषि टप्पु, माइपोखरी, पाथिभरा | २४१८६ |
| ११०३८/१०/१ | ४ जना | विराटनगर,इलाम , धरान | ४०७८० |
| ११०४६/१०/३ | १ जना | कास्की र स्याङ्जा | ८५०० |
| १११३८/१०/१३ | १ जना | भरतपुर, वुटवल | १९६९६ |
| १११४२/१०/१७ | १ जना | धनकुटा | २०२०० |
| १११४३/१०/१७ | १ जना | इलाम ,धनकुटा, तह्रथुम | १०२०० |
| १११४५/१०/१७ | १ जना | स्वर्गद्वारी | १२५९८ |
| १११६९/१०/२३ | १ जना | विरेन्द्र नगर,नेपालगज,गुलरिय | ११८०० |
| १११७७/१०/२४ | ३ जना | विराटनगर, इलाम, ताप्लेजुङ्ग | ३२१३६ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | १११७९/१०/२४ \| ३ जना \| विराटनगर, इलाम , ताप्लेजुङ्ग \| ३९६३६ | | |
| ४१. | **अन्य निकायको खर्च व्यहोरेको** - सरकारी खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बूँदा ३२ मा सरकारी वार्षिक कार्यक्रमा परेको बाहेका कुनै पनि सरकारी तथा गैर सरकारी संस्थाहरुलाई आर्थिक सहायत र अनुदान नदिने, विनियोजित कार्यक्रम बाहेक सभा सम्मेलन गोष्ठी कार्यशाला समारोह जात्रापर्वका लागि बजेट नमाग्ने तथा स्वीकृति नदिने व्यवस्था भएकोमा महानगरले त्रि.वि.प्राध्यापक संघको पाँचौं राष्ट्रिय महाधिवेशनको खर्च बापत गो.भौ.न. १११०५।२०७५।१०।१० बाट रु.८,५८,८००।- खर्च व्यहोरी न्यू त्रिशक्ति पार्टि प्यालेस लाई भूक्तानी गरेको छ। | | |
| ४२. | **पोशाक भत्ता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार कुनै रकम भुक्तानी गर्दा दोहोरो नहुने गरी गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले आ.व.२०७५।७६ मा कर्मचारीलाई पोशाक भत्ता असोज महिनामा भुक्तानी गरेकोमा संघीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालयबाट सरुवा भई आउनु भएका देहाय बमोजिमका सहसचिवलाई पनि पोशाक भत्ता उपलब्ध गराएको देखिन्छ । निजले यस महानगरपालिकाबाट फागुनसम्मको मात्र तलव भुक्तानी गरेको देखिएको साथै रमाना पत्र पेश हुन नआएकोले निजामती कर्मचारीले साविक बमोजिम चैत्र महिनामा मात्र पोशाक भत्ता प्राप्त गर्ने हुँदा उहाँहरु सरुवा भई गएको कार्यलयबाट पनि पोशाक भत्ता भुक्तानी हुन सक्ने हुँदा सरुवा भई गएको कार्यलयबाट पोशाक भत्ता उपलब्ध नगराएको प्रमाण पेश गर्नुपर्ने रु. --- | २००००.०० | |

| कर्मचारीको नाम | रकम |
|---|---|
| सह सचिव श्री टोकराज पाण्डे | १०००० |
| सह सचिव श्री भरत प्रसाद अर्याल | १०००० |
| जम्मा: | २०००० |

| | | | |
|---|---|---|---|
| ४३. | **करार नियुक्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकिय संगठन र कर्मचारी दरबन्दी सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम गर्नुपर्ने, उपदफा ६ मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थाई दरवन्दी श्रृजना गर्न सकिने छैन भन्ने व्यवस्था छ । साथै प्रदेश ३ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा महानगरपालिकाको प्रमुख एवं उप प्रमुखको सचिवालयको लागि थप कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन । महानगरपालिकामा प्रमुख एवम उपप्रमुखको सचिवालयको लागि स्वीकृत दरवन्दी वाहिर निम्न कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको देखिएको छ। | | |
| ४३.१. | **प्रमुखबाट नियुक्ती** - महानगरपालिकाका प्रमुखको स्वकीय सचिवालयमा कार्यरत कार्यालय सहयोगी श्री अन्जना सेढाँइको २०७५ साउन १ गतेदेखि २०७६ असार महिनाको तलव, भत्ता, चाडपर्व र पोशाक भत्ता बापत निजलाई रु.२,२०,९९०।- भुक्तानी गरेको साथै हलुका सवारी चालक श्री जुज काजी प्रजापतिको २०७५ साउन १ गतेदेखि २०७६ असार महिनाको तलव, भत्ता, चाडपर्व र पोशाक भत्ता बापत निजलाई रु.२,६६,४२०।- भुक्तानी भएको प्रदेश कानूनमा व्यवस्था भएको नदेखिएको रु. --- | ४८७४१०.०० | |
| ४३.२. | **उपप्रमुखबाट करार नियुक्ती** - महानगरपालिकाका उपप्रमुखद्वारा मिति २०७४।१०।१८ मा नियुक्ती पाउँ भनी दिएको निवेदनको आधारमा मिति २०७४।२।१७ देखि नियुक्ती गरिएका देहायका ४ जना कर्मचारी वार्षिक रुपमा रु.९,२०,१००।- भुक्तानी गरेकोले उक्त रकम प्रदेश कानूनमा व्यवस्था भएको नदेखिएको रु. -- | ९२०१००.०० | |

| कर्मचारीको नाम | पद | रकम (वार्षिक दशै र पोशाक समेत गरी) |
|---|---|---|
| श्री अनिल लामा | स्वकीय सचिव, खरिदार स्तर चौथो | ३१४५४० |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | |
|---|---|---|
| श्री सानुराजा महर्जन | हलुका सवारी चालक प्रथम तह | ११९०४० |
| श्री ज्ञानु महर्जन | कार्यालय सहयोगी प्रथम तह | २४३२६० |
| श्री दिलमाया मगर | कार्यालय सहयोगी प्रथम तह | २४३२६० |
| | **जम्मा:** | ९२०१०० |

## पूर्वाधार विकास विभागतर्फ

४४. **चौमासिक खर्च** - पूर्वाधारतर्फ यो वर्ष भएको चौमासिक खर्चको स्थिति निम्न देखिन्छ :

(रु.हाजरमा)

| कार्यक्रम तथा योजना | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
|---|---|---|---|---|
| पूँजीगत सम्पत्ति | ६३४६१ | १३३९९७ | १३५३३९ | ३३२७९७ |
| पूर्वाधार तथा अन्य विकास | ५२५१४० | १५४७५११ | २१६८६०० | ४२४१२५२ |
| **जम्मा:** | **५८८६०१** | **१६८१५०८** | **२३०३९३९** | **४५७४०४९** |
| **प्रतिशत:** | **१२.८०** | **३६.७०** | **५०.००** | |

पूँजीगत सम्पत्ति तथा पूर्वाधार सुधार लगायत अन्य विकास खर्चतर्फ भएको कूल खर्चमा प्रथम चौमासिकमा १२.८० प्रतिशत, दोश्रो चौमासिकमा ३६.७० प्रतिशत र तेश्रो चौमासिकमा ५० प्रतिशत खर्च भएको देखिन्छ । पहिलो चौमासिकमा खरिद तथा सम्झौता गर्ने र दोश्रो चौमासिकमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा ५० प्रतिशत खर्च तेश्रो चौमासिकमा भएको देखिन्छ । कार्यमा ढिलाई गर्ने, तेश्रो चौमासिकमा खरिद सम्झौता गर्ने र हतारमा आषाढमा योजना सम्पन्न गर्ने स्थितिमा काममा गुणस्तर नरहने तथा अनुगमनमा प्रभावकारीता नरहने स्थितिलाई सुधार गर्न आवश्यक छ । खरिद सम्झौता प्रथम चौमासिक भित्र सम्पन्न गरी दोश्रो चौमासिकमा कार्यान्वयन गरिनुपर्दछ । तेश्रो चौमासिकमा सम्झौता भएका योजना अर्को आर्थिक वर्षको प्रथम चौमासिकमा खर्च देखिई खर्च बढी देखिए तापनि दायित्व मात्र भुक्तानी भएकोले एकै आर्थिक वर्षको चालु योजना सोही अवधिभित्र सम्पन्न गरी योजना सार्ने पद्धतिसमेतलाई निरुत्साहित गरिनु पर्दछ ।

४५. महानगरबाट प्राप्त विवरण अनुसार यस वर्ष पूर्वाधार विकासतर्फ सञ्चालित योजनाको स्थिति निम्नानुसार रहेको छ :

**(रु.हजारमा)**

| विवरण | कुल संख्या | सम्पन्न योजना | बाँकी योजना | दायित्व |
|---|---|---|---|---|
| २०७५।७६ भन्दा अघिका | १७९ | ६७ | ११२ | ४६३९२३ |
| २०७५।७६ को | १८८ | ६१ | १२७ | १४०१९९५ |
| **जम्मा:** | **३६७** | **१२८** | **२३९** | **१८६५९१८** |

उपरोक्त अनुसार कुल ३६७ योजना सञ्चालन भएकोमा १२८ योजना मात्र सम्पन्न भई २३९ चालु अवस्थामा छन् । २०७५।७६ भन्दा अघि स्वीकृत भएका १७९ योजना सञ्चालन भएकोमा ६७ वटा मात्र सम्पन्न भई ११२ योजना चालु रहेका छन् भने २०७५।७६ मा स्वीकृत भएका १८८ योजनामध्ये ६१ योजना मात्र सम्पन्न भई १२७ चालु रहेका छन् । कुल २३९ योजना चालु अवस्थाममा रहेकोले रु.१ अर्व ८६ करोड ५९ लाख १८ हजार दायित्व आगामी वर्षको लागि जिम्मेवारी सरेको देखिएको छ । तथापी २०७५।७६ तर्फ सम्झौता रकमको अद्यावधिक अभिलेख नरहेबाट केही योजनाको लागत अनुमानलाई नै दायित्वमा देखाएकोले दायित्व रकम घट्ने अवस्था छ । अत: सम्झौता रकम, खर्च रकम र दायित्वको हिसाब यथार्थपरक तरिकाले राख्ने व्यवस्था गरिनुपर्दछ ।

४६. **नर्म्स** - नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स २०७३ मा जारी भएको standard specification for road and bridge works को बुदाँ नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने prime coat tack coat को परिमाण निकाल्ने तरिका सम्बन्धि व्यवस्था छ । उक्त व्यवस्थाको scope and definination अनुसार a tack coat means a thin layers of bituminous binder applied to a bituminous surface भनेर tack coat को र Rate of Spray ०.४०-०.६० के.जी. प्रतिवर्गमिटर उल्लेख गरिएको छ । जसको औसत लिंदा ०.५ के.जी प्रति वर्ग मि. हुन आउँछ । महानगरले देहायका

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | सडक मर्मत तथा विस्तार कार्य गराउँदा tack coat को परिमाण गणना गर्दा प्रति वगं मि.०.५ प्रति कि.मि को दरले परिमाण गणना गरी भुक्तानी दिनुपर्नेमा ०.८५ के.जि को दरले जम्मा रु.२७,९३,५२३।- बढी भुक्तानी दिएको देखिएको छ । उक्त के.जी.लाई liter मा परिवर्तन गरीएकोमा त्यसको वस्तुनिष्ठ आधार समेत खुलाइएको छैन । यसरी तोकिएको नर्म्सभन्दा बढी प्रयोग हुने गरी लागत अनुमान तयार गरी स्वीकृत गरेबाट निम्नानुसार रु.२७,९३,५२३।- बढी व्यय भार परेको छ । महानगरले सिभिल इन्जिनियरिङ हेण्ड बुक र आइ.आर.सी.मा उल्लेख भएअनुसार ०.७३ के.जी. प्रतिवर्ग मिटरदेखि १ के.जी. प्रतिवर्गमिटर लाग्ने उल्लेख गरेको छ । त्यस्तै फिल्डमा पनि सोही अनुसार प्रयोग गरेको ल्याव प्रतिवेदनबाट देखिने उल्लेख गरेको छ । त्यसै गरी प्रारम्भिक प्रतिवेदन अनुसार सुधार समेत गरिएको जनाएको छ । यस सम्बन्धमा प्रयोग भएको परिमाण खुल्ने यथेष्ट प्रमाण सहित थप व्यय भार परेको सम्बन्धमा स्पष्ट हुनुपर्ने रु. --- | १४०७५१०.०० | |

| कामको विवरण | निर्माण व्यवसायी | ठे.नं. | कामको परिमाण | दर | भुक्तानी भएको रकम | परिमाण | दर | रकम | बढी व्यय भार (मू.अ.कर समेत) |
|---|---|---|---|---|---|---|---|---|---|
| road eastersion nirmal lama marga | सि.एम बाइसधारा जेभि | | ४८६५.१५ | २०० | १००४९३२ | २८६१.८५ | २०० | ५७२३७० | ४८८७९५ |
| road widening and black top work charghare tinchuli samaj | कंडेल के एण्ड के.जी जे.भि | ११/०७४/७५ | ९६५४.८० | ११० | १०६२०२८ | ५६७९.२९ | ११० | ६२४७२२ | ४९४१५६ |
| road widening works at balaju machhapokhari to mahadec khola kmc | कंडेल के एण्ड के.जी जे.भि | - | ३९८३.९२ | १०० | ३९८३९२ | २३४३.४८ | १०० | २३४३४८ | १८५३७० |
| road widening works sahid marga gyaneshwor kmc ward no.30 | कंडेल के एण्ड के.जी जे.भि काठमाडौं | ६७/०७३./७४ | २९९२.०५ | ११० | ३२९१२५.५० | १७६० | ११० | १९३६०० | १५३१४४ |
| road widenning amd black top work | सर्वशक्ति महामाया निर्माण सेवा प्रा.लि गोंगबु | ११/०७४/७५ | ३७८२ | २०० | ७५६४०२ | २२२४.७१ | २०० | ४४४९४२ | ३४१९५० |
| road paving work at mitra nagar kmc-26 | श्री पशुपतिनाथ कन्स्ट्रक्सन काभ्रेस्थली | - | ४११३.९४ | १०५ | ४३१९६३.७० | २४१९.९७ | १०५ | २५४०९६.८५ | २००९८९ |
| road maintenance work at tahagalli bhotebahal marga and sungava marga kmc | के एण्ड के.जि त्रिपुरा सुन्दरी जे.भि काठमाडौं | - | ३१३४.९१ | १४० | ३४७७२०.८० | १८४४.४५ | १४० | २५८२५१.०० | १०११०० |
| road widering work a annapurna marga chiappal karkhana kmc-4 | वर्ल्डवाइड सिद्धार्थ जे.भि बालाजु काठमाडौं | - | ४९०९ | २०० | ९८१८४२ | २८८७.६५ | २०० | ५७७५३० | ४५६२७२ |
| construction work at kharibot to raniban marga kharibot | बालाजु निर्माण सेवा मनमैजु | - | २२०४ | १०० | २२०४८१ | १२९६.४७ | १०० | १२९६.४७ | १०२६४२ |
| black top paving and rcc paving work at kushlechaur to khusibu marga | श्री सुन्दरी कन्या निर्माण सेवा काठमाडौं | ४०/७४/७५ | २५५२.६२ | ११८.५० | ३०२४९२.५७ | १५०१.५४ | ११८.५० | १७७९३२.४९ | १४०७५३ |
| road widering work at ramchandra marga kmc-9 | देवीथान निर्माण सेवा प्रा.लि | - | ३४४८.१४ | ८० | २६५८५१.२० | २०२८.३२ | ८० | १६२२६५.६० | १२८३५२ |
| | | | | | | | | जम्मा | २७९३५२३ |

| | | | |
|---|---|---|---|
| ४७. | **विशेष परिस्थितिको खरिद** - काठमाडौं महानगरपालिका खरिद नियमावली, २०७४ को नियम १४१ मा विशेष परिस्थितिमा खरिद सम्बन्धी व्यवस्था भएको र उक्त व्यवस्था अनुरुप खरिद गर्दा विशेष परिस्थिति सम्बन्धी विवरण संलग्न गर्नुपर्ने साथै तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा, हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने संकट र खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधार एवं विशेष प्राथमिकता प्राप्त आयोजना हो भने | २५९७११२.०० | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | सो व्यहोरा खुल्नु पर्ने उल्लेख छ । तर महानगरले सो परिस्थिति र अवस्था बेगर उक्त विवरण समेत नखुलाई लागत अनुमान रु.२६,५५,९५२।- रहेको माहाराजगन्ज चोकमा ट्राफिक लाइट जडान गर्ने कार्य गरी रु.२५,९७,११२।- खर्च गरेको रु. --- | | |
| ४८. | **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ तथा खरिद सम्झौतामा सम्झौता मितिदेखि त्रुटी सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार, उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ । सोही नियमावलीको नियमबमोजिम रु.१० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएबमोजिम बीमा गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले कतिपय ठेक्कामा वीमाको प्रावधाननै नराखी सम्झौता गरेको एवं सम्झौतामा वीमाको व्यवस्था राखे तापनि वीमा नगरी निर्माण कार्यसम्पन्न गरेको छ । अत: नियमअनुसार वीमा गरेर मात्र सम्झौता गर्ने व्यवस्था कार्यान्वयन गरिनुपर्दछ । केही उदाहरण निम्न छन्: | | |

| निर्माण कार्य | ल. ई. | विमाको व्यवस्था | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| वडा नं ४ वालुवाटार दोसाध गल्लीमा वाटो विस्तार | ६२५२७२२ | १००००० | नगराएको |
| कृष्णगल्ली धुम्वाराहिको निर्माण कार्य | २३१४९७५ | वीमाको व्यवस्था नभएको | नगराएको |
| विष्णुमति लिक रोडमा डेफो पार्क निर्माण | ३६८७१९१ | वीमाको व्यवस्था नभएको | नगराएको |
| वडा नं ९ त्रिदेव मार्ग गल्लीमा सडक विस्तार | ५९०४९०० | वीमाको व्यवस्था नभएको | नगराएको |
| वडा नं ३२ फुलवारी मार्ग सडक विस्तार कार्य | १७४८३९५७ | १००००० | नगराएको |
| ६वडा, रामहिटी सुकार्य मार्ग विस्तार | २५७९००९४ | १०००००/ | नगराएको |
| ३३ वडा ज्ञानेश्वर शहिद मार्ग विस्तार | ४१६२८९६३ | २०००००/ | नगराएको |
| ६ वडा चारघरे तिनचुले मार्ग विस्तार | ५९३६४४८९ | ३०००००/ | नगराएको |

| | | | |
|---|---|---|---|
| ४८.१. | सार्वजनिक खरिद नियमाली, २०६४ बमोजिम महानगरपालिकाले निर्माण कामको लागत अनुमान गर्दा बीमाको व्यवस्था गरेको छ । निर्माण व्यवसायीले ठेक्का सम्झौता बमोजिम निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा हानी नोक्सानी वा क्षति भई लागेको दायित्व वहन गर्नको लागि बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मिति देखि लागु हुने गरी त्रुटि सच्याउने दायित्वको अवधि सम्मको नोक्सानी वा क्षतिको बीमा गराउनु पर्नेमा निर्माण व्यवसायीले निम्न अनुसार काम सम्पन्न हुने बखत मात्र वीमा गरेको एवं अवधि नपुगेको बीमा गरेको प्रमाण पेश गरी भुक्तानी लिएकोले अवधि नपुगेको बीमा रकम असुल गर्नुपर्ने रु. --- | १४३४६५ | |

| भौ न मिति | आयोजना | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न मिति | बीमाको सुरु | बीमा समाप्त | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ५०१०४/०७५/१०/२९ | वडा नं ९ रामचन्द्र मार्ग | देविस्थान नि से | २०४/६/२८ | ०७५/७/ मसान्त | ०७४/१२/१ | ०७५/२/१८ | ६५८१६ |
| ५०११३ /०७५/११/७ | वडा नं ४ दिप सागर दिप ज्योती मार्ग | कालिका विल्डर्स | ०७४/३/१९ | ०७५/८/१३ | ०७४/७/१९ | ०७५/१/३ | ५२८४८ |
| ५०१५१/०७६/१/२३ | वडा १३ बाहिटी म्यूजियम मार्ग | वि जि ब्रदर्श क | २०७५/२/१४ | ०७५/१२/१५ | ०७५/१२/१३ | ०७६/३/११<br>०७६/१२/१३ | २४८०१ |
| | | | | | | **जम्मा:** | **१४३४६५** |

| | | | |
|---|---|---|---|
| ४९. | **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ । निर्माण कार्यको लागत यथार्थ समेत हुनुपर्दछ । पालिकाले तयार गरेको लागत अनुमानमा स्वीकृत भएका ठेक्काको उदाहरणगत स्थिति निम्न देखिन्छ । लागत अनुमानमा समावेश भएका ठेक्काको स्थिति न्यून रहेबाट लागत अनुमानको स्थिति यथार्थपरक नभएको अवस्था देखिन्छ । अर्कोतिर महानगरपालिकाले अर्थ वर्क कार्य मानिसद्वारा गर्ने गरी लागत अनुमान तयार गरेको देखिन्छ । कार्यस्थल, कामको प्रकृति अनुसार मानिस र मेशिन प्रयोगको अंश २०:८० प्रयोग गरी लागत अनुमान बनाउनु पर्नेमा सो नगरेबाट अर्थवर्क आइटमको लागत बढी भएको अवस्था छ । पालिकाले तयार गरेको लागत अनुमान र ठेक्का स्वीकृति अवस्था निम्न देखिन्छ । | | |
| | (रु हजारमा) | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | प्रतिशत |
|---|---|---|---|
| वडा नं १ सम मार्गमा सडक निर्माण | ७३९४ | ४७४३ | ३५ |
| वडा नं ६ अग्नी नियन्त्रक भवन निर्माण | ११८७७७ | ८६११७ | २८ |
| वडा नं ६ को कार्यालय भवनमा तला थप | ४५४५ | ३१९३ | ३० |
| वडा नं ६ वैद्ध महांकालमा ढलान कार्य | ३१६६ | २१६७ | ३२ |
| वडा नं ७ कार्यालय भवनको तला थप | ७७२५ | ५३१३ | ३२ |
| वडा नं ७ मा मैजुवहाल सडक विस्तार | ६६९९४ | ४३३५५ | ३६ |
| वडा नं १३ यज्ञश्वर मार्गमा सडक मर्मत | ५३४७ | ३३५४ | ३८ |
| वडा नं १५ मन्जुश्री मार्गमा ढलान कार्य | ३७४९ | २६४९ | ३० |

उपरोक्त अनुसार ३८ प्रतिशत सम्म न्यूनमा ठेक्का कबोल गरी कार्यसम्पन्न भएको अवस्थाले लागत अनुमानलाई थप वास्तविक बनाउनु आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

५०. **साझेदारी** - महानगरपालिका वडा नं.६ वौद्ध स्थित रामहिटिमा अग्नी नियन्त्रण तथा तालिम केन्द्र भवन निर्माण कार्यको लागत अनुमान रु.१,१८,७७,६८,८१२।- रहेकोमा मिति २०७६।१।२६ सम्म तेश्रो रनिङ विलसम्मको रु.३,५८,६१,०५१।- भुक्तानी भएको देखिन्छ । योजना स्वीकृत हुँदा इटालीको Autonomous Province of Bolzano/Bozen बाट रु.५,००,०००।- यूरो सहयोग प्राप्त हुने उल्लेख भएको एवं उक्त प्रदेशको १२ अप्रिल २०१७ को पत्र समेत प्राप्त भएकोमा सो रकम हालसम्म प्राप्त भएको देखिएन । योजना स्वीकृत हुँदा साझेदारीमा निर्माण कार्यसम्पन्न गर्ने उल्लेख भएपनि कार्यान्वयन चरणमा सोअनुसार भएको पाइएन ।

५१. **BOQ मा पूँजीगत सामान** - सार्वजनिक खरिद ऐनमा सार्वजनिक निर्माणको लागत अनुमान तयार गनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थामा निर्माण कार्यमा पूँजीगत सामान समावेश गर्ने व्यवस्था देखिदैन साथै सार्वजनिक लेखा समितिले मिति २०६९।१।९ मा निर्माण कार्यमा पूँजीगत सामान समावेश गरी खरिद नगर्न निर्देशन दिएकोमा महानगरपालिकाले देहायबमोजिम निर्माण कार्यमा समावेश गरेको देखिएको छ ।

| योजनाको नाम | समावेश पुजीगत सामान | समावेश रकम | खरिद रकम |
|---|---|---|---|
| वौद्ध स्थीत अग्नी नियन्त्रण तालिम केन्द्र | मोटरसाइकल | २५०००० | १९९०२६ |
| | डिजिटल क्यामरा | ५०००० | ० |
| | ल्यापटप | १००००० | ८८०५३ |
| सचेतन मार्ग सडक विस्तार | मोटरसाइकल | २५०००० | २३९५०३ |
| वडा नं १० सन्तोष मार्गमा ढल निर्माण | ल्यापटप | ३५००० | ३५००० |
| वडा नं १७ कसस्ले चौर खि खुसिबु सडक कालोपत्रे | ल्यापटप १ थान | - | ६२००० |
| १६ वडा माछा पोखरी देखी महादेव खोला सडक | मोटर साईकल १ थान | - | २२०००० |
| | ल्यापटप २ थान | - | १२०००० |
| | **जम्मा:** | **६८५०००** | **९६३५८२** |

५२. **अन्नपूर्ण मार्ग बिस्तार** - का.म.न.पा. वडा नं. ४ स्थित अन्नपूर्ण मार्ग बिस्तार गर्ने कार्यको लागि श्री वर्ल्ड वाईड/सिद्धार्थ संयुक्त उपक्रमबीच २०७४।३।१८ मा ल.ई. रु.४,२७,५३,८३४।- मा रु.३,८७,४२,७४१।- को सम्झौता भई २०७५ आषाढ मसान्तसम्ममा सम्पन्न गर्ने गरी कार्यादेश भएकोमा २०७५।३।२९ सम्म निर्माण व्यवसायीलाई दोस्रो बिलसम्मको रु.२,११,५८,४२०।- भुक्तानी भएकोमा यस वर्ष तेस्रो रनिङ बिलसम्मको रु.३,०१,१९,३९७।- भुक्तानी भएकोमा म्याद थप सहित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ५३. | **सौर्यबत्ती जडान** - महानगरपालिकाले “हाम्रो काठमाडौं उज्यालो काठमाडौं” को मूल उद्देश्य लिई नगरक्षेत्रलाई अँध्यारोबाट मुक्ति दिलाई उज्यालो काठमाडौं शहर बनाउने नीति अवलम्वन गरेको छ । सडक बत्ती, सार्वजनिक स्थल, सम्पदा क्षेत्रमा सौर्य उर्जाको व्यवस्था गरी झिलिमिली शहरको रुपमा विकास गर्ने नीति अनुरुप शहरको विभिन्न क्षेत्रमा उपभोक्ता समितिसँग लागत साझेदारी तथा ठेक्का व्यवस्था मार्फत कार्य गरेको अवस्था छ । शहरी पूर्वाधार विकासतर्फ मेयर उज्यालो कार्यक्रमको लागि यो वर्ष रु.५,००,००,०००।- बजेट अनुमान गरेको देखिन्छ । बजेट व्यवस्था अनुसार बोलपत्रको माध्यमबाट सौर्यवत्ती जडान कार्य गर्नुपर्नेमा निम्नानुसार सोझै खरिद गरेको छ । | | |

| भौ.नं | स्थान | आपुतीकर्ता | कुल रकम |
|---|---|---|---|
| ५१ | वडा नं १४ मदन नगर | ब्राइटसन कम्पनी लि. | ९३१४७० |
| ५२ | वडा नं २६ | सौर्य विधुत विकास प्रा.ली | ८७६९०२ |
| ५३ | वडा नं १७ | शिखर रिन्यूवल प्रा.ली | ९३१०६३ |
| ५४ | वडा नं १६ | सोर्यदय हाईटेक इन्टरप्राइजेज | ९३१५७२ |
| ५७ | वडा नं २ | सुर्यदय उर्जा | ५१७३७० |
| ६५ | सिनामंगल | | ६२१०४८ |
| ६७ | गौरिघाट | | ६४२३४३ |
| ६८ | वालाजुहाइट | ब्राइटसन | ७६२१८५ |
| ५०१४१/०७६/१/८ | वडा नं ४ प्रधान मन्त्री निवास वालुवाटरमा सोलर बत्ती जडान | ब्राइटसन कम्पनी प्रा लि | ७९६४२६ |
| ५०१४२/०७६/१/९ | वडा नं ४ प्रधान मन्त्री निवास वालुवाटरमा सोलर बत्ती जडान | सौर्य विद्युत विकास प्रा लि | ३९३७९६ |
| | | **जम्माः** | **७४०४१७५** |

| | | | |
|---|---|---|---|
| ५३.१. | जडान भएको सौर्य उर्जाको स्थिति सम्बन्धमा अनगमन मूल्याङ्कन प्रतिवेदन पेश भएको देखिदैन । बत्तीको वारेन्टी समयभित्र नबलेको जनगुनासो उपभोक्ता समितिबाट आएको स्थितिमा मर्मत वा पुनः सुचारु गर्नेतर्फ ध्यान दिनुपर्ने अवस्था समेत देखिएको छ । | | |
| ५३.२. | रानीपोखरी, सुन्धारा, न्युरोड, रत्नपार्क र गोङ्गगबु बसपार्क आदी ठाउंमा सौर्य बत्ती जडान कार्य सम्पन्न गरेको विल अनुसार आपूर्तिकर्ता ब्राइटसन कम्पनी प्रा.लि.लाई भौ.नं ५०१६७।०७६।२।१२ बाट रु.८२५१५९। भुक्तानी गरेको छ । सौयलाईट २३ वटा प्रति थान १६६९०।, पोल १० वटा को प्रति रु.२६९००। र जडान खर्च प्रति रु.४५८१।६८ ले लागत अनुमान तयार गरी ३ वटा आपूर्तिकर्तासंग दरभाउ लिई कार्य गराएको छ । सौर्य लाइट जडानको उक्त दररेट कायम गरेको नमर्स सहितको दररेट पेश नभएको रु. -- | ८२५१५९.०० | |
| ५३.३. | वडा नं २९ स्थित गोङ्गबु आवास क्षेत्र (क) मा ४४ वटा सौर्य बत्ती जडानकार्य गर्न रु.५२४५३५८।३७ को लागत अनुमानमा उपभोक्ता समिति गोङ्गबु आवास क्षेत्र नागरिक सचेतना केन्द्र (क) संग २०७३।३।२४ मा भएको सम्झौता अनुसार ०७३।५मसान्त सम्ममा कार्य सम्पन्न गरि सक्नुपर्नेमा पहिलो पटक २०७३।१२।मसान्त तक म्याद थप गरेकोमा सो अवधि भित्र जडान कार्य सम्पन्न भई बत्ती बलेता पनि नविकरणीय उर्जा परिक्षण केन्द्र ( RETS) को सुझाब अनुसार control circuit and solar lamp को कार्य सुधार गर्न समय लागेकोले समयमा कार्य सम्पन्नको निवेदन दर्ता गराउन नसकेको भनी समितिबाट निवेदन दिएकोले नगर प्रमुखबाट २०७६ आषाढसम्म थप म्याद दिएको आधारमा सम्पन्न कामको प्राविधिक मुल्यांकन रु.५०७७०८२।११ मा अघिल्लो बिलको भुक्तानी कट्टा गरी रु.७१९२६४।१७ भौ.नं ५०१९०।०७६।३।१८ बाट भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| ५३.३.१. | महानगरपालिकाबाट योजनाको लागत अनुमान मिति २०७३।३।३२ स्वीकृत गर्दा जम्मा इष्टिमेट रकमको नेपाल सरकारको रु.३१४७२०९।०२, नगरपालिकाको रु.१३११३३७।०९ र उपभोक्ता समितिले रु.७८६८०२।२६ व्यहोरिने उल्लेख गरेकोमा उपभोक्ताको अंश मिति २०७३।३।१ मा नै दाखिला गरेको प्रमाण पेश गरेको तर नेपाल सरकारले व्यहोरिने अंश | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | कहिले कति प्राप्त भयो प्रमाण पेश भएन । | | |
| ५३.३.२. | लागत अनुमान स्वीकृत गर्दा मर्मत लमसम रु.११८७५३।८० उल्लेख गरे अनुसार उपभोक्ता समितिलाई भुक्तानी गरेकोले मर्मतको लागि उपभोक्ता समितिको आफ्नै कोष खडा गर्नुपर्नेमा महानगरपालिकाबाट व्यहोरिने गरी भुक्तानी गर्नुपर्नेको कारण पेश भएन । | | |
| ५३.३.३. | मिति २०७३।३।२४ को कार्यदेश अनुसार उपभोक्ता समितिले २०७३।५।१५ भित्र कार्यसम्पन्न गरी हस्तान्तरण गर्ने उल्लेख गरेकोमा सम्पन्न सौर्य बत्तीको उपभोक्ता समितिलाई हस्तान्तरण गरेको प्रमाण पेश भएन । | | |
| ५३.४. | **गुणस्तर परीक्षण र नियन्त्रण** - सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ तथा ठेक्का सम्झौताको शर्तमा गुणस्तर परिक्षण गरी तोकिएको परिणाम, फ्रिक्वन्सी अनुसार गुणस्तर नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले निम्न निर्माण व्यवसायीबाट सडक विस्तारको काम सम्पन्न गर्नुका साथै सम्झौता बमोजिम सडक सौर्य बत्ति समेत जडान गरेको भुक्तानी गरेकोले नियम अनुसार गुणस्तर परिक्षण गरेको तथा ग्यारेन्टी गरेको प्रमाण संलग्न छैन । तसर्थ निर्माण व्यवसायीले सौर्य सडक बत्ति जडान कार्य तोकिएकै गुणस्तर अनुसार भएको छ भनी विश्वस्त हुन सकिएन । सौर्य बत्तीका केही सामानहरुमा मुल्य अभिबृद्धि कर नलाग्ने भएता पनि निर्माण व्यवसायीलाई सौर्य बत्तीको भुक्तानीमा मुल्य अभिबृद्धि कर रकम समेत थप गरी भुक्तानी गरेको छ । | | |

| भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायी | संख्या | दर | खर्च रकम |
|---|---|---|---|---|---|
| ५०१०३/०७५/१०/२९ | वडा नं ३२ फुलवारी मार्ग सडक विस्तार | विरुवा कन्स्ट्रक्सन प्रा लि | २० | १२५००० | २५०००००/ |
| ५०११३/०७५/११/७ | ४ वडा दिप सागर दिपज्योती मार्ग विस्तार | कालिका विल्डर्स | २० | १२५००० | २५०००००/ |
| ५०१३०/०७५/१२/७ | ४ वडा अन्नर्गत अन्नपूर्ण मार्ग कालोपत्रे | .वर्ल्डवाईड । सिद्धार्थ क जेभी | ३५ | ११०००० | ३८५००००/ |
| ५०१३८/०७५/१२/२१ | ६वडा, रामहिटी सुकार्य मार्ग विस्तार | सर्वशक्ति माहामाया नि से | १५ | ६०००० | ९०००००/ |
| ५०१५३/०७६/१/४ | ६ वडा तिनचुले बौद्ध सडक | श्री पशुपतिनाथ कन्स्ट्रक्सन | ८ | ८५००० | ६८००००/ |
| ५०१५४/०७६/१/२५ | १६ वडा माछा पोखरी देखी महादेव खोला सडक | कंडेल । के एण्ड के जी जे भी | ३४ | १००००० | ३४०००००/ |
| ५०१७०/०७६/२१५ | ६ वडा चारघरे तिनचुले मार्ग विस्तार | विरुवा कन्स्ट्रक्सन | २० | १३०००० | २८६००००/ |
| ५०१९२/०७६/३/१८ | ६ वडा बौद्ध तिनचुले मार्ग विस्तार | पशुपतिनाथ कस्ट्रक्सन | १५ | ७०००० | १०५००००/ |

| | | | |
|---|---|---|---|
| ५४. | **लागत अनुमान र सम्पन्न परिमाण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गनं नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको कममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । लागत अनुमान भन्दा अस्वभाविक रुपमा वढी कार्य गराएकोमा भेरिएसन स्वीकृत नगरेको तथा कारण खुल्याएको पाइएन । लागत अनुसारको दररेट बढी भएको र निर्माण व्यवसायीले कबोल गरेको दररेट घटी भएको अवस्थामा घटी परिमाण कार्य गरेको र लागत ईष्टिमेट दररेटभन्दा कबोल दर बढी भएको अवस्थामा कार्य परिमाण बढी गरी कार्य सम्पन्न गर्ने स्थिति उपयुक्त देखिदैन । यस सम्बन्धी उदाहरण निम्न छन् । यस्तो प्रक्रिया नियन्त्रण गरिनुपर्दछ । | | |

| योजना | काम | लागत अनुमान | | | सम्पन्न | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम |
| कालाधार सात धुम्तीदेखी कुश्लेचौर लिंक रोडसम्म पिच गर्ने कार्य | सव ग्रेड | १६.५ | ११३.७१ | १८७६ | १३५.३८ | १६२० | २१९३१५ |
| | ग्राभेलिङ | १६.५ | २२८७.३४ | ३७७४१ | १३५.३८ | २८०० | ३७९०६४ |
| | वेशकोर्श | १३२ | ३३६९.७१ | ४४४८०१ | १२७.८९ | १६०० | २०४६२४ |
| | व्रिक मेशनरी | ७.६३ | ११३२७ | ८६४२५ | ०.८५ | ६४०० | ५४४० |
| सिद्धेश्वर मार्ग सडक | क्याचपिट कवर | १०५ | १६५ | १७३८८ | ० | १०० | ० |
| | मेनहोल | ५ | १२८२५ | ६४१२९ | ० | ४००० | ० |
| मदननगर | अर्थ वोर्क | २२.६९ | ६७६.९५ | १५३६० | १.१८ | १०० | ११८ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुलेश्वरमा सडक निर्माण | व्रिक सोलिङ्ग | ५४.९२ | ७८६.०८ | ४३१७१ | ०.६९ | ५०० | ३४५ |
| | सिमेन्ट कङ्कीट | ५०४९ | १४१३७.८२ | ७७६१६ | ०.०७ | ११००० | ७७० |
| | व्रिक मेसिनरी | ३.३४ | १५४५५.९१ | ५१६२२ | ०.३३ | १००० | ३३०० |
| | पलास्टर | १०.३५ | ३८१.७२ | ३९५० | ० | - | ० |
| | मेलहोल | २ | १२८२५ | २५६५१ | ० | ३००० | ० |
| बालुवाटार दोसाहा गल्ली | सव वेश | ११२.५० | २९८३.३१ | ३३५६२२ | ७२.३३ | २०२४.७५ | १४६४५० |
| | आइटम नं.१४ | ७५ | ३९६२.७९ | २९७२०९ | ४८.२२ | २९१२ | १४०४१६ |
| विष्णुमती लिंकरोड | ह्यूमपाइप | ५ | १२३२० | ६१६०० | ० | ० | ० |
| | फुलरोप्ने | लमसम | १५००० | १५००० | ० | ५०००० | ० |
| सन्तोष मार्गैमा ढल निर्माण | टेलिफोन पोल | ६ | २५००० | १५०००० | ० | १७००० | ० |
| | विद्युत पोल | २५ | १९००० | ४०५००० | ० | १७००० | ० |
| बालाजु पार्क विकास कार्य | ढुङ्गा राख्ने काम | १०३२.२० | १५५९.७४ | १६०९९६३ | २१८०.६८ | २४००.३० | ५२३४२८६ |
| | टायल लगाउने | २३७.३७ | २२५८.७८ | ५३६१४४.०२ | ० | ० | ० |
| | रेलिङ्ग कार्य | ७३०२.८७ | १६१ | ११७५७६२ | ५५१४.८६ | १२०.०१५ | ६६१८६६ |
| वडा नं.२६ मित्रनगर | मेनहोल | ५० | ३५६४.८९ | १७८२४४ | १५ | १००० | १५००० |
| वडा नं.१७ ठहिटी क्षेत्रपाटी ढल निर्माण | इटा सोलिङ्ग | १८३९.३५ व.मी. | २२७ | ४१९१८७ | ६६.५५ | १३३.५ | ८८८५ |
| | सिमेन्ट कंक्रिट | २.५ घ.मी. | १३३७८ | ३३४४७ | ६१.०९ | ११५७० | ७०६८११ |
| | ब्रिक मेशिनरी | ३०.१५ घ.मी | १५४५५ | ४६५९९५ | ६६.८६ | ११५७० | ७७३५७० |
| | मेनहोल सफाई | ७९.१४ | १९५३ | १५४६२२ | ७.७४ | ५३४ | ४१३३ |
| | पुरानो ढुङ्गा सोलिङ | १५३५ | ४७४ | ७२८२२० | ७९४ | २६७ | २१२०६४ |

| | | | |
|---|---|---|---|
| | उपरोक्त विवरणको विश्लेषण गर्दा निम्न व्यहोरा देखिन आएको छ : | | |
| ५४.१. | योजनाहरुमा सम्झौता रकमको तुलनामा कम कार्य भएको अवस्थामा भेरिएशन स्वीकृत बेगर कार्य सम्पन्न गरेको देखिन्छ । | | |
| ५४.२. | सम्झौता अनुसारको कार्यहरु तोकिएको परिमाणमा सम्पन्न गर्नुपर्नेमा अस्वभाविक रुपमा न्यून वा बढी परिमाण कार्य गर्दा समेत प्राविधिक पुष्ट्याई पेश गरेको छैन । | | |
| ५४.३. | लागत अनुमानको तुलनामा न्यूनदर कबोल गरेको आइटमहरु कम परिमाणमा कार्य गर्ने र लागत अनुमानको तुलनामा बढी दर कबोल गरेका कामहरु बढी परिमाणमा गरी निर्माण व्यवसायीलाई अप्रत्यक्ष लाभ पुग्ने अवस्थामा समेत प्राविधिक पुष्ट्याई र स्वीकृति लिएको देखिंदैन । | | |
| ५४.४. | पोल सार्ने मेनहोल राख्ने जस्ता सडक सुचारु गर्न अति महत्वपूर्ण कार्यहरु नै नगरी कार्यसम्पन्न गरेको अवस्था समेत देखिन्छ जसबाट सडकको पूर्ण र प्रभावकारी उपयोग हुन सक्ने अवस्था देखिएन । | | |
| ५५. | **घटी काम** - आनन्द नगर मार्ग सडक विस्तार कार्य (हाँडी गाउँ SR क्याटरिङमा) १ कि.मी.को लागत अनुमान रु.४,९४,८१,१२८।- रहेकोमा कणेल/के एण्ड के. जे.भी.को कबोल रु.३,२७,५४,१६८।- मा सम्झौता भई रु.२,९८,८७,०५९।- भुक्तानी भई कार्यसम्पन्न भएको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् : | | |
| ५५.१. | साविकको Bick Work Cement Morter भत्काउने कार्य १२४.२० $M^3$ र अर्थवर्क ३६.१५ $M^3$ रहेकोमा १७.९४ $M^3$ र ३.९० $M^3$ मात्र कार्य गरेको छ । जसबाट पुरानो संरचना पूर्णरुपमा भत्काएको छैन । त्यस्तै Disposal Item Transportation को कार्य ९४५ भएकोमा २३५ $M^3$ मात्र गरेको छ । उक्त कार्यमा लागत अनुमान क्रमशः रु.१,५४८।१३, रु.१,७८१।१९ र रु.३६३।३६ रहेकोमा क्रमशः रु.१०, २०० र ८० कबोल गरेको छ । | | |
| ५५.२. | सव वेशको कार्य १,३१६ घ.मी. गर्ने भनिएकोमा ७७६ घ.मी.मात्र गरेको छ । जसमा लागत अनुमानको दर रु.२,९८३।- रहेकोमा रु.५००।- कबोल गरेको छ । त्यस्तै नाली खन्ने कार्य २,६१३ घ.मी.को लागत दर प्रति घ.मी.रु.६७६।- रहेकोमा रु.७०।- कबोल गरी ७१० घ.मी.को मात्र कार्य गरेको देखिन्छ । सव वेशको मोटाई नपुगेको अवस्थामा निर्मित | | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | संरचनाको टिकाउमा पर्ने असर यकिन गर्नुपर्दछ । त्यसै गरी प्लाष्टर कार्य ४७५.०९ वर्ग मी. गर्ने भनिएकोमा लागत अनुमान रु.३८१ प्रतिवर्ग मी.रहेको कार्यमा रु.२०।- कबोल गरी कार्य नै गरेको छैन । जसबाट सडक चौडा बनाएको अवस्था पनि देखिंदैन । यस प्रकार न्यून दर कबोल गरेका आइटमहरुको कार्य नै नगर्ने वा न्यून गर्ने गरेकोमा सोको कुनै आधार र कारण उल्लेख गरेको छैन । | | |
| ५५.३. | डाइविक मेशिनरीको काम लागत अनुमान कै हाराहारीमा गरेको छ । तर स्टोन मेशिनरीको लागि लागत अनुमानमा १८७ घ.मी.रहेकोमा बढी गर्नुपर्ने स्थान र साइटको परिस्थितबाट नदेखिएको अवस्थामा ३४४.०४ घ.मी. गरेको उल्लेख गरी भुक्तानी गरेकोले इष्टिमेटमा उल्लेख भएभन्दा बढी कार्य गर्नु परेको प्राविधिक पुष्ट्याई नदेखिंदा ठेक्कादर ८,००० प्रति घ.मी.ले १५७ घ.मी.को रु.१२,५६,०००।- का सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने रु. --- | १२५६०००.०० | |
| ५५.४. | निर्माण गर्दा एम २० को परिणाम २०६० भएकोमा १,७४६ मात्र सम्पन्न भएको छ । तर पेन्ट गर्ने कार्य २,०६० व.मी.रहेकोमा साइटको अवस्थाबाट थप/घट हुने पुष्ट्याई पेश नभएकोमा पनि २,८८२ व.मी.कार्य गराएको देखाएकोले बढी देखाएको ८२२ व.मी.को ठेक्का दर रु.१,२००।- का दरले हुने रकम रु.९,८६,४००।- सम्बन्धमा थप प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. --- | ९८६४००.०० | |
| ५५.५. | **प्रिफेव भवन** - शारदा स्कुलको प्रिफेव भवन निर्माण कार्य गर्न निर्माण व्यवसायी श्री विजी ब्रदर्श कन्ष्ट्रक्सनसंग २०७५।६।३१ मा सम्पन्न गर्ने गरी २०७५।२।१५ मा रु.३४,०२,१६१।-को सम्झौता भएकोमा रु.२६,१४,९१२।- को कार्य गरी २०७५।६।२३ मा कार्यसम्पन्न गरेको छ । सम्झौता अनुसारको कामको ७७ प्रतिशत मात्र कार्य गरी कार्यसम्पन्न गरेकोमा सोको कारण र आधार सहित भेरिएशन स्वीकृत गरेको छैन । त्यस्तै लागत अनुमानको तुलनामा न्यूनदर कबोल गरेका आइटमहरु न्यून परिमाणमा गरेको देखिन्छ । जसबाट निर्माण व्यवसायीलाई अप्रत्यक्ष लाभ पुगेको देखिन्छ । यस सम्बन्धमा महानगरपालिकाबाट निर्माण कार्यको अनुगमन मूल्याङ्कन गरी आधार स्पष्ट पार्नुपर्ने देखिन्छ । | | |
| ५६. | **घटी कार्य** - वडा नम्बर ९ त्रिदेव मार्गमा सडक विस्तर कार्य गर्न रु.५९,०४,९००।- को लागत अनुमान रहेकोमा रु.४१,४१,२४८।- मा ठेक्का बन्दोवस्त भई रु.३०,४५,०४४।- को मात्र कार्य भई कार्यसम्पन्न गरेको छ । विद्युत पोल जडान कार्य १० वटा प्रतिथान रु.१९,०००।- का दरले रु.१,९०,०००।- को कार्य गर्नुपर्नेमा प्रतिथान रु.१०,०००।- कबोल गरी सो कार्य नै नगरी कार्यसम्पन्न गरेको छ । त्यस्तै सिमेन्ट र ढुङ्गाको गारो लगाउने कार्य ४३.५८ घ.मी. प्रति घ.मी. रु.१२,१४९।- ले रु.५,२९,४५५।- को कार्यमा प्रति घ.मी.रु.८,०००।- कबोल गरी कार्य गरेको देखिएन । त्यस्तै सिमेन्ट कंक्रिट एम.१५ को कार्य ३१.२७ घ.मी.प्रति घ.मी.रु.१४,१३७८२ ले रु.४,४२,०८९।- को गर्नुपर्नेमा प्रति घ.मी.रु.८,०००।- कबोल गरी १०.२० घ.मी.मात्र गरेकोले रु.१,९१,९२९।- को कार्य गरेको देखिएन । जसबाट निर्माण व्यवसायीलाई विद्युत पोल बापत रु.९०,०००।- र गारो लगाउने कार्य बापत रु.१,८०,८१३।- र सिमेन्ट कंक्रिट बापत रु.१,२८,७५४।- गरी रु.३,९९,५६७।- अप्रत्यक्ष लाभ भएको देखिन्छ । एकातिर लागत अनुमानभन्दा कम दर कबोल गरेका कार्य गरेको देखिंदैन भने अर्कोतर्फ सम्झौता रकमको ७५ प्रतिशत मात्र कार्य गरी कार्यसम्पन्न गर्दा समेत नियमानुसार कारण उल्लेख गरी भेरिएशन स्वीकृत गरेको देखिंदैन । | | |
| ५७. | **सम्झौता कार्यान्वयन नभएको** - महानगरपालिकाले वडा नं १५ स्थित वाहिटीमा ढल निर्माण कार्यको लागि सेती देवी निर्माण सेवासँग मिति २०७४ जेष्ठ मसान्त सम्ममा सम्पन्न गर्ने गरी रु.११३६०१०।४७ को सम्झौता भएकोमा वडा १३ र १५ का उपभोक्ता विच विवाद भएकोले सम्झौता रद्ध गरी आपुर्ति भएको ह्यूप पाइप २.५ लम्वाईका ३९ वटा पाइपको भौ.नं.५००३२।०७५।७८ बाट रु.९७७४५०।- भुक्तानी भएकोमा उक्त ह्यूम पाइप जिन्सी खातामा दाखिला नभएको साथै सम्पत्तीमा पनि नजनाएको अवस्था छ । उक्त | ९७७४५० | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | सामानको पुनः प्रयोगको व्यवस्था मिलाउनुपर्ने रु --- | | |
| ५८. | **ढिला फाइल पेश** - निर्माण कार्यसम्पन्न गरी भुक्तानीको लागि पेश भएकोमा यथाशीघ्र कारबाही टुङ्गो लगाउनुपर्नेमा महानगरपालिकाले धेरै ढिला गरी फाइल स्वीकृत भएको अवस्था छ । केहि उदाहरण निम्नानुसार छन् : | | |

| भौ.न. | योजना | कार्यसम्पन्न | फाइल स्वीकृत मिति | रकम |
|---|---|---|---|---|
| ५००३८ | वडा नं ३२ नरेफाँट सडक | २०७४/१२/१८ | २०७५/६/२८ | ४५८५९० |
| ५००४० | वडा नं १६ सिद्धेश्वर मार्ग सडक | २०७४/३/१३ | २०७५/७/१२ | १०२०१६१ |
| ५००४४ | वडा नं ७ कुमारीटोलमा सोलार वत्ति जडान | २०७४/३/३१ | २०७५/७/१२ | ७३१३१४ |

| | | | |
|---|---|---|---|
| | **पूर्वनिर्धारित क्षतिपूर्ति** - वडा नं १५ स्थित शोभा भगवतीमा बद्धाश्रम भवन निर्माणको लागि आर्थिक वर्ष २०७२।०७३ को बार्षिक कार्यक्रम अनुसार रु.३९७७५३७७७ को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रको माध्यमबाट सव भन्दा कम कबोल गर्ने झर्ना कन्स्ट्रक्सनसंग रु.२८६५६६८।७५ मा २०७२।११।६ मा सम्झौता भएको छ । उक्त सम्झौता अनुसार २०७३।३।२५ भित्र कार्यसम्पन्न गर्नुपर्ने उल्लेख गरेको छ । निर्माण व्यवसायीले तोकेको अवधिभित्र कार्य प्रगति नगरेको भनी महानगरपालिकाले पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा पनि कार्य सम्पन्न नगरेको र निर्माण व्यवसायीले विभिन्न कारणले गर्दा समयमा कार्यसम्पन्न गर्न नसकेको भनी २०७४।१२।२२ मा कार्य सम्पन्न गरेको भुक्तानी माग गरेकोमा कार्यालयबाट सम्पन्न कामको प्रविधिक मुल्यांकन रु.२३१९८८९।३२ मा पूर्व निर्धारित क्षतिपूर्ति वापत रु.२८६५६६। कट्टा गरी भौ.नं ५०१०९।०७५।११।३ बाट भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| ५८.१. | काठमाण्डौ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १२५ (क) अनुसार सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरी म्याद थप गरी भुक्तानीको लागि पेश गरेकोमा नगर प्रमुखबाट नगर कार्यपालिकाको बैठकमा पेश गर्ने भनी २०७५।८।११ मा निर्यण भएकोमा नगर कार्यपालिका बैठकको निर्णय नगरी कार्यालयले सम्झौता रकमको १० प्रतिशत रु.२८६५६६। क्षतिपूर्ति जरीवाना कट्टा गरी भुक्तानी गरेको देखिएको छ । | | |
| ५८.२. | नियमावलीको नियम १२५ (ख) मा पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन सक्ने छैन भनी उल्लेख गरेकोमा निर्माण व्यवसायीले सम्झौता बमोजिम नै कार्यसम्पन्न गर्नुपर्नेमा साइटमा कडा चट्टान भेटिएकोले योजनाको क्षेत्रफल कटान गर्न नसकेकोले कार्यादेश भन्दा १९.०५ प्रतिशत घटी कार्य सम्पन्न गरेकोमा कार्यालयले ठेक्का फरफारक गरी भुक्तानी गरेको छ । नियम अनुसार निर्माण स्थलको अनुगमन गरी भेरिएसन आदेशबाट कार्य गराउनु पर्नेमा भेरिएसन आदेश जारी नगरी सम्झौता भन्दा घटी काम गराएकोले योजनामा गर्नुपर्ने निर्माण कार्यहरु अधुरो नै रहन गएको देखिन्छ । | | |
| ५९. | **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क) मा रु.५ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ । साथै सोही नियमको ८४ मा बीस लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । महानगरपालिकाले महानगर खरिद नियमावली तर्जुमा गरी सोझै खरिदको सीमा वृद्धि गरी रु.१० लाख र सिलबन्दी दरभाउपत्रबाट कार्य गर्ने सीमा ५० लाख पुऱ्याएको र निम्नानुसारको लागत अनुमान भएको निर्माण कार्य प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्र आह्वान गरी कार्य गराउनु पर्नेमा सोझै ३ वटा कोटेशन लिई खरिद गरेको रु. -- | १५७१०४४२.०० | |

| भौ नं | योजनास्थल | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५०१०२/०७५/१०/२९ | वडा नं ६ सरस्वतीनगर सामुदायीक भवन रंगरोगन | जे वि निर्माण सेवा | ८२४१७९ | ७८२३४२ | ७८२३४२ |
| ५०१०७/०७५/१०/२९ | वडा नं ६ वृहस्पती मार्गमा ढल | रुद्रादेवी कन्स्ट्रक्सन | ५९६१९४ | ५७९६८५ | ५७७६७२ |
| ५०१२३/०७५/११/२३ | का.म.पा. टेकु ट्रान्सफरमर स्टेसन सेड पुन निर्माण | नेपाल निर्माण सेवा | ९९२२९७ | ९७५४४५ | ९०१२३१ |
| ५०१३५/०७५/१२/१८ | वागदरवार स्थित जे.डी.ए. भवनमा आल्मुनियम पार्टियसन | वाइसधारा निर्माण सेवा | ७९७९७१ | ७५७६१७ | ७५५०५३ |
| ५०१३६/०७५/१२/१८ | जि.स.स.को भवन भाडामा लिइ अफिस सञ्चालनको गर्न आल्मुनियम पार्टिसन | त्रिशुल हाइड्रो कन्स्ट्क्सन | ५०९१७३ | ४८३६२० | ४८१९२१ |
| ५०१३२/०७५/१२/१५ | १६ वडा स्थित जुडोहलमा सौर्य बत्तिको लागि तार तान्ने काम | कोजु विल्डर्स एण्ड इन्जिनियर्स कन्स्ट्रक्सन | ९१०७८० | ८६३७७२ | ८६३७७२ |
| ५०१७४/०७६/२/११ | १४ वडा कलंकी बाटो मर्मत कालोपत्रे | त्रिपुरा सुन्दरी कन्स्ट्रक्सन | ९८०१४७ | ९३०६३३ | ९१६०९३ |
| ५०१८५/०७६/३/११ | ११ वडा नेपाल सेनाको प्र कार्यालय भित्र | रमक के एण्ड के जि क. प्रा | ९९९५५७ | ९९१६७८ | ९९०७५४ |
| ५०२०४/०७६/३/२५ | १६ वडा भानुटोलमा ढल तथा अन्य | मधुवन निर्माण सेवा | ८५५९१२ | ८१२०६८ | ७७५८६५ |
| ५०२११/०७६/३/२६ | नगरप्रहरी व्यारेकमा सेड हाउस निर्माण | महाकाली नि से | ९३३९६५ | ९११९२४ | ८६६४७२. |
| | तिलिङ्गेटार मार्गमा सामाखुशी सफा गर्ने कार्य | | ९६२७२४ | ९००६५५ | ८६५२१२ |
| | का.म.पा.९ बढा दुधरागर मार्गमा ढुङ्गा छाप्ने कार्य | | ४९४२०२ | ४९३२३५ | ४६१४०८ |
| | टेकु स्थित नगर प्रहरी व्यारेकमा सेड हाउस निर्माण | | ९३६४८७ | ९११९२४ | ८६६४७२ |
| | १६ वडा ढुङ्गेधारा नर्सरी चोकमा ग्राभेल | | ८६८७७१ | ८४८७७९ | ८४५९२२ |
| | १६ वडा भानु टोलमा ढल तथा अन्य निर्माण | | ८५५९१२ | ८१२०६८ | ७७५८६५ |
| | १९ वडा ईनाटोल क्षेत्र स्थानीय स्ववासी एरियामा खानेपानी लाइन विस्तार | | ६३९००० | ६३९००० | ६०००४३ |
| | २६ वडा मित्र नगरमा ढल निर्माण | | ९७९८१७ | ९७८५७४ | ९७०३७० |
| | शंखधर साख्वा पार्कमा युरिगाग्रीनको प्रतिमा स्थापना | | ३००५४६ | २७३४१० | २१६९९१ |
| | का.म.पा कार्यालय कोठामा आलमुनियम पार्टेशन | | ५४५२१३ | ५१७४३६ | ५१६४०१ |
| | राष्ट्रिय सभागृह भवनमा शौचालय निर्माण | | २८८३२३ | २८७७८७ | १०९६६४ |
| | शहीद स्पताहको अवसरमा विभिन्न स्थानमा रंगरोगन तथा मर्मत | | ४०८८४३ | ३८८३८१ | ३८०६९७ |
| | | | | **जम्मा** | **१४५२०२२०** |

५९.१. **प्रमाण पेश** - वडा नं १६ स्थित जुडो हलमा जडान भईरहेको सौर्य बत्ती जडान कार्य अन्तर्गत तार तान्ने कार्यको लागि ABC Suspension Clamp Fitting work आवश्यक भएको ५२० थानको प्रति रु.१४७०। को दरले मूल्य अभिबृद्धि कर समेतको हुने रु.८६३७७२। भौ.नं.५०१३२।०७५।१२।१५ बाट आपूर्तिकर्ता कोजु विल्डर्स एण्ड इन्जिनियर्स कन्स्ट्क्सनलाई भुक्तानी गरेकोमा सौर्य बत्तीको काम कस बाट कहिले भएको मध्ये तार तान्ने काम बांकी रहेको स्पष्ट प्रमाण विना नै सौर्य बत्ती अन्तर्गतको केही कामको आपूर्ति कर्तालाई भुक्तानी गरेको हो स्पष्ट नभएकोले प्रमाण पेश गर्नुपर्ने रु. -- ८६३७७२.००

६०. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ मा आफ्नै जनशक्तिबाट हुन नसक्ने काम परामर्श सेवा लिन सकिने व्यवस्था छ । त्यस्तै काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमवालीको नियम ९५ मा रु.५ लाखसम्मको परामर्श सेवा लिंदा सोझै खरिद गर्ने र सोभन्दा माथि रु.२० लाखसम्म परामर्श सेवा सिलबन्दी दरभाउपत्रबाट गर्ने व्यवस्था छ । महानगरले परामर्श सेवाको एकमुष्ट प्याकेज बनाई सिलबन्दी दरभाउपत्रको माध्यमबाट सेवा लिनुपर्नेमा निम्नानुसार सोझै खरिद गरेको देखिएको छ ।

| क्र.सं | कामको विवरण | लागत रकम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | कमलपोखरी पार्कको ३ डि बनाउने | ४९९८४.०० | ४८८१६.०० | ४८८१६.०० |
| २. | टेकुको फोहोर सङ्कलन केन्द्रको नक्साङ्कन | २८४०८२.०० | २७९८४४.०० | २७९८४४.०० |
| ३. | डल्लु सामुदायिक भवनको माटो परीक्षण | २३७३९९.०० | २३६९६१.०० | २३६९६१.०० |
| ४. | माइतीघर रस चावहिलमा आकाशे पुल | ३८७६५५.०० | ३७९४५४.०० | ३७९४५४.०० |
| | **जम्माः** | | | **९४५०७५.००** |

६१. **स्रोत सुनिस्चितता** - अर्थ मन्त्रालयबाट आर्थिक वर्ष २०७३।७४ मा कार्य सम्पन्न गर्ने गरी विभिन्न योजनाहरुको लागि रु.७४ करोडसम्मको स्रोत सुनिश्चिता प्रदान गरिएको २०७३।११।९ को पत्रमा उल्लेख गरेको छ । महानगरपालिकाबाट सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी निर्माण कार्य सञ्चालन गर्नुपर्नेमा निम्नानुसार योजनाहरु स्रोत सुनिश्चितता गरेको वर्ष ठेक्का सम्झौता मात्र गरी ०७५।७६ मा सम्पन्न गरेको आधारमा भुक्तानी गरेको छ । उक्त योजनाहरुको लागि अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चिता

गरेबमोजिम रकम निकासा प्राप्त भयो भएन एकिन गर्न प्रमाण पेश भएन । महानगरपालिकाले पुरानो योजनामा बजेट विनियोजन गरी खर्च भुक्तानी गरेको देखिएको छ ।

| भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न रकम | सम्झौता | सम्पन्न मिति | यो वर्ष भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५०१०३/०७५/१०/२७ | ३२वडा, फुलवारी मार्ग सडक | विरुवा कन्स्टक्सन प्रा | १८६४९६८७. | १७१६६१२३. | २०७४/२/५ | ०७५/६/२५ | १२७४३६९९. |
| ५०१०४/०७५/१०/२९ | ९वडा, रामचन्द्र मार्ग कालोपत्रे | देविस्थान निर्माण सेवा | १५४७०९०४. | १२७१४२२४. | २०७४/६/२८ | ०७५/७/ मसान्त | १११७५८५१. |
| ५०११३/०७५/११/७ | ४वडा, दिपसागर दिप ज्योती मार्ग | कालिका विल्डर्स | २३७९१६१४. | १७१९०३५८. | ०७४/३/१९ | ०७५/८/१३ | ४६०९८३६. |
| ५०१३०/०७५/१२/७ | ४वडा, अन्नपूर्ण मार्गमा कालोपत्रे | वर्ल्डवाईड । सिद्धार्थ क जे भी | ३८७४२७४१. | | ०७४/३/१८ | ०७५.७. मसान्त | १०४४२८४७. |
| ५०१३८/०७५/१२/२१ | ६वडा, रामहिटी सुकार्य मार्ग | सर्वशक्ति माहामाया नि से | १८०१६८४८. | १७४७५४७२. | ०७४.४.६ | ०७५.६.३० | १३६९४७०८. |
| ५०१५४/०७६/१/२५ | १६ वडा माछा पोखरी महादेव खोला सडक | कंडेल । के एण्ड के जी जे भी | २६६५७९०५. | २४५९३६२१. | ०७४.३.१८ | ०७५.८ ।२९ | २०७३८५०७. |
| ५०१५५/०७६/१/२४ | ३३ ज्ञानेश्वर शहिद मार्ग | कंडेल । के एण्ड के जी जे भी | २७३३२९६६. | १६७५७९७७. | ०७४.२.९ | ०७५.८.२५ | १३५००४८१. |
| ५०१७०/०७६/२१५ | ६ वडा चारघरे तिनचुले मार्ग विस्तार | विरुवा कन्स्टक्सन | ४१५९२९४० | ४१५९०४९३ | ०७५.४.२ | ०७५.६.२५ | १४०७००६६. |
| ५०१९२/०७६/३/१८ | ६ वडा बौद्ध तिनचुले मार्ग | पशुपतिनाथ कस्टक्सन | १३८७७२४१. | १०४८५०१३ | ०७४.२.९ | ०७५.१ मसान्त | १०४८५०१३ |
| | | | | | | जम्मा | १११४६१००८ |

६२. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गनं नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । वडा नं ३२ फुलवारी मार्ग सडक विस्तार कार्यको निर्माण व्यवसायी विरुवा कन्स्टक्सन प्रा लि संग रु. १८६४९६८७/ ठेक्का सम्झौता गरेकोमा सम्झौता अनुसारको बाटो विस्तारको निम्न लगायतको कामहरु घटी बढी हुने गरी निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार भौ न.५०१०३/०७५/१०/२७ बाट रु. १७१६६१२३/ भुक्तानी गरेको छ । निर्माण व्यवसायीबाट सम्झौता अनुसारको कार्य सम्पन्न नभएको अवस्थामा नियम अनुसारको प्राविधिक कारण सहित भेरिएसन आदेश जारी गर्नुपर्नेमा सो नगरी ठेक्का फरफारक गरेको देखियो ।

| कामको विवरण | सम्झौता परिमाण | लागत अनुमान दर | सम्पन्न परिमाण | सम्झौता दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| providing laying spreading watering levelling and compaction of crusher run materials for subbase course ….. | ५०३.२० घ मी | २९८३.३१ | ७०१.७९ घ मी | २५०० | १७५४४७५. |
| providing laying spreading watering levelling and compaction of crusher run materials for base course……. | ३३३.३६ घ मी | ३९६२.७९ | ४९३.१६ घ मी | ३०००. | १४७९४८०. |
| providing and spraying bituminous prime coat……. | २२२४.४० लिटर | १४७.८८ | ३३३०.०९ लिटर | १३५. | २४९५६२.१५ |
| providing mixing and laying saphalt concrete with compaction……. | ८८.९८ घ मी | १६६५०.८२ | १३३.२० घ मी | ३०००० | ३९९६००० |
| providing and laying random rubble masonry in manually mixing cement mortar 1:4…… | ६६ घ मी | ११९९४.०७ | १४७.१२ घ मी | ८००० | ११७६९६० |
| supplying and applying paing for road marking …….. | १४५८ मिटर | ६०.०४ | १७८३. मिटर | ९००. | १६०४७०० |
| provding and laying RCC hume pipes joined………………600mm dia NP3 | ३८७ मिटर | २९४९.४१ | - | ५०००. | (१९३५०००) |
| | | | | जम्मा | ८३२६१७७.१५ |

६३. **घटी कार्य सम्पन्न** - सडक निर्माणको काममा विभिन्न कारणबाट निर्माण व्यवसायीसंग

भएको सम्झौता भन्दा देहाय अनुसार घटी कार्य सम्पन्न गरेकोमा स्वीकृत गराई ठेक्का फर फारक गरी भुक्तानी गरेको छ । निर्माण व्यवसायीसंग भएको सम्झौता बमोजिम समयमा कार्य सम्पन्न गराउन महानगरपालिकाले निर्माण स्थलमा आईपर्ने समस्या, अवरोधहरुको पहिचान गरी आवश्यक कारवाही तथा समाधान गर्नु गराउनु पर्ने र सो समस्या तथा अवरोध हटाई सके पछि मात्र लागत अनुमान गरी ठेक्का सम्झौता गर्नु उपयुक्त देखिएकोले महानगरपालिकाले यस तर्फ ध्यान दिन पर्दछ ।

| भौ न मिति | योजना | निर्माण व्यवसायी | सम्झौता | सम्पन्न | प्रतिशत |
|---|---|---|---|---|---|
| ५०११३.०७५.११.७ | वडा नं ४ दिपसागर दिप ज्योती मार्ग विस्तार | कालिका विल्डर्स | २३७९१६१४. | १७१९०३५८. | ७२.२५ |
| ५०११५.०७५.११.९ | वडा नं १७ कसस्ले चौर खि खुसिवु सडक कालोपत्रे | सुन्दरी कन्या निर्माण से | १०४८८९६३. | ९४८३२१९. | ९०.४१ |
| ५०२०९.०७६.३.२५ | वडा नं १४ आवर्त मार्गमा ढलान | राउचली कन्स्ट्रक्सन | ५७५३९८२. | ३५२०३८९. | ६१.१८ |
| | | | | | |

६४. **माटो कटिङ्गको लागत अनुमान** - सडक विस्तार तथा ढल निर्माणको लागि हेभी मेसिन जस्तै डोजर , स्काभेटर आदीको प्रयोग गरेर माटो कटिङ्ग गर्ने कामको दररेट प्रयोग गरी योजनाको लागत इष्टिमेट गर्नुपर्नेमा मानिसबाट माटो कटिङ्ग गरिने दररेट प्रयोग गरी लागत अनुमान गरेको छ । निर्माण व्यवसायी तथा उपभोक्ता समितिले बाटो विस्तार तथा ढल निर्माणमा मानिसद्वारा माटो कटिङ्ग गर्न सम्भव नभई अत्याधिक मात्रमा मेसिनको प्रयोग गरी कटिङ्ग गर्ने गरेकोले मानिसद्वारा काम गर्ने दररेट प्रयोग गरी निर्माण व्यवसायी तथा उपभोक्ताबाट कार्य गराएको छ । मेसिन र मानिसद्वारा ८०:२० को अनुपात प्रयोग गरी माटो कटिङ्ग गर्दा बढीमा रु.१५३।८८ प्रति घ.मी. हुनेमा रु.६७७।- प्रति घ.मी. ले समेत लागत अनुमान भएको छ । जसबाट निर्माण व्यवसायी र उपभोक्तालाई बढी भुक्तानी भई महानगरपालिकाको व्यय थप हुने अवस्था श्रृजना भएको छ ।

| भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायी / उपभोक्ता समिति | कटिङ्गको परिमाण | ल ई दर | सम्झौता दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५०११७/०७५/११/१२ | १३ वडा डोलमार्ग ताहाचलमा सडक विस्तार | के एण्ड के जी/रमिता क जे भी | ५०२.५० घ मी | ६७६.९५ | १००. | ५०२५०. |
| ५०११३/०७५/११/७ | ४ वडा दिप सागर दिप ज्योती मार्ग विस्तार | कालिका विल्डर्स | १२६७.८६ घ मी | ६७६.९५ | ३००. | ३८०२२९. |
| ५०११४/०७५/११/८ | १६वडा खरिबोट समर्पण मार्ग विस्तार तथा ढल निर्माण | उपभोक्ता समिति | २०१.०२ घ मी | ६७६.९५ | ६७६.९५ | १३६०८०. |
| ५०१२६/०७५/१२/७ | १६ वडा एराहिटी मार्ग ढल नि. | कालिका विल्डर्स | ९२४.६८ घ मी | ६७६.९५ | ३००. | २७७४०४. |
| ५०१३०/०७५/१२/७ | ४ वडा अन्नर्गत अन्नपूर्ण मार्ग कालोपत्रे | .वर्ल्डवाईड/सद्धार्थ क जेभी | १६२५.३५ घ मी | ६७६.९५ | १५०. | २४३८०२. |
| ५०१३८/०७५/१२/२१ | ६ वडा रामहिटी सुकार्य मार्ग | सर्वशक्ति माहामाया नि से | २१७८.४८घ मी | ६७६.९५ | १००. | २१७८४८. |
| ५०१४८/०७६/१/१५ | १६ वडा भानुटोलमा ढल तथा ग्राभेल गर्ने | भानुटोल सुधार समिति | २५५.२५ घ मी | ६७६.९५ | ६७६.९५ | १७२७९१. |
| ५०१५३/०७६/१/४ | ६ वडा तिनचुले बौद्ध सडक | श्री पशुपतिनाथ कन्स्ट्रक्सन | २२७.४९घ मी | ६७६.९५ | ३०० | ६८२४७. |
| ५०१५४/०७६/१/२५ | १६ वडा माछा पोखरी देखी महादेव खोला सडक | कंडेल । के एण्ड के जी जे भी | १३९९घ मी | ६७६.९५ | ५० | ६९९५०. |
| ५०१५५/०७६/१/२४ | ३३ वडा ज्ञानेश्वर शहिद मार्ग विस्तार | कंडेल । के एण्ड के जी जे भी | १७०६.६५ घ मी | ६७६.९५ | ५० | ८५३३२. |
| ५०१७०/०७६/२१५ | ६ वडा चारघरे तिनचुले मार्ग विस्तार | विरुवा कन्स्ट्रक्सन | १५८२.५७ घ मी | ६७६.९५ | २००. | ३१६५१४. |
| ५०१९२/०७६/३/१८ | ६ वडा बौद्ध तिनचुले मार्ग विस्तार | पशुपतिनाथ कस्ट्रक्सन | ३९७.१५ घ मी | ६७६.९५ | ३०० | ११९१४५. |
| ५०१९९/०७६/३/२५ | ६ वडा सिमलटार गौरीनगर सिमलको रुखबाट पश्चिम, उत्तर र सेतो गुम्बा हुदै पश्चिम तर्फको बाटो ढल तथा ढलान कार्य | सिमलटार गौरीनगर टोल सुधार समिति | ३४९.१२ घ मी | ५९५.२२ | ५९५.२२ | २०७८४४. |
| | | | | | जम्मा | २३४५४३६ |

६५. **लागत अनुमानमा फरक** - वडा १६ एराहिटी मार्गमा ढल निर्माणको लागि ह्युम पाईप जडान गर्न रु. ७५२५४५४।६६ को लागत अनुमानबो सिलबन्दी बोलपत्र आह्वान गरी सव भन्दा कम कबोल गर्ने निर्माण व्यवसायी कालिका विल्डर्सको कबोल अंक रु.५१५३७००।६१ ( लागत अनुमानको ३१.५२ प्रतिशत घटी ) मा ठेक्का सम्झौता भएको छ । २०७५।८।२० मा कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार सम्झौता रकमको १२.११ प्रतिशत घटी कार्य गरेकोले भौ.नं.५०१२६।०७५।१२।७ बाट रु.४५२९२११।७६ भुक्तानी गरेको छ ।

| | | | |
|---|---|---|---|
| | निर्माण व्यवसायीले सम्भौता अनुसार ३६ इन्चको २०० मिटर र २४ इन्चको २५० मिटर ह्युम पाईज जडानको कार्य गर्नुपर्नेमा २४ इन्चको ४३२.५ मिटर मात्र ह्युम पाईप जडान कार्य गरेको छ र २० वटा मेनहोलको काम गर्नु पर्नेमा २६ वटा मेनहोलको काम सम्पन्न गरेको छ । फिल्डको अवस्था अनुसार ३६ इन्चको ह्युमपाईप जडान गर्न नसकिएको भनी प्राविधिक कारण उल्लेख गरेको छ । सम्भौता तथा लागत अनुमान अनुसार गर्नुपर्ने काम र निर्माण स्थलमा भएको काममा फरक पर्न गएको छ । लागत अनुमान गर्नु पूर्व स्थानीय जनसमुदायसंग छलफल गरी वास्तविक अवस्थाको अध्ययन गरेर मात्र तयार गर्नुपर्नेमा महानगरपालिकाले यस तर्फ ध्यान दिनु पर्दछ । | | |
| ६६. | **तिनचुले बौद्धमा सडक** - वडा ६ तिनचुले बौद्धमा सडक विस्तारकार्यको लागि रु.१२२५५१८९। को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्र आह्वान गरेकोमा सव भन्दा कम कबोल गर्ने निर्माण व्यवसायी श्री पशुपति नाथ कन्स्ट्रक्सनसंग रु.१०२१८०५०। मा सम्भौता भएकोमा ०७४।४।५ को सम्भौता अनुसार ०७४।१२ मसान्तभित्र कार्यसम्पन्न गरी सक्नुपर्नेमा विविध कारण देखाई थप म्यादको माग गरे बमोजिम २०७५ आषाढ मसान्त तकको म्याद थप गरेको छ । निर्माण व्यवसायीले २०७५।३।२७ मा कार्य सम्पन्न गरेको ठेक्का विल अनुसार भौ. नं.५०१५३।०७६।१।२४ बाट रु.३५७३५७७। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| ६६.१. | सडकमा कटिङ्ग गरी ग्रेड मिलाउदां आर सि सि गर्नुपर्ने सडकको लम्वाई १०९ मिटर नापीमा उल्लेख गरेकोमा सो सडकको चौडाई ६ मिटरले ६५४ वर्गमिटर हुने र उचाई ०.१५ मिटरले ९८.१ घ.मी.को मात्र सिमेन्ट कंक्रिट फाउण्डेसनमा ढलान कार्यको भुक्तानी गर्नुपर्नेमा प्राविधिक मूल्याङ्कनबाट ६७९.२७ वर्गमिटर कायम गरेकोमा सो अनुसार १०१.८९ घ.मी.को रु.११,५००।- का दरले भुक्तानी गरेकोले ३.७९ घ.मी.बढी परिमाणको भुक्तानी गरेको रु.४३,५८५। असुल गर्नुपर्ने रु. -- | ४३५८५.०० | |
| ६६.२. | सि न.१०मा providing and spraying bituminous prime coat mc30/mc70 including cleaning road surface using wire brushes, ......को लागत अनुमान १९४४ वर्ग मिटर spray rate max @ l lit/m2 for asphalt area उल्लेख गरेको छ । सो काम सम्पन्न गरेको नाप जांच तथा प्राविधिक मुल्यांकनमा १४९१.१० वर्गमिटर सडक क्षेत्रमा १.१० लिटर विटुमिनले १६४०.२१ वर्ग मिटरको ११०। को दरले भुक्तानी गरेको छ । लागत इष्टिमेट तयार गर्दा लिएको नमर्सको आधारले निर्माण व्यवसायीलाई १४९.११ वर्गमिटरको रु.१६४०२।१० बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. --- | १६४०२.१० | |
| ६६.३. | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम महानगरपालिकाले निर्माण कामको लागत अनुमान गर्दा बीमाको व्यवस्था गरेको छ । निर्माण व्यवसायीले ठेक्का सम्भौता बमोजिम निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा हानी नोक्सानी वा क्षति लागेको दायित्व वहन गर्नको लागि बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीसंग भएको २०७४।४।५ को सम्भौता अनुसार २०७४।१२। मसान्त भित्र कार्यसम्पन्न गर्नुपर्नेमा विविध कारण २०७५।३ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेको छ । निर्माण व्यवसायीले २०७५।१।१९ देखि २०७५।४।६ सम्मको मात्र बीमा गरेको पोलिसी र प्राविधिक मुल्यांकनबाट रु.३८८८२।३९ भुक्तानी गरेकोले नियम अनुसार अवधि नपुगेको वीमा गरेको र निर्माण व्यवसायीले बीमा कम्पनीमा नगद बुझाएको रु.२७६३५।३९ मात्रको रसिद पेश गरेकोले शुल्क बुझाएको रसिद भन्दा बढी भुक्तानी गरेको तथा नियमानुसार अवधि नपुगेको बीमा वापत भुक्तानी गरेको समेत वीमा रकम असुल गर्नुपर्ने रु. --- | ३८८८२.३९ | |
| ६७. | **नापी बढी** - वडा नं १६ अन्तर्गत माछा पोखरी देखि महादेव खोला सडक निर्माणको लागत अनुमान रु.३७१२५३७४। मा सिलबन्दी बोलपत्रबाट निर्माण व्यवसायी कंडेल । के एण्ड के जी जे भी संग रु.२६६५७९०५। मा ठेक्का सम्भौता भएको छ । सम्भौता मिति २०७४।३।१८ बाट २०७४।१२। मसान्तभित्र कार्यसम्पन्न गर्नुपर्नेमा सिमाना एकिन नभएको, दांया बांया विवाद उत्पान्न भएको कारण पटक पटक थप म्याद माग गरे अनुसार २०७५ | | |

| | | | |
|---|---|---|---|
| | मंसिर मसान्त सम्म म्याद थप गरेको आधारमा २०७५।८।२९ मा कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार भौ नं ५०१५४।०७६।१।२५बाट रु.२४५९३६२१। खर्च गरेको छ । ठेक्का सम्वन्धित विलको सि नं ६ सहायक मार्गहरुमा providing laying, spreading , watering levelling and compaction of crusher run materials for sub base……. काम गर्न २४३.६६ वर्ग मिटर क्षेत्रमा ०.२० मिटर उचाईले ४८.७३ घ मी को ५००। ले रु.२४३६६। मात्र भुक्तानी गर्नुपर्नेमा (२४३.३३m2 *५.७० *०.२०) २७७.७७ घ मी काम भएको भनी रु.१३८८८६। भुक्तानी गरेकोले २२९.०४ घ मी बढी को रु.११४५२१। बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. -- | ११४५२१.०० | |
| ६८. | **भेरिएसन** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ (ङ) मा पच्चीस प्रतिशतभन्दा माथिको भेरिएसन आदेश सम्वन्धी व्यवस्था अनुसार अधिकार प्राप्त निकायबाट स्वीकृत गर्नु पर्नेमा वडा ३३ ज्ञानेश्वर शहिद मार्ग विस्तारको लागि रु.४१६२८९६३।७३ को लागत अनुमान स्वीकृत गरी बोलपत्रबाट निर्माण व्यवसायी कंडेल । के एण्ड के जी जेभी संग रु.२७३३२९६६।५८ मा ठेक्का सम्झौता भएको छ । २०७४।२।९ को सम्झौता अनुसार ०७४।१२। मसान्त सम्ममा सवै कार्य सम्पन्न गरी सक्नुपर्नेमा सिमाना विवाद लगायतको कारण २ पटक गरी २०७५। मंसिर मसान्त सम्म .म्याद थप गरेकोले निर्माण व्यवसायीले सो अवधिभित्र कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार भौ नं ५०१५५।०७६।१।२४ बाट रु.१६७५७९७७।८६ भुक्तानी गरेकोमा संम्झौता रकमको ६१.३१ प्रतिशतमात्र कार्य सम्पन्न भएको छ । सम्झौता बमोजिम २५ प्रतिशत भन्दा बढी प्रतिशत घटी कार्य सम्पन्न भएको प्राविधिक कारण सहित तोकिएको निकायबाट भेरिएसन स्वीकृत गराउनु पर्नेमा २०७६।१।२३ मा कार्यालयबाट स्वीकृत गरेकोले नियम अनुसार सम्वन्धि निकायबाट स्वीकृत गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. --- | १०५७४९८. | |
| ६९. | **६ वडा चारघरे तिनचुले मार्ग सडक विस्तारको** कार्यको निर्माण व्यवसायी विरुवा कन्स्ट्रक्सन प्रा लि लाई सम्झौता अनुसार जम्मा कार्य सम्पन्न रु.४१५९०४९३।६६ मध्ये भौ नं ५०१७०।०७६।२।१५ बाट अन्तिम रनिङ बिलको रु.१४०७००६६।८६ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| ६९.१. | **बढी भुक्तानी हिसाव मिलान** - काठमाण्डौ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १२७ उप नियम १(ख) मा खरिद सम्झौता अनुसार महानगरपालिकाले रनिङ बिलको प्राविधिक नापजांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीलाई रनिङ बिलको भुक्तानी गर्दा नियम अनुसार प्राविधिक नाम जांच गरी वास्तविकताको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा निम्न आईटम काममा अघिल्ला विलबाट भुक्तानी भईसके पछि अन्तिम विलबाट बढी भुक्तानी भएको भनी रु.१२९९३४०। कट्टा गरी हिसाब मिलान गरी खर्च लेखेकोले प्राविधिकबाट निर्माण स्थलको अध्ययन तथा नाप जांच गरेकोमा विश्वतता हुने आधार देखिएन । यस तर्फ महानगरपालिकाले ध्यान दिनुपर्दछ । | | |

| कामको विवरण | जम्मा काम सम्पन्न | | अघिल्लो विलमा भुक्तानी विवरण | | हाल कट्टा गरेको | |
|---|---|---|---|---|---|---|
| | परिमाण घ मी | रकम | परिमाण घ मी | रकम | परिमाण घ मी | रकम |
| transportation and disposal of materials…… | ८८७.८१ | २२१९५२. | १०२९.३६ | २५७३४०. | १४१.५५ | ३५३८८. |
| sub grad and preparation…… | ८८९.५८ | ८९९५८. | १६२६. | १६२६००. | ७२६.४२ | ७२६४२. |
| base course | १३६३.०३ | ४७७०६०५. | १५४६.२९ | ५४१२०१५. | १८३.२६ | ६४१४१०. |
| masonry work cement mortar | ६४६.१८ | ५८१५६२०. | ७०७.२८ | ६३६५५२०. | ६१.१० | ५४९९००. |
| जम्माः | | १०८९८१३५ | | १२१९७४७५ | | १२९९३४० |

| | | | |
|---|---|---|---|
| ६९.२. | मेनहोलको काम ३२ वटा सम्पन्न गरेकोमा उक्त मेनहोलको लागि २८ इन्चको कभर ५४ वटा आपूर्ति गरेको नापी किताबमा उल्लेख गरी भुक्तानी गरेकाले २२ वटा कभरको प्रति | ४४००००.०० | |

| | | | |
|---|---|---|---|
| | रु२००००। ले रु.४४००००। बढी भुक्तानी गरेको रु. --- | | |
| ६९.३. | स्कुल र गुम्बा साइटमा ४५० एम एम (१८इन्च) २२५ मिटर ह्युम पाईप जडान गर्नको लागि ट्रेन्च खन्ने काम भएको नापी किताबमा उल्लेख गरेको छ। ह्युम पाईप ४३५ मिटर प्रति रु.४००। को दरले भुक्तानी गरेकोले २१० मिटर बढी जडानको भुक्तानी गरेको रु.८४०००। असुल गर्नुपर्ने रु. --- | ८४०००.०० | |
| ६९.४. | लागत अनुमान गर्दा १५० एम एम १७५ मिटर ह्यूप पाईपको लागि ट्रेन्च खन्ने तथा जडान कार्य गर्ने उल्लेख गरेको छ । सम्पन्न कामको प्राविधिक नापी किताबमा उक्त पाईपको लागि ट्रेन्च खन्ने काम गरेको छैन तर १५० मि मि को ४४३ मिटर ह्युम पाईप जडान गरेको भनी नापीमा उल्लेख गरी रु १८,६३,९६०। निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले खन्ने कार्य नगरी सो ह्युम पाईप जडान गरेका उल्लेख गरेकोले पुष्ट्याई र प्रमाण पेश गनुपर्ने रु. --- | १८६३९६०.०० | |
| ७०. | **निर्माण स्थान परिवर्तन** - महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४ अनुसार खरिद कार्य गर्नु पूर्व आवश्यकताको पहिचान गर्नुपर्ने र निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही सुरु गर्नु हुदैन । काबुबाहिरको परिस्थिति वा अन्य कारणले निर्माण स्थल परिवर्तन गर्नु परेमा प्रमुखस्तरको निर्णयबाट परिवर्तन गर्न सकिने व्यवस्था गरेको छ । वडा नं ३५ अन्तर्गत सहयोगी मार्ग सडक विस्तार गर्न रु.८३,८४,२४०।८६ को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रबाट निर्माण व्यवसायी देवीस्थान निर्माण सेवासंग रु.७१,६५,१२३।७८ मा ठेक्का सम्झौता भएको छ । २०७४।२।९ को सम्झौता अनुसार २०७४।७ मसान्तमा भित्र सवै कार्य सम्पन्न गर्नुपर्ने गरी कार्यादेश दिएकोमा निर्माण स्थल सहयोगी मार्गमा मेलम्ची खानेपानीबाट आयोजना कार्यान्वयनको अवस्थामा निर्माण कार्य भइरहेकोले खरिद सम्झौता बमोजिम सो मार्गमा कुनै पनि विस्तार गर्नु नपर्ने भई सोको सट्टा सोही रकममा वडा नं ९ को तिलगंगा शम्भु मार्गमा निर्माण गर्ने विभागिय प्रमुखको २०७४।१२।२३ को निर्णय भएको छ । निर्माण व्यवसायीलाई पुन सोही रकम बराबरको २०७५।१।३ मा दिएको कार्यादेश अनुसार २०७६।६।२५ मा कार्य सम्पन्न गरेको प्राविधिक मुल्याकंन बिल रु.७०६५६९९।२४ मध्ये अन्तिम विलको भौ नं ५०१७६। २०७६।२।२१ बाट रु.४७५३२९६।७५ भुक्तानी गरेकोमा खरिद प्रक्रिया शुरु गर्नु पूर्व सम्वन्धित निकायसंग आवश्यक समन्वय गर्नु पर्नेमा सो नगरेको कारण सवै प्रक्रिया पुरा भइसकेको अवस्थामा निर्माण स्थल परिवर्तन गर्नु परेको देखियो । | | |
| ७१. | वडा नं १६ निर्मललामा मार्ग सडक विस्तार तथा कालोपत्रे गर्न रु.३९८०४८३७५३ को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रबाट निर्माण व्यवसायी सि एम/वाइसधारा जे भि संग रु.२७०६०९७२।१९ मा ठेक्का सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण व्यवसायीले २०७५।३ मसान्त भित्र कार्य सम्पन्न गरेको प्राविधिक विल रु.१६६७६४५१।१८ मध्ये भौ न.५०१७८।०७६।२।२१ बाट अन्तिम विलको रु.११९८०६५८।०४ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन । | | |
| ७१.१. | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ (ङ) मा पच्चीस प्रतिशतभन्दा माथिको भेरिएसन आदेश सम्वन्धी व्यवस्था अनुसार अधिकार प्राप्त निकायबाट स्वीकृत गर्नु पर्नेमा महानगरपालिकाले स्वीकृत गरेको लागत अनुमानको ३१.४९ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको र सम्झौता अंकको ६१.६२ प्रतिशतमात्र कार्य सम्पन्न गरेकोमा निर्माण स्थलको सवै स्थानमा सडक विस्तार हुन नसकेको र पहिला ८ मिटरको विस्तार गर्ने उल्लेख भएकोमा विवादको कारण पछि ६ मिटरमा मात्र विस्तार गरी कालोपत्रे गरेको भनी प्राविधिक कारण उल्लेख गरी ठेक्का फरफारक गरेकोमा नियम अनुसार सम्वन्धि निकायबाट स्वीकृत गरेको प्रमाण पेश गर्नुपर्ने देखियो । | | |
| ७१.२. | काठमाण्डौ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४ को निमम १२७ उप नियम १(ख) मा खरिद सम्झौता अनुसार महानगरपालिकाले रनिङ बिलको प्राविधिक नापजांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र | | |

| | | | |
|---|---|---|---|
| | भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीलाई रनिङ बिलको भुक्तानी गर्दा नियम अनुसार प्राविधिक नाम जांच गरी वास्तविकताको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा निम्न आईटम काममा अघिल्ला विलबाट भुक्तानी भईसके पछि अन्तिम विलबाट सो काम नभएको र बढी भुक्तानी भएको भनी रु.१०४५९७०। कट्टा गरी हिसाब मिलान गरी खर्च लेखेकोले प्राविधिकबाट निर्माण स्थलको अध्ययन तथा नाप जांच गरेको विश्वता हुने आधार देखिएन । यसतर्फ महानगरपालिकाले ध्यान दिनुपर्दछ । | | |

| कामको विवरण | जम्मा काम सम्पन | | अघिल्लो विलमा भुक्तानी विवरण | | हाल कट्टा गरेको | |
|---|---|---|---|---|---|---|
| | परिमाण घ. मी. | रकम | परिमाण घ मी | रकम | परिमाण घ मी | रकम |
| dismentaling of brickwork in cement mortar | ० | ० | ७८०.८० | १९५२०. | ७८०.८० | १९५२०. |
| excavation\of bituminenous | २४९ | ६२२५. | ६७५ | १६८७५ | ४२६ | १०६५० |
| transportation of material | ३५९.५२ | ८९८८ | ६७५ | १६८७५ | ३१५.४८ | ७८८७ |
| Earthwork in excavation | १६१.४२ | ४०३५ | १२५९.५ | ३१४८७.५ | १०९८.०८ | २७४५२ |
| cement concrete | ३५.०७ | २८०५६० | ६१.१३ | ४८९०४०. | २६.०६ | २०८४८०. |
| masonary in cement mortar | ४२.३५ | ४२३५०० | ८०.२३ | ८०२३००. | ३७.८८ | ३७८८००. |
| dry stone soling | ३.८६ | १९३०० | ८.२५ | ४१२५०. | ४.३९ | २१९५०. |
| brick masonary | १२.१३ | १३३४३० | २०.८६ | २२९४६० | ८.७३ | ९६०३०. |
| 1:3 cement sand mortar beding | १५४५.९५ | २००९७३५. | १६०० | २०८०००० | ५४.०५ | ७०२६५. |
| RCC humpipes | ११३२.५ rm | ६६२५० | १७२.८० rm | ८६४०० | ४०.३० rm | २०१५०. |
| sub base grading | ६९६.०२ | ४८७२१४ | ९६० | ६७२००० | २६३.९८ | १८४७८६. |
| जम्माः | | ३४३९२३७ | | ४४८५२०७.५ | | १०४५९७० |

| | | | |
|---|---|---|---|
| ७२. | **वडा ६ बौद्ध तिनचुलेमा सडक विस्तार** - सडक विस्तार कार्यको लागि रु.१,७९,३२,३२१।- को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रबाट निर्माण व्यवसायी पशुपतिनाथ कन्स्ट्रक्सनसंग रु.१३८७७२४१।- मा ठेक्का सम्झौता भएको छ । २०७४।२।९ को सम्झौता अनुसार कार्यसम्पन्न गरी पेश गरेको विल प्राविधिक मूल्याङ्कन रु.१,०४,८५,०१३।०४ भौ.नं.५०१९२ मिति २०७६।३।१८ बाट खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन् : | | |
| ७२.१. | सडकमा मेसनरीवाल लगाउनको लागि नरममोटामा फाउण्डेसनमा ४१.२० मी लम्वाइ ०.७० चौडाई मी र १.५० मि उचाईमा जग खन्ने काम भएकोमा सो स्थानमा १:४ को मेरिनरी वाल लगाएको प्राविधिकबाट नाप जांच गरेको नापी किताब अनुसार ४१.२० मी लम्वाइ १.० चौडाई मी र १.५० मि उचाई गरी जम्मा ६१.८० घ मी कायम गरी प्रति रु.८०००। ले भुक्तानी गरेको छ । मेसिनरी वालको लागि जग खनेको चौडाई भन्दा बढी परिमाणमा वाल लगाएको भनी नापीमा देखाएको वढी ०.३० मिटरले १८.५४ घ मी को बढी भुक्तानी गरेको रु.१४८३२०। मूल्य अभिबृद्धि कर समेत हुने रु.१६७६०१। असुल गर्नुपर्ने रु. - | १६७६०१.०० | |
| ७२.२. | सडकमा मेसनरीवाल लगाउनको लागि निम्नानुसार जग खन्ने काम भएको प्राविधिक नापी किताबमा उल्लेख गरेकोमा सो नापीमा १:४ को मेसिनरी वालको काम निम्नानुसार बढी गरेको देखाएको छ । सो नापी किताब अनुसार वालको लागि जग खन्ने काम भन्दा पनि मेसिनरी वालको काम बढी भएको देखिएकोले बढी परिमाण मेसिनरी वाल निर्माण गनुपर्ने पुष्ट्याई तथा कारण उल्लेख नगरी ४६.९५ घन मिटरको रु.८०००। को दरले रु.३७५६००। मूल्य अभिबृद्धि कर समेत हुने रु.४२४४२८। बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. --- | ४२४४२८.०० | |

| वालको लागि जगमा माटो खन्ने कामको विवरण | | | | | जगमा १:४ को मेसिनगरी वाल लगाउएको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| परिमाण | लम्वाई | चौडाइ | उचाई | जम्मा घ मी | परिमाण | लम्वाई | चौडाइ | उचाई | जम्मा घ मी |
| १ | ११.८० | १,०० | २.०० | २३.६० | १ | ११.० | ०.७५ | २.०० | १७.७० |
| १ | ९.५० | १.०० | २.०० | १९.०० | १ | १८.३० | ०.७५ | २.०० | २७.४५ |
| १ | ४१.२० | ०.७० | १.५० | ४३.२६ | १ | ४१.२० | १.०० | १.५० | ६१.८० |
| १ | १४.८० | ०.६० | ०.६० | ५.३३ | १ | १४.८० | ०.६० | ०.६० | ५.३३ |
| | | | | | १ | ३०.०० | ०.७५ | १.५० | ३३.७५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | ९१.१९ | | | | जम्मा | १४६.०३ |

| | | | |
|---|---|---|---|
| ७२.३. | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम महानगरपालिकाले निर्माण कामको लागत अनुमान गर्दा बीमाको व्यवस्था गरेको छ । निर्माण व्यवसायीले ठेक्का सम्झौता बमोजिम निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा हानी नोक्सानी वा क्षति लागेको दायित्व वहन गर्नको लागि बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीले कार्यदेश पाएको २०७४।२।२१ देखि २०७५।१ मसान्तमा कार्य सम्पन्न गरी सुरु हुने त्रुटि सच्याउने दायित्वको अवधिसम्मको नोक्सानी वा क्षतिको बीमा गराउनु पर्नेमा २०७५ वैशाख १९ गते देखि २०७५ श्रावण ६ गते सम्मको बीमा गराएको प्रमाण पेश गरी रु.१५०००। भुक्तानी लिएकोले अवधि नपुगेको बीमा रकम असुल गर्नुपर्ने रु. | १५०००/ | |
| ७३. | **ढलान कार्य** - वडा १४ आवर्त मार्गमा ढलान कार्यको लागि रु.७४३०१२४। को लागत अनुमानमा सिलबन्दी बोलपत्रबाट निर्माण व्यवसायी राउचुली कन्स्ट्रक्सनसंग रु.५७५३९८२। मा ठेक्का सम्झौता भएको र सम्झौता अनुसार कार्यसम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार भौ नं ५०२०९।२०७६।३।२५बाट रु.३५२०३८९। भुक्तानी गरेकोमा देखिएकोमा देखिएको व्यहोरा निम्न छन् । | | |
| ७३.१. | विविध कारण तथा स्थानियको अवरोधले सम्झौताको ६१.१८ प्रतिशतमात्र कार्य सम्पन्न गरेको प्राविधिक कारण सहित स्विकृत गरेको छ । निर्माण स्थलमा गर्नुपर्ने सवै कामको परिमाण घटेको अवस्थामा पि सि सि ढलानमा प्रयोग हुने डण्डीको परिमाण मात्र लागत अनुमान भन्दा निम्न अनुसार बढी भएको नापी तथा मुल्यांकन गरी निर्माण व्यवसायीलाई भुक्तानी गरेको कारण स्पष्ट गर्नु पर्ने रु. | ६०६३५७/ | |

| कामको विवरण | ल ई अनुसारको | सम्पन्न काम | बढी | भुक्तानी दर | रकम |
|---|---|---|---|---|---|
| सुख्खा ईट्टा विच्छाउने काम | ८८५.२४ | ५९८.२८ | | | |
| पि सि सि को काम | ११७.३५ | ८९.७४ | | | |
| फर्मवर्कको काम | २४९.२४ | ७.४१ | | | |
| रेन्फोर्समेन्ट डण्डी | ४७५१.८९ के जी | ९४१९.९७ के जी | ४६६८.०८ | ११५/ | ५३६५९९/ |

| | | | |
|---|---|---|---|
| ७३.२. | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम महानगरपालिकाले निर्माण कामको लागत अनुमान गर्दा बीमाको व्यवस्था गरेको छ । निर्माण व्यवसायीले ठेक्का सम्झौता बमोजिम निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा हानी नोक्सानी वा क्षति लागेको दायित्व वहन गर्नको लागि बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीले कार्यदेश पाएको २०७४।४।१९ देखि २०७६ ।२ मसान्तमा कार्य सम्पन्न गरी सुरु हुने त्रुटि सच्याउने दायित्वको अवधि सम्मको नोक्सानी वा क्षतिको बीमा गराउनु पर्नेमा २०७६ जेष्ठ १७ देखि २०७६ जेष्ठ ३२ गते सम्म जम्मा १६ दिनको लागि मात्र बीमा गराएको प्रमाण पेश गरी रु.१७२८२। भुक्तानी लिएकोले अवधि नपुगेको बीमा रकम असुल गर्नुपर्ने रु. | १७२८२/ | |
| ७४. | **ढलान कार्य** - वडा नं १६ खरिबोट मार्ग सडक ढलानको लागि उपभोक्ता समिति खरिबोट समाज समितिले उक्त कार्य सम्पन्न गरेको प्राविधिकबाट मुल्यांकन अनुसार भौ नं ५०२२१।०७६।३।३० बाट रु.१८१९०६१। भुक्तानी गरेकोमा विलको सि नं १० मा मेसिन मिक्स गरेको सिमेन्ट कंकिट M15/40 आर सि सि कार्यको ५१.२५घ मी को आर्थिक वर्ष ०७४।०७५मा स्विकृत दररेट भनी प्रति रु.१४४५७।४२ का दरले हुने रु.७४०९४२।७८ मा निर्माण व्यवसायीको नाफा १५ प्रतिशत कट्टा गरी भुक्तानी गरेको छ । सो वर्षको स्वीकृत दररेटमा उक्त पि सि सि कार्यको लागि प्रति ईकाई १३३७१।६५ कायम गरेकोले स्वीकृत दररेट भन्दा प्रति इकाई रु.१०८५।७७ ले हुने रु.५५६४५।७१ मा १५ प्रतिशत निर्माण व्यवसायीको नाफा कट्टा गरी हुने रु.४८३८७ बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. --- | ४८३८७/ | |
| | **८१००० भौतिक पूर्वाधार (मर्मत सम्भार) तर्फ** | | |
| ७५. | **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम भुक्तानी दिन बांकी | ३०६४४८९.०० | |

| | | | |
|---|---|---|---|
| | रकम स्वीकृत गरी चालु बजेटमा रकमको व्यवस्था गर्नुपर्नेमा वडा नं १३ यज्ञेश्वर मार्गमा सडक मर्मत कार्यको निर्माण व्यवसायी गौरेश्वर निर्माण सेवा प्रा लि ले गत वर्ष सम्पन्न कामको प्राविधिक मूल्याङ्कन अनुसार रु.३२५४५८२।८३ दायित्वमा राखी यस वर्षको बजेटबाट भुक्तानी गरेकोमा नियम अनुसार भुक्तानी दिन बांकी रकम प्रमाणीत गरी बजेट स्वीकृत नगरी भुक्तानी गरेको रु. --- | | |
| ७६. | **वडा नं २२ न्यूरोड एरियामा सडक मर्मत** - कार्य रु.१४८१६६५९।८४ को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रबाट शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि. संग रु.८४,०६,५००।- मा सम्झौता भएको र २०७४।१२।२ सम्झौता अनुसार तोकिएको अवधि २०७५।२।३१ मा कार्य सम्पन्न गरेको प्राविधिक मूल्याङ्कनबाट सम्झौता अङ्कको ४५.४५ प्रतिशत अर्थात् रु.३८,२१,०८५।२५ मात्र भौ.नं.८१००३।०७५।६।१ बाट भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन : | | |
| ७६.१. | का म पा को यस वडामा मेलम्ची खानेपानी आयोजना र वडा कार्यालयबाट कालोपत्रे गर्ने कार्य गरी सकेकोले इष्टिमेटमा भएका सवै कार्य गर्न नपर्ने भएकोले योजनाको ४५.४५ प्रतिशत मात्र कार्य भएको भनी ठेक्का फरफारक गरेकोमा एकै स्थानमा ३ वटा निकायबाट मर्मत कार्य भएकोले लागत अनुमान गर्नु पूर्व सम्वन्धित निकायसंग सम्वन्य गरी कार्य गराउनु पर्नेमा सो गरेको पाईएन । वडा २२ को कुन कुन स्थानमा अन्य निकायबाट र का म पा बाट सडक कालेपत्रे गरी सडक मर्मत कार्य सम्पन्न गरेको हो स्पष्ट खुलाईएको पाईएन त्यसले गर्दा कसले कहां मर्मत गर्यो एकिन गर्न सकिएन एउटै स्थानमा विभिन्न निकायबाट कार्य गर्ने भएकोले काममा दोहोरोपन हुन सक्ने सम्भावना बढी देखिन्छ यस तर्फ महानगरपालिकाले ध्यान दिनु पर्दछ । | | |
| ७६.२. | योजनाको कूल लागत अनुमान रु.१,४८,१६,६५९।८४ मध्ये सडक बोर्डको ६५ प्रतिशत रु.९०,००,०००।- र महानगरपालिको ३५ प्रतिशत रु.५८,१६,६५९।८४ व्यवस्था गरे बमोजिम सडक बोर्ड नेपालबाट स्वीकृत गरेकोमा सडक बोर्ड नेपालबाट रकम प्राप्त गरेको तथा हिसाव मिलान गरेको प्रमाण पेश नभएको रु. --- | ५८१६६५९.८४ | |
| ७६.३. | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ (ङ) मा पच्चीस प्रतिशतभन्दा माथिको भेरिएसन आदेश सम्वन्धी व्यवस्था अनुसार अधिकार प्राप्त निकायबाट स्वीकृत गर्नु पर्नेमा यस वडामा सडक मर्मत कार्यको सम्झौता अंकको ४५.४५ प्रतिशत मात्र कार्य सम्पन्न गरेकोमा नियम अनुसार भेरिएसन आदेश स्वीकृत नगरेकोले स्वीकृत गराई प्रमाण पेश गर्नुपर्ने देखियो । | | |
| ७७. | **सडक मर्मत** - काठमाडौं महानगरपालिका अन्तर्गत विभिन्न स्थानमा सडक मर्मतको लागि रु.८४९९९४११।२० को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रको माध्यमबाट बर्ल्डवाई/के एण्ड जे भी संग रु.६३६५४६६२।८०।मा सम्झौता गरी २०७३।१०।२०को कार्यादेश अनुसार २०७४।२ मसान्त सम्ममा सवै मर्मत कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले विभिन्न कारण देखाई २०७५। ८ मसान्त सम्म कार्य सम्पन्न गर्ने अवधि थप गरेको छ । निर्माण व्यवसायीले तोकिएको अवधि भित्र कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार रु.५२३०४०५३।८६ मध्ये भौ न ८१००६ ।०७५।६।१ बाट अन्तिम विलको रु.७६५७१८७।१६ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् : | | |
| ७७.१. | कार्यालयबाट दिएको कार्यादेशमा विभिन्न ३६ आईटम कामको मर्मत तथा निर्माण गर्नुपर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीले कार्य सम्पन्न गरी पेश गरेको विल तथा प्राविधिक मुल्यांकन नापी किताबमा अनुसार सम्झौतामा उल्लेख गरेको १० आईटम र नयां थप ९ आईटमको मात्र काम सम्पन्न गरेको छ । नयां आइटमको लागि बोल कबोल गर्दा लागत अनुमान अकंको २५.११ घटी कबोल गरेको आधारमा लागत अनुमान दरमा सोही अनुपातमा घटाई कार्य गराएको छ । स्वीकृत लागत अनुमानको २६ आईटमको काम नगरी रु.५५,४७,५२५। को ९ आईटम नयां काम गर्नु पर्नाको प्राविधिक कारण तथा पुष्टयाई दिएको छैन र खर्च मर्मत कोषबाट गर्ने गरी का म पा बैठकबाट निर्णय हुन पर्ने | ५५४७५२५.०० | |

भनी २०७३।७।२८ मा निर्णण भएकोमा बोर्ड बैठकको निर्णय पेश भएन ।

७७.२. नाप जांचको नापी किताब अनुसार base course semigrounting and covering with 20mm thick premix १७९३७.६१ वर्गमिटर र repairing shsllow pot hole with 20 mm thick premix २३५२७.३१ वर्गमिटर कार्य सम्पन्न गरेको र लागत अनुमान गर्दा नभएको नयां काम sand seal work all complete ४१५८९.७८ बर्गमिटर कसरी कायम गरेको हो इकाइ गत नाप जांच नगरी एकमुष्ट परिमाण उल्लेख गरेकोले एकिन नभएको र प्रति रु.९६।२७ को दरले मुल्य अभिबृद्धि कर समेत रु ४५२४३४८।३७ निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा सो काम सडक मर्मतमा गर्नुपर्ने भए सुरु लागत अनुमानमा किन छुट भएको हो र सम्झौतामा भएको अन्य काम नगरी बढी लागत पर्ने नयां कार्य गर्नुपर्नाको आवश्यकताको पुष्ट्याई सहित कारण पेश गर्नुपर्ने देखिन्छ ।

७८. **आइटम वाईज घटी काम** - सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रबाट छनौट भएका निर्माण व्यवसायीलाई सम्झौता बमोजिमको कार्यादेशमा काम गर्नुपर्ने भनी उल्लेख गरेको विभिन्न आइटम काम मध्ये निम्न आइटम काम निर्माण व्यवसायीले सम्पन्न गरेको देखिदैन । निर्माण व्यवसायीले जति कार्य गरेको छ सोही आधारमा आइटम भेरिसन गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले योजनामा आवश्यक नै नभएको आईटमहरु समावेश गरी लागत अनुमान गर्ने गरेको र अन्य आइटमको काममा लागत अनुमान परिमाण भन्दा बढी काम गराउनाले आवश्यकताको पहिचान ,निर्माण स्थलको विस्तृत अध्ययनको आधारमा लागत अनुमान तयार गर्ने गरेको भन्न सकिएन यसका केही विवरण निम्न छन ।

| भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौताको आइटम काम | सम्झौताको सम्मन्न काम | थप नयां आईटम | बढी काम गरेको आईटम |
|---|---|---|---|---|---|---|
| ८१००६-०७५/६/१ | का म पा अन्तर्गत विभिन्न सडक मर्मत | वल्डवाइड । कडेल ।के एण्ड जे भी | ३६ | ९ | १० | २ |
| ८१०२०-०७५/१२/७ | का म पा अन्तर्गत विभिन्न सडक मर्मत | बटु सफल ।आर एण्ड सी जेभी | ५९ | ३३ | - | १३ |
| ८१०२२-०७५/१२/२२ | का म पा अन्तर्गत पुव क्षेत्रका विभिन्न सडक मर्मत | सुनकोशी कन्स्ट्क्सन नेपाल प्रा लि | ५९ | १३ | - | २२ |

७९. का.म.पा.पूर्वी क्षेत्रमा सडक मर्मतको लागि रु.४९९८९८९५।९९ को लागत अनुमान स्वीकृत गरी सिलबन्दी बोलपत्रबाट छनौट भएका निर्माण व्यवसायी सुनकोशी कन्स्ट्क्सन नेपाल प्रा लि संग रु.४५२०१८४१। मा सम्झौता भएको छ । सम्झौता अवधि भित्र कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार रु.४४०६०७७७।६२ मध्ये अन्तिम विलको भौ नं ८१०२२। ०७५।१२।२२ बाट रु.२४३२३९३७।६१ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् ।

७९.१. निर्माण व्यवसायीसंग भएको सम्झौता रु.४,५२,०१,८४१।- मा नबढ्ने गरी विभिन्न आईटम काममा भएको घटीबढी भएको समेत आइटम भेरिएसन गरी रु.४,४०,६०,७७७।६२ को लागत अनुमान २०७५।१२।११ मा स्वीकृत गरेको छ । नयाँ आइटमको काम नभई सम्झौता आईटमको काममा सोही ठेक्काको कबोल भित्रको बढी काम कबोल दरमा नै भुक्तानी गर्नुपर्नेमा सो अनुसार नगरी निर्माण व्यवसायीलाई बेश कोर्षमा बढी परिमाण ५६७.५४ घ.मी.को रु.३,०००।- का दरले रु.१७,०२,६२०।- भुक्तानी गर्नुपर्नेमा ४४७२.८८ का दरले रु.२५,३८,५३८।- भुक्तानी भएकोले फरक दर १४७२.८८ ले ५६७.५४ को रु.८,३५,९१८।- बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. --- ८३५९१८.००

| कामको विवरण | सम्झौता परिमाण | विभागिय दर | सम्झौता दर | सम्पन्न परिमाण | भुक्तानी दर | रकम | बढी |
|---|---|---|---|---|---|---|---|
| बेसकोर्स | ६०० घ मी | ४९४६.७८ | ३०००. | ७५० | ३०००. | २२५००००. | ११९.५९% |
| | | | | ५६७.५४ | ४४७२.८८ | २५३८५३८.३१ | |

७९.२. सम्झौताको तुलनामा केही निर्माण आइटम कामहरुमा अत्याधिक मात्रमा भेरिएसन भएकोले यस्तो भेरिएसन के कारण भएको हो पुष्ट्याई तथा प्राविधिक कारण पेश गरेको छैन । सडकमा semi-grouting with compaction 50mm thickness ७५०० स्क्वा.मि.काम गर्ने सम्झौता भएकोमा १९६१.०६ व मि मात्र काम सम्पन्न भएको सम्पन्न

प्रतिवेदन तथा नापी किताबबाट देखिन्छ सो पछि गरिने providing and laying sand seal को काम मात्र अत्याधिक २९८२४.२० व.मि.सम्पन्न भएको भनी प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गरेकोले सो कार्य भएको एकिन भएन ।

७९.३. सडक मर्मतको विभिन्न काममध्ये बेस कोर्स विच्छाई क्रसरबाट कम्पाक्सन गर्ने कार्य १६,१८२.३५ वर्गमिटर एरियामा कार्य गरेको प्राविधिक नापजाँच सहितको नापी किताबमा उल्लेख गरेको छ । सोही बेसकोर्स भएको एरियामा विटुमिनबाट ट्र्याककोट MC30/MC70 गरेको भनी २९,८२४.२० वर्गमिटरमा ०.८५ लिटरको दरले २५३५०.५७ लिटरको प्रतिलिटर कबोल अङ्क रु.११० ले रु.२७,८८,५६२।- र सान्डसिलको काम गरेको भनी २९,८२४.२० वर्गमिटरमा रु.४१,०९,२७९।५९ निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले बेसकोर्स गरेको एरियाभन्दा बढी एरियामा ट्र्याककोट र सान्डसिलको काम गर्नु परेको कारण सहित प्रमाण पेश गर्नुपर्ने रु. ---- २७६६०२०/

| कामको विवरण | भएको कामको | हुनु पर्ने कामको | बढी भएको | भुक्तानी दर | बढी रकम |
|---|---|---|---|---|---|
| बेस कोर्स विच्छाई कसर बाट कम्पाक्सन गर्ने कार्य | १६१८२.३५ व मी | | | | |
| विटुमिनबाट ट्याक कोट MC30/MC70 गरेका ( २९८२४.२० * ०.८५ लि ) | २५३५०.५७ | १३७५४.९९ | ११५९५.५७ | ११० | १२७५५१२. |
| सान्ड सिलको काम | २९८२४.२० | १६१८२.३५ | १३६४१.८५ | १०९.२६ | १४९०५०८. |
| | | | | जम्मा | २७६६०२०/ |

८०. **नर्म्सको प्रयोग** - नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स २०७३ मा जारी भएको standard specification for road and bridge works को बूँदा नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने prime coat tack coat को परिमाण निकाल्ने तरिका सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्थाको scope and definination अनुसार a tack coat means a thin layers of bituminous binder applied to a bituminous surface भनेर tack coat को Rate of Spray 0.40-0.60 के.जी. प्रतिवर्गमिटर उल्लेख गरिएको छ । जसमा Tack Coat को Rate of Spracy 0.4-0.6 के.जी. प्रतिवर्गमिटर रहने उल्लेख छ । जसको औसत लिँदा ०.५ के.जी प्रतिवर्ग मी. हुन आउँछ । महानगरले देहायका सडक मर्मत तथा विस्तार कार्य गराउँदा tack coat को परिमाण गणना गर्दा प्रतिवर्ग मी.०.५ प्रति कि.मी.को दरले परिमाण गणना गरी भुक्तानी दिनुपर्नेमा ०.८५ के.जी.को दरले जम्मा रु.८३,९१,७०२।- बढी भुक्तानी दिएको देखिएको छ । उक्त के.जी.लाई liter मा परिवर्तन गरिएकोमा त्यसको वस्तुनिष्ठ आधार समेत खुलाइएको छैन । यसरी तोकिएको नर्म्सभन्दा बढी प्रयोग हुने गरी लागत अनुमान तयार गरेबाट रु.८३,९१,७०२।- बढी व्यय भार परेको छ । महानगरले सिभिल इन्जिनियरिङ हेण्ड बुक र आइ.आर.सी.मा उल्लेख भएअनुसार ०.७३ के.जी. प्रतिवर्ग मिटरदेखि १ के.जी. प्रतिवर्गमिटर लाग्ने उल्लेख गरेको छ । त्यस्तै फिल्डमा पनि सोही अनुसार प्रयोग गरेको ल्याव प्रतिवेदनबाट देखिने उल्लेख गरेको छ । त्यसै गरी प्रारम्भिक प्रतिवेदन अनुसार सुधार समेत गरिएको जनाएको छ । यस सम्बन्धमा प्रयोग भएको परिमाण खुल्ने यथेष्ट प्रमाण सहित थप व्यय भार परेको सम्बन्धमा स्पष्ट हुनुपर्ने रु. --- ८३५९१८.००

| | | | भुक्तानी भएको | | | भुक्तानी हुनुपर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| निर्माण कार्य | निर्माण व्यवसायी | ठे.नं. | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | बढी भुक्तानी |
| road and sewer maintenance work sector (ward 25,27,12,2,20,23,17) | सुनकोशी कंडेल त्रिपुरा सुन्दरी जे.भि | ५७/०७४/७५ | ४००० | १९४ | ७७६००० | २३५२.९४ | १९४ | ४५६२८८ | ३६१२७४ |
| road and sewer maintenance work sector (ward 13,14,15) | कँडेल के एण्ड के.जी जे.भि काठमाडौं | ११/०७४/७५ | ३६३१६ | १२६.७५ | ४६०३०५९ | २१३६२३५ | १२६.७५ | २७०७६७७ | २१४१७८१ |
| road and sewer maintenance work sector (ward 25,27,12,21) | सुनकोशी कंडेल त्रिपुरा सुन्दरी जे.भि | ५७/०७४/७५ | ४००० | १९४ | ७७६००० | २३५२.९४ | १९४ | ४५६२८८ | ३६१२७४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| road and maintenance work at sachetan marg internal road | रमिता कन्स्ट्रक्सन काठमाडौँ | ७५/०७४/७५ | १८१३ | १३६.६० | २१७५९६ | १०६६ | १३६.६० | १४५६१५ | ८१३३८ |
| road and sewer maintenance work sector (ward 2,3,4,16,26) | सुनकोशी कंडेल त्रिपुरा सुन्दरी जे.भि | ११/०७४/७५ | ४२२४५ | १४७ | ६२१०१४२.८९ | २४८५० | १४७ | ३६५२९५० | २५५७१९२ |
| road wodeling word at anandmaya marg kmc 4 | कंडेल के एण्ड के.जी के.भि | १४९/०७३/७४ | ५२११.७५ | १०० | ५२११७५ | ३०६५.७४ | १०० | ३०६५७४ | २१४६०१ |
| road and sewer maintenance work at estern sector (ward 6,7,8,9,10,31,32) | सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रा.लि काठमाडौँ | ६०/७४/७५ | २५३५०.५७ | ११० | २७८८५६२.६० | १४९१२.१ | ११० | १६४०३३१ | ११४८२३१ |
| road maintenance work on newroad area | शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि बालाजु | १७/०७४/७५ | २३४६ | ११० | २५८१५७.९० | १३८० | ११० | १५१८०० | १०७५३४ |
| road and sewer maintenance work at cental sector of kmc (ward 4,5,11,28,29,30) | बटु सकल आर एण्ड सी जे.भि बालाजु काठमाडौँ | ११/०७४/७५ | ३४९८९.५४ | १६० | ४४९८३२६.४० | २०५८२ | १६० | ३२९३१२० | १२०५२०६ |
| | | | | | | | | जम्मा | ८३९१७०२ |

८१. **प्राविधिक पुष्ट्याई** - काठमाण्डौं महानगरपालिका अन्तर्गत उत्तर क्षेत्रका सडक मर्मत सुधारको लागि रु.४,९९,९३,३००।८१ को लागत अनुमान स्वीकृत गरी कंडेल/के एण्ड के.जी.जे.भी.संग रु.४,८०,७८,७३४।४४ मा ठेक्का सम्झौता भएकोमा २०७५।७।३० भित्र कार्यसम्पन्न गरेको प्राविधिक मूल्याङ्कन अनुसार रु.४,८०,१०,५७७।५८ मध्ये भौ.नं.८१०२८।०७६।१।२२ बाट अन्तिम विलको रु.१,२०,८५,०९२।८१ भुक्तानी गरेको छ। सम्झौता अनुसार ६४ आईटमको काम गर्न कार्यादेश दिएकोमा निर्माण व्यवसायीले २० आइटमको मात्र कार्य गरेको प्राविधिक मुल्यांकन तथा नापी किताब अनुसार रु.४,८०,१०,५७७।५८ खर्च गरेको छ। सम्झौता अङ्कमा फरक नभए तापनि धेरै मात्रमा आईटम भेरिएसन भएकोले प्राविधिक कारण तथा पुष्ट्याइ बेगर नै प्राविधिकले भुक्तानीको लागि सिफारिग गरेको बमोजिम भुक्तानी गरेको देखियो।

| सिन | कामको विवरण | सम्झौता परिमाण | सम्पन्न परिमाण | भुक्तानी परिमाण | सम्झौता दर | रकम | बढी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | बेस कोर्सको काम | ४०० घ मी | १२१९ .०१घ मी | ४०० घ मी | ५३९०. | ६०५२२९२.६५ | २०४% |
| | | | | ८१९.०१ घ मी | ४७५७.३२ | | |
| २ | ट्याक कोटको काम | ४०००० लि | ४२२४५.८७ लि | ४२२४५.८७ लि | १४७. | ६२१०१४२.८९ | ५% |
| ३ | सेमी ग्राउण्ड कम्पाक्सन | ४००० व. मि | ५३६२.८८ स्वा. मि | ५३६२.८८ व. मि | ४९०. | २६२७८११.२० | ३४% |
| ४ | स्यान्ड सिल गरेको | ३२००० व. मि | ४७३५१.२० व. मि | ४७३५१.२० व. मि | ९८. | ४६४०४१७.६० | ४७% |
| ५ | प्रिमिक्स कारपेट | ६८० घ मी | ९९४.०३ घ मी | ६८०.घ मी | १९६००. | १७८१६०१३. | ४६% |
| | | | | ३१४.०३ घ मी | १४२९१.६७ | | |

८२. **पुष्ट्याई** - काठमाण्डौं महानगरपालिका अन्तर्गत विभिन्न स्थानको सडक मर्मतकार्यमा भएको विभिन्न आइटम वाईज काम मध्ये बालुवा उपलब्ध गराई स्यान्ड सिलको काम गर्ने गरेको छ। सडक मर्मत कार्यमा सान्ड सिलको काम गर्नुपर्नाको आवश्यकता सहित प्राविधिक कारण देखिएन, सडक मर्मतको स्थलगत निरीक्षणमा सो कार्य गरेको नपाईएकोले मर्मत कार्यमा आवश्यक नभएको आइटम वाईज कामको समेत लागत अनुमान गरी निर्माण व्यवसायीलाई निम्न अनुसार भुक्तानी गरेकोले सो काम भएको प्रमाण तथा प्राविधिक पुष्ट्याई पेश गर्नुपर्दछ।

| निर्माण भएको | निर्माण व्यवसायी | सम्पन्न परिमाण | लागत दर | भुक्तानी दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| का म पा को उत्तरको वडामा | कंडेल। के एण्ड के जी जे भी | ४७३५१.२० व मी | १२०.८४ | ९८. | ४६४०४१७. |
| का म पा को २२ वडा | शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा लि | २७६१.०५ | १२०.८४ | ११०. | ३०३७१५. |
| का म पा पूर्वको वडामा | सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रा लि | ९३७५. | १२०.८४ | २००. | १८७५००० |
| | | २०४४९.२० | | १०९.२६ | २२३४२७९.५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | का म पा को मध्यक्षेत्रको वडामा | बटु सफल । आर एण्ड सी जे भी | ४१०७९.३४ | १२०.८४ | १४०. | ५७५११०७.६० | |

| | | | |
|---|---|---|---|
| | **वातावरण व्यवस्थापन विभागतर्फ** | | |
| ८३. | **उद्देश्य** - काठमाडौंको फोहोर सङ्कलन तथा व्यवस्थापन, ल्याण्डफिल साइड व्यवस्थापन हरियाली प्रवर्द्धन, वातावरण शिक्षा प्रदान, फोहोरजन्य पदार्थ ढुवान गर्ने गाडीहरु ट्रिपरहरुको परिचालन गर्ने, ल्याण्डफिल साइटपा परीआउने विभिन्न समस्याहरुको तत्काल समाधान गर्ने, वातावरण संरक्षण गर्न विभिन्न पार्कहरुको संरक्षण गर्ने, रत्नपार्कमा वाल उद्यानको सञ्चालनको व्यवस्था मिलाउने फोहोर मैलाबाट उत्पन्न वायोग्यासबाट विद्युत उत्पादन गर्ने, कुहिने र नकुहिने फोहोर छुट्याउन डष्टविन वितरण गर्ने, फोहोर सङ्कलन गर्ने गाडीहरुको लागि इन्धनको व्यवस्थापन गर्ने र सफाई मजदुरहरुको हितमा काम गर्ने उद्देश्यले यो विभागको स्थापन भई सञ्चालनमा रहेको छ । | | |
| ८४. | **कर्मचारी दरवन्दी** - काठमाण्डौ महानगरपालिका वातावरण व्यवस्थापन विभाग र यस अन्तर्गतका कार्यालयहरुमा सरसफाईको क्षेत्रमा काम गर्नको लागि देहाय बमोजिम ९६१ जना कर्मचारी परिचालन भएको कार्यालयबाट प्राप्त विवरणवाट देखिन्छ । | | |

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | विभागमा कार्यरत र्कचारी | ३६ |
| २ | मेकानकिल शाखामा कार्यरर्त कर्मचारी | २९ |
| ३ | भारी सवारी चालक | ४६ |
| ४ | हलुका सवारी चालक | ६५ |
| ५ | भारी सवारी हेल्पर, माली, भर्ति | ४५ |
| ६ | महानगर प्रहरी | १६ |
| ७ | स्वीपर लागत सफाई क्षेत्रमा कार्यरत अन्य कर्मचारी | ७२४ |
| | **जम्मा:** | **९६१** |

| | | | |
|---|---|---|---|
| ८५. | **ब्रुमर** - काठमाण्डौ महानगरपालिकाको वातावरण विभागमा चिन सरकारबाट अनुदानमा उपलब्ध गराईएका ५ थान र कार्यालयबाट विभिन्न मितिमा खरिद गरिएका ८ गरी १३ वटा ब्रुमर रहेका छन् । जसमध्ये चिन सरकारबाट अनुदानमा आएका ५ मध्ये ३ वटा ब्रुमरहरु विग्रिएको तथा सोको मर्मत संभारको लागि सामान प्राप्त नहुने भएकाले हाल सञ्चालनमा छैनन् भने कार्यालयबाट खरिद गरिएका ९ वटा ब्रुमरहरु हाल सञ्चालनमा रहेको देखिन्छ । | | |
| ८६. | **ब्रुर्मर खरिद** - विश्वमा विकसित भएको आधुनिक प्रविधिबाट सडक सफा गर्ने कार्यले काममा शीघ्रता आउने र सफाई कर्मचारीको लागतमा समेत न्यूनता आउने उल्लेख गरी मिति २०७४।२।१९ मा ब्रुमर खरिद गर्न निर्णय भएको छ । सोको लागि महानगरले विभिन्न आपूर्तकसँग मागेको दर अनुसार प्रतिब्रुमर रु.१,७९,५३,११५।- ले ५ थानको रु.८,९७,६५,५७६।- लागत अनुमान स्वीकृत भएको छ । उक्त लागत अनुमान अनुसार एम.ए.पी. इन्टर पेनूयर प्रा.लि.को प्राविधिक प्रस्ताव रेस्पोन्सीभ भए तापनि निजको विड एमाउन्ट माग गरे अनुसार नपुगेकोले निजको कबोल रु.१०,१७,००,०००।- सिफारिस नगरेको र रु.१२,९७,३८,९७२।- को वेभ ग्रुप प्रा.लि.को खरिदको लागि बोलपत्र लागत अनुमानभन्दा बढी भएको उल्लेख गरी बोलपत्र रद्ध गरेको देखियो ।<br><br>तत्पश्चात साविकमा बोलपत्र पेश गर्ने आपूर्तकहरुबाट दर लिई रु.२,२४,७३,९५०।- प्रतिब्रुमरको ५ थानका दरले रु.११,२३,६९,७५०।- र ३ वर्षको ग्यारेन्टी अवधिको लागि चालकको तलव समेत जोड्दा रु.१२,११,१३,९७०।- लागत अनुमान स्वीकृत गरी पुन बोलपत्र कायम गरेर घटी कबोलकर्ता डिलोभो इन्टरनेशनल यस.पी.ए (वल्ड वाइज ट्रेडिङ नेपाली प्रतिनिधि) बाट रु.१०,८९,२४,९०१।- र ढुवानी तथा अपरेशन कष्ट रु.४६,३८,०००।- समेत रु.११,३५,६२,९०१।- को कबोल सवैभन्दा न्यून भएको उल्लेख गरी निजसँग खरिद कार्य गरेको छ । | | |

| | | | |
|---|---|---|---|
| | आर्पूतकलाई उपलब्ध गराएको Techenical specification को दफा ४२ मा The supplier shall provide full servicing filter,lubricant required for warranty period उल्लेख छ । सोही specification को दफा ४० मा Manufacturer shall provide a minimum of three years warranty or 6000 service Hrs after acceptance whichever comes earlier उल्लेख छ यो व्यावस्था अनुसार ३ वर्षको लागि Warranty including parts replacement गर्ने दायित्व सप्लायर्सको हो । तर बिक्रेताले १ वर्षको मात्र ग्यारेन्टी कार्ड उपलब्ध गराएकोमा स्थानीय प्रतिनिधिसंग महानगरले ३ वर्षको बैंक ग्यारेन्टी लिए पनि बिक्रेतासंग नै ग्यारेन्टी लिने व्यवस्था गर्नुपर्दछ । | | |
| | विड डकुमेन्को इकोनोमिक काइटेरियाको दफा ४.२ स्प्रेयर पार्ट अन्तर्गत Schedule of supply shall be taken into Accounts is the bid evaluation supplier recommended spere pats for specific requrement shall not be consider in bid evaluation. The supplier during the warranty period after the equivment has been aceept उल्लेख छ । जसवाट आपूर्तिको कवोल अंक ५ ब्रुमरको including necessary sperate filter and spare pats for 3 years warranty 138900 euro को हिसावले ६९४५०० यूरो मात्र रहेकोमा Spare parts को ६७९७० युरो समेत भुक्तानी गरेको छ । यी स्पेयर पार्टहरु आवश्यकताको आधारमा उपलब्ध गराउने शर्त बिक्रेताले स्वीकार गरेको अवस्थामा ती सामानहरु फेर्नुपर्ने अवस्था र क्यालेन्डरलाई मध्यनजर नगरी तत्काल अर्डर गरी भुक्तानी गरेको देखियो । ती सामानको उचित भण्डारण नभई अव्सुलुट नहुनेतर्फ ध्यान पुऱ्याउनु पर्दछ । | | |
| ८७. | ग्यारेन्टीमा उल्लेख भए अनुसार आपूर्तिकर्ताले ब्रुमरको मूल्यमा Including Necessary Filters and Separate Part for 3 Years उल्लेख गरेकोले ३ वर्ष भित्रमा फिल्टर तथा Separate पार्ट आपूर्तिकर्ताले Free of Cost मा उपलब्ध गराएको छ । Free of Cost मा उपलब्ध गराएका सामानहरु जिन्सी आम्दानी गरेको छैन । तर ब्रुमर खरिद गर्दा निम्नानुसारका सामान आपूर्तिकर्तासंग ब्रुमरसंगै खरिद गरी सो बापत भुक्तानी भएको छ । महानगरले उक्त सामान दाखिला गरेको प्रमाण पेश गरेको छ । Free of Cost मा प्राप्त भएका सामान सर्भिसिङको लागि आवश्यक हुने सामान रहेको र ती सामग्री एकै पटक महानगरलाई प्राप्त हुने नभई आवश्यकता अनुसार सप्लायर्सले नै फेर्दै जाने भएको, दाखिला गर्नुपर्ने नभएको एवं सर्भिसिङ कार्य भइरहेको जनाएको छ । खरिद गरिएका सामग्री मौज्दात नै रहेको र ३ वर्षको अवधिमा प्रयोग नभई पछि प्रयोग हुने उल्लेख गरेको छ । उक्त सामानहरु वारेन्टी अवधि पछि मात्र प्रयोग गर्ने गरी उचित व्यवस्थापन गर्नुपर्दछ । | | |

| पार्ट्स | संख्या | दर | रकम (यूरोमा) |
|---|---|---|---|
| इन्जिन आयल फिल्टर्स | ३० | १८ | ५४० |
| इन्जिन फ्यूल फिल्टर्स | ३० | १४.५० | ४३५ |
| इन्जिन फ्यूल फिल्टर्स | ३० | १४.५० | ४३५ |
| इन्जिन फ्यूल फिल्टर्स प्राइभरी | ५० | ६१.२५ | ३०६२.५० |
| इन्जिन फ्यूल फिल्टर्स सेकेण्डरी | ५० | ५२.२५ | २६१२.५० |
| इन्जिन फ्यूल फिल्टर्स NEF | ५० | ११४.५० | ५७२५ |
| हाइड्रोलिक फिल्टर्स | ३० | १३३ | ३९९० |
| वाटर स्प्रे नोजल | ९६ | ११.३८ | १०९२ |
| ब्रेक प्याड | २० | १४६ | २९२० |

| | | | |
|---|---|---|---|
| ८८. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाखभन्दा बढीको आपूर्ति गर्दा बोलपत्रको माध्यमले गर्नुपर्नेमा २ थान ब्रुमर खरिद गर्न साविककै विक्रेतासंग सोही मूल्यमा खरिद गरे पनि सार्वजनिक खरिद कानूनमा भएको व्यवस्था अनुसार भेरिएशन समेत स्वीकृत गरेको देखिएन । | | |

| | | | |
|---|---|---|---|
| | पहिलो आपूर्ति गरिएका ५ वटा ब्रुमरसाथ खरिद गरेको मेन र साइट व्रस समेत १२० थानको हालसम्म २०७६।३।३० सम्ममा ३५ पीस मात्र खपत भएको छ । तीमध्ये मेन सिलिण्डर व्रस प्रतिथान यूरो प्रतिइकाई ३२० पर्ने ३० थान र साइट व्रस यूरो प्रतिइकाई २७६ पर्ने ९० थान मौज्दात छन् । सामग्री खपत भइसकेपछि ३ वर्षसम्म उपलब्ध गराउने दायित्व सप्लायर्समा नै रहेको छ । ब्रुमरलाई अत्यावश्यक पर्ने यस्ता पार्ट एवं सामग्री बोलपत्रको माध्यमले प्रतिस्पर्धा गराई खरिद गर्न सकिने अवस्थामा आवश्यकताको पहिचान नै नगरी २ ब्रुमर खरिद गर्ने आपूर्तकसंग मेन सिलिण्डर व्रस २१५ थान यूरो ३२० का दरले, फ्रन्ट व्रस ५६ सेट यूरो १९५ का दरले र साइट व्रस ७० सेट यूरो २७६ का दरले सिधै खरिद गरी ९९,०४० यूरो अर्थात् भुक्तानी गरेको दिनको सटही दर अनुसार रु.१,२६,३३,५४२।- भुक्तानी गरेको छ । | | |
| | अन्तरराष्ट्रिय सामग्री सप्लायर्सहरुले पनि सामग्रीको प्रतिइकाई अमेरिकी डलर ८० सम्म उपलब्ध गराउने प्रस्ताव गरिरहेको अवस्थामा महंगो दर र खपतको सुनिश्चितता र आवश्यकभन्दा बढी परिमाणमा सिधै खरिद गरेकोले उक्त खरिद कार्य मितव्ययीपूर्ण छ भन्ने अवस्था रहेन । | | |
| ८९. | **ब्रुमर सञ्चालित रुटका सफाई कर्मचारीहरुको व्यवस्थापन** - नयाँ तथा आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिबाट ठूलो क्षेत्रमा एकै पटक सफाई गर्न सकिने भनी महानगरपालिकाले यसबर्ष मात्र ७ वटा ब्रुमर खरिद गरी सञ्चालनमा ल्याएको देखिन्छ । ब्रुमर सञ्चालनमा आए पश्चात् गत विगतदेखि उक्त रुटमा कार्यरत सफाई कर्मचारी (स्वीपर) हरु अन्यत्र परिचालन गर्नुपर्दछ । तर महानगरपालिकाबाट ब्रुमर सञ्चालन गरे पश्चात् ती कर्मचारीहरु अन्यत्र परिचालन भए नभएको सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा प्राप्त हुन आएन् । | | |
| ९०. | **कर्मचारी प्रोत्साहन भत्ता** - महानगरपालिकाले वातावरण विभागका प्रमुख सहित विभाग अर्न्तगत कार्यरत कार्मचारीको लागि अतिरिक्त समय भत्ता र जोखिम भत्ता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:<br>क) काठमाडौं खर्च व्यवस्थापन मापदण्ड, २०७२ को बुदा नं.१२ बमोजिम सफाई कार्यमा संलग्न कर्मचारीहरुलाई मासिक तलबको ५०% रकम प्रोत्साहन भत्ता वापत २०७५ आषाढ साउन, भदौ र असोज महिना प्रोत्साहन भत्ता खर्च लेखेको छ ।<br>ख) मिति २०७५।७।१८ को नगर प्रमुख स्तरीय निर्णयमा सरसफाई तथा फोहोर ढुवानीमा काम गर्ने कर्मचारीहरु कति समय कार्य गरेको हो ? थप उपलब्धी हासिल के भयो ? विवरण प्राप्त गरी कामको औचित्यको आधारमा एक महिनामा ६ दिनभन्दा बढी विदामा नबसेको र थप सुविधा नलिएको कर्मचारीहरुलाई विद्युतिय हाजिरका आधारमा मात्र अतिरिक्त सुविधा दिनुपर्ने राय प्रशासन विभाग र वातावरण विभागका विभागिय प्रमुखबाट प्राप्त भएकोमा हाललाई २ महिनाको ( साउन र भदौ) मात्र सुविधा उपलब्ध गराउने तथा आगामि दिनमा प्रशासन विभाग तथा वातावरण विभागबाट प्राप्त रायका आधारमा मात्र उपलब्ध गराउने भनी उल्लेख छ ।<br>ग) तर महानगरपालिकाको मिति २०७५।१०।२५ को निर्णयमा फोहोरमैला व्यवस्थापन जस्तो अति संवेदनशिल, जोखिमपूर्ण र काठमाडौं महानगरपालिकाको प्रथामिकताको कार्यमा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई साविक बमोजिम सूरु तलब स्केलको ५०% जोखिम भत्ता उपलब्ध गराउने तथा विभाग अन्तर्गत अतिरिक्त समय सेवा प्रवाह गर्ने कर्मचारीहरुका लागि प्रतिमहिना कम्तीमा ४० घण्टा काम गरेको हाजिर प्रमाणित गरी सूरु तलब स्केलको ३३% अतिरिक्त सुविधा उपलब्ध गराउने र अतिरिक्त समय काम गर्ने कर्मचारीहरुको दैनिक हाजिर अनिर्वाय विद्युतीय प्रणालीबाट हुनुपर्ने र उक्त हाजिर विभागीय प्रमुखबाट प्रमाणित हुनुपर्ने उल्लेख छ । सोही आधारमा २०७५ कार्तिकदेखि २०७६ आषाढ मसान्तसम्मको प्रात्साहन भत्ता | | |

| | | | |
|---|---|---|---|
| | खर्च लेखेको छ ।<br>घ) यसरी महानगरपालिका अर्न्तगत वातारण विभाग अर्न्तगत कार्यरत कर्मचारीहरुको थप सूविधा वापतको रकम उपलब्ध गराउदा आगामि दिनका कार्य सम्पादनमा आधारमा मात्र अतिरिक्त सुविधा उपलब्ध गराउने भनी निर्णय भएकोमा सो निर्णयको कार्यान्वयन नगरी पटकै पिच्छे निर्णय गर्दै विद्युतिय हाजिरको आधारमा मात्र अतिरिक्त सुविधा उपलब्ध गराउँदा देहाय अनुसार महिनामा १९ दिन बिदामा बसी ११।१२ दिनमात्र काम गर्ने कर्मचारीहरुलाई समेत थप सुविधा दिएको देखिएको छ । | | |
| | तसर्थ महानगरपालिकाले विद्युतीय हाजिरलाई मात्र आधार नलिई के कति कार्य नियमित कार्यभित्र पर्दछ सोभन्दा बढी के कति कार्य गऱ्यो स्पष्ट अभिलेख राखि खर्च पुष्टयाई गर्ने प्रगति, सफाई सम्बन्धी कर्मचारीहरुलाई उपलब्ध गराएको अन्य सुविधाको औचित्य पुष्टि हुने गरी सफाई कार्यको परिसूचक विकास गर्ने र सोको आधारमा मात्र प्रोत्साहन सुविधा दिने प्राणालीको विकास गर्नुपर्दछ । | | |
| ९१. | **थप भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययीताको दृष्टिकोणले कुनै भुक्तानी दोहोरो नहुने गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक ५० प्रतिशत अतिरिक्त समय भत्ता लिई रहेको कर्मचारीहरुलाई दशैं तिहार विशेष सरसफाई वापत थप खानाको खर्च वापत रु.५,१३,९३५।- खर्च लेखेको छ । यसरी प्रोत्साहन भत्ता लिएको अवस्थामा थप भत्ता खर्च लेख्न मिल्ने नदेखिएको रु. --- | ५१३९३५/- | |
| ९२. | **मापदण्ड विपरीतको खर्च** - काठमाडौं महानगरपालिको खर्च व्यवस्थापन मापदण्ड, २०७२ को बूँदा नं.२.५ मा मासिक रुपमा प्रोत्साहन भत्ता वा अन्य थप सुविधा पाउँदै आएका विभाग वा इकाईका कर्मचारीहरुलाई खाजा खाना खर्च वापत थप रकम उपलब्ध नगराउने उल्लेख छ । तर कार्यालयले तपसिल बमोजिमको गो.भौ. तथा मितिबाट वातावरण विभागका कर्मचारीहरुलाई निम्नानुसार खाजा खाना खर्च लेखेको पाइयो । तसर्थ खर्च व्यवस्थापन मापदण्ड विपरीत देखिएको खर्च रु. --- | १३१८५५/- | |

| गो.भौ. मिति | विवरण | रकम |
|---|---|---|
| ६०१८५-२०७५/१२/१७ | डोजर, एक्साभेट, लोडर लागतका मेसिन पटक पटक बिग्रीएको र सोको मर्मत गर्दाको विभिन्न ६ पटकको ५६ जाना मेकानिक्सको खाजा खाना खर्च रु. | २४९२० |
| ६००२१-२०७५/०५/२१ | विभिन्न ९ पटकको ९३ जना सवारी चालकलाई वर्षतको समयमा फोहोर बिसर्जन गर्न जादाँ बाटो बिग्रिएको दिनको खाजा खाना खर्च रु. | ३८०३० |
| ६००२२-२०७५/०५/२१ | डोजर, एक्साभेट, लोडर लागतका मेसिन पटक पटक बिग्रीएको र सोको मर्मत गर्दाको विभिन्न ७ पटकको ६६ जाना मिस्त्री र अफिसका कर्मचारीको खाजा खाना खर्च रु. | २५३५५ |
| ६०१२६-२०७५५/१०/११ | डोजर, एक्साभेट, लोडर लागतका मेसिन पटक पटक बिग्रीएको र सोको मर्मत गर्दाको विभिन्न ४ पटकको ५४ जाना मेकानिक्सको खाजा खाना खर्च रु. | १७७४० |
| ६०२६६-२०७६/०६/०९ | डोजर, एक्साभेट, लोडर लागतका मेसिन पटक पटक बिग्रीएको र सोको मर्मत गर्दाको विभिन्न ६ पटकको ४८ जाना मेकानिक्सको खाजा खाना खर्च रु. | २५८१० |
| **जम्मा** | | **१३१८५५** |

| | | | |
|---|---|---|---|
| ९३. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चको लेखा राख्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । सिसडोल ल्याण्डफिल साईटको पटक पटक स्थलगत निरीक्षण गरे बापत का.म.न.पा.१२ का वडा अध्यक्ष श्री विकास डंगोललाई खाजा खाना खर्च बापत गो.भौ.नं.६०१६३ बाट रु.२६,७७५।- भुक्तानी दिएको छ । तर निजले कुन कुन मितिमा स्थलगत निरीक्षण गरेको हो, सो सहित स्थालगत निरीक्षण गरेको प्रतिवेदन बेगर खाजा, खाना खर्च भएको भनी बिल मात्र संलग्न राखि खर्च लेख्न मिल्ने देखिदैन । तसर्थ स्थलगत निरीक्षण गरेको प्रमाणित व्यहोरा सहित | २६७७५/- | |

| | | | |
|---|---|---|---|
| | स्थलगत निरीक्षण प्रतिवेदन पेश हुनपर्ने अन्यथा असुल हुनुपर्ने रु. --- | | |
| ९४. | **सवारी मर्मत** - महानगरपालिकाले यस आर्थिक वर्षमा आ.व.२०७५।७५ मा सवारी साधन मर्मततर्फ रु.३,९८,०८,७५५।- खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छन् :<br><br>क) लागत अनुमान तयार गरी शिलबन्दी तथा बोलपत्रबाट सवारी साधनको पार्टहरु खरिद गरेकोमा ५.९७ देखि ६.५३ प्रतिशतसम्म घटीमा सवारी साधनका स्पेयर पार्टसहरु सप्लाई भएको देखिन्छ । तर महानगरपालिकाले यसबर्ष रु.२,६१,३३,४७०।- बराबरको सवारी साधनका स्पेयर पार्टसहरु सोझै खरिद गरेको पाइयो । कार्यालयले सवारी साधनलाई आवश्यक पर्ने स्पेयर पार्टसहरु आवश्यक परेको बखत आपूर्ति गर्ने गरी एकमुष्ट दर विधिबाट बोलपत्र वा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको भए न्यूनतम ५.९७ प्रतिशतले रु.१५,६०,१६८।- बचत हुने देखिन्छ । त्यसैगरी आईटम दररेट विधिबाट बोलपत्र वा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गरेको भए सोभन्दा बढी रकम बचत हुने देखिन्छ ।<br><br>ख) त्यसैगरी महानगरपालिकाले कुन सवारी साधन के कति पटक मर्मत गरियो, उक्त सवारी साधनका के कति पाटर्सहरु फेरिएको छ सोको विवरण खुल्ने गरी सवारी साधनगत मर्मत अभिलेख खाता राखेको पाइएन । जसबाट लेखापरीक्षणको क्रममा कुन सवारी साधन के कति पटक मर्मत गरियो सो सम्बन्धमा यकिन हुन सकेन ।<br><br>तसर्थ महानगरपालिकाले सवारी साधनको लागि आवश्यक पर्ने स्पेयर पाटर्स आवश्यकता अनुसार आपूर्ति गर्ने गरी आइटम दररेट विधिको प्रयोग गरी बोलपत्रको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिदै सवारी साधनगत मर्मत अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ९५. | **इन्धन** - महानगरपालिकाले यस आर्थिक वर्षमा आ.व.२०७५।७५ मा सवारी इन्धनतर्फ रु.१०,१३,२६,७१८।- खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छन् :<br><br>क) कर्मचारीहरुलाई कुपन मार्फत इन्धन उपलब्ध गराएकोमा कुन कर्मचारीलाई के कति ईन्धन सुविधा दिइएको हो सो सम्बन्धी व्यवस्थित अभिलेख राखेको पाइएन ।<br><br>ख) महानगरपालिका केन्द्रीय कार्यालयबाट मासिक इन्धन सुविधा लिने कर्मचारीहरुबाट समेत यस विभागबाट इन्धन बुझ्ने गरेको देखियो ।<br><br>ग) मर्मतका लागि राखिएको सवारी साधनहरुलाई पार्टपूर्जा सफा गर्न कति इन्धन लाग्ने हो सोको मापदण्ड तयार भएको देखिएन ।<br><br>घ) सावारी साधनगत अभिलेख खाता राखि ईन्धन खर्च लेख्नुपर्नेमा सो गरेको पाइएन । जसबाट कुन सवारी साधनलाई के कति ईन्धन उपलब्ध गराइएको छ सो सम्बन्धी यकिन हुन सकेन ।<br><br>तसर्थ विभागबाट वितरण गरिने इन्धन खपतको लागि उचित र वैज्ञानिक मापदण्डको निर्माण गरी इन्धनको मितव्ययी प्रयोग गर्ने तथा व्यवस्थित अभिलेख तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ९६. | **इन्सपेक्सन रिपोर्ट** - महानगरपालिकाले बा १ ग २७९१ नं. को डोजरको अन्डर क्यारियज पार्टस आपूर्ती गर्ने सम्बन्धमा रु.२७,१०,९१९।७२ को लागत अनुमान तयार गरी सूचना प्रकाशन गरेकोमा श्री कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजले सबैभन्दा कम रकम रु.२६,५३,५४५।११ अंक कबोल गरेको छ । महानगरपालिका र उक्त इन्टरप्राइजेज | | |

बीच भएको सम्झौताको बूँदा नं.४४.४३ मा सप्लायर्सबाट उपलब्ध गराईएका सामानहरु तोकीएको गुणस्तर बमोजिमका प्राप्त भए नभएको एकिन गरेर मात्र सप्लायर्सलाई भुक्तानी गर्ने उल्लेख छ । तर महानगरपालिकाले सप्लायर्सबाट उपलब्ध गराईएका सामानहरु तोकेको गुणस्तर अनुसार रहे नरहेको सम्बन्धमा इन्सपेक्सन गरेको देखिने रिपोर्ट संलग्न गरेको पाइएन् । जसबाट उक्त समानहरु तोकिएकै गुणस्तरमा प्राप्त भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन् । तसर्थ सम्झौतामा उल्लेख भएबमोजिम इन्सपेक्सन रिपोर्ट अनुसार सामान यकिन गरी मात्र भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

९७. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा टुक्रामा सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर कार्यालयले एउटै स्थानमा निर्माण हुने कार्यहरुको एउटै प्याकेज बनाई निर्माण कार्य गर्ने गरी लागत अनुमान तयार नगरी सिधै तिन थान खुल्ला दरभाउपत्र लिई सोझै खरिद गरेको देखियो । महानगरपालिकाबाट बोलपत्रको सूचना प्रकाशन गरी प्रतिस्पर्धा गराईएका योजनामा/ निर्माण कार्यमा निर्माण व्यवसायिबाट लागत अनुमानको तलुनामा ४४.४० प्रतिशतसम्म घटीमा कार्य भएको देखिन्छ । तसर्थ कार्यालयले सिलबन्दी दरभाउ पत्र र बोलपत्रद्वारा खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको रु. --- १४३५९०८५/-

| गो.भौ. | निर्माण व्यवसायि | निर्माण/मर्मत कार्य | मू.अ. कर सहित लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६०१५३ | जे.के.डि.कन्स्ट्रक्सन | शंखघर उद्यान (रत्नपार्क ब्लक छाप्ने) | ४९६३६९ | ४७१४७७ |
| ६०३०० | नानी कन्स्ट्रक्सन | रत्नपार्क विकास | ७४१५१७ | ६८५८४१ |
| ६०२११ | अम्बुजा कन्स्ट्रक्सन | शंखधर उद्यान रंरोगन | ६१३५४९ | ५८६११४ |
| ६०१८८ | गौरवशाली कन्स्ट्रक्सन | स्वास्थ्य चौकी जाने बाटो | ९८८९५९ | ९४०३४२ |
| ६०३६७ | एकलब्य कन्स्ट्रक्सन | अलेटार स्वास्थ्य चौकी, खानेपानी निर्माण | ४९५१६७ | ४६८१८३ |
| ६०१८९ | विश्वजित निर्मौण सेवा | लिचेड व्यवस्थापन, ह्युमपाईप खरिद | ४९२३९७ | ४९११२६ |
| ६०२०० | महालक्ष्मी एण्ड मनकामना माई नि. से. | ढुंगा तथा ग्राभेल सप्लाई | ९९७४०९ | ९६०६६९ |
| ६०२२४ | सक्षम निर्माण सेवा | बालाजु पार्क रंरोगन | ९८६६९६ | ९४२१२८ |
| ६०२२८ | कल्पवृक्ष निर्माण सेवा | आलेटार मरण घाट निर्माण | ५३४६५५ | ४७९०१६ |
| ६०२३१ | इन्द्रावती कन्स्ट्रक्सन | मिटिङ हल तथा नगरप्रहरी व्यारेक ट्वाईलेट निर्माण | ९९६२२१ | ९२२९४० |
| ६०२६२ | बाइसधारा निर्माण सेवा | तल्लो सानोकोट जाने बाटो ढलान | ९१२३४४ | ८७०३५४ |
| ६०२७८ | विश्वजित निर्माण सेवा | ल्याण्डपिल साईड मर्मत | ९९३४५४ | ९६७७८२ |
| ६०२८५ | त्रिशुली हाईड्रो कन्स्ट्रक्सन | टेकु ट्रान्सफर, मयवारी नछी गल्ली मर्मत | ४९०१६९ | ४६६१२५ |
| ६०३३२ | टि.एच. बिल्डर्स | टेकु १२ मा शौचाल निर्माण | ८५७०२१ | ८१८८१२ |
| ६०२९८ | रामभक्त कन्स्ट्रक्सन | ल्यान्डफिल ट्रन्सफर स्टेशन | ९७८२२७ | ९३५३१९ |
| ६०२९७ | अधिकारी निर्माण सेवा | सशस्त्र प्रहरी व्यम्पको शौचालय निर्माण | ६४००९२ | ६१९८९२ |
| ६०२९९ | त्रिवेणी कन्स्ट्रक्सन | वडा नं.१७ पार्क निर्माण | ९९७३४९ | ९४९२५६ |
| ६०३०० | जे.जे. कन्स्ट्रक्सन | रातेमाटे विरुवा सडक ग्राभेल | ९६३९११ | ८७५६३७ |
| ६०३१४ | बज्रतारा निर्माण सेवा | महालक्ष्मी स्थान कककनी १ मा पेभमेन्ट वर्क | ९९६७१३ | ९०८०७२ |
| | | **जम्मा:** | **१५१७२२१९** | **१४३५९०८५** |

९८. **सिलबन्दी दरभाउपत्र** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(३) (क) मा सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरी खरिद गर्दा तीनभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा सो सम्बन्धी कुनै कुरा उल्लेख नगरी सोही उपनियम बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्नुपर्ने उल्लेख छ । तर महानगरपालिकाले हेभी सवारी साधनका ऐससरिज पार्टस तथा  मेन्टीनेन्सका लागि रु.१५,४२,५००।- लागत अनुमान भएको सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरेकोमा दुई थान मात्र सिलबन्दी दरभाउपत्र दर्ता भएको देखिन्छ । तर नियममा भएको व्यवस्था अनुसार कार्यालयले पुनः सूचना प्रकाशन गर्नुपर्नेमा मू.अ.कर सहित रु.१४,४२,५००।- (लागत अनुमानको तुलनामा ६.५३ प्रतिशत घटी) कबोल अंकको दरभाउपत्र स्वीकृत गरी सम्झौता गरेको छ । जसबाट नियमावलीको पालना भएको देखिएन । तसर्थ

महानगरपालिकाले आगामी दिनमा खरिद कार्य गर्दा सार्वजनिक ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खरिद कारबाही गर्नुपर्दछ ।

९९. **२० लाखभन्दा माथिको शिलबन्दी मार्फत खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको खरिद कार्य सिलबन्दी दरभाउपत्रबाट र नियम ३१(१)मा रु.२० लाखभन्दा बढी लागत अनुमान खरिद कार्य बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था सोही नियमावलीकोमा रहेको छ । महानगरले खरिद नियमावली बनाई रु.१० लाखसम्म सोभै र रु.५० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने गरेको छ । नमूना छनौट गरिएका निम्नानुसार २० लाखभन्दा बढी लागत अनुमान भएका खरिद कार्य बोलपत्रबाट नगरी सिलबन्दी दरभाउपत्रबाट गरेको गरेको छ । महानगरले सार्वजनिक खरिद नियमावली बनाई सोभै खरिदको सीमा रु.१० लाख, सिलबन्दी दरभाउपत्रको रु.५० लाख गरेकोले सो अनुसार खरिद गरेको जनाएको छ । तसर्थ महानगरपालिकाले खरिद कार्यलाई प्रतिस्पर्धी बनाउन संघीय ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना हुने गरी नियमावली बनाई खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| गो.भौ. | निर्माण व्यवसायी | निर्माण/मर्मत कार्य | मू.अ. कर सहित लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|---|
| ६०३१५ | कान्छामान निर्माण सेवा | भ्याली १ मा ग्याविन वाल निर्माण | ४३७८९६८ | ३५०४४६९ |
| ६०२६७ | जगतबन्दे निर्माण सेवा | ल्याण्डपिल साईटमा ग्याविन वाल लगाउने | २३०६२९४ | २१७३३४९ |
| ६०३२१ | बालाजु निर्माण सेवा | ल्याण्डपिल ट्रान्सफर स्टेशन व्यवस्थापन | २९२९९४१ | १८४७३२४ |
| **जम्मा:** | | | **९६१५२०३** | **७५२५१४२** |

१००. **चेनेज नखुलाएको** - सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा तथा विलको भुक्तानी गर्दा तथा नापी किताब तयार गर्दा कार्य भएको देखिने गरी स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर महानगरपालिकाले रातेमाटेदेखि विरुवासम्म जाने सडकमा ग्राभेल गर्ने कार्यको लागि रु.९,६३,९११।०३ का लागत अनुमान तयार गरी श्री जे.जे. कन्स्ट्रक्सनसँग रु.८,७५,६३०।- मा सम्झौता गरेको छ । तर गो.भौ.६०३०० बाट निर्माण व्यवसायीलाई उक्त कार्य सम्पन्न गरेको भनी रु.८,७५,६३७- भुक्तानी गरेकोमा प्राविधिकले तयार गरेको नापी कितावमा कुन स्थानमा वा सडक को कुन खण्डमा कार्य गरेको हो सोको चेनेज खुलाइको पाइएन । जसबाट कुन खण्डमा कार्य गर्ने गरी लागत अनुमान तयार भयो र निर्माण व्यवसायिसँग सम्झौता भए अनुसार कुन कुन खण्डमा कार्य भयो सो सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ महानगरपालिकाबाट निर्माण/मर्मत हुने सडक योजनाको लागत अनुमान तयार गर्दा तथा कार्यसम्पन्न दिंदा प्राविधिक नाप जाँचमा चेनेज खुलाउनेतर्फ ध्यान दिनुपर्दछ ।

१०१. **त्रुटीपूर्ण लागत अनुमान** - काठमाडौं महानगरपालिकाले सिसडोल ल्याण्डफिल साइडका लागि निर्माण व्यवसायिबाट गराउने कार्यको लागि तयार गरेको दर विश्लेषणमा Subgarede Contruction and preparetaion including disposal upto 10M को प्रति घ.मि. रु.१४२.९८ (ओभरहेड सहित) रहेको देखिन्छ । तसर्थ महानगरपालिकाले Subgarede Contruction and preparetion घन मिटरमा हुने गरी लागत अनुमान तयार गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गरी कार्यालयबाट वर्ग मिटरमा हुने गरी तयार गरेकोमा घ.मि. कै दरको प्रयोग लागत अनुमान तयार गरी तीन थान हाते दरभाउपत्र बाट खरिद गरेको देखिन्छ । जसबाट निम्नानुसार बढी लागत अनुमान तयार हुन गएको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् :

क) ल्याण्डफिल ट्रान्सफर स्टेशन व्यवस्थापन अन्तर्गत स्वास्थ्य चौकी जाने बाटो ग्राभेल गर्ने कार्यमा Subgarede Contruction and preparetion including disposal upto 10M को प्रति व.मि. रु.१२२।८१ का दरले हुने गरी ११४०

| | | | |
|---|---|---|---|
| | व.मी. कार्यको रु.१,४०,००३।४० हुने गरी लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायीबाट प्रति घ.मि. रु.११०।- मा कबोल गरी १३५०.६७५ घ.मी.को गो.भौ.६०१८८, बाट रु.१,४८,५७४।२५ भुक्तानी लिएको देखिन्छ । तर उक्त कार्यको लागत अनुमान घ.मी. का गर्दा लागत ११४ ( ११४०X०.१०) घ.मी. को रु.१४२।९८ का दरले रु.१६,२९९।७२ र निर्माण व्यवसायीलाई १३५.०७ (१३५०.६७५X०.१०) घ.मी.को रु.११०।- को दरले रु.१४,८५७।७० मात्र हुने देखिन्छ । जसबाट उक्त योजनाको लागत अनुमान रु.१,२३,७०३।६८ ले बढी हुन गई उक्त योजनामा रु.१,३३,६९८।५५ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने<br><br>ख) ल्याण्डफिल ट्रान्सफर स्टेशन व्यवस्थापन अन्तर्गत सिसडोल वाईपास सडक ग्राभेल गर्ने कार्यमा Subgarede Contruction and preparetion including disposal upto 10M को प्रति व.मी. रु.९४।- का दरले हुने गरी २२६.३० व.मी. कार्यको रु.२,०९,२७२।२० हुने गरी लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायीबाट प्रति घ.मी. रु.३८।५० मा कबोल गरी रु.२,२५२।५० घ.मी.को गो.भौ.६०२०८ बाट रु.८६,७२१।२५ भुक्तानी लिएको देखिन्छ । तर उक्त कार्यको लागत अनुमान घ.मी. का गर्दा लागत २२५।२५ ( २२५२.५X०.१०)घ.मी. को रु.१४२।९८ का दरले रु.३२,२०६।२४ र निर्माण व्यवसायीलाई २२५.२५ (२२५२.५०X०.१०) घ.मी.को रु.३८।५० को दरले रु.८,६७२।१२ मात्र हुने देखिन्छ । जसबाट उक्त योजनाको लागत अनुमान रु.१,७७,०६५।९६ ले बढी हुन गई उक्त योजनामा रु.७८,०४९।१३ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु. ---<br><br>**नोट** - कार्यालयबाट यसै प्रकृतिका अन्य योजनामा Subgarede Contruction and preparetaion उचाई ०.१० लिएको देखिएकोले सोहीलाई आधार लिएको | १३३६९८/५५<br><br>७८०४९/१३ | |
| १०२. | **सम्झौता अनुसार कार्य नभएकोमा समेत कार्यसम्पन्न** - महानगरपालिकाले रु.४३,७८,९६८।४३ लागत अनुमान भएको ल्याण्डफिल साईट स्टेशसन व्यवस्थापन अन्तर्गत भ्याली १ मा ग्याबिन वाल निर्माण गर्ने कार्यको लागि सूचना प्रकाशन भएकोमा पेश हुन आएका बोलपत्रमध्ये कान्छामान निर्माण सेवाले सबैभन्दा घटी रु.३५,०४,४६९।- (लागत अनुमानको तुलनामा १९.९७ प्रतिशत कम) अङ्क कबोल गरेको छ । महानगरपालिकाले मिति २०७६ जेष्ठ १५ भित्र कार्यसम्पन्न गर्ने गरी मिति २०७५ चैत्र १९ मा कार्यादेश दिएको छ । महानगरपालिका र निर्माण व्यवसायीबीच मिति २०७५ चैत्र १९ मा भएका सम्झौताको बूँदा नं.६.४ मा तोकिएको अवधिभित्र तोकिए बमोजिमको कार्य निर्माण व्यवसायीबाट नभएमा निर्माण व्यवसायीलाई प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने उल्लेख छ । तर निर्माण व्यवसायीले उक्त अवधिभित्र रु.२६,३९,४९४।- अर्थात् सम्झौत अनुसार ७५.३२ प्रतिशत मात्र कार्य गरेकोमा कार्यालयले गो.भौ.६०३१५ बाट भुक्तानी गरी कार्यसम्पन्न दिएको छ । जसबाट निर्माण व्यवसायिले तोकिए मोजिम कार्य नगर्दा एकातर्फ निर्माण कार्य अधुरो भएको छ भने अर्कोतर्फ निर्माण व्यवसायीले पूर्वनिर्धारित क्षतिपूर्तिबाट जोगाएको जस्तो देखिन्छ । तसर्थ महानगरपालिकाले सम्झौतामा अनुसार कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| १०३. | **पुरानो योजनाको भुक्तानी** - महानगरपालिकाले आर्थिक वर्षको अन्तसम्म भुक्तानी दिन बाँकी रहेको अवस्थामा भुक्तानी दिन बाँकीको दायित्व सिर्जना गरी गरी दायित्व लेखाङ्कन गरी राख्ने गरेको देखिन्छ । तर महानगरपालिकाले प्रमाणित दायित्व लेखाङ्कन गरेको भौचर बेगर २०७५।८।१२ को सहसचिव स्तरीय निर्णयले गो.भौ.६०१३३ बाट आर्थिक वर्ष २०७१।७२ मा निर्माण सम्पन्न भएको श्री शिवालय मा.वि. मर्मत गरेको भनी रु.५,०४,४२५।- भुक्तानी दिएको छ । जसबाट उक्त कार्यमा गत विगतमा महानगरपालिकाबाट वा अन्य निकायबाट भुक्तानी नभएको भनी यकिन गर्न सकिएन । | | |

| | | | |
|---|---|---|---|
| | तसर्थ महानगरपालिकाले भुक्तानी दिनुपर्ने दायित्वको लेखाङ्कन वेगर भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्छ । | | |
| १०४. | **अनुदान** - फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०६८ को दफा २२ मा प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक र वातावरण संरक्षण सम्बन्धी कार्य गर्न वार्षिक योजना तथा गुरुयोजना बनाई कार्य गर्न सक्ने उल्लेख छ । महानगरपालिकाले यसवर्ष निम्नानुसार शीर्षकमा खर्च गर्ने गरी निम्न रकम स्थानीय तहलाई निकासा दिएको पाइयो । तर अनुदान उपलब्ध गराइएका स्थानीय तहबाट महानगरपालिकाले उक्त क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाको विवरण तथा अनुदानको रकम कहाँ के कति खर्च भयो, खर्च अनुसारको प्रगतिको अवस्था साथै सो सम्बन्धी स्थानीय तहका भएको अनुगमन र उक्त खर्चको लेखापरीक्षण गरेको प्रतिवेदन संलग्न गरेको पाइएन । महानगरपालिका स्वयमले हालसम्म उक्त क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि खर्च गर्ने गरेकोमा विकासका योजनामा ओभरल्याप वा दोहोरो नहुने गरी कार्य नभएको तथा स्थानीय तहलाई उपलब्ध गराइने अनुदानको तोकिएबमोजिम नै खर्च भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । | | |

| गो.भौ. नं./मिति | विवरण | रकम |
|---|---|---|
| ६०१३१-०७५/१०/२३ | ककनी गाउँपालिकालाई ल्याण्डफिल ट्रान्सफार स्टेशसन व्यवस्थापन | १००००००००.०० |
| ६०२५२-०७६/०२/२८ | ककनी गाउँपालिकालाई सवारी साधन खरिद | ४४०००००.०० |
| ६०१३२-०७५/१०/२३ | धुनवेशी नगरपालिकालाई ल्याण्डफिल ट्रान्सफार स्टेशसन व्यवस्थापन | १००००००००.०० |
| ६०१५१-०७५/११/१९ | धुनबेशी नगरपालिकालाई सवारी साधन खरिद | ४४०००००.०० |
| | **जम्मा** | **२८८००००००.००** |

| | | | |
|---|---|---|---|
| १०५. | **प्रभावित खर्च** - महानगरपालिकाले सिसडोल ल्याण्डफिल साईट प्रभावित क्षेत्रमा जग्गा, वाली क्षतिपूर्ति वापत तथा घर टहराको भाडा वापत निम्नानुसरा रु.५०,७५,०८९।४१ प्रभावितलाई भुक्तानी गरेको देखियो । तर वार्षिक रुपमा प्रभावित खर्च भुक्तानी गर्दा कति क्षति भएको र त्यसको असर के कति रहेको भन्ने यकिन नै नभई प्रभावित खर्च भुक्तानी गर्नुपर्ने अवस्था रहेको छ । त्यसैले यस विषयमा दीर्घकालीन उपाय सोच्नुपर्ने अवस्था देखिन्छ । | | |

| गो.भौ. मिति | रकम |
|---|---|
| ६००४३-२०७५/०६/१८ | ३९३४७४.०० |
| ६००४२-२०७५/०६/१७ | ४२७६९०.६१ |
| ६००४४-२०७५/०६/१८ | ७६६७६४.०० |
| ६००४५-२०७५/०६/१८ | २२४९५२.०० |
| ६००४६-२०७५/०६/१८ | ५१२५६९.८० |
| ६००४७-२०७५/०६/१८ | १४४६३८१.६० |
| ६००४८-२०७५/०६/१८ | १००३८९४.२० |
| ६००४९-२०७५/०६/१८ | १३९३६३.२० |
| ६०१७५-२०७५/१२/१० | १६००००.०० |
| **जम्मा:** | **५०७५०८९.४१** |

| | | | |
|---|---|---|---|
| १०६. | **फोहोरमैला व्यवस्थापनको स्वीकृति** - फोहोरमैला व्यवस्थापन ऐनको दफा १३(१) मा स्थानीय तहको सहमती नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न नपाउने उल्लेख छ । त्यसैगरी दफा ३८(घ) मा यस ऐन बमोजिम अनुमति नलिई फोहोर मैला व्यस्थापन सम्बन्धी कार्य गर्नु कसूर हुने र दफा ३९(४) स्थानीय तहको अनुमति वेगर फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गरेमा स्थानीय तहले उक्त व्यक्ति/संस्थालाई रु.१५,०००।- देखि रु.५०,०००।- सम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउने व्यवस्था छ । तर महानगरपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन | | |

| | | | |
|---|---|---|---|
| | गरिरहेका विभिन्न ३१ भन्दा बढी संस्था/समूह/प्रा.लि.ले महानगरपालिकाबाट सहमती लिएको देखिने प्रमाण कागजात लेखापरीक्षणको क्रममा पेश भएन् । उक्त संस्थाहरुले महानगरपालिकाबाट मौखिक सहमती मात्र लिएको जानकारी लेखापरीक्षणको क्रममा हुन आएको छ । तर ती संस्थाहरुले के कसरी फोहोर सङ्कलन गरिरहेका छन् प्रत्येक घरबाट के कति दरमा शुल्क लिएका छन् सो जानकारी समेत महानगरपालिकालाई गराएको पाइएन । साथै यस सम्बन्धमा महानगरपालिकाबाट समेत कुनै कारबाही भएको पाइएन । तसर्थ उक्त संस्थाहरुको वार्षिक विवरण लिई प्रत्येक घरबाट लिइने शुल्क र सो अनुसार हुने संस्थाको आय यकिन गरी सो आयमा कर निर्धारण गरिनु पर्दछ । | | |
| १०७. | **निजी क्षेत्रलाई फोहारमैला व्यवस्थापन** - फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को परिच्छेद ४ मा फोहोरमैला व्यवस्थपनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्ना हुन सक्ने व्यवस्था छ । साथै दफा १५(१) मा स्थानीय निकायले निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा वोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनुपर्ने उल्लेख छ । तर हालसम्म काठमाण्डौ महानगरपालिकाको वातावरण विभागले कुनैपनि निजी क्षेत्रलाई प्रतिस्पर्धा गराएको देखिएन । साथै महानगरपालिकाको ३२ वटै वडामा निजी क्षेत्रबाट फोहोर सङ्कलन भइरहेको भए तापनि उक्त कम्पनीहरुले महानगरपालिकाबाट अनुमति समेत लिएको देखिएन । अतः प्रतिस्पर्धात्मक तवरबाट निजीक्षेत्रको परिचालनाबाट फोहोर व्यवस्थापन गर्नुपर्ने देखियो । | | |
| १०८. | **फोहारमैला व्यवस्थापनको शुल्क** - फोहोरमैला व्यवस्थापन ऐनको दफा १८(१,२ र ३) मा स्थानीय तहले फोहोरमैलाको परिमाण, तौल, प्रकृति तथा अन्य आधारमा शुल्क निर्धारण गरी आफै वा निजले तोकेको संस्था वा निकाय मार्फत सेवा शुल्क लगाई उठाउन सक्नेछ । त्यसैगरी दफा १८(४) मा फोहोरमैला व्यवस्थापनको जिम्मेवारी पाएको संस्था वा निकायले स्थानीय तहसँगको सहमतिको आधारमा सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्ने उल्लेख छ । तर महानगरपालिकाले सो सम्बन्धी कुनै काम कारबाही गरेको देखिएन । त्यसैगरी महानगरपालिकाको सहमति बेगर महानगरपालिका क्षेत्रभित्र फोहोर सङ्कलन गरिरहेका संस्था तथा निकायहरुले प्रत्येक घर/संस्था/ निकायबाट के कति दरमा शुल्क लिई रहेको छन् सोको जानकारी समेत महानगरपालिकालाई गराएको पाइएन । जसबाट एकातिर महानगरपालिकाले ठूलो राजस्व गुमाएको छ भने अर्कातिर महानगरपालिकाले प्रतिघरधुरी तिर्नुपर्ने शुल्क निर्धारण नगरी दिंदा स्थानीयवासीले निजी क्षेत्रले भने अनुसार कानूनी आधार विनाको शुल्क तिर्नुपर्ने अवस्था देखियो । | | |
| १०८.१. | महानगरपालिकाले काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७४ मा फोहोर मैला व्यवस्थापन गरे वापतको सेवा शुल्कको व्यवस्था गरेको पाइएन । तथापी निजी क्षेत्रको फोहोर मैला व्यवस्थापन संघ (स्वमान्त्र) नेपालसंग आवद्ध विभिन्न संस्थाहरुले महानगरपालिकासंग कुनै सम्झौता वेगर फोहोर व्यवस्थापन गर्ने तथा सेवा शुल्क उठाउने गरेको पाइयो । सो वापत महानगरपालिकालाई सिस्डोल ल्याण्ड फिल्ड साइटमा फोहोर विसर्जन गर्ने सवारी साधनको शुल्क बाहेक अन्यकुनै पनि शुल्क तिर्ने गरेको पाइएन । जयसबाट महानगरपालिकाले ठूलो राजस्व गुमाएको छ भने निजी क्षेत्रले कानूनी आधार विनाको शुल्क लिएको देखियो । महानगरपालिकाले उपयुक्त नियम बनाई राजस्व असुल गर्नुका साथै उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | | |
| १०९. | **फोहोरको स्रोत बर्गीकरण** - महानगरपालिकाले फोहोरको स्रोत वर्गीकरणको व्यवस्था मिलाएको छैन । सिसा/टिल, कुहिने, नकुहिने र अन्य गरी किसिमको वर्गीकरण तथा सङ्कलनको समयसारिणी बनाई फोहोर विसर्जन हुनुअघि पुनः प्रयोग गर्न सकिने प्रणालीलाई कार्यान्वयनमा ल्याउन नसकेको अवस्था छ । तसर्थ अन्तर्राष्ट्रिय अभ्यासलाई समेत हृदयंगम गरी वातावरणीय सुधार, सङ्कलन, विसर्जन तथा पुनः प्रयोगबाट आय प्राप्ती सम्बन्धमा समेत विचार गरी स्रोत बर्गीकरणमा ध्यान दिनु जरुरी छ । | | |

११०. **वातावरण लेखापरीक्षण** - विभागले सम्पादन गरेका फोहोर मैला व्यवस्थापन, ल्याडफिल्ड साइटको अनुगमन एवं मूल्याङ्कन, सिसर्जित फोहोरबाट आय आर्जन गर्ने कर्मचारीहरुको कार्य सम्पादनस्तर, ल्याण्डफिल्ड साइटमा देखापर्ने विविध समस्या, शहरवासीहरुको फोहोर फाल्ने प्रकृति र फोहोरको वर्गीकरण वारे जनचेतना, फोहोर ओसार प्रसार समेतका समग्र विषयलाई समेटेर वातावरणीय लेखापरीक्षण गर्ने व्यवस्था मिलाई त्यसको नियमित अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१११. **फोहर व्यवस्थापन आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम महानगरपालिकाले फोहर मैला व्यवस्थापन गरे वापत सेवा शुल्क उठाउने व्यवस्था छ । फोहर मैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ मा स्थानीय निकायको अनुमति नलिई कसैले पनि फोहर मैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था र दफा १५ को उपदफा (१) बमोजिम नीजि क्षेत्र वा सामुदायिक संस्थाबाट प्रतिपर्धा गराई फोहर मैला व्यवस्थापनको जिम्मा दिने व्यवस्था छ तथा उपदफा २ (क) बमोजिम फोहर व्यवस्थापक छनोट गर्दा स्थानीय निकायलाई बुझाउन कबुल गरेको रकम यकिन गर्नुपर्ने व्यवस्था छ ।

महानगरपालिकाले काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७५ मा फोहर मैला व्यवस्थापन गरे वापतको सेवा शुल्कको व्यवस्था गरेको पाइएन भने नीजि क्षेत्रलाई फोहर व्यवस्थापन गर्न सम्झौता गरेको नपाइएता पनि नीजि क्षेत्रको फोहर मैला व्यवस्थापन संघ (स्वमान्र) नेपालसंग आवद्ध विभिन्न संस्थाहरुले महानगरपालिकासंग कुनै सम्झौता वेगर फोहर व्यवस्थापन गर्ने तथा सेवा शुल्क उठाउने गरेको पाइयो । सो वापत महानगरपालिकालाई सिस्डोल ल्याण्ड फिल्ड साइटमा फोहर विसर्जन गर्ने सवारी साधनको शुल्क बाहेक अन्यकुनै पनि शुल्क तिर्ने गरेको पाइएन । अन्य महानगरहरुले फोहर व्याबस्थापनमा साझदारी कायम गरी संझौता गर्दा २० प्रतिशत शुल्क लिएका छन । महानगरमा नक्सा पास भएका १४२३७० घर अभिलेख अझै अघाबधिक भै नसकेको आधारको अभिलेखबाट पनि प्रति घरधुरी रु ३५० का दरले मात्र रु ५९ करोड ७८ लाख मा औधोगिक र व्यापारिक घरानाको उल्लेख्य रकम समाबेश नगर्दापनि रु ११ करोड ९५ लाख बराबर महानगरपालिकाले राजस्व गुमेको छ भने अर्कातिर महानगरपालिकाले प्रति घरधुरी तिर्नुपर्ने शुल्क निर्धारण नगरि दिदाँ महानगरवासीले नीजि क्षेत्रले भने अनुसार कानूनी आधार विनाको शुल्क तिर्नु पर्ने अवस्था देखियो । महानगरपालिकाले उपयुक्त नियम बनाई राजस्व असुल गर्नुका साथै उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । .

११२. **वातावरण विभाग, आम्दानीतर्फ** - काठमाडौं महानगरपालिकाबाट प्राप्त विवरण अनुसार वातावरण विभागले यस वर्ष निम्न शीर्षकमा निम्नानुसार आम्दानी गरेको पाईयो ।

| सि.नं. | शीर्षक | रकम |
|---|---|---|
| १ | डिस्पोजल दस्तुर | १८५९६७५०.०० |
| २ | कम्पोष्ट विन बिक्रि | ६२५८००.०० |
| ३ | जरिवाना | ६५५५००.०० |
| ४ | औजार उपकरण भाडा | ४३०००.०० |
| ५ | अन्य शुल्क दस्तुर | ५००००.०० |
| ६ | बैंकबाट प्राप्त ब्याज | २१६९७.९८ |
| | **जम्मा:** | **१९९९२७४७.९८** |

उपरोक्त विवरण अनुसार वातावरण विभागको मूख्य आम्दानी शिर्षक डिस्पोजल दस्तुर रहेको र डिसपोजल दस्तुर अन्तर्गत निजीक्षेत्रबाट फोहोरमैला विसर्जन शुल्क रु.९४,९५,०००।-, बबकेट बाट प्राप्त रकम रु.१५,६३,१००।- र अन्य (चाइनिज टिप्पर/मिनीटाटा र कन्टेनरबाट प्राप्त) रु.७५,३८,६५०।- गरी कुल रु.१,८५,९६,७५०।- आम्दानी रहेको देखिन्छ ।

११३. **निजीक्षेत्रको फोहोरमैला विसर्जन दस्तुर** - नीजि क्षेत्रको फोहर मैला व्यवस्थापन संघ

| | | | |
|---|---|---|---|
| | (स्वमान्र) नेपालसंग आवद्ध विभिन्न संस्थाहरुबाट महानगरपालिकाले सिस्डोल ल्याण्डफिल्ड साइटमा फोहर विसर्जन शुल्क वापत यस वर्ष रु.९४,९५,०००।- लिएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :<br><br>क) महानगरपालिका आर्थिक ऐन, २०७५ मा निजी क्षेत्रले फोहरमैला व्यवस्थापन सेवा शुल्क वापत प्रति घरधुरीबाट के कति शुल्क उठाउने सो सम्बन्धी व्यवस्था गरेको पाईएन् ।<br><br>ख) महानगरपालिकाले निजी क्षेत्रको फोहरमैला व्यवस्थापन संस्थाहरुसँग फोहर व्यवस्थापन तथा सेवा शुल्क उठाउने सम्बन्धमा सम्झौता भने गरेको देखिएन ।<br><br>ग) महानगरपालिकाको कुपन बिक्रीबाट प्राप्त आम्दानी बैंक दाखिला भौचरहरुबाट हेर्दा कार्यालयले यस वर्ष ८ टनभन्दा बढीको लागि प्रतिट्रिप रु.३५० का सि.नं.४२४०१ देखि ६२१०० सम्मका १९७०० थान र ८ टन भन्दा कमका लागि प्रति ट्रिप रु.२५० का सि.नं.३१३०१ देखि ४१७०० सम्मका १०४०० थान फाहोरमैला विर्सजन प्रवेश कुपन बिक्री गरेको पाईयो । तर कुन संस्थालाई के कति कुपन बिक्री गरिएको हो सो संस्थाले के कति कुपन प्रयोग गरी के कति फोहोरमैलाको व्यवस्थापन गरेको छ सो सम्बन्धी कुनै अभिलेख राखेको पाईएन् । जसबाट महानगरपालिकाबाट जारी भएका कुपनहरु दोहोरो प्रयोग भए नभएको तथा कुन सैस्थाले के कति फोहोरमैला व्यवस्थापन गरिरहेको छ सो सम्बन्धमा एकिन गर्ने सकिएन ।<br><br>तसर्थ महानगरपालिकाले फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा उल्लेख भएको बमोजिम निजी क्षेत्रको फोहरमैला व्यवस्थापनसँग आवद्ध संस्थाहरु सम्झौता गरी ती संस्थाहरुले प्रति घरधुरीबाट लिने शुल्क तथा महानगरपालिकालाई बुझाउने फोहोरमैला सङ्कलन तथा व्यवस्थापन दस्तुर निर्धारण गर्नुपर्दछ । साथै कुन संस्थालाई के कति फोहोरमैला विर्सजन प्रवेश कुपन बिक्री गरिएको हो उक्त संस्थाले के कति कुपनहरुको प्रयोग गरी के कति फोहोरको व्यवस्थापन गरेको छ सो स्पष्ट देखिने अभिलेख राख्नेतर्फ ध्यान दिनु पर्दछ । | | |
| ११४. | **बकेटबाट प्राप्त आय :** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ८(२) स्थानीय तहले फोहोरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थानलाई उपदाफा १ बमोजिम प्रत्येक टोल वा वस्तीमा सकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्ने उल्लेख छ । तर महानगरपालिकाबाट फोहोरमैला संकलन केन्द्र तोक्ने कार्य भएको पाईएन् । यसैगरी महानगरपालिकाको क्षेत्र भित्र ५५० भन्दा बढी सरकारी कार्यालय रहेको अवस्थामा महानगरपालिकाले मागका आधारमा १३ निजी तथा २१ वटा सरकारी कार्यालयमा फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि करिव १८० वटा बकेट राखि एक बकेटको एक पटकमा रु.१०० का दरले यस वर्ष कुल रु.१५,६३,१००.०० आम्दानी गरेको पाईयो । | | |
| ११५. | **चाईजि टिप्पर/ठूलो मिनिटाटा र कन्टेनरबाट प्राप्त आय -** लेखापरीक्षणको क्रममा पेश भएको विवरण अनुसार चाइनिज टिप्परको प्रतिट्रिप रु.२,०००।-, ठूलो मिनिटाटाको प्रतिट्रिप रु.३०००।- का दरले शुल्क लिने गरेको पाइयो । तर महानरपाीलकाबाट के कति पटक चाईनिज टिप्पर/ठूलो मिनिटाटाको प्रयोग गरी शुल्क लिइएको हो सो स्पष्ट खुल्ने अभिलेख राखेको पाइएन । जसबाट उक्त चाईनिज टिप्पर/ठूलो मिनिटाटा/कन्टेनरबाट आम्दानी भएको रकम रु.७५,३८,९५०।- सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ कार्यालयले व्यवस्थित अभिलेख राखि वास्तविक आम्दानी यकिन गर्नुपर्ने देखिन्छ । | | |
| ११६. | **कम्पोष्ट बिन बिको बिक्री -** महाजगरपालिकाले प्रतिकम्पोष्ट बिन रु.४५००।- का खरिद गरी खरिद मूल्यमा ७० प्रतिशत छुट दिई प्रतिबिन रु.१३५०।- मा बिक्री गर्ने गरेको पाइयो । जसबाट यस वर्ष रु.२०,८३,५०।- का ४६३ थान कम्पोष्ट बिन बिक्रीबाट रु.६,२५,८००।- आम्दानी गरेको पाइयो । तर उक्त विनहरुको कसलाई के कति परिमाणमा बिक्री गरिएको छ सोको अभिलेख राखेको पाइएन । जसबाट एकै | | |

व्यक्तिले पटक पटक नलिएको भन्न सकिने अवस्था छैन । तसर्थ सो सम्बन्धमा अभिलेख राखि यसको अधिकतम् सदुपयोग हुने गरी बिक्री बितरणको गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**मनोहरा जग्गा एकीकरण आयोजना**

११७. **परिचय** - मनोहरा क्षेत्रमा अव्यवस्थित रुपमा बढेको बसोबासलाई व्यवस्थित, योजनाबद्ध तथा भौतिक पूर्वाधारयुक्त क्षेत्रको रुपमा विकास गर्न काठमाण्डौ महानगरापलिकाको पहलमा यस आयोजनाको स्थापना भएको हो । महानगरपालिका र मध्यपुर थिमी नगरपालिकावीच २०५९ देखि सहकार्य भएको देखिन्छ । महानगरको तत्कालीन वडा नं.३५ (हाल ३२) तथा मध्यपुर थिमी नगरपालिका वार्ड नं.१६ र १७ (हाल वडा नं.१ र २) अवस्थित मनोहरा खोलाको दायाँ बायाँ रहेको खुला फाँटलाई व्यवस्थित गर्न दुवै नगरपालिकाले संयुक्त रुपमा जग्गा विकास कार्यक्रम लागू गर्न मिति २०५९।३।३२ को बैठकबाट निर्णय भई जग्गा एकीकरण कार्यक्रम लागू गर्न काठमाण्डौ उपत्यका नगरविकास समितिबाट मिति २०५९।१२।२६ मा यो आयोजना स्वीकृत भएको थियो । संशोधित विस्तृत परियोजना प्रस्ताव (DPR) २०६५।१।१९ मा स्वीकृत गरी ४ वर्षभित्र पुरा गर्ने लक्ष्यका साथ वि.स २०६५ मा आयोजना शुरु गरेपनि ११ वर्षसम्म पनि आयोजना सञ्चालन गर्दै रहेको देखियो ।

**आय-व्ययविवरण**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १ | गतवर्षको जिम्मेवारी | ४३३५०९३०.०३ | १ | प्रशासनिक खर्च | १४९६२८४८.२५ |
| | **यो वर्षको आम्दानी** | ० | | **पूँजीगत खर्च** | ०.० |
| २ | घडेरी विक्री | ३७६७०२२४४.२५ | २ | अरनिको राजमार्ग उत्तर भ.पुतर्फ पूर्वाधार सुधार | १२७२२२३७९.० |
| ३ | संधियार प्लट विक्री | १४५११६७२.० | ३ | अरनिको राजमार्ग उत्तर काठमाण्डौतर्फ पूर्वाधार सुधार | १८५६६९९६१.० |
| ४ | प्राविधिक थप जग्गा वापत आम्दानी | २१४४६८६१.८९ | | | |
| ५ | न्यूनतम थप जग्गा वापत आम्दानी | १४३७६१६१.० | ४ | अरनिको राजमार्ग दक्षीणतर्फ | १६७१९८८३.० |
| ६ | टेण्डर विक्री | २५७०००.० | ५ | पेश्की खर्च | २४६२०५२५.० |
| ७ | बैकबाट प्राप्तव्याज | २८६३७८८.१४ | ६ | मौज्दात | १६३३३३०६१.२६ |
| ८ | गत आ.ब.को पेश्की जिम्मेवारी | ५९०२००००.० | | | |
| | जम्मा: | ५३२५२८६५७.३१ | | जम्मा: | ५३२५२८६५७.५१ |

**धरौटीतर्फ**

| गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | फिर्ता | सदरस्याहा | बाँकी |
|---|---|---|---|---|---|
| | | | | | |

११८. **जिन्सी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५७(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने लिलाम गर्नुपर्ने भनी औल्याइएको माल सामान मर्मत र लिलाम गर्नुपर्ने सामानहरु हालसम्म पनि मर्मत गर्ने गरेको पाइएन । सामानहरुको जिन्सी निरीक्षण प्रतिवेदनमा मूल्य समेत कायम गरेको नपाईएकोले नियमको पालना गर्नुपर्ने देखिन्छ ।

११९. **प्रोत्साहन भत्ता** - मनोहरा जग्गा एकीकरण आयोजनामा कार्यरत कर्मचारीलाई यस आर्थिक वर्षमा आयोजना भत्ता वापत खाईपाई आएको तलबको ५० प्रतिशत भुक्तानी गरेको पाइयो । आयोजनाको बार्षिक आम्दानी रु.४८,९१,७७,७२७।३१ भएकोमा रु.३६,९१,९५,५९६।५१ खर्च देखिन्छ । जसमध्ये आयोजना भत्ता वापत रु.३५,५२,४६३।२५ भएको देखिन्छ । आयोजनाको

| | | | |
|---|---|---|---|
| | उपलब्धी र कार्यक्रमअनुसार अतिरिक्ति कामको आधारमा प्रोत्साहन सूचक निर्धारण गरी सूचकको आधारमा मात्र भत्ता दिनुपर्ने भनी गत विगतका प्रतिवेदनमा औंल्याएकोमा हालसम्म पनि सुधार भएको पाइएन । | | |
| १२०. | **दोहोरो भत्ता भुक्तानी** - ना.स.नी.विनोद महतो कोईरीलाई कार्यालयबाट आयोजना भत्ता रु.११,०८५।- का दरले श्रावण महिनाको र भाद्रदेखि फाल्गुनसम्म रु.११,७५०।- का दरले ८ महिना रु.९३,३३५।- भुक्तानी दिएपछि पनि पुनः रासन भत्ता रु.५,२६३।५० का दरले ८ महिनाको रु.४२,१०८।- भुक्तानी दिएको देखिन्छ । यस प्रकार दोहोरो भत्ता प्रदान गर्ने कार्य नियन्त्रण हुनुपर्ने रु. --- | | |
| १२१. | **उपभोक्ताको कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दीगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरीवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्नसक्ने उल्लेख छ ।<br><br>यस आयोजनाबाट निर्माण भएका योजनाहरुमा लागत अनुमान तयार गर्दा Earth work in Excavation कार्य, फिल्डको अवस्था र समग्र परिस्थितिले मेशिनले गराउने अवस्था देखिएकोमा मानिसको दर राखेर लागत अनुमान गराएको र सोहीअनुसार भुक्तानी दिएको छ । निम्नानुसारको विभिन्न आर्थिक वर्षको योजनामा मेशिन र मानिसद्वारा ८०:२० को हिसाबले लागत अनुमान तयार गर्नुपर्नेमा मानिसद्वारा मात्र गर्ने गरी रु.४७६।७६ प्रति घ.मी. कायम गरेको उपयुक्त देखिएन । मेशिनद्वारा ८० प्रतिशत र मानिसद्वारा २० प्रतिशतले गर्दा मेशिनको दर रु.७३।१७ को ८० प्रतिशतले रु.५८।५३ र मानिसबाट गर्ने दर रु.४७६।७६ को २० प्रतिशतले हुने रु.९५।३५ समेत गरी लागत दर प्रति घ.मी. रु.१५३।८८ हुनेमा मानिसद्वारा मात्र काम गर्ने गरी दर कायम गरी सो दरले भुक्तानी दिंदा प्रति घ.मी.रु.३२२।८८ का दरले बढी भुक्तानी भएकोले आयोजनालाई बढी व्ययभार परेको रु. ---- | ४२१०८ | |

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | Earth work Quentity | फरक दर | बढी व्यय भार रकम |
|---|---|---|---|---|---|---|
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. K5 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १०९,१६२.५० |
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. L3 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १०४,५९६.९८ |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ व्लक नं. D मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३०,१८५.२२ |
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. K2 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | ८१,५६५.९५ |
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. L1 र K2 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३३,२६५.४९ |
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. L2 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३१,३१८.५२ |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ व्लक नं. E मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १४९,४५७.९२ |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ व्लक नं. E र G मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १४०,९३७.१२ |
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. L1, L2 र L2 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३६,७७५.२० |
| | अरनिको राजमार्ग उत्तर म.थि.नपा १ तर्फ व्लक नं. L1 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३१,४४४.४५ |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ व्लक नं. G5 मा | | | | | १२४,४३४.७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ ब्लक नं. ABF मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १२४,४३४.७२ |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ ब्लक नं. E र G मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३९,३५५.०१ |
| | अरनिको राजमार्ग उत्तर का.म.न.पा ३२ तर्फ ब्लक नं. G6 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | २५१,९६२.६४ |
| | अरनिको राजमार्ग दक्षीण म.थि.नपा १ तर्फ ब्लक नं. L2 मा खोलिएको सडकमा ढुङ्गाको गाह्रो लगाइ एजिङ कार्य | | | | ३२२.८८ | १३,३०२.६६ |
| | A,F tyf Q सडकहरुमा ढल व्यवस्थान कार्य | | | | ३२२.८८ | १५३,९३३.०४ |
| | **जम्मा:** | | | | | **२,०५६,१३२.१४** |

१२२. **धरौटी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६२(१) मा धरौटी रकम रहने प्रत्येक कार्यालयले महालेखा नियन्त्रक कार्यालय वा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको बैकमा खाता खोली राख्नुपर्ने छ । यसरी प्रत्येक कार्यालयले खोल्ने धरौटी सामान्यतः एउटा मात्र हुने छ भन्ने व्यवस्था भए तापनि कार्यालयको धरौटी नविल बैक लि. को खातामा रु.१,०७,९२,५५३।३६ र स्टेण्डर चार्टर बैकको खातामा रु.७७,७६१।६२ गरी जम्मा रु.१,०८,७०,३१५।०१ रहेकोमा दुवै बैकको धरौटी एक बैकमा राखी नियमको पालना गर्नुपर्ने देखिन्छ ।

१२३. मनोहरा जग्गा एकीकरण आयोजना क्षेत्र अन्तर्गत अरनिको राजमार्ग उत्तर का.म.न.पा.३२ तर्फ सरस्वती नगर क्षेत्रमा रिटेनिङ्ग वाल (River Training and Drainage) निर्माण कार्यको लागत अनुमान रु.४४,३०,२४,८५४।८५ रहेकोमा २०७४।१।११ को महानगर प्रमुखको निर्णयबाट श्री कालिका/थोदुङ्ग जे.भी.अनामनगर काठमाडौंको मू.अ.कर बाहेकको रु.४३,९७,१२,५९७।- कबोल अङ्क स्वीकृत गरी २७ फाल्गुण २०७४ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार २ वर्षभित्र अर्थात् २०७६ फाल्गुण २८ गते सम्पन्न गर्नुपर्ने देखिन्छ । अन्य व्यहोरा निम्न छन् :

१२३.१. **लागत अनुमान** - सार्वजनिक खरिद ऐन, २०६३ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा मितव्ययी किसिमले गर्नुपर्ने, सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९(ङ) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका विषय समेत विचार गरी मितव्ययी एवं गुणस्तरीय कार्य सुनिश्चित हुने गरी तयार गर्नुपर्ने व्यवस्था छ । ठूलो परिणाममा माटो, ढुङ्गाको जग खन्ने कार्यको लागत अनुमान तयार गर्दा संघीय सरकारका निकायहरुले मेशिन र म्यानुयल मिक्स गरी निर्धारण गर्ने गरेका छन् । यस्तो प्रतिशत साइटको अवस्था विश्लेषण गरी ८०:२० र ९०:१० गरेर लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्त गर्ने गरेको पाइन्छ । स्थानीय तहको हकमा यस्तै Land Pulling को माध्यमले विकसित घडेरी निर्माण गर्ने कार्यमा भक्तपुर नगरपालिकाको लिवाली जग्गा एकीकरण आयोजनामा ९०:१० को आधारमा लागत अनुमान गरेको छ । तर यो आयोजनामा सबै माटो खन्ने कार्यको मेनुयल नर्म्सको आधारमा लागत अनुमान तयार गर्दा नरम माटो काट्ने कार्यको लागत अनुमान प्रति घनमिटर रु.१५३।८८ हुनुपर्नेमा रु.४८६।७५ प्रतिघनमिटर कायम गरेको छ । फिल्डको अवस्था विश्लेषण गर्दा व्यवसायीले मेशिन प्रयोग गरेको अवस्था देखिएको छ । मेशिनद्वारा माटो काट्ने दर ७३.१७ को ८० प्रतिशतले रु.५८।५३ र मेनुयल दर रु.४७६।७६ को २० प्रतिशतले हुने ९५.३५ गरी रु.१५३।८८ हुनेमा मेनुयल नर्म्सको आधारमा मात्र तयार गरेको उपयुक्त देखिंदैन ।

यस आयोजनाले रिटेनिङ वाल निर्माण लगायतका कार्यको लागि माटो खन्ने कामको लागत अनुमान तयार गर्दा मेशिनद्वारा ८० प्रतिशत र मानिसद्वारा २० प्रतिशतका दरले गर्नुपर्ने देखिन्छ । तसर्थ मेशिनको दर रु.७३।१७ को ८० प्रतिशतले रु.५८।५३ र मानिसबाट गर्ने दर रु.४७६।७६ को २० प्रतिशतले हुने रु.९५।३५ समेत गरी वास्तविक लागत दर प्रति घ.मी. रु.१५३।८८ हुनेमा मानिसद्वारा मात्र काम गर्ने गरी दर कायम गरी सो दरले लागत अनुमान तयार गर्दा प्रति घ.मी.रु.३२२।८८ का

दरले लागत अनुमानमा निम्नानुसार रु.१,२०,९५,७३७०२ फरक परेको देखिएको छ।

| क्र.सं. | माटो खन्ने कामको विवरण | परिमाण | आयोजनाको दर | मेशिन र मानिसको औषत दर | फरक दर | रकम फरक |
|---|---|---|---|---|---|---|
| १. | हयूम पाइपको अर्थ वर्क | २१२०७.२३ | ४७६.७५ | १५३.८८ | ३२२.८८ | ६,८४७,३९०.४२ |
| २. | मेनहोलको अर्थ वर्क | २०७६.१ | ४७६.७५ | १५३.८८ | ३२२.८८ | ६७०,३३१.१७ |
| ३. | क्याचपिटको अर्थ वर्क | ५१४१.८८ | ४७६.७५ | १५३.८८ | ३२२.८८ | १,६६०,२१०.२१ |
| ४. | रेनइनटेल अर्थ वर्क | १८७३.७८ | ४७६.७५ | १५३.८८ | ३२२.८८ | ६०५,००६.०९ |
| ५. | क्यान्टीलेभर अर्थ वर्क | ११५५.५३ | ४७६.७५ | १५३.८८ | ३२२.८८ | ३७३,०९७.५३ |
| ६. | ग्याभिटी टाइप | ६००७.५ | ४७६.७५ | १५३.८८ | ३२२.८८ | १,९३९,७०१.६० |
| | **जम्मा:** | **३७४६२.०२** | **४७६.७५** | | | **१२,०९५,७३७.०२** |

| | | | |
|---|---|---|---|
| १२३.२. | कार्यालयको लागत अनुमान रु.४४ करोड ३० लाख २४ हजार (ढुवानी, वीमा र ओभरहेड समेत) रहेकोमा रु.४३ करोड ९७ लाख १२ हजारमा ठेक्का स्वीकृत भएकोले रु.३३ लाख १२ हजार घटीमा स्वीकृत भएको देखिन्छ। तथापी लागत अनुमानमा फरक परेको रु.१ करोड २१ लाखलाई समावेश गर्दा मेशिन र मानिसद्वारा कार्य गर्ने गरी लागत अनुमान तयार गर्दा हुने लागत अनुमानभन्दा रु.८७ लाख ८८ हजार बढी हुन आउँछ। | | |
| १२३.३. | माटो काट्ने कार्यको मात्र आयोजनाको लागत अनुमान रु.१ करोड ७८ लाख ६० हजार रहेकोमा मेशिन र मानिसद्वारा ८०:२० का हिसाबले गर्दा लागत अनुमान रु.५७ लाख ६४ हजार हुने देखिन्छ। तथापी निर्माण व्यवसायीले कबोल गरेको दरको आधारमा रु.१ करोड २८ हजार हुने भएकोले कबोल अङ्क र मेशिन र मानिसद्वारा काम गर्ने गरी हिसाब गरी तयार गर्दा हुने लागत अनुमानबीच फरक रु.४२ लाख ६४ हजार रहेको देखिन्छ। | | |
| १२३.४. | निर्माण व्यवसायीलाई हालसम्म ११,९३५।१२ घ.मी.को रु.२००।- का दरले रु.२३,८७,०२४।- भुक्तानी दिएको देखिन्छ। वास्तविक लागत अनुमान रु.१५३।८८ का दरले रु.१८,३६,५७६।- मात्र हुनेमा लागत अनुमान मितव्ययी तरिकाबाट नबनाएको कारण आयोजनालाई रु.५,५०,४४७।- थप व्ययभार परेको छ। आगामी भुक्तानीमा समेत मेशिन र मानिसबाट कार्य गर्ने औषत दर अनुसार हिसाब गरी भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ। | | |
| १२३.५. | कुल माटो काट्ने कार्यमध्ये हालसम्मको कार्यमा बढी भुक्तानी भएको रु.५,५०,४४७।- निर्माण व्यवसायीसंग असुल गर्नुपर्ने देखिएको रु. --- | ५५०४४७.०० | |
| १२४. | **सामुदायिक भवन** - भवन निर्माणको लागत अनुमान रु.१ करोड ७८ लाख ८३ हजार रहेकोमा २०७४।१०।९ सम्ममा सम्पन्न गर्ने गरी रु.१ करोड ३२ लाख ३६ हजारमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्रजिल कन्स्ट्रक्सनसंग २०७३।१०।४ मा सम्झौता भएकोमा २०७५।४।९ सम्म म्याद थप गरी यस वर्षसम्म रु.१ करोड ३२ लाख १२ हजारको कार्यसम्पन्न गरेको आधारमा यस वर्ष रु.३७ लाख ६४ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | | |
| १२४.१. | निर्माण व्यवसायीले २०७५।४।४ मा कार्यसम्पन्न भएको निवेदन दिए अनुसार कार्यसम्पन्न २०७५।४।४ उल्लेख भए तापनि प्राविधिक प्रतिवेदनमा कार्यसम्पन्न २०७५।१०।९ समेत देखिनु एवं भौ.नं.२०९ मिति २०७६।१।१९ मा मात्र भुक्तानी हुनुले तोकिएको समयमा कार्यसम्पन्न भएकोमा विश्वस्त हुन सकिएन। यस सम्बन्धमा आयोजनाले यकिन गरी ढिला कार्यसम्पन्न भएको देखिएमा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था कार्यान्वयन गर्नुपर्ने देखिन्छ। | | |
| १२४.२. | चौथो रनिङ बिलसम्म आइटम नं.८ डण्डीको कार्यको कुल परिमाण २८,३११.२७ के.जी. मूल्याङ्कन भई भुक्तानी भइसकेको अवस्थामा अन्तिम बिल भुक्तानी गर्दा अघिल्लो बिलको परिमाण २७,३१३.६२ मात्र देखाई ९९७.७४ के.जी.को ९० का दरले भुक्तानी | १०१४६१.० | |

| | | | |
|---|---|---|---|
| | दिएको एवं सोको नापी विवरण पनि नभएकोले भुक्तानी भइसकेको परिमाणको भुक्तानी सम्बन्धमा असुल गर्नुपर्ने मू.अ.कर समेतको रु. --- | | |
| १२४.३. | गुणस्तर परीक्षण सम्बन्धमा Concreate Cube Test प्रतिवेदन संलग्न भए तापनि डण्डीको परीक्षण प्रतिवेदन संलग्न गरेको नपाइएकोले सोको गुणस्तर सम्बन्धमा विश्वस्त हुने आधार प्रमाण देखिएन । | | |
| १२५. | **क्षतिपूर्ति** - आयोजनाले १६ वर्ष अघि जग्गा एकीकरण गरी उक्त जग्गा घर टहरा निर्माण नगर्न, खेतीपाती नगर्न सार्वजनिक सूचना जारी गरेको भए तापनि यस वर्ष आयोजनाले घर टहरा एवं बालीनाली क्षतिपूर्ति बापत रु.३८,२७,४८२।- भुक्तानी दिएको छ । आयोजनाका चौकिदार सुपरभाइजर कार्यरत रहे तापनि टहरा निर्माण एवं बाली लगाउने कार्य नियन्त्रण गर्न नसकेको कारण आयोजनालाई थप व्ययभार पारेको उपयुक्त नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको छ । | | |
| १२६. | **पेश्की** - आयोजनाले निम्नानुसारको पेश्की रु.२,४६,२०,५२५।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. --- | २४६२०५२५.०० | |

| क्र.सं. | मिति | पेश्की लिनेको विवरण | रकम |
|---|---|---|---|
| १. | ०७४/१२/६ | श्री नरेन्द्र पराजुली | २०६१०००.०० |
| २. | ०७५/१२/२७ | कालिका/थोदुङ जे.भी. | २००००००००.०० |
| ३. | ०७६/१/२६ | श्री रवि गौतम | २४८१०००.०० |
| ४. | ०७४/८/१२ | कानून अधिकृत मनोज कुमार भेटवाल | ५००००.०० |
| ५. | ०७५/२/३१ | लेखापाल उत्तम राज अमात्य | २८५२५.०० |
| | | जम्मा: | २४६२०५२५.०० |

**चःमती जग्गा एकीकरण आयोजना :**

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत वर्षको जिम्मेवारी | १९१२७५५९.९० | खुद खर्च | ७२१८१९०२.७९ |
| यस वर्षको आय | १८६४७६४३२.०३ | पेश्की खर्च | १३४४०१८३.०० |
| | ० | मौज्दात | ११९९८१९०७.१४ |
| जम्मा: | २०५६०३९९१.९३ | जम्मा: | २०५६०३९९२.९३ |

| | | | |
|---|---|---|---|
| १२७. | **लक्ष्य प्रगति** - यस आयोजनाले जग्गा प्रशासनसँग सम्बन्धित कार्यको लक्ष्य तोक्ने गरेको पाइएन । प्रगति विवरणमा १९३ अस्थायी जग्गाधनी प्रमाणपत्र पुर्जा वितरण गरेको देखाएको भएतापनि लक्ष्य नतोकेको कारण प्रगतिको तुलनात्मक समिक्षा गर्न सकिएन । आयोजनाले गर्नुपर्ने मुख्य कार्यको लक्ष्य नतोकि कार्य सञ्चालन गरी रु.९,४७,३१,७४६.११ खर्च गरेकोमा उक्त खर्चको उपादेयता समेत मूल्याङ्कन गर्न सकिएन । त्यसैगरी प्रगति विवरण अनुसार १९३ अस्थायी प्रमाणपत्र पुर्जा वितरण भई १४२ स्थायी प्रमाणपत्र पुर्जा प्राप्त भएको खुलाएकोमा बाँकी ५१ अस्थायी प्रमाणपत्र पुर्जाको स्थायी प्रमाणपत्र प्राप्त हुन नसकेको कारण प्रगति विवरण खुलाएको छैन । | | |
| १२८. | नगर विकास ऐन, २०४५ को दफा १२.१.२ छ मा सम्बन्धित जग्गाधनी वा मोहीलाई अस्थायीश्र निस्सा सहित विकसित घडेरी फिर्ता गरिसकेपछि समितिले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गाधनी दर्ता स्रेस्ता खडा नर्ग र जग्गाधनीदर्ता प्रमाणपुर्जा तयार गरी वितरण गर्न सबन्धित नापी शाखा र माल वा मालपोत कार्यालयमा लेखी पठाउनुपर्ने र सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयले पनि सो अनुरुप नक्सा मिलान गर्ने, जग्गाधनी श्रेस्ता खडा गर्ने र जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गरी सम्बन्धित जग्गाधनी वा मोहीलाई वितरण गर्नुपर्ने व्यवस्था उल्लेख छ । आयोजनाले सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयमा लेखी पठाउने गरेको भएतापनि पठाएको निस्सा बमोजिम जग्गा दर्ता भएको सम्बन्धमा | | |

प्रमाण कागजात प्राप्त नगरी रु.६६,८६,०२६/- सम्बन्धित जग्गा धनीलाई नपुग जग्गा बापतको रकम फिर्ता गर्ने कार्य नियम सम्मन देखिदैन । यसरी आयोजनाले ऐनमा उल्लेख भएको व्यवस्थाको अनुगमन नगरी खर्च गरेको केही उदाहरणहरु देहायमा उल्लेख गरिएको छ । आयोजनाले तल उदाहरणमा उल्लेख भए बाहेक अन्यका हकमा समेत स्थायी जग्गाधनी प्रमाणपुर्जा प्राप्त भए पश्चात मात्र रकम फिर्ता दिनुपर्ने देखिएको छ ।

| गो.भौ.न.मिमित | जग्गा धनीको नाम | बाटो | वडा | प्लट नं. | वर्ग मि फिर्ता पाउनुपर्ने | रोपनी | हालको वर्ग मि रोपनी | फरक व.मि | दर व.मि | फिर्ता रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७/०७५/४/१५ | बुद्धमान महर्जन धर्म रत्न पाडे र अजा भाई महर्जन | ११ मि | १५ | G-८३'७ | ३०१.१८ | १-१४-०-० | २-८२-३४ ०-८-३-२-१० | १८.८४ | ४६७०३/९८ | ८७९९०३ |
| ८/०७५/४/१५ | अजिता तुलाधार | ११ मि | १५ | p-199 | २६७.९५ | १०-४-२ | २५९.७७ ०-८-०-२.७३ | ८-१८ | ४१५१४/६५ | ३३९५८९ |
| २४/०७५/५/१० | लक्ष्मी देवी मानन्धर | ८८४ मी | १५ | H-52 | ४०२.७८ | १-१-०-० | ३८८.७४ ०-१२-०-३-६५ | १४.०४ | ३७६२२.६५ | ५२८२२२ |
| ६९/०७५/६/२३ | पार्वती श्रेष्ठ | ६ मि | १५ | G-82821 | ११३७.६७ | ३-२-०-० | ११०३.१४ २-२-२-३.१ | ३४.५३ | ३२४३३/३२ | १११९९२२ |
| ११६/०७५/९/१ | संजिव महर्जन | ८ र ३ मि | १५ | J-81 | ३३०.५० | ०-१५-०-० | ३२९.०२ ०-११-१-१-५७ | १.४८ | ३९३५२/४३ | ५८२४१ |
| २०३/०७५/१२/२१ | सुनिल शाक्य र सुवर्ण शाक्य | ६ र ३ मि | १५ | Q-7 | ८६.९९ | ०-४-०-० | ८०-५४ ०-२-२-०.५३ | ६.४५ | ३१३५२/२१ | २०२२२१ |

१२९. महानगरको केन्द्रिय कार्यालयबाट सडक विस्तार एवं मर्मत कार्य गराउँदा prime coat बापत प्रति वर्ग मी. १ के.जी.को दरले लागत अनुमान तयार गरेको छ । यस आयोजनाले आयोजना क्षेत्रमा सडक कालोपत्रे गर्ने कार्यको लागि prime coat प्रति वर्ग मि १.१ के जी मापन गरी लागत अनुमान तयार गरेको छ । यसरी लागत अनुमान तयार पार्दा देहाय बमोजिमको बढी व्ययभार पर्ने देखिएकोले उक्त रकम भुक्तानीका बखत कट्टी गर्नुपर्ने देखिएको छ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | आयोजनाले तयार पारेको | | | महानगर केन्द्रीय कार्यालयले तयार गरेबमोजिम हुनुपर्ने | | | व्ययभार परेको रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण (लि.) | दर (लि.) | जम्मा रकम | परिमाण लि | दर लि | जम्मा रकम | |
| सडक कालोपत्रे गर्ने कार्य | कोशी एण्ड न्यौपाने गौरीशंकर हिमालयन जे.भी. | ८५८४४ | १७०.२२ | १४६१२३६५.६८ | ७८०४० | १७०.२२ | १३२८३९६८.८ | १५०१०८८.४७ |

१३०. नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स २०७३ मा जारी भएको standard specification for road and bridge works को बूँदा नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने prime coat tack coat को परिमाण निकाल्ने तरिका सम्बन्धि व्यवस्था छ । उक्त व्यवस्थाको scope and definination अनुसार a tack coat means a thin layers of bituminous binder applied to a bituminous surface भनेर tack coat को Rate of Spray 0.40-0.60 के.जी. प्रतिवर्गमिटर उल्लेख गरिएको छ । जसको औसत लिँदा ०.५ के.जी प्रति वर्ग मि. हुन आउँछ । आयोजनाले देहायका सडक मर्मत तथा विस्तार कार्य गराउँदा tack coat को परिमाण गणना गर्दा प्रति वर्ग मी.०.५ प्रति कि.मि को दरले परिमाण गणना गरी भुक्तानी दिनुपर्नेमा ०.८५ के.जी.को दरले जम्मा रु.५२,५३,८०९।- बढी भुक्तानी हुने अवस्था देखिएको छ । उक्त के.जी.लाई liter मा परिवर्तन गरीएकोमा त्यसको वस्तुनिष्ठ आधार समेत खुलाइएको छैन । यसरी तोकिएको नर्म्सभन्दा बढी प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी स्वीकृत गर्ने गरेबाट आयोजनालाई थप व्ययभार पर्ने देखिएकोले मू.अ.कर सहित उक्त रकम भुक्तानीको समयमा हिसाब गरी कट्टी गर्नुपर्ने देखिएको छ ।

| | | आयोजनाले तयार पारेको | | | standard specification बमोजिम तयार हुनुपर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|
| निर्माण कार्य | निर्माण व्यवसायी | परिमाण (लि.) | दर (लि.) | जम्मा रकम | परिमाण लि | दर लि | जम्मा रकम | व्ययभार परेको रकम |
| चमती जग्गा एकिरण | कोशी एण्ड न्यौपाने | ६६३३४ | १७०.२२ | ११२९१३७३.४८ | ३९०२० | १७०.२२ | ६६४१९८४.४ | ५२५३८०९.६६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आयोजना क्षेत्रमा सडक कालोपत्रे गर्ने कार्य | गौरीशंकर हिमालयन जे.भि | | | | | | |

१३१. **माटोको कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दीगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरीवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्नसक्ने उल्लेख छ ।

यस आयोजनाबाट निर्माण भएका योजनाहरुमा लागत अनुमान तयार गर्दा Earth work in Excavation कार्य कागजात, फिल्डको अवस्था र समग्र परिस्थितिले मेशिनले गराएको देखिएको अवस्थामा पनि मानिसको दर राखेर लागत अनुमान गराएको र सोहीअनुसार भुक्तानी दिएको छ । निम्नानुसारको विभिन्न आर्थिक वर्षको योजनामा मेशिन र मानिसद्वारा ८०:२० को हिसाबले लागत अनुमान तयार गर्नुपर्नेमा मानिसद्वारा मात्र गर्ने गरी रु.५०४।७० प्रति घ.मी. कायम गरेको उपयुक्त देखिएन । मेशिनद्वारा ८० प्रतिशत र मानिसद्वारा २० प्रतिशत मेशिनको दर रु.७३।१७ को ८० प्रतिशतले रु.५८।५३ र मानिसबाट गर्ने दर रु.४७६।७६ को २० प्रतिशतले हुने रु.९५।३५ समेत गरी वास्तविक लागत दर प्रति घ.मी. रु.१५३।८८ हुनेमा मानिसद्वारा मात्र काम गर्ने गरी दर कायम गरी सो दरले भुक्तानी दिदा प्रति घ.मी.रु.३५०।९० का दरले बढी भुक्तानी भएकोले आयोजनालाई बढी व्ययभार परेको रु. ---- १०९४६१५.८६

| क.सं. | योजनाको नाम | माटोको कार्य परिमाण | भुक्तानी भएको दर | मेशिन र मानिसको दर | फरक दर | बढी व्यय भार रकम |
|---|---|---|---|---|---|---|
| १. | सडक पेटी तथा कर्भव्लक निर्माण उ.स. | १०३.१८४ | ५०४.७० | १५३.८० | ३५०.९० | ३६,२०७.२७ |
| २. | शान्ति टोल उ.स. | ४८.९७६ | ५०४.७० | १५३.८० | ३५०.९० | १७,१८५.६८ |
| ३. | कर्भ स्टोन फुटपाथ नि.उ.स. | ८९.३९७ | ५०४.७० | १५३.८० | ३५०.९० | ३१,३६९.४१ |
| ४. | एच व्लक खुल्ला क्षेत्र तथा मान्दिर उ.स. | ५५.३२ | ५०४.७० | १५३.८० | ३५०.९० | १९,४११.७९ |
| ५. | सो डल्लु "९" क उ.स. | ५३.३६५ | ५०४.७० | १५३.८० | ३५०.९० | १८,७२५.७८ |
| ६. | भचाखुसी ढल निर्माण उ.स. | ९२०.२५७ | ५०४.७० | १५३.८० | ३५०.९० | ३२२,९१८.१८ |
| ७. | भचाखुसी निर्मल पार्क उ.स. | ९३.२६५ | ५०४.७० | १५३.८० | ३५०.९० | ३२,७२६.६९ |
| ८. | ढल निर्माण उ.स. | १३४६.९६३ | ५०४.७० | १५३.८० | ३५०.९० | ४७२,६४९.३२ |
| ९. | खुल्ला क्षेत्र उ.स. | २०९.५६७ | ५०४.७० | १५३.८० | ३५०.९० | ७३,५३७.०६ |
| १०. | रिटेनिङ वाल तथा सडक पेटी उ.स. | १०३.८६२ | ५०४.७० | १५३.८० | ३५०.९० | ३६,४४५.१८ |
| ११. | रिटेनिङ वाल (गौरीवशाली कन्ष्ट्रक्सन) | ६७.५०० | ५८०.४० | १५३.८० | ४९५.४० | ३३,४३९.५० |
| | जम्मा: | | | | | १,०९४,६१५.८६ |

१३२. **हनुमान ढोका दरबार संरक्षण कार्यक्रमतर्फ** - यस कार्यक्रमको आय-व्यय विवरण निम्नानुसार रहेको छ :

काठमाडौं महानगरपालिका
हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम
आ.व. २०७५।७६
आय व्यय विवरण

| आय विवरण | | रकम | खर्च विवरण | | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात | | १ | पूंजीगत(सम्पत्ती) खर्च | १,२२७,७५२.०० |
| | क) राजश्व खाता | १७००००००००.०० | २ | तलव, पारिश्रमिक तथा सुविधा | २१,३०४,९७८.८५ |
| | ख) धरौटी खाता | ५,४०८,३०९.४१ | ३ | कार्यालय सञ्चालन खर्च | १५,१०२,३६३.४२ |
| २ | यस वर्षको आम्दानी | ० | ४ | सार्वजनिक निर्माण तथा पूंजीगत सुधार | १३६००२३४३.०० |
| | क) पर्यटन शूल्क | १८७२२५४५०.०० | ५ | सास्कृतिक जात्रा पर्व संचालन खर्च | ६,८३४,०००.०० |
| | ख) जनसहभागिता | ६५५,८०३.७६ | ६ | अन्य सांस्कतिक जात्रा पर्व संचालन खर्च | २,१४४,७६८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) अन्य आम्दानी | ५२९,७६२.०० | ७ | सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यटन प्रवर्दन र क्षमता अभिबृद्धि विविध कार्यक्रम | १६,१५५,०००.०० |
| | घ) बैंक व्याज | १,६७२,५२४.०३ | ८ | कार्यक्रमको सिफारिसमा निर्णय भएका अन्य कार्यहरु | १,९६३,३१५.०० |
| ३ | धरौटी | ३,७०६,२५३.२५ | ९ | जनचेतना अभिबृद्धि तथा सैन्दर्य अविबृद्धि | ४,८८२,५५६.०० |
| | | ० | १० | का.म.पा. सम्पदा विभाग मार्फत हुने कार्यक्रम अनुदान | ४७९,३८२.०० |
| | | ० | ११ | हनुमानढोका दरवार संग्राहलय विकास समितिलाई निकाशा(गत आ.व.०७४।७५ को) | ३९,२८२,४००.०० |
| | | ० | १२ | धरौटी खर्च | १,५४२,४४३.४७ |
| | | ० | १३ | बैंक मौज्दात | ० |
| | | ० | | क)आम्दानी खाता | ११४७०४६८१.१२ |
| | | ० | | ख)धरौटी खाता | ७,५७२,११९.१९ |
| | जम्मा: | ३६९,१९८,१०२.४५.०० | | | ३६९,१९८,१०२.०५ |

उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आय-व्यय विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१३३. **स्थापना, उद्देश्य र कार्यक्षेत्र** - विश्व सम्पदा सूचीमा रहेको हनुमान ढोका दरवारको पुरातात्विक महत्वको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्दै प्राचिन स्मारकहरुको संरक्षण गर्ने उद्देश्यले काठमाडौं महानगरपालिका अर्न्तगत हुनमानढोका दरवार संरक्षण कार्यक्रम सञ्चालन भएको छ ।

१३४. **अनुमानित र वास्तविक आय** - कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७५।७६ मा पर्यटन सेवा शुल्क, जनसहभागिता, सुटिङ्ग चार्ज, अन्य आम्दानी समेत रु.४९,१९,३४,०००।- आम्दानी प्राप्त हुने गरी लक्ष्य निर्धारण गरेकोमा रु.१९,००,८३,५३९।- असुल भई लक्ष्यको ३८.६४ प्रतिशत मात्र प्राप्त भएको देखिन्छ । संरक्षण क्षेत्रमा प्रवेश गरेका पर्यटकहरुबाट सङ्कलन हुने पर्यटन सेवा शुल्क रु.२४,२५,०४,०००।- अनुमानित आय प्रक्षेपण गरिएकोमा रु.१८,७२,२५,४५०।- असुल भई लक्ष्यको तुलनामा ७७.२१ प्रतिशत असुली भएको देखियो । बैंक मौज्दात रु.१७,००,००,०००।- र काठमाडौं महानगर सम्पदा विभागबाट रु.७,७२,३०,०००।- प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको देखिएन ।

| क्र.सं. | कायंक्रम | अनुमानित | २०७५।७६ | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | पर्यटक सेवा शुल्क | २४२५०४०००.०० | १८७२२५४५०.०० | ७७.२१ |
| २. | अन्य आम्दानी -जनसहभागिता) | ५०००००.०० | ६५५८०३.७६ | १३१.१६ |
| ३. | अन्य आम्दानी (सुटिङ्ग चार्ज) | ५०००००.०० | ५२९७६२.०० | १०५.९५ |
| ४. | बैंक व्याज | १२०००००.०० | १६७२५२४.०३ | १३९.३८ |
| ५. | बैंक मौज्दात | १७००००००.०० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ६. | का.म.पा.सम्पदा तथा पर्यटन विभागबाट रकम निकासा माग | ७७२३००००.०० | ० | ० |
| | | ४९१९३४०००.०० | १९००८३५३९.७९ | |

| | | | |
|---|---|---|---|
| १३५. | विश्व सम्पदा सूचीमा सूचीकृत तथा हनुमान ढोका संरक्षण क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुलाई तोकिए बमोजिमको मुल्य लिई प्रवेश गराइने व्यवस्था छ । संरक्षित क्षेत्रमा रहेका महसूल काउण्टरहरु विहान ७ बजेदेखि खुल्ला भई साँझ ७ बजे बन्द हुने व्यवस्था छ । विहान खोल्नु पूर्व र साँझ बन्द भएपछि घुम्न आउने पर्यटकबाट शुल्क असुल हुनु नसकी राजस्व आम्दानी नहुने हुँदा काउण्टर खोल्ने र बन्द गर्ने समयमा पुनरावलोकन हुनुपर्दछ । | | |
| १३६. | **जिन्सी अभिलेख** - कर्यालयले जिन्सि सामानको अभिलेख राख्दा समानको आइटम अनुसार शिर्षक खरिद मिति अनुसारको अभिलेख राख्नुपर्नेमा सम्पूर्ण सामग्री एउटै खाता पानामा राख्ने गरेको पाइयो । उदाहरणको लागि दा.न. ८५ मिति २०७५ ।३।२१ मा पाना न ४६६मा निभा सप्लायर्स वाट खरिद भएको विभिन्न ७ प्रकारको १६९ थान सवै जिन्सि अभिलेखीत छ। आईटम अनुसार अलग अलग पाना राख्नुपर्दछ । | | |
| १३७. | **रितपूर्वकको विल नभएको** - मूल्य अभिवृद्धि कार नियमावली, २०५३ दफा १७(१) अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ वमोजिमको ढाँचामा कर विजक दिनुपर्छ भन्ने व्यस्था भएकोमा कार्यालयलाई प्राप्त वडा न. २३ ओम वहाल स्थित पाटि निर्माण गर्दा श्री ईन्फ्रास्टकचर डिजाईन एण्ड कन्स्ट्रक्सनले जारी गरेको मु.अ.कर प्रीण्टेड नभई हातले लेखेको पाइयो । कर विजक रित पूर्वकको नभएकोले अनियमित देखिएको सो विलवाट भूक्तानी भएको मु.अ.कर रकम मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) अनुसार समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. -- | ३७४४३।०० | |
| १३८. | **पेश्की फछ्र्यौट** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालय अन्तर्गत जम्मा रु.८३,७६,९६२।५५ पेश्की बाँकी रहेकोमा आर्थिक वर्ष २०७५।७६ को मात्र पेश्की रु.७०,९८,३५८।- फछ्र्यौट हुन बाँकी रहेको छ। उक्त पेश्की नियममा भएको व्यवस्था अनुसार फछ्र्यौट हुनुपर्ने रु. | ७०९८३५८.०० | |

| क्र.सं. | शीर्षक | पेश्की रकम |
|---|---|---|
| १. | निर्माण व्यवसायी पेश्की | ४८०८५२०.०० |
| २. | अन्य पेश्की | २२८९८३८.०० |
| | **जम्मा** | **७०९८३५८.००** |

| | | | |
|---|---|---|---|
| १३९. | **आय बाँडफाँड** - हनुमान ढोका दरवार संरक्षण कार्यक्रमबाट अन्य राष्ट्रका पर्यटकहरुबाट रु.१,०००।- र सार्क राष्ट्रहरुबाट रु.१५०।- का दरले रु.१८,७२,२५,४५०।- आय प्राप्त भएको देखिएको छ । उठेको राजस्वमध्ये अन्य राष्ट्रका पर्यटकबाट प्राप्तमध्ये रु.२५०।- र सार्क राष्ट्रका पर्यटकबाट रु.५०।- का दरले उक्त अवधिमा उठेको रु.४,७१,५१,९००।- मध्ये नगर प्रमुख स्तरको निर्णयले रु.३,९२,८२,४००।- हनुमान ढोका दरवार विकास समितिलाई भुक्तानी भएको देखियो । २०७२ सालको भूकम्पबाट क्षति भई संग्राहलय समेत निर्माणको चरणमा रहेको र उक्त अवधिमा पर्यटकहरुले संग्राहलय अवलोकन गर्न नपाएको अवस्थामा भुक्तानी भएको उक्त रकम खर्चको सम्बन्धमा हनुमान ढोका दरवार संरक्षण कार्यक्रम र विकास समितिबीच समन्वय कायम गरी खर्चको पुष्ट्याई र अनुगमन हुनुपर्ने एवं उक्त खर्चको लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गर्नुपर्ने देखिन्छ । | | |
| १४०. | **अनुदान** - काठमाडौं महानगरपालिका मातहतको हनुमान ढोका दरबार संरक्षण कार्यक्रम अन्तरगत संस्कृति, सम्पदा, संघ संस्था, क्लबहरुलाई चाडपर्व खर्च, विभिन्न गुठी, जात्रा सञ्चालन तथा व्यवस्थापन कार्यको लागि अनुदानको रुपमा आर्थिक सहयोग गर्दै आएको देखियो । कार्यक्रम सञ्चालन गर्नको लागि हनुमान ढोका दरबार संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका २०७३ तर्जुमा गरेको देखियो । निर्देशिकाको पूर्ण पालना एवं तोकिएका शर्तहरु बमोजिम खर्च गर्नुपर्दछ । साथै अनुदान प्रदान गर्दा | | |

अनुदान उपयोग सम्बन्धमा अनुगमन गर्ने व्यवस्था समेत गरी मितव्ययी तरिकाले खर्च गर्ने प्रणाली स्थापित गरी अनुदानको प्रभावकारिता अभिवृद्धि गरिनु पर्दछ । बजेट र खर्चका केही उदाहरण निम्नबमोजिम छन् :

| सि.नं. | कार्यक्रम | बजेट | खर्च |
|---|---|---|---|
| १. | संस्कृति सम्पदा संरक्षण | २३०२००००.०० | १६१५५०००.०० |
| २. | सास्कृतिक जात्रा पर्व सञ्चालन | ८७,६०,०००.०० | ६८३४०००.०० |
| ३. | अन्य सांस्कृतिक जात्रा पर्व सञ्चालन खर्च | २५०००००.०० | २१४४७६८.०० |
| ४. | जनचेतना अभिवृद्धि तथा सौन्दर्य अभिवृद्धि | २४८०००००.०० | ४८८२५५६..०० |
| | **जम्मा:** | **५०,३८०,०८७.००** | **३००१६३२४.००** |

१४०.१. किर्तिपुन्य महाविहार कोहिनी शाक्य सर्व संघलाई गो.भा.न ५३९।२०७६।३।२२१ मा प्रदान गरेको रु.५०,०००।- अनुदानबाट १५ जनालाई रु.३,०००।- को दरले सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ । सामाजिक सुरक्षा भत्ता नेपाल सरकार तथा नगरपालिकाबाट थप समेत प्रदान गर्ने गरेकोमा अनुदान रकमबाट समेत सोही किसिमका खर्च गरिंदा दोहोरो पर्न जानेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

१४०.२. स्वेत भैरव गुठी समितिलाई रु.७५,०००।- अनुदान दिएकोमा दुर्गा रेण्टल सर्भिसको रु.१,७७,५००।- को विल पेश भएकोमा मू.अ.कर विल जारी गरेको देखिएन ।

१४०.३. भाष्करदेव संस्कारिता केश चन्द्र कृत परावत महाविहार संरक्षण समाजले यूनाईटेड जि.एम.आर. ट्रेडिङ्गसंग विल नं.१०८३ बाट मू.अ.कर समेत रु.१,०२,७७३।५० को १ थान ब्रुमर मेशिन खरिद गरेकोमा जिन्सी दखिला भएको पाईएन । अनुदान पाउने संस्थाले खरिद गरेका पूँजीगत प्रकृतिका सामानहरु आफ्नो संस्थामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१४१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले वार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउ पत्र र बोलपत्रद्धारा खरिद गर्नेपर्नेमा सोझै खरिद कार्य गरेको रु. --- ३८२९२३५.००

| गो.भौ.नं. र मिति | आपूर्तिकर्ता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८१-२०७५/६/१० | विश्वजित निर्माण सेवा | विभिन्न मन्दिरमा झल्लर राख्ने कार्य | ८९७२२५.०० |
| ६१०-२०७६/३/२० | श्री एच.आइटी कन्स्ट्रक्सन | अटको नारायण मन्दिर परिसरमा सौन्दर्यकरण तथा मर्मत | ९६२९२९.०० |
| १२०-२०७५/६/२३ | श्री सुब्बा जनरलस सप्लायर्स | प्लास्टिक मेच खरिद | ९६६१५.०० |
| १६/२०७५/५/६ | निभा जनरल सप्लायर्स | कार्यालय सामान | १४८७०१.२२ |
| १७/२०७५/५/६ | विमोहन ईन्टरप्राइजेज | ,, | २२२०४.०० |
| १८/२०७५/५/६ | कुण्डलिनि सप्लायर्स | फर्निचर | १४१२५.०० |
| २०/२०७५/५/७ | विमोहन ईन्टरप्राइजेज | कार्यालय सामान | ६८३६१.०० |
| २१/२०७५/५/७ | गौतम रत्न ईन्टरप्राइजेज | कार्यालय सामान | १२५९९.०० |
| २४/२०७५/५/७ | न्यू चौधरी ट्रेडर्स | कार्यालय सामान | ४३७९००.०० |
| २७/२०७५/५/७ | राज एण्ड रिवाज | कार्यालय सामान | ३२८६०४.०० |
| ९४/२०७५/६/१८ | वाइस धारा निर्माण सेवा | निर्माण सुधार | ६८३६२९.०० |
| २०१/२०७५/७/१७ | पाण्डे निर्माण सेवा | निर्माण सुधार | ४९१३२१.०० |
| २०३/२०७५/८/१७ | डि.जि.एस.निर्माण सेवा | निर्माण सुधार | ६४३०९८.०० |
| २०६/२०७५/८/१९ | आर वि कन्स्टक्सन | निर्माण सुधार | ८८२५३०.०० |
| २०९/२०७५/८/२० | कुण्डलिनि सप्लायर्स | मोसिन औजार | ९६१६३.०० |
| | जम्मा: | | **५७८६००४.२** |

| | | | | |
|---|---|---|---|---|
| | | | | २ |

१४२. **उत्प्रेरण खर्च** - कार्यालयले देहायबमोजिम उत्प्रेरण भत्ता प्रदान गरेको छ । अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७५ को सि.नं ७.१.४ अनुसार खाना खाजा र प्रोत्साहन को सम्बधमा सम्बन्धित मन्त्रालयबाट स्विकृत मापदण्डको आधारमा आवश्यकता र औचित्य हेरि अर्थमन्त्रालयले स्विकृत दिन सक्ने र सो प्रयोजनका लागि विद्युतिय हाजिर प्रणाली अनिवार्य रुपमा लागु हुनुपर्ने व्यवस्था छ । आ. व २०७५।७६ मा यस कार्यालयले मासिक २५ दिन कार्यालयमा हाजिर भएको कर्मचारीहरुलाई तलबको ५० प्रतिशतले हुन आउने रकम उत्प्रेरण भत्ता बापत भुक्तानी गर्ने गरेको पाइयो । दैनिक हाजिर भएको आधारमा मात्र त्यस्तो उत्प्रेरण भत्ता प्रदान गर्नु उपयुक्त देखिँदैन । कार्यसम्पादन सूचक तथा अत्तिरिक्त समयमा काम गरेको सम्बन्धमा विद्युतीय हाजिरको प्रमाण र सूचकको आधारमा अंक गणना गरी यस प्रकारको उत्प्रेरणा भत्ता प्रदान गर्नुपर्ने देखिन्छ ।

| सि.नं | उत्प्ररणको किसिम | रकम |
|---|---|---|
| १ | स्थायी कर्मचारीलाई | १७००६९९।२८ |
| २ | करारको कर्मचारीलाई | ४२३००००।०० |
| ३ | नगर प्रहरी | |
| ४ | सफाई कर्मचारी | |
| ५ | इलेक्टिसियन | १३३०२० |
| ६ | दैनिक ज्यालादारी | ९७३८० |
| | **जम्माः** | **७१७६४९८।७५** |

१४३. **काष्ठमण्डप पुनः निर्माण** - काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार पूर्वाधार सुधारबाट काष्ठमाण्डप पुनः निर्माण समितिलाई गत वर्ष रु.५० लाख र यस वर्ष रु.५ करोड अनुदान उपलब्ध गराएको देखियो । सम्वत २०७२ मा गएको महाभुकम्प काष्ठमाण्डप ध्वस्त भएकोले सरोकारवालाहरु मध्येबाट ५५ सदस्यीय काष्ठमाण्डप पुनः निर्माण उप समिति गठन भएको निर्णयबाट देखिन्छ । पुरातत्व विभागबाट तयार गरेको लागत अनुमान अनुसार पुनः निर्माण गर्न रु.१९,८८,१०,५४५।- लाग्ने भनी निर्णयमा उल्लेख छ । बोलपत्र आह्वान गरी ठेक्काको माध्यमबाट काष्ठमाण्डप परम्परागत स्वरुपमा तथा पुरातात्विक महत्वलाई पूर्ववत कायम राखी पुनः निर्माण गर्न नसकिने देखिएकोले काठमाडौं महानगरपालिकाको प्रत्यक्ष राजनीतिक नेतृत्वमा काष्ठमाण्डपको पुनः निर्माण जनसहभागिताबाट गर्न उचित हुने भएकोले महानगरपालिकाबाट निश्चित रकम अनुदान सो समितिलाई उपलब्ध गराउने र खर्च भएको विस्तृत प्रतिवेदन प्राप्त गर्ने गरी पुनः निर्माण समिति मार्फत पुनः निर्माण गराउनु पर्ने निर्णय भएको देखिन्छ । निर्णयमा उक्त खर्चको लेखापरीक्षण प्रकृयाका बारेमा उल्लेख छैन । गत वर्ष रु.५० लाख र यो बर्ष अनुदान गएको रु.५ करोडको सम्बन्धमा एक चार्टड एकाउन्टेन्ट फर्मबाट लेखापरीक्षण गराएको पाइयो । विस्तृत प्रगति प्रतिवेदन पेश हुनुपर्दछ ।

१४४. **नक्सा पास** - संरक्षित क्षेत्रमा पाटी पौवा सत्तल र देवघर मन्दिर आदिको निर्माण हुने गरेकोमा त्यस्ता पुरातत्विक महत्वका निर्माण कार्यमा महानगरपालिकाबाट नक्सा पास गराई निर्माण कार्य गर्नुपर्नेमा सो गरेको देखिएन ।

१४५. **पूर्वाधार निर्माणतर्फ** - नापी किताब लुज सिटमा राखेकोले एकीकृत नापी किताब राख्नुपर्ने, बिल तथा कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न भएको मिति उल्लेख गर्नुपर्ने, नापी विवरण तयार गर्दा कुल कामको परिमाण अघिल्लो बिलको कामको परिमाण र हालको कामको परिमाण खुलाउनु पर्ने देखिएको छ ।

१४६. **निर्माण कार्य शुरु नभएको** - निम्नानुसारको कार्यको सम्झौता भए तापनि कार्य शुरु नै भएको देखिएन । सम्झौता अनुसारको कार्य हुन नसक्नाको यथेष्ट कारण र आधार पेश गरी सम्झौता अन्त्यको कारबाही गरिनु पर्दछ ।

| कार्य विवरण | लागत | ठेक अंक | निर्माण | सम्झौता | सम्पन्न |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवसायी | | हुनुपर्ने |
| मचली मन्दिरमा छाना मर्मत, पानी ट्यांकी र शौचालय | ६१३५१४.०० | ४५३०६३.०० | इन्द्रायणी/न्यू ए टु जेड जे.भी. | ०७५/२/१६ | ०७५/८/२३ |
| महाँकाल मन्दिर परिसर | १६४५७४३.०० | १३९६७३३.०० | इन्द्रायणी/न्यू ए टु जेड जे.भी. | ०७५/२/१४ | ०७५/८/१५ |
| तम्ब गल्ली पाटी जिर्णोद्धार कार्य | १९०८६३४.०० | १७४४२१३.०० | इन्द्रायणी/न्यू ए टु जेड जे.भी. | ०७५/२/१४ | ०७५/८/१५ |

| | | | |
|---|---|---|---|
| १४६.१. | सनातन ईष्ट देवता गुठीघर भवन (मरु जोशी) जिर्णोद्धार कार्यको लागत रु.४१,८६,३२७।- रहेकोमा रु.२७,५१,७८५।- मा निर्माण व्यवसायी श्री समुन्द्री कन्स्ट्रक्सनसंग मिति २०७६।७।२४ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षसम्म मू.अ.कर सहित रु.२४,९२,०३८।- भुक्तानी भएको छ । लागत अनुमानमा २३१.८४ वर्गफिट CGI र १९०२ क्यू.फिट इट्टा तथा विभिन्न झ्याल ढोका हटाउने कार्य रहेकोमा उक्त सामग्रीको पुनः प्रयोग सम्बन्धमा उल्लेख भएको देखिएन । | | |
| १४६.२. | आइटम नं.११.१ मा सालको काठको वीमा राख्ने कार्य ८.४५ घ.मी. प्रति घ.मी. रु.१०,१९५।३३ रहेकोमा २३.८३ क्यूफिट रु.१०,०००।- का दरले कार्य गर्दा स्पष्ट प्राविधिक पुष्ट्याई पेश गरेको देखिएन । त्यस्तै सालको काठ Planking गर्ने कार्य ५१२ वर्गफिट रहेकोमा दोस्रो रनिङ बिलसम्म ७९१।६६ वर्गफिट प्रति वर्गफिट ६३०।- का दरले भुक्तानी गर्दा बढी हुनुको कारण स्पष्ट छैन । | | |
| १४७. | **दररेट सम्बन्धी** - कार्यालयले भौ नं ४७९ मिति २०७६।२।७ बाट का.म.पा वडा नं २१ स्थित ज्यावहाल गणेश मन्दिर पुनःनिर्माण कार्यका लागि बोलपत्र/सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद कार्य गर्दा कबोल अंकमा २ प्रतिशत घट्ने उल्लेख गरेकोले श्री बसन्तपुर निर्माण सेवालाई रु.१२,४५,८२३।२५ मा निर्माण कार्यसम्पन्न गर्न ठेक्का दिइएकोमा का.म.पा.ले तयार गरेको अनुमानित ईकाइ लागत र उक्त कम्पनीले पेश गरेको प्रस्तावित ईकाइ लागत दुरुस्तै भएको देखिई कुल लागत रु.१२,७१,२४८।२२ र कबोल अङ्क पनि रु.१२,७१,२४८।२२ नै रहेकोले स्वच्छ प्रतिस्पर्धा भएको भन्न सकिने अवस्था नदेखिएको रु. --- | १२७१२४८.२२ | |
| १४८. | **कोहिटी पाटी जिर्णोद्धार** - जिर्णोद्धार कार्यको लागत अनुमान रु.४६,३८,७५७।- रहेकोमा २०७५।५।१३ मा सम्पन्न गर्ने गरी रु.४२,६८,९९९।- को सम्झौता भएकोमा निर्माण व्यवसायीले मंसीर ४ सम्म म्याद थप माग गरेकोमा ८ महिना म्याद थप गरी २०७५।१२।१५ मा कार्यसम्पन्न गरेको छ । उक्त कार्यको २०७५।१२।२५ मा रु.४१,०४,८५०।२९ मू.अ.कर सहित भुक्तानी भएकोमा वीजकमा कारोबार मिति वीजक जारी मिति उल्लेख नगरेकोले मू.अ.कर बापत भुक्तानी भएको रु.४,७२,२३९।- को कर समायोजन पेश हुनुपर्ने रु. --- | ४७२२३९.०० | |
| १४८.१. | सम्झौतामा Dismantle of Existing Pati and Disposal of it 30 Labour प्रतिकामदार 635 ले रु.१९,०५०।- रहेकोमा ४५ कामदारको रु.११०६.७६ ले रु.४९,८०४।- भुक्तानी भएकोमा ४५ जना लेवरको डोर हाजिर नभएको एवं थप जनशक्तिको लागि भुक्तानी दिंदा २५ प्रतिशतभन्दा बढी ८ जनाको रु.६३५।- ले दिनुपर्नेमा रु.११०६।- का दरले भुक्तानी भई बढी भुक्तानी भएको रु. | ३७६८.०० | |
| १४८.२. | त्यस्तै निर्माण पश्चातको सरसफाईको लागि सम्झौतामा १५ जना लेवरको रु.६३५।- ले रु.९,५२५।- रहेकोमा ६५ जना प्रतिव्यक्ति रु.३,४१२।५० ले रु.२,२१,८१२।- भुक्तानी भएकोले २५ प्रतिशतभन्दा बढी ४६ जनाको रु.६३५।- ले भुक्तानी हुनुपर्नेमा रु.३,४१२।५० ले भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. --- | १२७७६५.०० | |
| १४९. | **माजुदेगः पुनः निर्माण** - लागत अनुमान रु.६,६४,७१,५३२।- रहेकोमा एकमात्र सफल बोलपत्रदाता निर्माण व्यवसायी श्री प्राकृतिक/सानु सुवाल/पवन जे.भी.संग २०७७।७।५ मा सम्पन्न गर्ने गरी सम्झौता भई २०७५।७।६ मा रु.६,२०,७६,७८३।- को कार्यादेश दिएको छ । उक्त कार्यको यस वर्षसम्म रु.१,७१,२४,३३८।- मात्र खर्च भएको छ । | | |

| | | | |
|---|---|---|---|
| | देखिएका व्यहोरा निम्न छन् : | | |
| १४९.१. | आइटम नम्बर २ इटाको पर्खाल भत्काउने कार्य ९,२८३.४० क्यू.फिट रहेकोमा ३०,७७३.९४ घनफिट रु.१७।३८ का दरले रु.५,३५,००४।- भुक्तानी भएकोमा रि यूज उल्लेख गरेकोमा सो कुन आइटममा समावेश गरेको छ देखिएन । | | |
| १४९.२. | सम्झौतामा Carring Works on Tham 37.5 वर्गफिट प्रतिवर्गफिट ३,३४७.९८ रहेकोमा १०५.९७ वर्गफिटको रु.५,०३२।५० का दरले रु.५,३२,९४१।- भुक्तानी दिएकोले २५ प्रतिशतभन्दा बढी ५९.०२ वर्गफिटको रु.३,३४७।९८ ले भुक्तानी गर्नुपर्नेमा रु.५,०३२।५० का दरले भुक्तानी गरी रु.१,६८४।५२ का दरले ५९.०२ वर्ग मी. को रु.९९,४२०।- बढी भएको रु. --- | ९९४२०.०० | |
| १४९.३. | आइथम नम्बर १२(बी) सालको काठ १,७९०।१० प्रति क्यू.फिट रु.१०,८२७।- ले रु.१,९३,८१,४१२।- र आइटम १४(बी) ६४९ प्रति क्यू.फिट रु.९,६१९।५० ले रु.६२,४६,०३७।- लागत सम्बन्धमा विश्लेषण गर्न दर विश्लेषण पेश नहुनुको अतिरिक्त मू.अ.कर वालासंग खरिद गरेको बिषयमा छानबिन गरी १३ प्रतिशत मू.अ.कर दाखिलाको यकिन हुनुपर्ने | ३३३१५६८ | |
| १४९.४. | आइटम नम्बर ४ इटाको काम लागत अनुमानमा १५,९२२।९२ घ.मी. प्रति घ.मी. ५८१ रहेकोमा १८,९१७ प्रति घ.मी.रु.४५७।- ले भुक्तानी गरेको छ । | | |
| १४९.५. | मू.अ.कर बापत भौ.नं.६२९ मिति ०७६।३।२४ बाट रु.११,२९,९८८।- भुक्तानी दिएकोमा आर्थिक ऐन, २०७६ अनुसार ५० प्रतिशत कट्टी गरेको नदेखिएकोले सोको मू.अ.कर समायोजन पेश हुनुपर्ने रु. --- | ५६४९९४.०० | |
| १५०. | **अशोक विनायक जिर्णोद्धार** - अशोक विनायक जिर्णोद्धार कार्यको लाग अनुमान रु.१,५७,६३,०२२।- (मू.अ.कर सहित) रहेको र निर्माण व्यवसायी श्री पचली भैरब/समुन्द्री जे.भी.संग २०७५।४।२२ सम्ममा सम्पन्न गर्ने गरी २०७३।१०।२३ मा सम्झौता भएकोमा गत वर्षसम्म रु.१,४६,०१,२७६।- र यस वर्ष रु.३८,३९,८७३।- समेत रु.१,८४,४१,१४९।- खर्च भई निर्माण व्यवसायीको निवेदन अनुसार २०७५।४।२१ मा कार्यसम्पन्न भएको देखिन्छ । तर लागत अनुमानमा रहेका निम्न कार्य नभएकोमा सोको कारण उल्लेख गरेको देखिएन : | | |

| आइटम | विवरण | रकम |
|---|---|---|
| ८.३ | झ्याल ढोकाको कार्य | ६२६९९०.०० |
| ८.४ | कारमेड (Carved) | ६५४४९८.०० |
| ९.१ | कंक्रिट कार्य | २२४२०३.०० |
| ९.३ | प्लाडकिङ कार्य | १६८०३६.०० |
| १०.१ | रुफिङ कार्य | १५०६२२५.०० |

| | | | |
|---|---|---|---|
| १५१. | **कंकेश्वरी मन्दिर भजन सत्तल** - लागत अनुमान रु.३८,१४,१८१।- रहेकोमा श्री माउण्टेन टु तराई कन्स्ट्रक्सनसंग २०७५।६।१२ सम्ममा सम्पन्न गर्ने गरी २०७४।१२।१३ मा रु.२८,७८,८७९।- को कार्यादेश दिएको देखिन्छ भने २०७४।१२।१३ मा नै २०७५।१२।१२ सम्ममा सम्पन्न गर्ने गरी सोही रकमको कार्यादेश दिएको देखिन्छ । | | |
| १५१.१. | कार्यसम्पन्न प्रतिवेदन अनुसार २०७५।१२।५ सम्ममा रु.२५,०३,७५७।- को कार्यसम्पन्न भएको छ । सो अनुसार रु.३,७५,१२२।- को कार्य नभई १३ प्रतिशत कम काम भई सम्पन्न भएकोमा भेरिएशन स्वीकृत भएको नदेखिएको रु. -- | ३७५१२२.०० | |
| १५१.२. | सिमेन्ट २० एम.एम.१:४ मा गर्ने कार्य ४८५४.६९ घ.मी.रहेकोमा जम्मा ३,०२०.५० घ.मी. काम भएको जसको लागत दर ४६.१९ रहेकोमा ३३.२५ कबोल गरी घटी काम गरेको कारण स्पष्ट छैन । जसबाट निर्माण व्यवसायीलाई अप्रत्यक्ष रुपमा फरक परिमाण १,८३४.१९ ले फरक दर १२.९४ ले रु.२३,७३४।- लाभ भएको देखिन्छ । त्यस्तै रंग लगाउने कार्य समेत १,८३४.१९ घ.मी.कम काम गरेकोले फरक दर ५.९ ले | | |

| | | | |
|---|---|---|---|
| | रु.१०,८२१।- लाभ भएको देखिन्छ । | | |
| १५१.३. | मू.अ.कर बापत भौ.नं.६३० मिति २०७६।३।२४ मा रु.१,७४,४९१।- भुक्तानी दिएकोमा ऐन अनुसार ५० प्रतिशत कट्टी नगरेकोले कर समायोजन पेश हुनुपर्ने रु. --- | ८७२४५.०० | |
| १५२. | महाविष्णु मन्दिर बसन्तपुरको लागत अनुमान रु.२९,७५,२२३।- रहेकोमा २०७५।१२।१० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री जे.के.डी.कन्स्ट्रक्सनलाई २०७५।३।१० मा रु.२८,१४,१२३।- को कार्यादेश दिएकोमा २०७५।१२।४ सम्ममा रु.२४,६१,९४५।- को कार्यसम्पन्न भई रु.३,५२,१७८।- को कार्य नगरी कार्यसम्पन्न गरेको स्पष्ट कारण नभएको एवं भेरिएशन स्वीकृत भएको देखिएन । | | |
| १५२.१. | सालको काठको सपोर्ट दिने, सवलीकरण गर्ने कार्यको लागि १५ क्यूफिटको रु.१०,१९५।- का दरले रु.१,५२,२२९।- लागत अनुमान रहेकोमा प्रति क्यूफिट ८,००० कबोल गरी कार्य नै नगरेको अवस्थामा कारण उल्लेख गरेको छैन । | | |
| १५३. | **कुसुमविया लाछी पाटी** - लागत अनुमान रु.२९,९९,६३८।- रहेको पाटी पुनःनिर्माण कार्य रु.२३,३०,१७४।- मा २०७५।११।२० मा सम्पन्न गर्न श्री जालपा निर्माण सेवालाई २०७५।२।२१ मा कार्यादेश दिएकोमा कार्यसम्पन्न प्रतिवेदनमा मिति उल्लेख नभएको तर निर्माण व्यवसायीको निवेदनअनुसार २०७५।१०।११ मा कार्यसम्पन्न भएको रु.२२,२६,०७३।- देखिएको छ । अन्य व्यहोरा निम्न छन् : | | |
| १५३.१. | इटाको वाल भत्काउने कार्य ६८३.५६ घ.मी. दर रु.४३.८८ रु.२९,९९४।- तथा CGI ३०३.७५ वर्गफिट दर १०४९ रहेकोमा पुनः प्रयोग बारे उल्लेख गरेको छैन । त्यस्तै झ्याल ढोका निकाल्न ७५ जना कामदारको रु.५३,३७५।- अनुमान गरेको देखिन्छ । सोको प्रयोग कहाँ भयो, लागतमा समावेश छ छैन स्पष्ट छैन । | | |
| १५४. | **वडा कार्यालय भवन** - लागत अनुमान रु.४९,९३,७५१।- रहेकोमा २०७६।७।५ सम्ममा कार्यसम्पन्न गर्ने गरी श्री माउण्टेन टु तराई कन्स्ट्रक्सन सर्भिस प्रा.लि.लाई २०७५।१०।६ मा रु.४०,०४,०९०।- को कार्यादेश दिएकोमा २०७६।३।३१ सम्ममा रु.२१,४०,९५४।- को कार्यसम्पन्न भएको देखिन्छ । जसमा इटाको कार्य भत्काउने, १४१२.१९ घनफिटको रु.५६,६४२।-, झ्याल ढोका झिक्ने कार्य बापत रु.८,०२२।- भुक्तानी भएको छ । पुनः प्रयोग बारे ५२९.५० दर ६४.१७ रहेको छ । तर झ्याल ढोकाको पुनः प्रयोग बारे स्पष्ट छैन । | | |
| १५५. | सन्तानेश्वर महादेव मन्दिर परिसर मर्मत सम्भार कार्य खुला दरभाउपत्र मार्फत काम गराई भौ.नं.६२१ मिति ०७६।३।२४ बाट रु.८,२७,४१६।- श्री सिद्धार्थ कन्स्ट्रक्सनलाई भुक्तानी दिएको नियमसंगत देखिएन । साथै मू.अ.कर बापत रु.९५,१८९।- भुक्तानी दिएकोमा ५० प्रतिशत मू.अ.कर कट्टी गरेको रु. --- | ४७५९४.०० | |
| | **विषयगत कार्यालयतर्फ सशर्त अनुदान** | | |
| १५६. | **कोष फिर्ता** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा महानगरपालिकामा निम्नानुसारको खर्च नभई बाँकी रहेको रु.२५,९४,८७,६१४।- मिति २०७६।६।१४ मा संघीय/प्रदेश सञ्चित कोषमा दाखिला भएको छ । | | |

| शीर्षक | निकासा | खर्च | बाँकी |
|---|---|---|---|
| संघीय शर्शत अनुदान | ११६०२१३५०० | १११२४५५६९९ | ४७७६७८०० |
| स्थानीय पुर्वाधार विकास | १२९५१०००० | ८२०९२२२८ | ४७४१७७७१ |
| प्रदेश सरकार शर्शत अनुदान | २३९६५०००० | १२८७३४८१६ | ११०९१५१८४ |
| सस्कृति प्रर्वद्धन | १२८०००००० | १०५७३३४२५ | २२२६६५७४ |

| | | | |
|---|---|---|---|
| प्रधानमन्त्री रोजगार | ११८८८००० | २८०८३६५ | ९०७९६३५ |
| सामाजिक सुरक्षा | ५९०४१०००० | ५६८३६९३५० | २२०४०६५० |
| **जम्माः** | **२२५९६७१५००** | **२०००१९३८८३** | **२५९४८७६१४** |

१५७. **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलव खर्च लेख्नु पर्नेमा व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको भएतापनि शिक्षा, स्वास्थ्य तथा पशु सेवा तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेको छैन । यसरी तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेख्दा ग्रेड रकम बढी भुक्तनी हुन सक्ने संभावना रहेकोले तलवी प्रतिवेदन पारित गर्ने तर्फ कार्यालयले तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

**शिक्षातर्फ**

१५८. शिक्षा समितिको मिति २०७५।११।१३ को निर्णय बमोजिम नगरपालिका अन्तर्गतका विभिन्न बिधालयहरुलाई विभिन्न कार्यको लागि यस आर्थिक बर्षमा गो.भौ.नं.७०१५९/मिति बाट रु.५२६०००००।- रकम विनियोजन गरेकोमा ९० बिधालयहरुलाई शौचालय निर्माण, वृक्षारोपण, भवन निर्माण तथा रंगरोगनको लागि रु.५२६०००००।-अनुदान दिएकोमा अनुदान पाउने बिधालयहरुले अनुदान रकमबाट के कति कार्यसम्पन्न गरेको छ सोको कार्यसम्पन्न प्रतिवेदन र शिक्षा बिभागले अनुदान रकमको खर्चको सम्बन्धमा समय समयमा अनुगमन गरेको प्रतिवेदन समेत पेश नगरेकोले अनुदान रकमको प्राविधिक मूल्यांकन समेतको कार्यसम्पन्न प्रतिवेदन र कार्यालयबाट भएको अनुगमन प्रतिवेदनको प्रमाण पेश गर्नुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | कूल जम्मा |
|---|---|---|
| १ | नन्दी मा.वि.नागपोखरी | ४२३००००.०० |
| २ | नन्दीरात्री मा.वि.नक्साल | १३००००.०० |
| ३ | बासवारी उ.मा.वि.बासवारी | १५३००००.०० |
| ४ | टंगाल उ.मा.वि. टंगाल | ३०००००.०० |
| ५ | शिवपुरी उ.मा.वि. महाराजगञ्ज | ७५००००.०० |
| ६ | जनकल्याण उ.मा.वि.बौद्ध | २४३००००.०० |
| ७ | महेन्द्र बौद्ध उ.मा.वि. बौद्ध | ५५००००.०० |
| ८ | महेन्द्रराष्ट्रिय उ.मा.वि.बालुवाटार | १०००००.०० |
| ९ | धुम्रबराह मा.वि. धुम्बाराही | ९५००००.०० |
| १० | नवजागृती मा.वि.रामहिटी | १८५००००.०० |
| ११ | श्रम राष्ट्रिय मा.वि.कुमारीगाल | ३०००००.०० |
| १२ | बालव्यवशायी मा.वि.सिफल | ३३००००.०० |
| १३ | पशुपतिमित्र मा.वि.चावहिल | ५३००००.०० |
| १४ | गुहेश्वरी बालशिक्षा मा.वि. थापाथली | १०३००००.०० |
| १५ | रत्नराज्य उ.मा.वि.वानेश्वर | ८००००.०० |
| १६ | विश्वनिकेतन उ.मा.वि.त्रिपुरेश्वर | २५५००००.०० |
| १७ | ज्ञानोदय मा.वि.वाफल | १९५००००.०० |
| १८ | सरस्वती निकेतन मा.वि. ब्रहमटोल | ८००००.०० |
| १९ | नीलबाराही उ.मा.वि.टंकेश्वर | ११०००००.०० |
| २० | जनप्रभात मा.वि. कालीमाटी | ८००००.०० |
| २१ | पन्चकन्या मा.वि.छाउनी | १०००००.०० |
| २२ | जनपथ मा.वि.कलंकी | ५८००००.०० |
| २३ | कुलेश्वर मा.वि.कुलेश्वर | ८००००.०० |
| २४ | जनविकास उ.मा.वि.वल्खु | २८००००.०० |
| २५ | सिद्धिगणेश उ.मा.वि.पकनाजोल | १३००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २६ | तरुण मा.वि. बालाजु | १०००००.०० | | |
| | २७ | नेपाल युवक मा.वि. पकनाजोल | ८००००.०० | | |
| | २८ | शितला उ.मा.वि. बालाजु | १३००००.०० | | |
| | २९ | जनजागृती ज्ञानरश्मी मा.वि. बालाजुटार | २५५००००.०० | | |
| | ३० | जुद्धोदय मा.वि.क्षेत्रपाटी | ८००००.०० | | |
| | ३१ | भक्त विद्याश्रम मा.वि. टेगलरक्तकाली | ३०००००.०० | | |
| | ३२ | शान्ति विद्यागृह उ.मा.वि.लैनचौर | ५३००००.०० | | |
| | ३३ | प्रभात मा.वि. न:घल | ८५००००.०० | | |
| | ३४ | कन्यामन्दिर उ.मा.वि. नयौखा | ८००००.०० | | |
| | ३५ | कन्या मा.वि. यटखाटोल | १३००००.०० | | |
| | ३६ | कान्तिईश्वरीराज्यलक्ष्मी मा.वि.प्याफल | १०००००.०० | | |
| | ३७ | शान्तिशिक्षा मन्दिर ठैहिटि | ४८००००.०० | | |
| | ३८ | बालसेवा मा.वि.झोंछे | ८००००.०० | | |
| | ३९ | नव आदर्श मा.वि. बसन्तपूर | ८००००.०० | | |
| | ४० | नवयुग मा.वि. ब्रम्हटोल | १०००००.०० | | |
| | ४१ | हिमालय मा.वि. न्युरोड | १०००००.०० | | |
| | ४२ | गीतामाता उ.मा.वि.विजयश्वरी | १०००००.०० | | |
| | ४३ | परोपकार आदर्श उ.मा.वि. भिमसेनस्थान | ८००००.०० | | |
| | ४४ | नेपाल आदर्श मा.वि. गणबहाल | १३००००.०० | | |
| | ४५ | शान्तिनिकुन्ज मा.वि. भगवतीवारी | १५००००.०० | | |
| | ४६ | विजयस्मारक उ.मा.वि.डिल्लीबजार | ५५००००.०० | | |
| | ४७ | महाकांल मा.वि.महाबौद्ध | १३००००.०० | | |
| | ४८ | पद्मकन्या उ.मा.वि. डिल्लीबजार | ५३००००.०० | | |
| | ४९ | त्यौड मा.वि.त्यौड | ३३३००००.०० | | |
| | ५० | पद्मोदय उ.मा.वि.रामशाहपथ | २५००००.०० | | |
| | ५१ | शहीद शुक्र मा.वि.बागबजार | ८००००.०० | | |
| | ५२ | भानु मा.वि. रानीपोखरी | ८००००.०० | | |
| | ५३ | संस्कृत मा.वि. रानीपोखरी | १०००००.०० | | |
| | ५४ | कोटेश्वर सरस्वती मा.वि. कोटेश्वर | २३००००.०० | | |
| | ५५ | शारदा उ.मा.वि. देवपतन | २२५००००.०० | | |
| | ५६ | भीमसेनगोला मा.वि. नयाबानेश्वर | १०००००.०० | | |
| | ५७ | गुहेश्वरी उ.मा.वि.सिनामङ्गल | २७३००००.०० | | |
| | ५८ | मंगलादेवी मा.वि.बत्तिसपुतली | २३००००.०० | | |
| | ५९ | सिद्धेस्वर मा.वि. शान्तिनगर | ९८००००.०० | | |
| | ६० | कमल नि.मा.वि.कमलपोखरी | १३००००.०० | | |
| | ६१ | रानीदेवी नि.मा.वि. रानीवारी | १३००००.०० | | |
| | ६२ | आदर्श नि.मा.वि. बालमन्दिर नक्साल | ७८००००.०० | | |
| | ६३ | पन्चकन्या नि.मा.वि. लमटगीन | १२८००००.०० | | |
| | ६४ | शारदा नि.मा.वि. देवपतन | १३००००.०० | | |
| | ६५ | मित्र शिक्षालय नि.मा.वि. चावहिल | १३००००.०० | | |
| | ६६ | सवलधौला प्रा.वि. लगन | ८००००.०० | | |
| | ६७ | बुद्धनगर नि.मा.वि.बुद्धनगर | १३००००.०० | | |
| | ६८ | रुद्रमति प्रा.वि.वानेश्वर | १३००००.०० | | |
| | ६९ | महेन्द्र सरस्वती सेवा नि.मा.वि. टेकु | १३००००.०० | | |
| | ७० | राष्ट्रिय नि.मा.वि जैसिदेवल | ८००००.०० | | |
| | ७१ | बालकल्याण आधारभूत वि. वालाजु | ७३००००.०० | | |
| | ७२ | बुद्धज्योति बालउद्यान नि.मा.वि. बालाजु | १०३००००.०० | | |
| | ७३ | लोकहित नि.मा.वि. ठमेल | १३००००.०० | | |
| | ७४ | कृष्णमन्दिर प्रा.वि. न्यौखा | १०८००००.०० | | |
| | ७५ | बाल विकास नि.मा.वि. क्षेत्रपाटी | २९६००००.०० | | |
| | ७६ | नेपाल राष्टिय नि.मा.वि.क्षेत्रपाटी | १८००००.०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७७ | कंकेश्वर नि.मा.वि. कंकेश्वरी | ८००००.०० | | |
| | ७८ | अरुणोदय नि.मा.नि.ढोकाटोल | ५३००००.०० | | |
| | ७९ | ईश्वर प्रा.वि.स्वयम्भु | १३००००.०० | | |
| | ८० | जनसुधार नि.मा.वि.स्वयम्भु | ३३००००.०० | | |
| | ८१ | निर्मल विद्यापिठ नि.मा.वि. | १३००००.०० | | |
| | ८२ | विद्योदय नि.मा.वि.झोछें | १३००००.०० | | |
| | ८३ | आजाद नि.मा.वि. लगन | १३००००.०० | | |
| | ८४ | ज्ञान विकास नि.मा.वि. ज्ञानेश्वर | १३००००.०० | | |
| | ८५ | सर्वेश्वर नि.मा.वि.कोटेश्वर | १३००००.०० | | |
| | ८६ | बालापीठ आधारभूत विद्ययालय,सिनामंगल | ८००००.०० | | |
| | ८७ | केन्द्रिय बहिरा मा.वि., नक्साल | ८००००.०० | | |
| | ८८ | निर्मल बाल विकास विद्ययालय,भिमसेनगोला | ८००००.०० | | |
| | ८९ | सूस्त मन:स्थिति पारीवारीक सरसल्लाह,सिनामंगल | ८००००.०० | | |
| | ९० | कूलेश्वर आवास माधमिक विद्ययालय,कूलेश्वर | १५०००००.०० | | |
| | | **जम्मा** | **५२६०००००.००** | | |
| | **प्रदेश नं.३ प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालित योजनाहरु** | | | | |
| १५९. | **निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको सार्वजनिक निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कामको प्रकृति र परिणाम अन्य आवश्यक कुराहरुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने वा उपभोक्ताले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । यसरी निवेदन वा प्रस्ताव प्राप्त भएपछि समितिसँग छलफल वार्ता वा निर्माण स्थलको स्थलगत भ्रमण गरी निर्माण कार्यको प्रकृति, उपभोक्ताले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत सम्भारको सुनिश्चिचता समेत विचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । तसर्थ विधिवत सम्झौता भई सकेपछि सञ्चालनको निर्माण कार्यको मूल्याङ्कन बिल भरपाई लगायतका कागजातहरु समितिको बैठकबाट अनुमोदन गराउनुपर्ने भएकोले समितिको कार्य व्यवस्था र काम, कर्तव्य र अधिकारको लागि विधिवत रुपमा दर्ता भई पारदर्शी रुपले कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त कानूनी व्यवस्था अनुसार उपभोक्ताबाट काम गराउन सार्वजनिक सूचना र प्रस्ताव पनि आह्वान नगरेका, उपभोक्ताहरुले काम र लागत तथा समितिले व्यहोर्ने अंश समेत खुलाएर प्रस्ताव पनि पेश नभएको र विधिवत रुपमा दर्ता नभएका संस्थासँग पटके रुपमा सम्झौता गरी खर्च लेखेको नियमसंगत र औचित्यपूर्ण दुवै देखिएन । निर्माण कार्य गर्दा प्रस्ताव माग गरी वा उपभोक्ताबाट प्राप्त प्रस्तावमध्ये बढी प्रतिफल दिने प्रकृतिका संरचना निर्माणका लागि छनौटको आधारमा सार्वजनिक निर्माणको कार्य अगाडि नबढाएको अवस्था देखियो । विधि र प्रकृया नपुऱ्याई गरेको काममा आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौडाले उपभोक्ता समितिसँग काम गराउँदा जनश्रमदान व्यहोर्नु नपर्ने उल्लेख गरेको जनाई जनश्रमदान बेगर नै शत प्रतिशत कार्यको भुक्तानी गरेको छ । यसबाट मर्मत सम्भारको लागि आवश्यक स्रोत नभएकोले निर्माण भएका कार्यहरुको मर्मत सम्भार र टिकाउपनाको समेत सुनिश्चितता भएको छैन । | | | | |
| १६०. | **श्रमदान** - कार्यालयले आ.ब.२०७५।७६ मा उपभोक्ता समिति मार्फत निम्न योजना तथा कार्यक्रम सम्पन्न गराउँदा उपभोक्ता समितिको श्रमदान तथा अनुपातिक अंश समेत नराखी गरेको छ । जसबाट निम्न १८ वटा योजनाको कार्यसम्पन्न रकम बराबर नै भुक्तानी भएको देखिन्छ । जुन उपभोक्ता समितिबाट कार्य गराउने अवधारणा अनुकुल देखिएन । साथै महानगरपालिका भित्र ठेक्काको माध्यमबाट कार्य गराउँदा सरदर ३० न्युनमा कार्य सम्पन्न भएको अवस्था समेत देखिएकोले त्यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | | | | |

| क.सं. | संचालित आयोजना | लागत | कार्य सम्पन्न | अनुदान |
|---|---|---|---|---|
| १. | वडा नं.१०, देबी नगरको क्लवको कभर्ड हलको स्तरोउन्नती | ४७०३६३७२७ | ४७०३६३७२७ | ४७०३६३७२७ |
| २. | क्रियापुत्री भवन मर्मत तथा रङ्गरोगन | २००१४१९।९० | १९१९४२९।९० | १९१९४२९।९० |
| ३. | भूगोलपार्कलाई स्टोन पार्क बनाउने कार्य | ३६७१९१६।६५ | ३६७१९१६।६५ | ३६७१९१६।६५ |
| ४. | मनमानेश्वरी सत्तल निर्माण | ४३४१८२२।७० | ४३४१८२२।७० | ४३४१८२२।७० |
| ५. | मनमती खोलामा रिटेनिङ्गवाल निर्माण, वाफल | ४७४६६३९।८५ | ४७४६६३९।८५ | ४७४६६३९।८५ |
| ६. | ध्याम्पेथान मन्दिर निर्माण संरक्षण, पकनाजोल | ४६९२८६२।८९ | ४६८९८७५।८२ | ४६८९८७५।८२ |
| ७. | टुकुचा खोलामा डयाम र रिटेनिङ्गवाल निर्माण | ५६१८८०१।७० | ४७३५६१०।३७ | ४७३५६१०।३७ |
| ८. | सन्तोष मार्ग तथा मनकामना मार्गको स्तरोन्नती, . | १९१४५९९२।२५ | ३३२८१४३।८० | ३३२८१४३।८० |
| ९. | वडा नं. १७ धोवी चौरपार्क निर्माण, | ४३३१०५३।४७ | ४३३१०५३।४७ | ४३३१०५३।४७ |
| १०. | धारा गल्ली, पासा खलःगल्ली आशा गल्लीमा ढल मर्मत | ४७४८६३२।५७ | ४७४८६३२।५७ | ४७४८६३२।५७ |
| ११ | वडा नं.६ श्री नगर मार्गमा कालोपत्रे, कुमारीगाल | ४७२४७३६।७२ | ४७२४७३६।७२ | ४७२४७३६।७२ |
| १२. | वडा नं.२, ४ र ५मा सडक बत्ति जडान | ४९३०८३३।९२ | ४९३०८३३।९२ | ४९३०८३३।९२ |
| १३. | वडा नं.४ मा बत्ति जडान, | २०९७२०७।३० | २०९७२०७।३० | २०९७२०७।३० |
| १४. | वडा नं.३१ मा सडक बत्ति जडान, | ४९९६३८८।७९ | ४९९६३८८।७९ | ४९९६३८८।७९ |
| १५. | वडा नं.१३,१९,२०,२३ र २४ मा सडक बत्ति जडान | ४९५६४०१।८७ | ४९५६४०१।८७ | ४९५६४०१।८७ |
| १६. | जनचिकित्सालय भवन निर्माण वडा नं.२५ | ७०३६६२४।२७ | ३४८७७३०।५४ | ३४८७७३०।५४ |
| १७. | सिमलटार तुरतुरे धारो सामुदायिक भवन निर्माण , | ४७००५७१।०२ | २४६८४७०।१८ | २४६८४७०।१८ |
| १८. | वडा नं.१३ मनमती नदी रिटेनिङ्गवाल निर्माण | ४७४४८१२।६४ | ४७४४८१२।६४ | ४७४४८१२।६४ |

यसरी लागत सहभागिता नगराई उपभोक्ता मार्फत योजनाहरु सञ्चालन गर्नु नियमसम्मत् मान्न सकिदैन । तसर्थ सम्बन्धित तालुक निकायहरुले पनि लागत सहभागिताबाट योजनाहरु सञ्चालन गर्नेतर्फ निर्देशन दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१६१. **कार्यस्वीकार** - सार्वजनिक खरिद नियमावली, २०६४ को १२४(१) बमोजिम खरिद सम्झौताबमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई करारका शर्तबमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत कार्यक्रम अनुसार टुकुचा खोलामा डयाम र रिटेनिङ्गवाल निर्माण कार्यको लागि उपभोक्ता समिति मार्फत गराउँदाको रु.४६,९४,२१२।१० कार्यस्वीकार प्रतिवेदन विना ठेक्का सम्पन्न बिलको आधारमा गो.भौ.नं.७१०४५ मिति २०७६।३।२५ बाट भुक्तानी गरिएको छ । खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि उपभोक्ता समितिलाई करारका शर्तबमोजिम अन्तिम भुक्तानी दिनुपर्नेमा कार्यस्वीकार प्रतिवेदन विना ठेक्का सम्पन्न बिलको आधारमा भुक्तानी गर्नु उपयुक्त देखिएन ।

१६२. **म्याद थप र क्षतिपूर्ति** - सार्वजनिक खरिद ऐन, २०६३ को नियम १२० अनुसार सम्झौता बमोजिमको काम त्यस्तो सम्झौता अवधिभित्र पूरा गर्न नसकिने मनासिव कारण देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले ६ महिनासम्म खरिद सम्झौताको अवधि थप्न सक्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका निर्माणको लागि देहाय बमोजिमको ठेकेदार तथा उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार अवधिभित्र निर्माण सम्पन्न भई सक्नुपर्नेमा लेखापरिक्षण अवधिसम्म पनि कार्यसम्पन्न भएको देखिएन भने निर्माण कार्य अवधिको म्याद थप समेत गरेको छैन । यसरी सम्झौता अवधिभित्र निर्माण कार्यसम्पन्न नगरेको र नियमानुसार म्याद थप समेत गरेको नदेखिएकोले सोहि नियमावलीको नियम २१ बमोजिमको पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गरी निर्माण कार्यको म्याद थपी कार्यसम्पन्न गराउनुपर्ने देखिन्छ ।

| योजना | नि.व्यवसायी | संझौता रकम | सम्पन्न गर्नु पर्ने | भुक्तानी |
|---|---|---|---|---|
| सन्तोष मार्ग तथा मनकामना मार्ग स्तरोन्नती | बालाजु निर्माण सेवा, काठमाण्डौ | १०२२०८४७।२० | २०७६।३।३० | ३३२८१४३।८० |
| जनचिकित्सालय भवन निर्माण | कान्छामान निर्माण सेवा, काठमाण्डौं | ४७४६०४५।८८ | २०७६।३।३० | ३४८७७३०।५४ |

१६३. **कार्यसम्पन्न** - काठमाण्डौं महानगरपालिका वडा नं.१० स्थित सन्तोष मार्गटार मार्ग र मनकामना मार्ग निर्माण कार्यको लागि बाटोमा पर्ने बिजुलीको पोलहरु हटाउने कार्यको लागि ठेक्काबाट कार्य गराउन लागत अनुमान तयार गर्दा उक्त आईटमको लागत

अनुमान रु.१००००।- तयार गरेकोमा नेपाल बिधुत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय पुरानो बानेश्वरको मिति २०७५।९।१२ को च.नं.६१४ को पत्र अनुसार रु.८२८८८३।४२ को लागत अनुमान तयार गरी रु.८२८८८३।४२ भुक्तानी माग गरे अनुसार गो.भौ.नं.७१०२४/मिति २०७६।२९ बाट भुक्तानी गरेकोमा उक्त कार्यको कार्यसम्पन्न भएको प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले प्राविधिक मूल्यांकन सहितको कार्यसम्पनन प्रतिवेद पेश गर्नु पर्ने रु. ८२८८८३।४२

१६४. **बिल भरपाई** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उप नियम ६ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउदा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विलभरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात पेश गर्नुपर्ने व्यवस्था छ । तर बार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न वडाहरुको विभिन्न स्थानहरुमा एसी लिड सडक बत्ति जडान कार्य उपभोक्ता समिति मार्फत गराउदा उपभोक्ता समितिको लागत सहभागिता नगराई नगरपालिकाको देहायका विभिन्न स्थानहरुमा बत्ति जडान कार्य सम्पन्न गराउदाको बत्ति खरीद तथा जडान कार्यको खर्चको विलभरपाई पेश गरेको छैन ।

| गो.भौ.नं./मिति | योजना | लागत अनुमान | कार्य सम्पन्न | अनुदान |
|---|---|---|---|---|
| ७१०३२/२०७६।२।३० | वडा नं.२,४ र ५ मा एसि एलईडी बत्ति राख्ने, उ.स. | ४९३०८३४ | ४९३०८३४ | ४९३०८३४ |
| ७१०४७/२०७६।३।२५ | वडा नं. ४ मा एसि एलईडी बत्ति राख्ने, उ.स. | २०९७२०७ | २०९७२०७ | २०९७२०७ |
| ७१०४८/२०७६।३।२५ | वडा नं. ३१ मा एसि एलईडी बत्ति राख्ने, उ.स. | ४९९६३८९ | ४८०९७९५ | ४८०९७९५ |
| ७१०४९/२०७६।३।२५ | वडा नं.१३,१९,२०,२३ र २४मा एसि एलईडी बत्ति राख्ने, उ.स. | ४९५६४०२ | ४९५६४०२ | ४९५६४०२ |

यसरी उपभोक्ता समित मार्फत कार्य सम्पन्न गराउदा नियमानुसार खर्चको विलभरपाई पेश गरी हिसाब फरफारक गराउनेतर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै उक्त ४ कार्यको कार्यसम्पन्न रकम बराबर नै भुक्तानी भएकोले उपभोक्ता समितिबाट कार्य गराउने अवधारणा अनुकूल देखिएन ।

**स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम**

१६५. **व्यय भार** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा सार्वजनिक निकायहरुले रु.१ करोडसम्मका योजनाहरु उपभोक्ता समितिद्वारा कार्य गराउन सक्ने प्रावधान रहेको छ । उक्त नियम बमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट उपभोक्ता समिति गठन गराई बिषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । यस काठमाण्डौं महानगरपालिकाको लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत प्रदेश नं.३ आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडाको च.नं.१२ मिति २०७५।७।१ को पत्र बमोजिम स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७५ को नियम १० को उपनियमको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्ने निर्देशन भएबमोजिम यस कार्यालयबाट आ.ब.२०७५।७६ मा सञ्चालन भएका निम्नानुसारका योजना तथा कार्यक्रम लागत सहभागिताको आधारमा कार्यालयको ७० प्रतिशत र लागत सहभागिता साझेदारीमा ३० प्रतिशतले गराउनु पर्नेमा सञ्चालन भएको अधिकांश योजनाहरु लागत सहभागिता बेगर सञ्चालन गरेको छ । अतः निम्न २० योजनामा ३० प्रतिशतले हुने रु.१,३५,९९,५८५।- थप व्ययभार परेको देखिएको रु. - १३५९९५८५.००

| सि.नं. | योजना | लागत | कार्यसम्पन्न | अनुदान |
|---|---|---|---|---|
| १. | दुर्गा विनायक मन्दिरको फिनिसिङ्ग, उ.स.बबरमहल | १४९६९७४.२५ | १३२४७५५.९७ | १३२४७५५.९७ |
| २. | सिलण्डोलमा अन्नपूर्ण मन्दिर तथा भजन गृह निर्माण | १२७०१४१.३५ | ११२४०१८.८९ | ११२४०१८.८९ |
| ३. | डल्लु ढंगेधारा र चौतारो पुनर्निर्माण | ११२३७९२.७७ | ११२२५७६.७७ | ११२२५७६.७७ |
| ४. | वडा नं.३० डिल्लिबजार धोवीधारामा किरीयापुत्री भवन निर्माण | १८४२६३७.०८ | १७५४८९२.४६ | १७५४८९२.४६ |
| ५. | ताहाचल चुली अजिमा मन्दिर परिसरमा रिटेनिंगवाल निर्माण | १२९४५३४.४४ | १२९४५३४.४४ | १२९४५३४.४४ |
| ६. | वडा नं.१० मा छक्कुवक्कु मन्दिर र भजन मण्डलको मर्मत गर्ने | ३९१५१६७.९३ | ३८७६०१६.२५ | ३८७६०१६.२५ |

| | | | | |
|---|---|---|---|---|
| ७. | वडा नं.१६ मा औद्योगिक र माछापोखरीमा सडक बत्ती जडान | ४९६४७०२.५१ | ४७२८२८८.१० | ४७२८२८८.१० |
| ८. | वडा नं.१० को कार्यालय परिसरमा पार्क निर्माण | ४७२४७७०.३६ | ४६७७५२२.६६ | ४६७७५२२.६६ |
| ९. | वडा नं.११ को गुहेश्वरी मा.बिद्यालयको भवन निर्माण | १६११७४१.३९ | १६११७४१.३९ | १६११७४१.३९ |
| १०. | स्वयंम्भु स्थित मञ्जुश्री बजारको खेल मैदानमा पार्क निर्माण | १८४१८५४.८२ | १८४१८५४.८२ | १८४१८५४.८२ |
| ११. | वडा नं. ९ मा रुद्रमती धोबिखोला पुल निर्माण | १२४५३८४.१८ | १२१९०४४.३० | १२१९०४४.३० |
| १२. | वडा नं.२३ दफ्तर सामुदायिक भवन निर्माण | १२११७२२.७९ | १२११७२२.७९ | १२११७२२.७९ |
| १३. | वडा नं. १४ मा वासुकी दह वल्खु खोलामा पार्क निर्माण | ४७२७४५२.०० | ४६८०१७७.०५ | ४६८०१७७.०५ |
| १४. | मनमती खोलाको उत्तरतिर रिटेनिङ्गवाल निर्माण | ४७४६६३९.८५ | ४७४६६३९.८५ | ४७४६६३९.८५ |
| १५. | वडा नं. २९ मा श्री गोदा वेनगोपाल मन्दिर निर्माण | १३०८३९०.०४ | १००००००.०० | १००००००.०० |
| १६. | वडा नं. ६, सरस्वती नगरमा सामुदायिक भवन निर्माण | १५०७८६६.२४ | १४९५६९१.२४ | १४९५६९१.२४ |
| १७. | वडा नं.११ मा गुहेश्वरी मा.बिद्यालयको भवन निर्माण | १४६४७९६.२२ | १४६४७९६.२२ | १४६४७९६.२२ |
| १८. | वडा नं.२० मा जेष्ठ नागरिक भवन निर्माण | २५६४४४२.१३ | २५६४४४२.१३ | २५६४४४२.१३ |
| १९. | वडा नं. १६ मा बेखा गल्लीमा ब्लक छाप्ने कार्य | २१७१९७२.७१ | २१७१९७२.७१ | २१७१९७२.७१ |
| २०. | वडा नं.१७ मा शान्ति शिक्षा मन्दिर मा.बिद्यालयको खेलमैदानमा ब्लक छाप्ने कार्य | १४२१२६१.९८ | १४२१२६१.९८ | १४२१२६१.९८ |
| | **जम्मा:** | **४६४५६२४५.०४** | **४५३३१९५०.०२** | **४५३३१९५०.०२** |

| | | | |
|---|---|---|---|
| | यसरी लागत सहभागिता नगराई नियम विपरीत उपभोक्ता मार्फत योजनाहरु सञ्चालन गर्नु नियमसम्मत् मान्न सकिँदैन । तसर्थ सम्बन्धित तालुक निकायहरुले पनि लागत सहभागिताबाट योजनाहरु सञ्चालन गर्नेतर्फ निर्देशन दिनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| १६६. | **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम कुल लागत अनुमानमा उपभोक्ताको अंश छुट्याउन पर्ने र सम्झौता गर्दा जुन अनुपातमा सम्झौता भएको छ सोही अनुसार उपभोक्ताको अंश कट्टा गरी बाँकी रकम भुक्तानी दिनुपर्दछ । कार्यालयको स्वीकृत योजना अनुसार डिल्लीबजार धोविखोलामा किरीया पुत्री भवन निर्माण कार्यको लागि कार्यालयले रु.१७,५४,८९२।- को लागत अनुमान तयार गरी कार्यालयले रु.१७,५४,८९२।- व्यहोर्ने र उपभोक्ता समितिको लागत सहभागिता नरहने गरी रु.१७,५४,८९२।- को सम्झौता भएको छ । निर्माण कार्यसम्पन्न भई प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१६,५०,८४७।०६ को मात्र कार्यसम्पन्न भएको हुँदा रु.१६,५०,८४७।०६ रकम मात्र भुक्तानी दिनुपर्नेमा गो.भौ.नं.७२०५१ मिति २०७६।३।२५ बाट रु.१७,३३,३८९।- भुक्तानी गरी रु.८२,५४२।- बढी खर्च लेखेको पाइएकोले उक्त बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. --- | ८२५४२।- | |
| | **दीगो शहरी यातायात आयोजना कार्यान्वयन इकाईतर्फ** | | |
| १६७. | **दीगो शहरी यातायात आयोजना** - एशियाली विकास बैंकको ६८ प्रतिशत र काठमाडौं महानगरपालिकाको ३२ प्रतिशत व्ययभार हुने गरी भौतिक विकास मन्त्रालय, दीगो शहरी यातायात आयोजना मार्फत योजना कार्यान्वयन इकाई, का.म.पा.बाट भित्री शहरी क्षेत्रमा ढुङ्गा छाप्ने कार्यको का.म.पा.तर्फबाट रु.२,६८,७६,३८६।६५ खर्च भएको देखिन्छ । कार्यान्वयन इकाई, का.म.पा.तर्फको विभिन्न व्यक्ति तथा फर्मको नाममा रहेका म्याद नाघि सकेका धरौटी रु.३३,२५,९३१।- सदरस्याहा भएको नदेखिएकोले उक्त रकम सदरस्याहा गरी आम्दानी बाँध्नुपर्ने रु. --- | ३३२५९३१.०३ | |
| | **पूँजीगत खर्चतर्फ** | | |
| १६८. | **एम्वुलेन्स सेवा** - यस महानगरले प्राकृतिक तथा अप्राकृतिक प्रकोप, दुर्घटना, विशेष प्राकृतिक रोग समेतबाट पिडित, घाइते वा रोगीलाई परेको जोखिमहरुबाट वचाउन निजहरु रहेको स्थान वा घटनास्थलबाट Pre Hospital care सहित सेवा पुर्‍याउन महानगरपालिका र गैर नाफामूलक संस्था नेपाल एम्वुलेन्स सेवाको संयुक्त व्यवस्थापनमा एम्वुलेन्स सेवा सञ्चालन गर्ने सम्वन्धमा मिति २०७६।१।१५ मा ५ वर्षको लागि सम्झौता सो संस्थाले उल्लेख भए वमोजिम सहुलियत दरमा १० ओटा एम्वुलेन्स सेवा सञ्चालन गर्न र सोको सञ्चालन खर्च प्रतिमहिना प्रतिएम्वुलेन्स रु.१,२०,०००।- | | |

| | | | |
|---|---|---|---|
| | को दरले रु.१२,००,०००।- महानगरले व्यहोने उल्लेख भई एम्वुलेन्स सञ्चालन गरी नेपाल एम्वुलेन्स सेवाले सम्झौता मिति २०७६।१।१५ देखि जेठ मसान्तसम्मको रु.१८,००,०००।- भुक्तानी गरेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ : | | |
| १६८.१. | यस कार्यक्रमको सम्झौता अवधि ५ वर्षको लागि वार्षिक रु.१ करोड ४४ लाखका दरले सम्झौता अवधिभरमा रु.७ करोड २० लाख रकम खर्च हुने देखिन्छ । यति ठूलो रकम खर्च हुदा उक्त कार्यक्रममा सेवा प्राप्त गर्ने सेवाग्राहीले पनि सेवा प्राप्त गरेवापत पनि रकम तिर्नुपर्ने देखिएको र महानगरले पनि मासिक रुपमा एकमुष्ट रकम रु.१२,००,०००।- तिर्ने गरी सम्झौता गरिएकोले प्रभावकारी छ भन्न सकिएन । | | |
| १६८.२. | संस्थाले वुझाएको प्रतिवेदनमा वैशाख महिनामा ३५ जना र जेष्ठ महिनामा ३५ गरी जम्मा ७० जनालाई निशुल्क सेवा प्रदान गरिएकोमा निशुल्क सेवापाउने सेवाग्राही (७०) मध्ये कति जना महानगरवासी हुन् भन्ने खुल्न आएको देखिदैन साथै उक्त अवधिभर काठमाण्डौ जिल्लामा ९२६ जना सेवाग्राहीले सेवा पाएको भनि पेश गरिएको प्रतिवेदनमा निशुल्क सेवा पाउने ५४ वाहेक अन्य ८७२ जनाले के कति रकम तिरि उक्त सेवा प्राप्त गरेको हो भनी खुल्न आएन । महानगरवासीले पाउने सुविधा र छुट सम्बन्धमा स्पष्ट र विशेष व्यवस्था नभएको, सेवा प्रवाह हुने स्थान समय सम्बन्धमा नगरवासीलाई सुसूचित गराउने पद्धती स्थापित नभएको, प्राप्त विवरण अनुसार ज्यादै न्यून संख्यामा लाभान्वित भएको अवस्था देखिन्छ । तसर्थ उक्त सम्झौता अनुसार खर्च हुने रु.७,२०,००,०००।- सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने देखिएको छ । | | |
| १६९. | **अनुदान** - महानगरपालिकाले निम्नानुसारका १३ नगरपालिकालाई प्रति नगरपालिका १ करोडका दरले पुँजीगत अनुदान रु १३ करोड उपलब्ध गराएको छ। यस प्रकार अनुदान उपलब्ध गराउनुपर्ने कारण, आधार, अनुदानबाट सञ्चालन हुनुपर्ने योजना स्पष्ट छैन । साथै उक्त नगरपालिकाले सोबाट भए गरेका कामको प्रगती विवरण र लेखापरीक्षण प्रतिवेदन समेत उपलब्ध गराएका छैन । | | |
| १७०. | **प्रतिवेदन** - महानगरले बालाजु हाइटमा कालिका देवी मन्दिर पुन निर्माण कार्य उपभोक्ता समितिले नगरेको कारण हेलम्बु खड्गसार निर्माण सेवा जोरपाटी काठमाडौँबाट गराई गो.भौ.नं.२००३५/०७५/५/६ बाट रु.५,५९,०९७/४५ भुक्तानी दिएकोमा के कति कारणबाट उपभोक्ता समितिले उक्त कार्य गर्न नसकेको, के कति रकम पेश्की वा भुक्तानी लगेर काम नगरेको हो जस्ता विषयहरु समेटेर निरीक्षण गरी प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्नेमा उक्त कार्य नगरी भुक्तानी दिने कार्य नियमसम्मत् नदेखिएको रु. --- | ५५९०९७.४५ | |
| १७१. | **अनुगमन** - महानगरले ६ वटा राष्ट्रियस्तरका फुटबल क्लबलाई रु.९,३०,०००/- का दरले गो.भौ.नं.२००७३/०७५/६/४ बाट रु.५५,८०,०००/- रकम कार्यक्रम अनुदान बापत उपलब्ध गराएको छ । कार्यक्रम अनुदानको सम्झौतामा कार्यक्रमको विस्तृत विवरण पेश हुनुपर्ने खेलकुद प्रतिस्पर्धामा उपयोग हुने सामान मध्ये जर्सी, ट्र्याकसुट र फुटबल ब्यागमा का.म.पा को लोगो रहनु पर्ने जस्ता कुरा उल्लेख भएकोमा सो बमोजिम भए नभएको सम्बन्धमा अनुगमन गरी एकिन भएको नदेखिएकोले खर्च रकम सम्झौता अनुकुल उपयोग भए नभएको सम्बन्धमा स्पष्ट हुने आधार नदेखिएको रु. -- | ५५८०००० | |
| १७२. | **भुक्तानी आधार** - महानगरले मिति २०७५ आश्विन १३ र १४ गते सम्पन्न शम्भुजित बास्कोटाको स्वर्णीम सांगितक यात्रा कार्यक्रम बापत साधना कला केन्द्र प्रा.लि.लाई गो.भौ.नं. ०२०२४१/०७५/८/२५ बाट रु.५००००० अनुदान उपलब्ध गराएकोमा उक्त कम्पनीले सो कार्यक्रमबाट आम्दानी गरे नगरेको सम्बन्धमा आश्वस्त हुन नसकिएको, कार्यक्रम सम्पन्न पश्चात खर्चको शोधभर्ना माग गरिएको सम्बन्धमा वित्त विभागले समेत रकम भुक्तानी दिने पर्याप्त आधार नदेखिएको राय प्रदान गरेको अवस्थामा उक्त रकम सम्बन्धित नाफामुखी कम्पनीलाई उपलब्ध गराउने कार्यको औचित्य पुष्टि हुने | ५०००००.०० | |

| | | | |
|---|---|---|---|
| | पर्याप्त आधार नदेखिएको रु. --- | | |
| १७३. | **गुणस्तर** - महानगरले बोलपत्रको माध्यमबाट यशोधा फार्मेशी धनगढीलाई गो.भौ.नं.०२०३७६/०७५/११/५ बाट रु.३७१३१८४ भुक्तानी दिएकोमा गुणस्तर परीक्षण प्रतिवेदन संलग्न नरहेको हुँदा उक्त औषधिहरुको म्याद समाप्त हुने मिति र गुणस्तर सम्बन्धमा आश्वस्त हुने आधार नदेखिएको रु. --- | ३७१३१८४.०० | |
| १७४. | **अनुदान** - महानगरले महानगरीय प्रहरी परिसरलाई मिति २०७५/११/१५ को निर्णय बमोजिम नगर क्षेत्रभित्र सि.सि.टि.भि क्यामेरा जडान, सञ्चालन एवं मर्मत कार्य गर्न गो.भौ.नं.२०४०९/०७५/११/१५ बाट रु.३,००,००,०००/- अनुदान उपलब्ध गराएकोमा महानगर र महानगरीय प्रहरी परिषद्को साझेदारीको लागत स्पष्ट नभएको एवं उक्त सि.सि.टि.भि क्यामेरा खरिद गरी जडान, सञ्चालन एवं मर्मतसँग सम्बन्धित प्रगति र सक्कल स्रेस्ता कागजात लेखापरीक्षणको क्रममा पेश हुन आएन । | | |
| १७५. | **विवरण** - महानगरले २३ वडा अन्तर्गतका जेष्ठ बरिष्ठ नागरिहरुलाई नमूनाको रुपमा स्वास्थ्य विमा गरिदिए बापत राष्ट्रिय बिमा कम्पनी लि.लाई ६० जना जेष्ठ नागरिकको प्रतिव्यक्ति रु.१३,५००।- का दरले एक वर्षको कुल जम्मा रु.९,१५,३२२/६० गो.भौ.नं. ०२०५९१ मिति २०७६/१/३० बाट भुक्तानी दिएकोमा सम्बन्धित जेष्ठ बरिष्ठ नागरिकको विवरण संलग्न नभएको एवं उक्त कुराको जानकारी सम्बन्धितलाई गराएको सम्बन्धमा यकिन हुनुपर्ने रु. --- | ९१५३२२.६० | |
| १७६. | **दायित्व** - महानगरले महानगरीय ट्राफिक प्रहरीलाई असार देखि फागुन महिनासम्मको प्रोत्साहन भत्ता बापत रु.१५० का दरले ११७ जनालाई गो.भौ.नं.०२०६३९ मिति ०७६/२/५ बाट रु.३८८०५०/- भुक्तानी दिई खर्च लेखेकोमा २०७५ साल असार महिनाको रु.४१२८३ रकम भुक्तानी गर्नुपर्ने दायित्वमा नदेखिएकोले नियमसम्मत् नदेखिएको रु. --- | ४१२८३.०० | |
| १७७. | **प्रमाण** - महानगर र मानव सेवा आश्रमविच भएको सम्झौताको बुदा नं.२ मा घरबार विहिन, परिव्यक्त बेसाहारा एवं जिवन नै संकटमा परेका सहयोगापेक्षी सडक मानवहरुको संरक्षण व्यवस्थापन एवं मानवीय सेवाको सञ्चालनका लागि आवश्यक गाडि खरिद गर्नुपर्ने उल्लेख छ । महानगरले आश्रामलाई गाडी खरिद गर्न अनुदान सहयोग बापत रु.२०,००,०००।- को सम्झौता गरी गो.भौ.नं.०२०६३६/०७६/३/३ बाट रु.१६,५९,२००/- भुक्तानी दिएकोमा गाडी खरिदको बिल भरपाई एवं उक्त संस्थाको जिन्सी खातामा दाखिला भई गाडी सम्बन्धित कार्यमा प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु. --- | १६५९२००.०० | |
| १७८. | **भरपाई** - महानगरले बोलपत्रको माध्यमबाट स्यानियो इन्टरनेशनल प्रा.लि पुतलीसडक काठमाडौँबाट न्यानो झोला लुगासेट ८०५५ सेट खरिद गरी रु.६९१ का दरले रु.६२८९५८५ (मू.अ.कर सहित) भुक्तानी भएकोमा उक्त झोला वितरणको भरपाइ पेश नभएको रु. --- | ६२८९५८५.०० | |
| १७९. | **वितरणमूखी अनुदान** - महानगरपालिकाले पूँजीगत खर्च शीर्षकबाट पूँजी निर्माण हुने किसिमका कार्यक्रमहरुमा मात्र खर्च नगरी चालु प्रकृतिका विभिन्न संघ संस्थालाई अनुदान बापत वितरणमूखी कार्यक्रमहरुमा समेत खर्च गरेको पाइयो । यस सम्बन्धी केही उदाहरणहरु देहायबमोजिम छन् : | | |

| भौ.नं. र मिति | अनुदान पाउने संघ, संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|
| २००७३-०७५/६/४ | हिमालयन शेर्पा क्लव | ९३००००.०० |
| | काठमाडौं खेल मण्डल एन.आर.टी. | ९३००००.०० |
| | मनाङ्ग मर्स्याङ्दी क्लव | ९३००००.०० |
| | मच्छिन्द्र क्लव | ९३००००.०० |

| | | |
|---|---|---|
| | संकटा क्लव एस.वी.एस.सी. | ९३००००.०० |
| | सरस्वती युवा क्लव | ९३००००.०० |
| २०२४१-०७५/८/२६ | साधना कला केन्द्र प्रा.लि. | ५०००००.०० |
| २०२५४-०७५/९/१३ | सन्ध्या टाइम्स, पिथना प्रा.लि. | १२००००.०० |
| २०३१४-०७५/१०/३ | सिनेमा सर्कल नेपाल | ५०००००.०० |
| २०३२४-०७५/१०/९ | तारादेवी स्मृति प्रतिष्ठान | १००००००.०० |
| २०३२९-०७५/१०/१२ | युगकबि सिद्धिचरण प्रतिष्ठान | ५०००००.०० |
| २०४५६-०७५/१२/१२ | हंलि नेवा दबु नेवा | ८३२०००.०० |
| २०५१५-०७५/१२/२० | गोफत्वा माक गल्ली ज्यापु समाज | ४५००००.०० |
| २०५७०-०७६/१/१७ | ५ वटा बी डिभिजनका फुटबल क्लवहरु | २९०००००.०० |
| २०७३६-०७६/३/३ | मानव सेवा आश्रम | ४००००००.०० |
| | जम्मा: | १६३८२०००.०० |

१८०. **आधार पेश** - महानगरले २६ वडा स्थित सामाखुसीमा टेडन कलेज देखि प्रहरी बिटसम्म खोलाको फोहोर स्लज सफा गर्ने कार्यको लागि रालुका देवि निर्माण सेवा, रानीबारी, काठमाडौंलाई गो.भौ.नं.२०८०७/०७६/३/१७ बाट रु.९७८७३७.९२ भुक्तानी दिएको छ। त्यसैगरी महानगरले बोलपत्रको माध्यमबाट सरसफाई कार्यमा प्रयोग हुने ५ वटा हाई प्रेशर जेट मेसिन खरिद गरी गो.भौ.नं.२०१४३/०७५/६/२६ बाट MAP Enterpreners pvt.ltd लाई रु.३२४९१४५५ (मु.अ.कर सहित) भुक्तानी दिई उक्त मेसिनहरु प्राप्त गरेको र महानगरसँग सरसफाई कार्यमा प्रयोग हुने एक्साभेटर लगायत दक्ष जनशक्ति समेत रहेको अवस्थामा खोलाको फोहोर सफा गर्ने कार्यको लागि रालुका देवि निर्माण सेवालाई उक्त कार्य गर्न लगाई भुक्तानी दिएको खर्च रकमको आधार पुष्टि हुन नसकेको रु. --- ९७८७३७.९२

१८१. **विगत वर्षको दायित्व** - महानगरले देहायका खर्चका सम्बन्धमा विगत वर्षमा दायित्व नदेखाई यस वर्ष खर्च लेखेको नियमसम्मत् नदेखिएको रु. --- ९७८७३७.९२

| गो.भौ.नं.मिति | भुक्तानी पाउनेको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २०००२/०७५/४/२२ | कैलास निर्माण एण्ड जनरल अर्डर सप्लायर्स प्रा.लि | विभिन्न मेसिनरी सामान खरिद बापत ०६४ देखि ०६७ मध्येको दायित्व भुक्तानी | ४४७१८२.८१ |
| २००४२/०७५/५/३१ | आहाना कन्स्ट्रक्सन प्रा.लि काठमाडौं | १२ वडा स्थित कृष्ण पाटी पुन निर्माण कार्य मिति ०७५।३।१३ मा सम्पन्न भएको | १४०४३८७.७४ |
| २००९७/०७५/६/१४ | सिप्रदि ट्रेडिङ प्रा.लि | ३ वटा पिकअप भ्यान ०७४।२।४ मा खरिद सम्झौता गरी ०७४।२।५ मा स्टोर दाखिला भएको | ९५९७३४५.१२ |
| २०११५/०७५/६/१८ | जलसुरी देवी निर्माण सेवा | १५ वडा स्थित भैरब धुनि भजन घर निर्माण कार्य मिति ०७५।३।१९ मा सम्पन्न भई दायित्व नदेखिएको | ११२२०१९.६० |
| | | | १२५७०९३५.२७ |

१८२. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था उल्लेख छ। महानगरले ऐनको मनसाय विपरित नियमावली बनाई विभिन्न आपूर्तिकर्ताबाट विभिन्न मितिमा विभिन्न कार्यालय मालसामानहरु टुक्राटुक्रा पारी खरिद गरेको देखिएको छ। महानगरले देहायका आपूर्तिकर्ताबाट जम्मा रु.४८३५०८७२.१४ को कार्यालय मालसामान सोझै खरिद गरेको अवस्थामा खरिद कार्य कानूनसम्मत् तथा मितव्ययी समेत नदेखिएको रु. --- १९५७४७५.८४

| क्र.स | गो.भौ.नं.मिति | आपूर्तिकर्ता | कर दर्ता | विजक नं.र मिति | मालसानको विवरण | भुक्तानी रकम ( मु.अ.कर सहित) |
|---|---|---|---|---|---|---|
| १. | २००६२/०७५/६/४ | न्यु केपि सप्लायर्स बानेश्वर | ३०२४०८८२१ | ००१/०७५/५/१७ | कार्यालय मालसामान तथा उपकरणहरु | ४८३९२२ |
| २. | २००६२/०७५/६/४ | जि एन इन्टरप्राइजेज पेप्सीकोला | ६००९३३७७५ | ००२/०७५/५/१७ | कार्यालय सामानहरु | ४१८०७१ |
| ३. | २००६५/०७५/६/४ | विवेक एण्ड गौतम इन्टरप्राइजेज पेप्सीकोला | ६०२२८२०१३ | ००७/०७५/२/२५ | कार्यालय सामानहरु | ४७८६९० |
| ४. | २००६६/०७५/६/४ | अल इन्टरप्राइजेज कोटेश्वर | ३०२८८९७१४ | ००४/०७५/५/१७ | कार्यालय सामानहरु | ४०३९१५ |
| ५. | २००६७/०७५/६/४ | पि ए वि इन्टरप्राइजेज थापागाई | ६०४१२२८१४ | ००९/०७५/५/२४ | कार्यालय सामानहरु | ४९७१६४ |
| ६. | २००६८/०७५/६/४ | युनिक सप्लायर्स का.म.न.पा.न. | ३०४०१९१८८ | ००५/०७५/५/१७ | कार्यालय सामानहरु | २४९५८३ |
| ७. | २०१०३/०७५/६/१६ | जि.पि.सी ट्रेडर्स गोठाटार | ३०२७५२४५७ | ०२०/०७५/६/७ | कार्यालय सामानहरु | ४९७५६७ |
| ८. | २०१०४/०७५/६/१६ | चौरीगंगा सप्लायर्स भक्तपुर | ६००६७८३०० | ००७/०७५/६/७ | फुलका बोट विरुवा | ४९७४८२.५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | २०२२०/०७५/८/१८ | न्यु बेन्जामेन इन्टरप्राइजेज पेप्सीकोला | ६००९३३७६२ | ००१/०७५/८/१३ | फुलका बोट विरुवाहरु | ४९७४८२.५० |
| १०. | २०२२१/०७५/८/१८ | अधिकारी ब्रदर्श कपन | ६०२०१६५५५ | ०१४/०७५/८/१२ | कार्यालय सामानहरु | ३७१५२१ |
| ११. | २०२२२/०७५/८/१८ | दिप्शन इन्टरप्राइजेज कोटेश्वर | ६०१४९७४५८ | ००१/००४/०७५/८/१३ | कार्यालय सामानहरु | ४९७४९३ |
| १२. | २०२२३/०७५/८/१९ | न्यु विज्ञान इन्टरप्राइजेज बानेश्वर | ३०२८९९२४१ | ०१५/०७५/८/१३ | कार्यालय सामानहरु | ३७८४१९ |
| १३. | २००२४/०७५/८/१८ | झरना इन्टरप्राइजेज नयाँ बानेश्वर | ३०४३७१०८८ | ०१६/०७५/८/१६ | कार्यालय सामानहरु | ४९७८५५ |
| १४. | २०३५०/०७५/१०/२१ | एम वि इन्टरप्राइजेज नयाँ बानेश्वर | ३०४२९९४४५ | ०१५/०७५/१०/१४ | कार्यालय सामानहरु | ३४८९९० |
| १५. | २०३५१/०७५/१०/२१ | इन्द्रेणी ट्रेडलिंक काठमाडौँ | ६००२४५२४९ | ०९१/०७५/१०/१५ | कार्यालय सामानहरु | ३००९९२ |
| १६. | २०३५२/०७५/१०/२१ | लक्की ए एस इन्टरप्राइजेज बबरमहल | ३०१९३७३२४ | ०७५/१०/१४ | कार्यालय सामानहरु | २१०१५१ |
| १७. | २०४८०/०७५/१२/१५ | सुर्य किरण इन्टरप्राइजेज कोटेश्वर | ६०४७९२१६५ | ०५१/०७५/१२/१३ | कार्यालय सामानहरु | ४८०२३८ |
| १८. | २०४८१/०७५/१२/१५ | कालिका साइन सर्भिस प्रा.लि घट्टेकुलो | ६०५९२५८९२ | ०६६/०७५/१२/१३ | कार्यालय सामानहरु | ४८०८६० |
| १९. | २०४८२/०७५/१२/१५ | रोयन इन्टरप्राइजेज कलंकी | ६०८६०५९४४ | ००१/०७५/१२/१३ | कार्यालय सामानहरु | ४९७७३१ |
| २०. | २०५७३/०७६/१/२४ | बि.के इन्टरप्राइजेज ट्रेड सेन्टर बानेश्वर | ६०१८३३४०५ | १०४/०७६/१/११ | कार्यालय सामान | ४५४२८८ |
| २१. | २०५७४/०७६/१/२४ | गुराँस फ्यासिलीटि सर्भिस प्रा.लि घट्टेकुलो | ६०५९२५९०८ | ०५६/०७६/१/११ | कार्यालय सामान | ४७७७५२ |
| २२. | २०५७५/०७६/१/२४ | एम एच. ट्रेडिङ इन्टरनेशनल काठमाडौँ | ६००१०८१८२ | ०५४/०७६/१/१० | कार्यालय सामान | ४४३०५६ |
| २३. | ०२०६२३/०७६/२/२ | जि एन इन्टरप्राइजेज पेप्सीकोला | ६००९३३७७५ | ०५५/०७६/१/२६ | कार्यालय सामान | २९३३४८ |
| २४. | २०६८२/०७६/२/२१ | गौतम नर्सरी कौशलटार | ६०२९५८२५१ | ०२०/०७६/२/८ | फुलका बोट विरुवा खरिद | ११३३६१ |
| २५. | २०६८२/०७६/२/२१ | एम आर इन्टरप्राइजेज मध्यपुर ठिमी | ६०८४६१९०२ | ००८/०७६/२/१४ | कार्यालय सामानहरु | ३६८९०५.४५ |
| २६. | २०६८४/०७४/२/२१ | दाजुभाई सप्लायर्स एण्ड सर्जिकल इन्टरप्राइजेज बानेश्वर | ६००७९८६११ | १३१/०७६/२/८ | कार्यालय सामान | ४९७८७८ |
| २७. | २०६८५/०७६/२/२१ | ऊँ श्री ऊँ इन्टरप्राइजेज मिनभवन | ३०१४४०२९९ | ११३/०७६/२/८ | कार्यालय सामानहरु | ४६२८५७ |
| २८. | २०७९७/०७६/३/१६ | सुमन इन्टरप्राइजेज एण्ड ट्रेड कन्सर्न ललितपुर | ६०९०३७८०९ | ५७५८/०७६/३/१३ | कार्यालय सामानहरु | ४९७१३२ |
| २९. | २०७९८/०७६/३/१६ | गौतम ट्रेड एण्ड कर्न्सन | ६०८५३७४८३ | १०१,१०२/०७६/३/१३ | कार्यालय सामानहरु | ४४३८७५ |
| ३०. | २०७९९/०७६/३/१६ | एच वि ट्रेडिङ न्युरोड काठमाडौँ | ६०२०३७११० | ०३३/०७६/३/१५ | कार्यालय सामानहरु | ५२६२१८ |
| ३१. | २०८००/०७६/३/१६ | इभरग्रिन गोर्डन डेभलपमेन्ट एण्ड बायोइन्जिनियरिङ गोदावरी ललितपुर | ३००९९१८३९ | ३०/०७६/३/११ | बोट विरुवा खरिद | ४३३३३२ |
| ३२. | २०८६४/०७६/३/२४ | काठमाडौँ इन्टरप्राइजेज नयाँ बानेश्वर | ३०१९५८०४६ | ०२३/०७६/३/२४ | कार्यालय सामान खरिद | ३५५६६७ |
| ३३. | २०८६३/०७६/३/२४ | अग्रगामी इन्टरप्राइजेज सुविधानगर काठमाडौँ | ३०२९५५१९२ | ००१,००२,००३/०७६/३/२३ | कार्यालय सामान | ४११०३८ |
| | | | | | जम्मा | १३८६६८३४.४५ |

**धरौटीतर्फ**

१८३. **धरौटी सदरस्याहा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा विगत वर्षदेखि बाँकी रहेको धरौटी रकम सदरस्याहा गरी आम्दानी जनाउनुपर्ने व्यवस्था छ । महानगरपालिकाले नाम नामेसी नखुलेका धरौटी रु.४५,००,६९७।- र विगत वर्ष देखिका समेत धरौटी खातामा राखी राखेको देखिएकोले नियमावली नियम अनुसार २०६३ सालभन्दा अगाडिका धरौटी यकिन गरी सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

**आयतर्फ**

१८४. **सवारी कर** - गत वर्ष सवारी कर रु.३१,०९,७६५।- रहेकोमा यस वर्ष रु.३,१३,१८४।- मात्र प्राप्त भई गत वर्षभन्दा सवारी कर रु.२,७९६,५८१।- ले घटेको पाइयो । सवारी कर रकम घटेको कारण बारे छलफल गर्दा सोको आधार प्रस्तुत भएन । महानगरपालिकाभित्र मात्रै दर्ता भएका सवारी साधनको विवरण पनि उपलब्ध हुन सकेन ।

१८५. **बालाजु बाइस धारा** - गत वर्ष रु.७८,१९,५०९।- प्राप्त भएकोमा यस वर्ष रु.६८,६०,१४६।- प्राप्त भई गत वर्षभन्दा बाइसधारा उद्यान प्रवेश शुल्क रु.९५९,३६३।- ले घटेको देखिन्छ । तर पनि यस आम्दानी घट्नुको बारे व्यबस्थापनले कुनै पनि विवरण उल्लेख गरेको छैन । तथापी लेखापरीक्षणको क्रममा अवलोकन गर्दा घेरा पर्खाल ठाउँ ठाउँमा भत्किएकोले विना इन्ट्रीपास प्रवेश गर्ने अवस्था छ । त्यस्तै पूर्वाधार विकास, शौचालयको उचित व्यवस्था समेत रहेको छैन । जसले गर्दा सम्भाव्यताको आधारमा आय प्राप्त हुन सकेको छैन ।

१८६. **रत्नपार्क प्रवेश शुल्क** - गत वर्ष रु.१,२७,२६,५२०।- प्राप्त भएकोमा यस वर्ष रु.१,१४,१७,३५०।- प्राप्त भई रु.१,३०९,१७०।- घटेको पाइयो । यस सम्बन्धमा व्यवस्थापनले खुलासा गरेको नदेखिएकोले सोको कारण यकिन गर्न सकिएन । रत्नपार्कको नामाकरण शंखधर पार्क राखी सकेको सन्दर्भमा उक्त लेखा शिर्षकलाई सोही अनुसार परिवर्तन गर्न आवश्यक देखिन्छ । यस क्षेत्रको वरिपरीको व्यस्ततालाई ध्यानमा राखी सार्वजनिक सौचालय, सरसफाई, CCTV प्रबन्ध तथा अनियमित व्यापार, फुटपाथ अतिक्रमण, रात्रीकालीन समयमा हुने विकृति लगायतका समस्या एवं अव्यवस्थालाई

समयमा नै निराकरण गरी सभ्य महानगरपालिका बनाउनेतर्फ ध्यान दिनु जरुरी छ ।

१८७. **राष्ट्रिय सभागृहको आय-व्यय** - नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत राष्ट्रिय सभागृहको प्रयोग, सञ्चालन विधी र मर्मत सम्भार निर्देशिका २०७२ को १.२ र निर्देशिकाको दफा ३ अनुसार राष्ट्रिय सभागृहको आम्दानी खर्चलाई व्यवस्थित गरिएको देखिएन । हल तथा अन्य सुविधा उपभोगबाट प्राप्त हुने आम्दानीहरुलाई छुट्टै कोषमा राख्नुपर्ने प्रावधान बमोजीम लेखा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१८७.१. यस वर्ष ७६ वटा संघसस्थाले ८४ दिन प्रयोग गरे वापत सभागृह हल भाडा रु १ करोड २ लाख २८ हजार प्राप्त भएको छ । सभा गृहमा कार्यरत कर्मचारीको तलव भत्ता र प्रोत्साहन खर्च रु.३६,३०,३५३।- र मर्मत सम्भार लगायतका अन्य सञ्चालन खर्च रु.७४,३३,८२९।- समेत गरी जम्मा रु.१,१०,६४,१८२।- खर्च भएको आधारमा उक्त आय ९२ प्रतिशत हुन आउँछ । एकातिर खर्चभन्दा कम आम्दानी प्राप्त भएको अर्को तिर ३६५ दिनमा जम्मा ८४ दिनमात्र प्रयोगमा आएको अवस्था छ । राष्ट्रिय सभागृहको प्रयोग सरकारी संघसस्थाको अलवा निजी क्षेत्रलाई समेत समावेश गर्न निर्देशिका परिमार्जन गरी सभागृहको प्रयोगमा थप प्रभावकारीता ल्याई आम्दानी वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८८. **विविध आय** - सैनिक पुस्तकालय लगायत सैनिक मुख्यालयमा थपिएका संरचनाहरुको नक्सा पास अनुमती लिनुपर्ने, काठमाडौं हरियाली, सौन्दर्य बचाई राख्न ३ फिट भन्दा माथीका सम्पूर्ण पर्खालहरु जस्तै समाज कल्याण मन्त्रालय, केशर महल, पुरानो नारायणहीटी दरबार आदि भत्काउन लगाई सुरक्षाको लागि CCTV जडान गर्ने लगायतका सुझावहरु कार्यन्वयन भएको देखिएन ।

**सार्वजनिक जग्गाको संरक्षण**

१८९. महानगरपालिका क्षेत्रभित्र रहेको पर्ती, ऐलानी र सार्वजनिक जग्गाको लगत, संरक्षणलाई अद्यावधिक गरी उपयोग गर्ने कार्य महानगरपालिकाको हो । महानगरमा यस्ता जग्गाको लगत अद्यावधिक गर्ने कार्य हालसम्म हुन सकेको छैन । सार्वजनिक चौर, पर्ती, डिल, बगर लगायतको जग्गा अद्यावधिक गर्ने कार्य राहुल आयोगबाट छानबिन गरी प्रतिवेदन समेत पेश भएको, सो प्रतिवेदनले दिएका सुझावहरु समेत कार्यान्वयन भएका छैनन् । बाटो प्रयोजनको लागि छुट्याइएको बाहेक पनि यस्ता सार्वजनिक जग्गाको खोजी गरी लगत अद्यावधिक गराउने, यस्ता सार्वजनिक जग्गाको खोजी गरी लगत अद्यावधिक गराउने, यस्ता सार्वजनिक जग्गाको संरक्षण र प्रभावकारी उपयोग, व्यवस्थापनका लागि देहायका वडाहरुको जग्गा नापी कार्यालयसँग समन्वय गरी अभिलेखाकंन गरेर संरक्षण गर्नु पर्दछ । यस्तो जग्गा निम्नानुसार  छ ।

| वडा नं. | कित्ता संख्या | क्षेत्रफल | वडा नं. | कित्ता संख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | ६ | १६-१४-१ | १९ | ८ | २-१५ |
| २ | ३ | १-६-० | २० | ९ | ०-१३-१ |
| ३ | ५४ | ७९-२- | २१ | ६ | ०-१४-२ |
| ४ | १३७ | १४८-६-१ | २२ | ८ | ९-११-२ |
| ५ | १८ | ३७-४-३ | २३ | ३ | ५-७-१ |
| ६ | ५६ | ४२-२-२ | २४ | १ | ०-१-२ |
| ७ | ७७ | ११२-३-३ | २५ | १ | ०-३-१ |
| ८ | ६२ | ७६१-४-३ | २६ | २ | ०-१४-२ |
| ९ | ८० | ९५-९-१ | २७ | १ | ०-१-१ |
| १० | ३१ | ६-१२-२ | २८ | ३ | १-१-१ |
| ११ | ४४ | २९-४-३ | २९ | ९ | १७-२- |
| १२ | १६ | ६०-०-३ | ३० | ९ | ०-४-३ |
| १३ | ३३ | ३३-२-१ | ३१ | ११ | २८२-७-३ |
| १४ | २० | ६६-३- | ३२ | १ | ०-४-३ |
| १५ | १०९ | ५२२-७-१ | ३३ | ९ | २२-०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ५१ | ८७-८-२ | ३४ | २४ | ५५-१०-१ |
| १७ | ३ | ०-१३-१ | ३५ | १६ | २५-५-२ |
| १८ | ४ | ०-१५-२ | **जम्मा:** | **८८२** | **२५४८-७-१** |

माथि उल्लेखित भएअनुसार महानगरभित्रका ८८२ वटा कित्ताको २५४८ रोपनी ७ आना १ पैसा जग्गा संरक्षण गर्ने विषयमा शीघ्र कारबाही जरुरी देखियो ।

१९०. **सरकारी जग्गाको अतिक्रमण** - महानगरले आफ्नो क्षेत्रमा रहेका सरकारी घर जग्गा तथा सार्वजनिक सम्पतिको संरक्षण एवं उचित व्यवस्थापन गर्नुपर्नेमा सरकारी जग्गाको संरक्षण नगर्दा सार्वजनिक जग्गाको अतिक्रमण भई श्रोत र साधनको दुरुपयोग भएको छ । सरकारी सम्पतिको दुरुपयोग भएका केहि अवस्था निम्नानुसार छन् ।

१ काठमाडौं महानगरपालिका वडा नं. ५ को खहरे खोला देखि कालोपूल सम्मको २३ रोपनी जग्गा (साविक वडा नं. २५ को कित्ता नं. ५०३, ५०४ र ५०५ समेत) लाई २०२१ सालको नापीको फिल्ड बुकमा धोवीखोला जनिएको थियो । सो जग्गाको फिल्ड बुक सच्याई पछि ओखलढुंगा स्थायी बसोवास भएका राम प्रसाद उपाध्यायले मोही बनी जग्गा दर्ताको प्रकृया अगाडी बढेको देखियो । साविक फिल्ड बुकमा धोवीखोला जनिएको जग्गामा शहरी विकास प्राधिकरणले डि.पि.आर.तयार गरी पार्क निर्माणको लागि महानगरपालिकाले रु. ९० लाख बजेट विनियोजन गरी कार्य अगाडी बढेको अवस्थामा सर्वोच्च अदालतको २०७२।११।९ को इजलासबाट मोहीको नाउँमा जग्गाधनी प्रमाण पुर्जा लिनको लागि सरजिविनको रोहवरमा बसिदिनु भन्ने आदेशको आधारमा निर्माण कार्य अगाडी बढेको छैन ।

सरकारी जग्गा व्यक्तिको नाउँमा नामसारी हुने प्रकृयामा न्यायिक निकायमा प्रतिरक्षा गरी निर्माण सुचारु नगरेको अवस्थामा सम्पत्ति कर प्रयोजनका लागि कायम गरेको न्यूनतम मूल्याङ्कन प्रतिआना रु.२२ लाखका हिसाबले २३ रोपनीको रु.८० करोड ९६ लाख नोक्सानी पर्न जाने अवस्था रहेकोले सो संरक्षणको लागि यथोचित कदम चाल्नु पर्दछ ।

२ काठमाडौं महानगरपालिका वडा नं. ६ को साविक सिट नं. १०२-१०२७-१४ को कित्ता नं. ४ सँग जोडिएको सरकारी जग्गा २ रोपनी ८ आना जग्गा अनाधिकृत रुपमा हडपी याङतारु सेकुवा कर्नरले नक्सा पास बेगर नै संरचना निर्माण गरी अतिक्रमण गरेको अवस्थामा महानगर नगरपालिकाले अतिक्रमण उपर कुनै कारवाही गरेको छैन । महानगरले सम्पत्ति कर प्रयोजनको लागि कायम गरेको न्यूनतम मूल्य रु.२२ लाखका दरले रु.८ करोड ८० लाख पर्ने सो जग्गा अतिक्रमण भई सार्वजनिक श्रोतको दुरुपयोग भएको देखिएकोले तुरुन्त कानूनी कारवाही गरी महानगरपालिकाले साधनको सदुपयोग गर्नुपर्दछ ।

१९१. **लागत र सिफारिस** - काठमाडौं महानगरले आफ्नो क्षेत्रभित्रका सार्वजनिक जग्गाको लगत अद्यावधिक गरी सम्बन्धित वडा कार्यालयलाई समेत अधिलेख राख्न लगाउन र वडा कार्यालयले समेत आफ्नो क्षेत्रभित्र पर्ने सार्वजनिक जग्गाहरुको उपयोगको स्थिती एवं सो.को लगत अद्यावधिक गर्नुपर्ने आवश्यक पहलकदमी गरेको पाइएन । यसरी सार्वजनिक जग्गाको संरक्षण र संबर्द्धन गर्ने कार्यको कमीका कारण वडा बाट प्रदान गरिने घरबाटो सिफारिसका क्रममा सार्वजनिक जग्गा समेत सिफारिस भए नभएको सम्बन्धमा आश्वश्त हुने आधार देखिदैन । सिफारिस गर्दाका बखत अभिलेखको अभावमा वडा कार्यालयले भिडान गरी सिफारिस समेत गर्ने गरेको नपाइएकोले सिफारिस गर्दा सार्वजनिक जग्गा अतिक्रमित नहुने किसिमले सिफारिस भएको छ भनि आश्वस्त हुने पर्याप्त आधार समेत देखिदैन । त्यसैगरी वडा कार्यालयबाट प्रदान गरिने सिफारिसहरुको लगत एवं अभिलेख समेत चुस्त, दुरुस्त रहेको नपाइएकोले लेखापरीक्षणको क्रममा आवश्यक विवरण एवं कागजातहरु भिडान गरी परिक्षण गर्न सक्ने आधार समेत देखिएन । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका अन्य

| | | | |
|---|---|---|---|
| | सिफारिसहरुको समेत समुचित तवरले लगत अद्यावधिक गरी राखेको पाइएन । | | |
| १९२. | **मनहरा जग्गा एकीकरण आयोजना** - जग्गा एकिकरण आयोजनाले ल्याण्ड पुलिङ प्रयोजनको लागि अधिग्रहण गरेको जग्गामध्ये २०२१ सालमा खोला रहेको जग्गा , साविक दिव्यश्वरी ७ ख हाल मध्यपुर ठिमी २ मा रहेको ४५ रोपनी जग्गा हाल मनहरा नदीले धार परिवर्तन गरेको कारणले विभिन्न व्यक्तिहरुले अनाधिकृत दर्ता कायम गरी स्वामित्वमा लिएको देखियो । हाल खोला हिडेको जग्गाको लालपुर्जा विभिन्न व्यक्तिसँग रहेको र साविकमा खोला रहेको जग्गा हाल अनाधिकृत रुपमा दर्ता गराई आवादी सिर्जना गरेकोले ल्याण्ड पुलिङ गरेको जग्गा मध्ये जग्गाधनीहरुलाई निश्चित प्रतिशत ल्याण्ड पुलिङ खर्च कट्टा गरी फिर्ता गर्नुपर्ने अवस्था छ । तसर्थ २०२१ सालको नक्सामा खोला रहेको जग्गा खोलाको धार परिवर्तन भएपछि अनाधिकृत व्यक्तिले दर्ता गराएकोले ल्याण्ड पुलिङ पछि ती व्यक्तीहरुलाई फिर्ता दिँदा महानगरले अतिरिक्त ४५ रोपनी जग्गा निजहरुलाई फिर्ता दिनुपर्ने अवस्था सिर्जना भएको छ । अनाधिकृत रुपमा खोलाको जग्गा व्यक्तिको नाममा नामसारी हुँदा ४५ रोपनीको सो क्षेत्रको जग्गा एकिकरण आयोजनाको मुल्याँकन प्रतिआना रु.४० लाखको दरले रु.२ अर्ब ८८ करोड बराबरको रकम जग्गा एकिकरण आयोजनालाई नोक्सानी पर्ने अवस्था रहेकोले थप छानबिन गरी अनाधिकृत जग्गा दर्ता गर्ने उपर कारबाही गरी सरकारी श्रोतको संरक्षण हुनुपर्दछ । | | |
| | त्यस्तै सोही आयोजना अन्तर्गत साविकको दिव्यश्वरी ६ क को ९ रोपनी जग्गा २०२१ सालको नापी अनुसार प्रति उल्लेख थियो । सो ९ रोपनी जग्गा अतिक्रमण गरी व्यक्तिको नाममा दर्ता रहेको बुझिन आयो । आयोजनाले ल्याण्ड पुलिङ गरी जग्गा फिर्ता गर्दा जग्गा धनि पुर्जाको आधारमा अतिक्रमित जग्गा समेतको विकाशित घडेरीको रुपमा फिर्ता दिनुपर्ने अवस्था देखिएको छ । जसले आयोजनाले कायम गरेको न्यूनतम मुल्याँकन प्रति आना रु.४० लाखका दरले रु.५७ करोड ६० लाख आयोजनालार्य नोक्सानी पर्ने अवस्था रहँदा थप छानबिन गरी २०२१ सालमा प्रति जग्गाको रुपमा रहेको जग्गा अनाधिकृत दर्ता गर्ने उपर छानबिन गरेर सरकारी श्रोत र साधनको संरक्षण गर्नुपर्ने देखियो । | | |
| १९३. | **साझेदारी इकाई** - महानगरभित्र निजी, सार्वजनिक, साझेदारी इकाई (PPP) नगर प्रमुख अर्न्तगत रहेको छ । नयाँ क्षेत्रमा के कस्ता योजना र लागत शेयर हुने, संभाव्य परियोजनाको बारेमा संभाव्यता अध्ययन गर्ने, Refreshment Centre, बागबगैंचा, खुला पार्किङ्ग स्थान, शौचालय आदिको व्यवस्थापनको लागि इकाईलाई सक्रिय र प्रभावकारी तुल्याउनु तत्सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको आम नगरबासीको गुनासोलाई ध्यानमा राखी प्रभावकारी कार्यान्वयनमा महानगरपालिका संवेदनशील हुनु जरुरी देखिन्छ । निजी, सार्वजनिक, साझेदारी सम्बन्धमा देखिएका व्यहोरा निम्न छन । | | |
| १९४. | **स्मार्ट पार्किङ** - पार्किङ सम्बन्धी नयाँ प्रविधि र प्रयोग गरेर स्मार्ट पार्किङ व्यवस्था गर्न दरबार मार्ग र न्यूरोड क्षेत्रमा नमूनाको रुपमा पेश भएका शर्तका आधारमा कानून बमोजिम गर्न प्रशासन, विभाग र सार्वजनिक निजी साझेदारी इकाइलाई कानून बमोजिम गर्न जिम्मेवारी दिने गरी परिषद्को २०७५।६।२६ को निर्णय भएको रहेछ । यी विभागले वील ट्ली योर्स र एड गुरु एडभटटाइजिङ प्रा.लि सँग निजहरुले पेश गरेको प्रस्ताव अनुसार सम्झौता गर्ने कार्य प्रमुख प्रशासकिय अधिकृत समक्ष फाइल पेश नगरी सिधै नगर प्रमुखको निर्णयबाट ०७५।१०।८ मा सम्झौता गरेको देखियो । यसबाट अधिकार प्राप्त अधिकारी बाट निर्णय नगराई अधिकार क्षेत्र बाहिर गई निर्णय भएको देखियो । यस सम्बन्धी थप व्यहोरा निम्न छन् । | | |
| १९४.१. | कार्यालयले तयार गरेको स्मार्ट पार्किङको रोयल्टी ५ वर्षको लागि ३० प्रतिशत र तत् पश्चात् ५० प्रतिशत लिने विकल्प अघि सारेकोमा कुनै विश्लेषण र प्रतिस्पर्धा वेगर आयको २० प्रतिशत मात्र रोयल्टी लिने गरी सम्झौता गरेको कारणले यस वर्ष ३० प्रतिशतले रु.३६९१५०० प्राप्त हुनुपर्नेमा अन्यथा व्यवस्था भइ ०७५।७६ मा रु | | |

| | | | |
|---|---|---|---|
| | २४६१६००मात्र प्राप्तभइ महानगरको आयमा कमि आएको  छ । | | |
| १९४.२. | पेश भएको सम्झौता अनुसार स्मार्ट पार्किङको कार्य नमूनाको रुपमा प्रयोग गर्न दिने उल्लेख छ । नमूनाको रुपमा प्रयोग गर्दा छोटो समयको लागि निश्चित स्थान दिएर सो को पुष्ठ पोषणको आधारमा प्रतिस्पर्धाको माध्यमले ट्राफिक अवस्था र जनजिवनलाई मध्य नगर अगाडी बढ्नु पर्नेमा एकैपटक ५ ठाउँमा ५ वर्षको लागि स्मार्ट पार्किङको काय दिएको देखिदा निर्णयमा पारदर्शिता र प्रतिस्पर्धा दुवै भएको छैन । | | |
| १९४.३. | पार्किङ सम्झौता गरेको दरबार मार्ग २५५ मिटर, खिचापोखरी २५५ मिटर,  पाको २३५ मिटर, प्युखा १३२३ मिटर, धर्मपथ १३५ मिटर रहेको छ । सो मा एकै समय ३० प्रतिशत व्यवसायीलाई छाड्दा ८९५ मोटरसाइकल र ८५ कार पार्किङ गर्ने सुविधा सम्झौताबाट देखिन्छ । व्यस्त शहर सडकको पार्किङ एरियाको मर्मत सम्भार र सरसफाइ स्मार्ट पार्किङको सम्झौता गर्ने व्यवसायीले गर्नुपर्नेमा सो क्षेत्रको मर्मत सम्भार एवं सरसफाइ कार्य महानगरले नै गरी प्रा.लि हरुलाई उन्मुक्ति दिएको देखियो । स्मार्ट पार्किङको लागि रहेको क्षमता ८९५ मोटरसाइकल को लागि प्रति मिटर १ उल्लेख गरेता पनि १ मीटरमा २ मोटरसाइकल  सो पनि दोहोरो लेयरमा पार्किङ गरेको र ८५ वटा कारको महानगरले निर्धारण गरेको रकम रु.२० र रु.३० का दरले दिनमा ६ घण्टा मात्र पार्किङ परिचालनको आधारमा लिँदा ६ महिनाको अवधिमा रु.२२०८६००० न्यूनतम राजस्व प्राप्त गर्नुपर्नेमा रु.१२३०५००० मात्र आय लेखाँकन गरेको सम्बन्धमा प्रविधिसँग आवद्ध गराई आयको यकिन गर्न छानविन गर्नुपर्दछ । | | |
| १९४.४. | पार्किङ सेवा शुल्क उठाएको रकम लगायतका गतिविधी महानगरले हेर्न पाउने गरी प्रविधिको विकास गरी महानगरसँग लिइ गर्नुपर्नेमा सम्झौताको दफा १६ मा व्यवस्था भएको लेखापरीक्षण अवधिमा त्यस्ता लिज जडान भएको देखिएन । यस्तो लिज हालसम्म जडान भएको भन्ने जानकारी नभएकोले आय तथा अन्य क्रियाकलापका सम्बन्धमा एकिन हुन सकिएन । | | |
| १९४.५. | सार्बजनिक खरिद ऐन २०६३ तथा नियमाबली २०६४ मा लिजिगं सम्बन्धी बिस्तृत ब्यबस्था छैन । यस सम्बन्धमा सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्देशिका जारी गरेको छैन । लिजको मुल्याङन गर्ने बिषय जटिल  रहेको र यसलाई ब्यबस्थित गर्न महानगरपालीकाले कार्यबिधि र निर्देशिका तयार गरेको समेत देखिदैन । यस परिस्थितिमा महानगरले भवन कम्प्लेकस लगायत जग्गा लिजमा दिने प्रकृया थालनी गरेको छ । कुनै कार्यबिधि र प्रस्ताब मुल्याङनका आधार निर्धारण नगरी लिजमा दिदाँ महानगरको हित संरक्षण एवं प्राप्त गर्न सकिने अधिकतम प्रतिफल प्राप्त भएको सुनिश्चित गर्न सक्ने अवस्था रहेन । | | |
| १९५. | **काठमाडौं भ्यू टावर** - काठमाडौं महानगर ११ स्थित पुरानो बसपार्कमा निर्माण हुने काठमाडौं भ्यू टावर निर्माण गर्न जलेश्वर स्वछन्द विल्डर्सलाई ०७१।११।२० मा महानगरको निर्णयले स्वीकृत दिएको छ । जम्मा ३० वर्षका लागि उक्त टेड लिजमा दिएको टावरको भुई क्षेत्रफल ११८९० व.मि रहेको र सो कार्यको लागि निर्माण व्यवसायीले २०१३ को जुनमा ३ वर्षको लागि कार्य सम्पादन सुरक्षण रु.१ करोड ८५ लाख पेश गरेकोमा सो को म्याद सकिएपछि नविकरण गरेको छैन । | | |
| १९५.१. | सम्झौताको ३.१३(२) अनुसार जग्गा लिज भाडा बापत प्रत्येक वर्ष रु.७० लाखको दरले २०७१ देखि ०७५ असाढ मसान्त सम्मको भाडा रकम रु.३५०००००० असुल गर्नुपर्नेमा रु ९८३३३३३ मात्र असुल गरेकोले छुट असुल गरेको नदेखिँदा वार्षिक १० प्रतिशत ब्याज सहित असुल गर्नुपर्ने रु. | २५१६६६६७ | |
| | सम्झौताको बुँदा ३.६ अनुसार ८० वर्ग मिटरमा नघट्ने गरी वडा नं. ३१ लाई कार्यालय प्रयोजनका लागि भवन उपलब्ध गराउनुपर्नेमा सो अनुसार भवन उपलब्ध नगराएको कारणले सो को बहाल लिजबाट असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।सम्झौताको दफा ४.१ क अनुसार लिजमा दिइएको सम्पत्तिको घर जग्गाको कर लिने दायित्व | | |

| | | | |
|---|---|---|---|
| | महानगरको उल्लेख गरिएको छ । व्यवसायिक प्रयोजनको लागि उपलब्ध गराएको संरचनाको सम्पत्ति कर लिने दायित्व व्यवसायीकै हुने विश्वव्यापी मान्यता र सर्वोच्च अदालतको २०७६।७।१४.को नजिर समेतको आधार रहेकोमा महानगरको श्रोत र सम्पत्तिमा हानी हुने गरी सम्झौता गर्नेलाई जिम्मेवार बनाई सो मा पुनरावलोकन हुनुपर्दछ । | | |
| १९५.२. | निर्माण व्यवसायीले निर्माण गरेको संरचनाको गुणस्तर र रेखदेखको लागि महानगरले एक इन्जिनियर र प्राविधिक टोली गठन गर्ने व्यवस्था भएता पनि सो को परिचालन हाल सम्म भएको छैन । जसको कारणले निर्माण कार्यमा भएको ढिलाई र गुणस्तर एकिन हुन सक्ने अवस्था छैन । सम्झौताको अनुसूची ३ अनुसार आयोजना कार्यान्वयन हुने मिति ५ वर्षको हुने उल्लेख छ । उक्त आयोजना सञ्चालन गर्ने सम्झौता ०७१।११।२० मा भएपछि निर्माण व्यवसायीले आयोजना कार्यान्वयन शुरु गर्नुपर्नेमा महानगरले ०७३ श्रावणमा मात्र कार्य आदेश दिएको छ । सम्झौता भै सके पछि तत्काल कार्य आदेश नदिएको कारणले २०७१।७२ र २०७२।७३ को वार्षिक प्रिमियम रकम तत्कालै महानगरलाई वार्षिक रु.९३३३००० का दरले रु.१९६६६६६६ न्यूनतम नोक्सानी परेको देखिएकोले यस सम्बन्धमा सम्बन्धीतलाई जिम्मेबार बनाउनुपर्ने रु --- | १९६६६६६६ | |
| १९५.३. | निर्माण व्यवसायीलाई समयमा निर्माण कार्यको कार्य आदेश नदिएको कारणले लिज अवधि १ वर्ष गठन गरी ३० औं वर्षमा भुक्तानी दिने रकम रु.३९०१४६६३ महानगरको आयमा कमी आउने अवस्था सिर्जित हुन गएको देखियो । | | |
| | सार्बजनिक खरिद ऐन २०६३ तथा नियमाबली २०६४ मा लिजिगं सम्बन्धी बिस्तृत ब्यबस्था छैन । यस सम्बन्धमा सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्देशिका जारी गरेको छैन । लिजको मुल्याङ्कन गर्ने बिषय जटिल रहेको र यसलाई ब्यबस्थित गर्न महानगरपालीकाले कार्यबिधि र निर्देशिका तयार गरेको समेत देखिदैन । यस परिस्थितिमा महानगरले भबन कम्प्लेकस लगायत जग्गा लिजमा दिने प्रकृया थालनी गरेको छ। कुनै कार्यबिधि र प्रस्ताब मुल्याङनका आधार निर्धारण नगरी लिजमा दिदाँ महानगरको हित संरक्षण एबं प्राप्त गर्न सकिने अधिकतम प्रतिफल प्राप्त भएको सुनिश्चित गर्न सक्ने अबस्था रहेन । | | |
| १९६. | **साविकको धरहराको संरक्षण र भौतिक पूर्वाधार** - काठमाडौं महानगर पालिका र साइड वर्कस प्रा.लि बिच २०६१।१।३१ मा भएको सम्झौता भएको थियो । सम्झौता अनुसार धरहरा क्षेत्रको व्यवस्थापन र शुल्क प्रा.लि ले उठाउने र महानगर लाई मासिक रु.६०००० दिने सम्झौतामा ०६८।१०।२२ मा सम्झौता मा पुनरावलोकन भई २०६८।१०।१ देखि रु.२५००००० का दरले वार्षिक रु.३० लाख बुझाउने सम्झौता भएको छ । सम्झौता भएकोमा भूकम्पले धरहरा भत्काएपछि ०७२ चैत्र देखि रोयल्टी रकम प्राप्त भएको छैन । धरहरा क्षेत्रमा पसल सञ्चालन भै रहेको अवस्था र उक्त प्रा.लि ले कुनै निर्माण कार्य नगरेको स्थिती मा ०७३ बैशाख देखि ०७६ अषाढ सम्मको रोयल्टी रकम असुल गर्नुपर्ने देखिन्छ । | | |
| १९७. | **आकाशे पुलको रोयल्टी** - काठमाडौं महानगर र इनोभेटिभ कन्टेन्ट नेपालबीच काठमाडौं महानगरमा ४ वटा आकाशे पुल निर्माण गरी सोको व्यवस्थामा उक्त कन्सेन्ट प्रा.लि ले गर्ने र सो कार्य गरे बापत महानगरलाइ बार्षिक रु.२२ लाख रोयल्टी बुझाउने गरी ०६७।५।१ मा सम्झौता भएको छ । आकाशे पुल निर्माण गरी नयाँ बसपार्कबाट उक्त प्रा.लि ले व्यवस्थापन एवं आय आर्जनको कार्य गरेको र कलकीको हकमा भत्काइ सकेको छ । तर प्रा.लि ले सम्झौताको कबोल अनुसार ०७५ आषाढ मसान्त सम्मको रु.१२२००००० शुल्क नबुझाएकोले छानबिन गरी सो रकम असुल गर्नुपर्ने रु. --- | १२२००००० | |
| १९८. | City Market काठमाडौं महानगरको पुरानो बसपार्क क्षेत्रमा रहेको पसल तथा सटर कबल रहेको भाडा भुक्तानीको व्यवस्थित अभिलेख राखेको छैन । उक्त क्षेत्रमा करिब १३८ वटा सटर भाडामा रहेकोमा पुरानो बसपार्क भ्यू टावर निर्माण गर्ने कार्यको | | |

| | | | |
|---|---|---|---|
| | सम्झौता ०७३ श्रावणमा कार्य आदेश पछि करिब ११२ सटर पसल सञ्चालनमा छन् । गतबर्ष सुरेन्द्र प्र. दाहालसंग १९,९०८,५१०।- लिन बाँकी देखाएकोमा यो बर्ष कुनै रकम असुल नभएको र ती सटरहरुको २०६५।६।६ देखि भाडामा पुनरावलोकन भएको छैन । ती पसलको भाडाका लागि २०७१।७२ मा बोलपत्र मार्फत सूचनाको प्रक्रया अगाडी बढाउने गरी फाइल पेश भएपनि सोलाई किनारा लगाएको देखिएन । हाल कुन सटर कुन निकायले प्रयोग गरेको छ भन्ने अभिलेख लेखा परीक्षणको लागि माग्दा पेश भएन । ०६५ देखि ०७३ श्रावणसम्मको सटर र ०७३ पछिको सटरको त्यस क्षेत्रमा रहेको चलन चल्तीको भाडा रकम औसतमा मासिक रु.१५ हजारले बार्षिक रु.२ करोड ४८ लाखका दरले ७ बर्षको रु.१७,३६,००,०००।- राजस्व प्राप्त हुनेमा रु.३,९६,९२,०००।- मात्र प्राप्त भएको छ। त्यस्तै आर्थिक वर्ष २०७३।७४ देखि २०७५।७६ को अवधिमा बाँकी रहेको ९७ वटा सटर तथा पसलको औसत रु.२५,०००।- का दरले हुने रकम रु.८,७३,००,०००।- प्राप्त हुनुपर्नेमा भरत सुदर्शन रेग्मी र निमिता प्रधानले रु.१,६५,६४,०००।- मात्र दाखिला गरेको देखिएकोले छुट भएको रु.७,०७,३६,०००।- का सम्बन्धमा छानबिन गरी सो रकम ब्याज सहित असुल गर्नुपर्ने रु. --- | ७०७३६०००.०० | |
| १९९. | **वडा कार्यालयहरुको आय-व्यय** - वडाहरुको यो वर्षको आय-व्यय स्थिति निम्नअनुसार छ : | | |

| वडा नं. | यो बर्षको निकासा | खर्च | बाँकी | लक्ष्यको तुलनामा राजस्व असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ३४,७३७,२५०.०० | २५,०९९,४१९.३४ | ९,६३७,८३०.६६ | ७४.१७ |
| २ | २५,१८५,६००.०० | २४,१२१,४७८.०१ | १,०६४,१२१.९९ | ५०.६७ |
| ३ | ३६,३५७,८५०.०० | ३५,९४८,६५९.७५ | ४०९,१९०.२५ | ७१.३५ |
| ४ | ३७,५८५,१००.०० | ३६,८४०,२२५.५१ | ७४४,८७४.४९ | ७१.७७ |
| ५ | २५,३६६,७५०.०० | २५,७९६,७४५.४४ | (४२९,९९५.४४) | ९९.६५ |
| ६ | ३५,६४३,५५०.०० | ३५,०२३,७१३.९१ | ६१९,८३६.०९ | १०१.३३ |
| ७ | ३६,८६२,१००.०० | ३५,९८२,९८२.९४ | ८७९,११७.०६ | ६६.८५ |
| ८ | २४,४६९,०५०.०० | १८,५३७,५०३.४१ | ५,९३१,५४६.५९ | ४०.९७ |
| ९ | ३५,९६६,९००.०० | ३३,९१७,६३०.८५ | २,०४९,२६९.१५ | ४०.५ |
| १० | ३,७५५,०४६.५० | ३३,१८३,१७७.०० | (२९,४२८,१३०.५०) | ७८.३२ |
| ११ | ३६,८५१,०५०.०० | ३६,७७०,०१९.१७ | ८१,०३०.८३ | १२३.०९ |
| १२ | २०,२६२,३००.०० | १९,५७४,४८६.१० | ६८७,८१३.९० | ९२.३५ |
| १३ | ३७,०४४,१००.०० | ३२,६५१,१२०.२७ | ४,३९२,९७९.७३ | ५१.४७ |
| १४ | ४७,७७८,२९२.०० | ४६,६१०,२२७.०१ | १,१६८,०६४.९९ | ६२.७१ |
| १५ | ३९,६७०,५६२.०० | ४३,०९९,३१२.०० | (३,४२८,७५०.००) | ५९.७२ |
| १६ | ३७,१९९,१००.०० | ३४,६८७,२५३.३९ | २,५११,८४६.६१ | ७७.९५ |
| १७ | २६,१४१,४८५.०० | २२,०७१,५६५.३० | ४,०६९,९१९.७० | ४९.३ |
| १८ | २०,८००,२००.०० | २०,२९२,१२८.७९ | ५०८,०७१.२१ | ४७.६८ |
| १९ | १९,९०३,५४८.६९ | २०,६८१,३७१.८६ | (७७७,८२३.१७) | ६६.६ |
| २० | २०,२१०,८५४.९५ | १९,९३१,४६१.८३ | २७९,३९३.१२ | ३५.७७ |
| २१ | २०,१०७,४५०.०० | १,९९२,८४५.५२ | १८,११४,६०४.४८ | ९४.८४ |
| २२ | २६,६२३,७५०.०० | २५,७२१,४६२.७४ | ९०२,२८७.२६ | ६४.१५ |
| २३ | २०,६९४,९५०.०० | १७,१२४,९२५.३९ | ३,५७०,०२४.६१ | ४३.७८ |
| २४ | २६,६२२,४००.०० | २५,८३१,८७६.६१ | ७९०,५२३.३९ | ४४.६८ |
| २५ | २७,४१७,०२०.१५ | २८,८६९,६९४.५० | (१,४५२,६७४.३५) | ५१.७२ |
| २६ | ३५,३२०,४५०.०० | ३५,०६३,३५९.२२ | २५७,०९०.७८ | ५२.२८ |
| २७ | २२,८४८,९०२.१८ | १८,६५२,७३९.२३ | ४,१९६,१६२.९५ | ८८.०१ |
| २८ | २४,६८८,०००.०० | २३,३७०,४४६.१७ | १,३१७,५५३.८३ | १०४.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २९ | २५,२१५,१००.०० | २४,८१५,८३४.४४ | ३९९,२६५.५६ | ६१.६५ | |
| | ३० | २६,७४१,०५०.०० | २४,७५८,३८९.०० | १,९८२,६६१.०० | ६७.६१ | |
| | ३१ | ३६,२७०,२००.०० | ३५,८०५,०३२.८५ | ४६५,१६७.१५ | ६०.३७ | |
| | ३२ | ४६,३५२,८०७.७२ | ४३,८८८,८५३.८३ | २,४६३,९५३.८९ | ७९.०२ | |
| | **जम्मा:** | **९४०,६९२,७६९.१९** | **९०६,७१५,९४१.३८** | **३३,९७६,८२७.८१** | **६८.६१** | |

२००. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । देहायको वडा कार्यालयहरुले पुर्वाधार तथा विकास निर्माण तर्फको रु.७०,५४,४८,७०३।- रकम बापतको निमार्ण कार्य गराउँदा बोलपत्र एवं शिलबन्दी दरभाउपत्रबाट नगराई सोझै खरिद विधिबाट गरेको पाइयो । वडा नं.१८ र वडा नं २८ मा कुनै एक निर्माण कार्य शिलबन्दी दरभाउपत्रबाट निर्माण कार्य गराउँदा क्रमशः २५ र ३३ प्रतिशत कम मुल्यमा दरभाउपत्र स्वीकृत भएको छ । उक्त वडा कार्यालयहरुको औसत प्रतिशत (२९ प्रतिशत) लाई आधार लिई गणना गर्दा जम्मा रु.२०,४५,८०,१२४/- रकम मितव्ययी हुन सक्ने अवस्था रहेकोमा कार्यालयहरुबाट प्रतिस्पर्धा सीमित हुने गरी सोझै खरिद गर्दा व्ययभार परेको रु. --- २०४५८०१२४.००

| वडा नं. | कामको विवरण | सोझै खरिद रकम रु. | वडा नं. | कामको विवरण | सोझै खरिद रकम रु. |
|---|---|---|---|---|---|
| १ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २३७५७९८१ | १८ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १४७७२४३७.५ |
| २ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १९७६०५३१ | १९ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १६८२६२५० |
| ३ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २८७११४४९ | २० | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १५९७८२५४ |
| ४ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९२२३७०९ | २१ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १४११९८३३ |
| ५ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २१६०४४६८ | २२ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १८७१९४२४ |
| ६ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २५०५८३३६ | २३ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १४२९२८८५ |
| ७ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९९९६१२४ | २४ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १८७०५६०७ |
| ८ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | ० | २५ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १८८७८२०१ |
| ९ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९९८४१४८ | २६ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९९८७३४७ |
| १० | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २८६११३६८ | २७ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | ११५०१९७५ |
| ११ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९९६९८३३ | २८ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १६२८७२१९ |
| १२ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १४५९८५३७ | २९ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १७९९१३८७ |
| १३ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २६५७१७८६ | ३० | पुर्वाधार  निर्माण तथा खरिद कार्य | १९९४८५५५ |
| १४ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २८२८८७४४ | ३१ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९९७६२१९ |
| १५ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | ३४४२६५५७ | ३२ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २९१६७१४५ |
| १६ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २७२७६२०५ | | जम्मा | २८७१५२७३८.५ |
| १७ | पुर्वाधार  निर्माण तथा खरिद कार्य | २०४५६१८९ | | | |
| | | | | | |

२०१. **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ले तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सो अनुसार नगरेको, एउटै नागरिकता नंबर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, एकै लाभग्राहीलाई २ परिचय पत्रबाट रकम भुक्तानी गरी दोहोरो खर्च लेखेको, मृत्यू भैसकेका लाभग्राहीको लगत कट्टा नगरी रकम खर्च लेखिरहेको उदाहारणहरु लेखापरीक्षणबाट देखिएका छन ।

<table>
<tr><td>२०१.१.</td><td>महानगर वडानं ५ ले ना.प्र.नं ६७३९ भएका मोहन बहादुर थपलिया लाई २ प्रमाण पत्र २,०००,०३१,३००,१०४ र २,०००,०३१,३०१,८८८ जारी गरेको छ । निजको २०७५।८।२१ मा मत्यू भैसकेको लाभग्राहीको लगत कट्टा नगरी दुबै आइ डि सकृय रहेको र २०७६ कार्तिकसम्मको भत्ता रकम रु ३६११७ खर्च लेखिरहेको ले सो रकम असुल गर्नुपर्ने रु. -</td><td>३६११७.००</td><td></td></tr>
<tr><td>२०१.२.</td><td>सोही वडा नं.५ ले ना.प्र.नं. १६८१ भएका बेधनिधि पोखरेललाई २ प्रमाण पत्र १,९८७,१२३,००२,४०१ र १,९८७,१२३,०६१,२७४ जारी गरेको छ । निजको एक लगत लाभग्राहीको लगतबाट कट्टा नगरी दुबै आई.डि.सकृय रहेको र २०७६ कार्तिकसम्मको भत्ता रकम रु.२४,०००।- को दरले खर्च लेखिरहेकोले सो रकम असुल गर्नुपर्ने रु. --</td><td>२४०००.००</td><td></td></tr>
<tr><td>२०१.३.</td><td>महानगर वडानं ७ कार्यालयले सामाजिक सुरक्षा तर्फ यस वर्ष जम्मा रु.२८५७१३३२ बैंक मार्फत वितरण गरेको पाइयो । कार्यालयले प्रथम चौमासिक निकासा बापत रु.९०००००० र ४०० जनाको लागि नपुग रकम रु.३६३१२३०/- माग गरी कुल १२६१ जनाको भपाई तयार गरी प्रथम चौमासिक निकासा बापत कुल जम्मा रु.१२६३१२३० बैंकमा पठाएको देखियो । भत्ताको भपाई परिक्षण गर्दा १२६१ जना मध्ये ३४९ जनाको बैंक खाता नम्बर रहेको पाइएन । त्यसैगरी कार्यालयले दोस्रो चौमासिक निकासा बापत रु.८५०००००/- निकासा प्राप्त गरी बैंकमा पठाएको र बैंकबाट वर्षको अन्त्यमा रु.१०५९८९८ कार्यालयलाई फिर्ता प्राप्त भएको देखिन्छ । कार्यालयले खाता नभएका व्यक्तिहरुको रकम समेत गणणा गरी थप रकम निकासा माग गर्नुको आधार स्पष्ट देखिदैन । त्यसैगरी मिति २०७५/७/१३ मा थप रकम रु.३६३१२३० बैंकमा पठाएको र वर्षको अन्त्यमा बैंकबाट रु.१०५९८९८/- प्राप्त गरेकोमा ८ महिना भन्दा बढी समयसम्म उक्त रकम सम्बन्धित बैंकले परिचालन गरेको अवस्थामा कार्यालयलाइ ब्याज आम्दानी समेत भएको नदेखिएकोले बैंकलाई फाइदा पुग्ने गरी रकम बढी निकासा उपलब्ध गराउने कार्यको साथै खाता नम्बर विहिन व्यक्तिहरुको लगतको सम्बन्धमा समेत थप छानबिन गरी यकिन गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>२०१.४.</td><td>वडा नं १४ कार्यालयले सामाजिक सुरक्षा भत्ता अन्तर्गत एकल महिलातर्फ देहायमा उल्लेख भए बमोजिम एकै व्यक्तिको नाममा रा.बा. बैंकको चितवन कलंकी शाखामा रहेको दुइवटा खातामा रकम जम्मा गरी बढी भुक्तानी दिएको देखिएकोले अन्यको हकमा समेत थप छानबिन गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>व्यक्तिको नाम</th><th>नागरिकता प्र.नं.</th><th>बैंक खाता नं.</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५५०</td><td>मिठु अधिकारी</td><td>१३४०६</td><td>१७५००००००८६१५</td><td>१२०००</td></tr>
<tr><td>६३३</td><td>मिठु अधिकारी</td><td>२७/१३४०६</td><td>१७५००००१६०१५</td><td>१२०००</td></tr>
</table></td><td>१२०००.००</td><td></td></tr>
<tr><td>२०२.</td><td>गत बिगतको अनुगमन - गत वर्ष लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको व्यहोरा उपर कारबाही तथा सुधार भएको देखिन नआएकोले यस सम्बन्धमा केन्द्रिय कार्यालयले अनुगमन गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>२०३.</td><td>दायित्व सृजना - दायित्व सृजना गर्दा आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची-१८ मा उल्लेख भए अनुसारको विवरण भरी एव प्रमाणीत गरी राख्नुपर्ने हुन्छ । तर वडा कार्यालयहरुले नियमानुसार दायित्व सृजना एवं सो सँग सम्बन्धित १८ नं. प्रमाणित गरी राखेको पाइएन । लेखापरीक्षणको क्रममा देखिन आए सम्मको दायित्व सृजना सम्बन्धी कारोबार सम्बन्धित कार्यालयहरुको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरीएको छ । यस सन्दर्भमा सबै कार्यालयहरुको दायित्व सृजना सम्बन्धी कारोबार यकिनार्थ काठमाडौं महानगरपालिका केन्द्रिय कार्यालयलाई दायित्व सृजना सम्बन्धी कारोबार उपलब्ध गराउन पत्र लेखेकोमा सो को विवरण प्राप्त हुन नआएकोले केन्द्रिय कार्यालयबाट नै सबै वडा कार्यालयहरुको दायित्व सृजना सम्बन्धी कारोबारको अनुगमन तथा नियमन हुनुपर्ने देखिएको छ ।</td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २०४. | स्थानीय निकाय सञ्चालन ऐन, २०७४ बमोजिम प्रत्येक वडा कार्यालयले आगामी वर्ष सञ्चालन गरिने कार्यक्रम र सोको लागि लाग्ने अनुमानित बजेट वडावासीको सहभागिता सहितको भेला गराई वडा समितिबाट पारित गराई स्वीकृतिको लागि केन्द्रिय कार्यालय पठाउनु पर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा अधिकांश वडा कार्यालयहरुले नियम अनुरुप कार्यक्रम तथा बजेट पारित गरेको देखिन नआएको सम्बन्धमा केन्द्रीय कार्यालयले अभिलेखांकन गरि सोको अनुगमन गरेको देखिएन । | | |
| २०५. | **वार्षिक खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुरुप सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आथिंक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था भएकोमा सबै बडा कार्यालयले सो अनुरुप वार्षिक खरिद योजना तयार गरेको पाइएन । कार्यालयले नियमानुसार वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नुपर्ने देखिन्छ । | | |
| २०६. | **दर विश्लेषण** - काठमाण्डौ महानगरपालिका वित्त विभागबाट २०७५।४।२० मा खर्चको अख्तियारी पठाएको देखिन्छ भने अर्कोतर्फ महानगरपालिकाबाट दर विश्लेषण २०७६।१।१६ मा प्राप्त भएको देखियो । सबै वडा कार्यालयहरुमा समयमा दर विश्लेषण प्राप्त नभएको कारण गत वर्षको दर विश्लेषणबाट लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न गरेको छ । गत वर्षको दर विश्लेषण प्रयोग गरी लागत अनुमान तयार गरी निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएकोले प्रथम चौमासिक निकासासंगै अद्यावधिक दर विश्लेषण उपलब्ध गराउनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । साथै लागत अनुमान तयार गर्दा कुन आ.व.को दर विश्लेषण प्रयोग गरेको हो सो खुलाई दर विश्लेषण संलग्न नगरेकोले लागत अनुमान यकिन गर्न सकिएन । कार्यसम्पन्न प्रतिवेदन तयार भएपछि खुद काम र लागत अनुमानमा सारभुत रुपमा फरक आएको अवस्थामा कारण खुलाई संशोधित लागत अनुमान तयार गरेको देखिएन । यस सन्दर्भमा लागत अनुमानमा अनिवार्य रुपमा चेनेज खुलाउनु पर्नेमा सो नखुलाएको कारण काम भएको स्थान पहिचान गर्न कठिन हुने अवस्था देखिएकोले यस सम्बन्धमा केन्द्रिय कार्यालयबाट शीघ्र अनुगमन गर्नुपर्ने देखिन्छ । | | |
| २०७. | वडा कार्यालयहरुले पुरानो संरचना भत्काई पुनः निर्माण कार्य गर्दा विस्तृत सर्वेक्षण गरी निर्माण कार्य अगाडि बढाउनु पर्नेमा सोझै लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न गरेको पाइयो । विस्तृत सर्वेक्षण नभएको कारण मौजुदा स्थलको अवस्था मर्मत गर्नु पर्ने क्षेत्रफल, मर्मत गर्नुपर्ने स्थलमा प्रयोग भएको सामग्रीको पुनःप्रयोगको स्थिति बारे प्राविधिक प्रतिवेदन तयार नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको कारण मौजुदा सामग्री के कति मात्रामा पुनः प्रयोग भयो वा भएन भनी यकिन गर्न सक्ने अवस्था देखिएन । | | |
| २०८. | **बजेट तथा कार्यक्रम सम्बन्धमा** - काठमाण्डौ महानगरपालिका केन्द्रीय कार्यालयबाट वडा कार्यालयहरुलाई पुर्वाधार निर्माण, कौशीखेती, महिला सचेतना, शीपमूलक तालिम जस्ता कार्यक्रमहरु संचालनको लागी वडाको वर्गीकरण अनुसार बजेट विनियोजन गरी चौमासिक निकासा दिने गरेको देखियो । निकासा प्रदान गर्दा सोसंग सम्बन्धित कार्यक्रम खर्च गर्ने निर्देशिका तथा कार्यविधि उपलब्ध गराएको पाइएन । बजेटरी प्रणाली अनुसार कार्यक्रम निर्देशिका तथा कार्यविधि निकासासंगै पठाउनु पर्ने हुन्छ । निकासा मात्र प्राप्त गरेको तर खर्च गर्ने कार्यक्रम निर्देशिका तथा कार्यविधि लगायत लिखित निर्देशन प्राप्त नभएको अवस्थामा वडा कार्यालयहरुले वडा समितिको निर्णय गराई एवं नगराइ आफुखुसी कार्यक्रम संचालन गरेको देखिन आएको छ ।<br><br>कौशिखेतीको हकमा सवै वडाहरुमा एक संस्थाले मात्र कार्यक्रम संचालन गरेको देखिन्छ । सम्पन्न कार्यक्रम मध्ये पूर्वाधार निर्माण कार्यको उपलब्धि, प्रभावकारिता सम्बन्धमा पनि कुनै अनुगमन प्रणाली तयार गरेको देखिएन । अतः बजेटरी प्रणाली अनुरुप संचालित हुने कार्यक्रम तथा पूर्वाधार निर्माणको सम्बन्धमा बजेट निकासा गर्ने | | |

कार्यालयबाट सम्पन्न योजनाहरुको स्थलगत निरीक्षण गरी सम्पन्न कार्य र सो कार्यको गुणस्तरको सुनिश्चितताको लागी संयन्त्र बनाउन आवश्यक देखिएको छ भने अर्कोतर्फ माथि उल्लेखित कार्यक्रमहरुको मुल्यांकन गरी कार्यक्रमलाई निरन्तरता दिने वा परिमार्जन गर्ने सम्बन्धमा केद्रीय कार्यालयबाट अविलम्ब पहल गर्नुपर्ने देखिन्छ ।

२०९. **पूर्वाधार विकास निर्माण** - पूर्वाधार विकास निर्माण शीर्षकमा ठुला वडालाई बार्षिक रु.३ करोड र साना बजेट वडालाई बार्षिक रु.२ करोड बिनियोजन गरी निकासा भएकोमा देहायअनुसार खर्च भएको छ । विकास निर्माण कार्य विश्लेषण गर्दा रु.५ लाखदेखि माथिका २७ र रु.७ लाखभन्दा कमका ३ गरी कुल ३० योजना तथा कार्यक्रम सञ्चालन भएको देखिएको छ । केही योजनाहरुमा निम्न अनेसार स्थिति देखिएको छ ।

| वडा नं | रु ५ लाख भन्दा बढीका योजना | रु ५ लाख भन्दा कमका योजना | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २७ | ३ | २,३७,५७,९८१। | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २ | २१ | २ | .१,९७,६०,५३१।- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ३ | २९ | ६१ | २,८७,११,४४९।८५ | जनश्रमदानको लागि रु.७८९००० लागत सहभागिता लिएको |
| ४ | २९ | २४ | २९०,४८,०८४।- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ५ | २९ | २ | २,१६,०४,४६८। | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ६ | २८ | १ | २,५०,५८,३३६।- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ७ | २८ | १२ | २,९९,९६,१२४।९५ | सरोकारवालासंग रु.१५,३१,८२१।- लिएको |
| ८ | | | नखुलेको | |
| ९ | ३३ | ३ | २,९९,८४,१४८।- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| १० | २६ | २३ | २,८६,११,३६८।- | जनश्रमदानको लागि लागत सहभागिता नलिएका |
| ११ | २५ | २१ | २९९६९८३३ | लाभग्राहीसँग रु.८८७०२५/- बापत प्राप्त |
| १२ | १३ | १६ | १४५९८५३७ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| १३ | २१ | १२ | २६५७१७८६ | सरोकारवालासंग रु.४१२८६३। लिएको |
| १४ | २७ | १४ | २८२८८७४४ | सहभागिता स्वरुप रु.९५२४८४ लिएको |
| १५ | ३० | १३ | ३,४४,२६,५५७८४ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| १६ | २९ | १३ | २,७२,७६,२०५। | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| १७ | २० | २३ | २,०४,५६,१८९।६० | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| १८ | १४ | ९ | १५८५६६५०/- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| १९ | १६ | ५ | १६८२९२५०/ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २० | २२ | १ | १,५९,७८,२५४।६७ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २१ | १३ | ५ | १,४१,१९,८३३। | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २२ | १७ | ९ | १,९८,२८,५४२।७४ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २३ | १६ | १५ | १,४२,९२,८८५।- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २४ | १८ | ५ | १,८७,०५,६०७।४२ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २५ | २० | ३ | .१,८८,७८,२०१।७६ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २६ | २८ | १९ | २,९९,८७,३४७। | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २७ | १७ | २ | १,१५,०१,९७५ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २८ | १७ | ८ | १,९२,७१,३०८। | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| २९ | २० | २ | १७९९१३८७/- | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ३० | १७ | १४ | १९९४८५५५/ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ३१ | ३१ | १२ | २९९७६२१९ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| ३२ | ३५ | १० | २९१६७१४५ | जनश्रमदानको लागि लागत सहभागिता नलिएको |
| | | जम्मा: | | |

केही योजनाहरुमा प्रत्यक्ष लाभग्राही वासिन्दाहरुसंग जनसहभागिता भनी सरोकारवालासंग केही रकम लिएपनि यस्को मापदण्ड बनाएको छैन । वडा कार्यालयको क्षेत्रभित्र निर्माण कार्यबाट सुविधा लिएका लाभग्राहीसंग लिने सहभागिता शुल्कमा निश्चित मापदण्ड तयार गरी शुल्क लिई निर्माण सम्पन्न गराई निर्मीत संरचनाकोको स्वामित्व एबं अपनत्व ग्रहण गराउन सम्बन्धित निकायहरुले समेत ध्यान दिनुपर्ने देखिएको छ ।

२१०. **सेवा प्रवाह** - स्थानीय तहका जनतालाई छिटो छरितो सेवा, सुविधा उपलब्ध गराउन कार्यालयले आवश्यक ब्यवस्था मिलाउनु पर्दछ । कार्यालयले पुर्याउनु पर्ने आधारभुत सेवा, सुविधाका सम्बन्धमा स्पष्ट रुपमा देखिने गरि नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था

| | | | |
|---|---|---|---|
| | समेत रहेको छ । यसरी जनताको नजिक रहि प्रभावकारी रुपमा जनताको सेवामा रहनु पर्ने वडा कार्यालयहरुले नागरिक बडापत्र राखेको पाइएन । साथै सेवा, सुविधाको बारेमा जानकारी दिने पुस्तिका, सोधपुछ कक्ष, कार्यभार बमोजिमको जनशक्ति समेतको व्यवस्था गरेको नपाइएकोले वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाह प्रभावकारी रहेको कुरामा आश्वस्त रहने आधार देखिएन । | | |
| २११. | **अभिलेख व्यवस्थापन** - वडा कार्यालयले प्रदान गर्ने सेवा, सेवा प्रदानको निमित्त गरिएका खर्च र कानून बमोजिम उठाएको राजस्वको अभिलेख प्रचलित कानून बमोजिम चुस्त दुरुस्त राख्नु पर्दछ । सबै वडा कार्यालयले आफुले सेवा प्रदान गरेका सेवा र करको दायरामा समेटीनु पर्ने व्यक्ति, संस्था तथा व्यवसायको अभिलेख चुस्त दुरुस्त नराखेको कारण के कती राजस्व उठ्नु पर्ने हो सोको यकिन गर्न सक्ने अवस्था देखिएन । त्यसैगरी खर्च तथा राजस्वको लेखा राख्ने सम्बन्धमा समेत तयार गर्नु पर्ने आर्थिक विवरण एवं पेश्की सम्बन्धी विवरण लगायतका आवश्यक विवरणहरु तयार पारेको देखिएन । तसर्थ वडा कार्यालयहरुले तोकिएको ढांचामा खर्च तथा राजस्वको लेखा राख्ने, सेवाग्राहीको लगत राख्ने कार्यलाई तदारुकतासाथ कार्यान्वयन गर्ने तर्फ सम्बन्धित सबैको ध्यान जान जरुरी देखिन्छ । | | |
| २१२. | **मर्मत कार्य** - वडा कार्यालयहरुले पुरानो संरचना भत्काई पुनः निर्माण कार्य गर्दा विस्तुत सर्वेक्षण गरी निर्माण कार्य अगाडि नबढाई सोझै लागत अनुमान तयार गरी कार्य गरेको पाइयो । विस्तृत सर्वेक्षण नभएको कारण मौजुदा स्थलको अवस्था, मर्मत गर्नुपर्ने क्षेत्रफल, मर्मत स्थलमा प्रयोग भएका सामग्रीको पुनःप्रयोजनको स्थिति बारे प्राविधिक प्रतिवेदन तयार नभई कार्य सम्पन्न गरेको कारण मौजुदा सामग्री के कति पुनः प्रयोग भयो भन्ने बारेमा उल्लेख गर्न सक्ने स्थिति रहेन । यस सम्बन्धमा तालुक कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । | | |
| | **राजस्वतर्फ** | | |
| २१३. | **राजस्वको अनुमान र प्राप्ती :-** महानगरपालिकाले आर्थिक बर्ष २०७५।७६ मा देहायका राजस्व शिर्षकमा देहाय अनुसारको आय प्राप्त गर्ने अनुमान गरेकोमा देहाय वमोजिमका वास्तविक आय गरेको देखिन्छ । अनुमान गरेको आयको ०.३४ प्रतिशत देखि २२० प्रतिशतसम्म वास्तविक आय भएको पाईएकोले राजस्व आयको प्रक्षेपण वस्तुपरक, तथ्याङ्कमा आधारित नभई आयको अनुमान गरेको देखिन्छ । राजस्व लगत र आयलाई प्रक्षेपणमुखी एवं दायरामुखी बनाउन नसकेको कारण प्रक्षेपित आयको ५२ प्रतिशत मात्र वास्तविक आय भएको देखिन्छ । राजस्व प्राप्तीको अनुगमन गरी तथ्याङ्क, लगत अद्यावधिक एवम् व्यवस्थित गराई राजस्व अनुमान र प्राप्तीबीच समन्वय ल्याउन तत्काल कार्ययोजना समेत बनाउनुपर्ने देखिएको छ । | | |

| राजस्व श्रोत | गतबर्ष वास्तविक आय | बार्षिक अनमान | यो बर्ष वास्तविक आय | खर्च प्रतिशत |
|---|---|---|---|---|
| मालपोत | १,१०,३०,०८९ | ५०००००० | १६३४३०७७ | |
| घरजग्गा कर | ५७,५९,७८,२७६ | १०००००००० | ६८६०२५५१९ | |
| घरबहाल कर | ५६,३५,०८,२७५ | २०००००००० | १३३७७१२६९९ | |
| सवारीकर | ३१,०९,७६५ | १०१००००० | ३१३१८४ | |
| म्नोरन्जन कर | ० | १०००००० | १९३६१७२ | |
| भिडियो कर | ० | ५००००० | ० | |
| विज्ञापन कर | १०,९४,८६,०७९ | १५०००००० | १०२६२२२२९ | |
| ब्यवसाय कर | १०,०५,९३,२४६ | ५००००००० | ३४५१७६६३६ | |
| केबल अपरेटर | ० | ५००००० | ० | |
| बसपार्क प्रवेश शूल्क | ४०,४०,८६० | ४०००००० | २३९८४७० | |
| सम्पक्ति मूल्यांकन | ६,३८,३४० | ५००००० | ४६५२०९ | |
| नक्सा पास | ३१,९५,७७,३७८ | ५५०००००० | १७६१७९०४०६ | |
| सौचालय | ० | ० | ७९९५० | |

| | | | | |
|---|---|---|---|---|
| डिजाइनर शूल्क | ७,९४,००० | १०००००० | १३१३१०० | |
| सूचिकरण शूल्क | २४,४५,००० | २५००००० | ४१२७००० | |
| अकूपन्चर शूल्क | ३७,८०० | ५०००० | ५८२५ | |
| शूल्क पार्किंग | ० | २००००० | ० | |
| बालाजू बाइसधारा शूल्क | ७८,१९,५०९ | १५०००००० | ६८६०१४६ | |
| प्रकोप व्यवस्थापन शूल्क | १,००,६२,२१२ | १०००००००० | १२३६१९१० | |
| पार्क प्रबेश शूल्क | १,२७,२६,५२० | १२५००००० | ११४१७३५० | |
| सब वे | ५४,४०१ | ३००००० | ० | |
| औजार उपकरण भाडा | ३६,४०० | ५०००० | ४३००० | |
| अन्य बहाल | १३,१८,४२० | १५००००० | १०६००१० | |
| हलभाडा | १,२३,९१,००० | २००००००० | १०२२७९८५ | |
| मेट्रो एफ एम कार्यक्रम | ८,५०० | ५०००० | ३२६६ | |
| बिज्ञापन | ० | २५००० | ३२६६ | |
| बैंकबाट ब्याज | ३,०२,११,५४४ | २५०००००० | ९४७९६८६४ | |
| निवेदन दस्तूर | १,७३,०८० | १००००० | २१९२८७१ | |
| दर्ता दस्तूर | ३,७०० | १०००० | ६८५० | |
| टेन्डर र अन्य फारम | ३४,६३,६०० | २५००००० | ४६५६००० | |
| नक्सा फारम | ३३,७९,००० | ३०००००० | ३०८५२२७ | |
| सिफारिस दस्तूर | ८,७७,३८,२८९ | १०२२५०००० | ८७१५३४३६ | |
| अन्य शूल्कर दस्तूर | ९३,१२,१३५ | १५०००००० | २४७२०६६७ | |
| अन्य शूल्क | ० | ० | ४७७०३३४ | |
| पर्यटन शूल्क दस्तुर | १७,३५,८८,३७४ | २८००००००० | १८७२२५४५० | |
| डिस्पोजल दस्तूर वातावरणिय अन्य | १,६१,७२,९५० | १५०००००० | १७६०४५५० | |
| अन्यसेवाबाट आय | ० | १०००००० | ४८६१७९६ | |
| कम्पोष्ट बिक्रि विन तथा मल | १३,५६,६०० | २५००००० | ५५४९६९६ | |
| अदालती दस्तूर | ४०,४२५ | २५००० | ९२४७५ | |
| अन्य जरिवाना | १,३८,१८,९६६ | १२५००००० | १६२४२११३ | |
| जफत | ० | १०००००० | १३५४१७ | |
| नक्सा नियमित र जरिवाना | ४९,८७,९५० | ५०००००० | ५८६५७२७ | |
| राजस्व बांडफांड | १२,२१,६८,४९४ | ३०००००००० | १२६९७३२८३२ | |
| नेपाल सरकारबाट अन्य अनूदान | ३,०२,७५,८४,८२० | ५६५५२००००० | ३५३२७२१८७७ | |
| उपभोक्ता समूह जनसहभागिता | ३,६९,८५,०३८ | ३०००००००० | ३४२५४२६६ | |
| करार आय स:शुल्क पार्किंग | १,७१,८४६ | ५०००००० | ० | |
| करार आय नयांबूपार्क टर्मिनल ( लोत्से बहूउद्देशिय प्रा.लि) | १,९९,५९,७०८ | ११०००००० | ७१०५१८२ | |
| अन्य करार आय (सिटी मार्केट) | १,१२,०७,४९२ | १०००००००० | ८८८१९९८ | |
| अन्य करार आय धरहरा (साइड वार्कस प्रा.लि) | २०,००,००० | ० | ० | |
| अन्य करार आय आकाशेपूल ( इनोभेटिभ प्रा.लिं | १०,००,००० | २५००००० | ० | |
| ह्याम्रो काठमाडौ | ० | ५५१००० | ० | |
| अन्य करार आय (शहरी सेवा केन्द्र खूलामञ्च) | २६,६५,००० | २६६५००० | २७३१६०० | |
| अन्य करार आय (विर अ रत्नपार्क शौचालय) | १३,३८,६५० | १३४०००० | १३७२१०० | |
| अन्य करार आय (शहरी सेवाकेन्द्र रत्नपार्क) | ४८,१७,५०० | ४८२०००० | ३०००००० | |
| पूरानो बसपार्क टर्मिनल | ० | १०००००००० | २६०१९३३३ | |
| अन्य करार आय (त्रिपूरेश्वर ट्रलीबस काउन्टर) | ४,९०,२३६ | ४३६००० | ३७६१११ | |
| अन्य करार आय (शहरी सेवाकेन्द्र कोटेश्वर) | २,२०,००० | २००००० | १३२००० | |
| खर्च फिर्ता | ११०८८४७ | ५००००० | १३१२५५१ | |
| **जम्मा:** | **५६१४३९६२१०** | **१३०२१२३७०००** | **९६४३९५९८१०** | |

**वडागत राजस्व असुलीको अवस्था**

२१४. महानगरका वडाहरुलाई राजस्व संकलनको लक्ष्य रु.३,६६,५३,१५,०००। तोकिएकोमा रु.२,५१,४८,९६,४३९। अर्थात ६८.६१ प्रतिशत असुल भएको छ ।

| वडा नं. | आ. ब. २०७५।०७६ को वडागत राजस्व लक्ष्य | | | वडा नं. | आ. ब. २०७५।०७६ को वडागत राजस्व लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | असुली प्रगति | अनुपात (प्रतिशत) | | वार्षिक लक्ष्य | असुली प्रगती | अनुपात (प्रतिशत) |
| १ | २२२,२३७,५०० | १६४,८३७,४१० | ७४.१७ | १७ | ५५,७८०,००० | २७,५०१,९६० | ४९.३० |
| २ | ११४,०००,००० | ५७,७६२,८११ | ५०.६७ | १८ | २१,०३७,५०० | १०,०३०,३५८ | ४७.६८ |
| ३ | १५७,७६२,५०० | ११२,५७०,०३३ | ७१.३५ | १९ | ७,१७५,००० | ४,७७८,७३७ | ६६.६० |
| ४ | २०८,०००,००० | १४९,२७३,७७० | ७१.७७ | २० | १८,८२५,००० | ६,७३३,०९९ | ३५.७७ |
| ५ | ३०,३५०,००० | ३०,२४४,०४६ | ९९.६५ | २१ | ८,३७०,००० | ७,९३८,४९७ | ९४.८४ |
| ६ | १०५,१००,००० | १०६,५०२,७८१ | १०१.३३ | २२ | १८१,५७५,००० | ११६,४८७,८३३ | ६४.१५ |
| ७ | १०९,७००,००० | ७३,३३१,६३० | ६६.८५ | २३ | ३०,९२०,००० | १३,५३५,२९५ | ४३.७८ |
| ८ | ४१,०२०,००० | १६,८०६,७९९ | ४०.९७ | २४ | ६९,८१५,००० | ३१,१९३,२४५ | ४४.६८ |
| ९ | २६०,८०५,००० | १०५,६१६,७१८ | ४०.५० | २५ | ३१,५३७,५०० | १६,३१०,९५५ | ५१.७२ |
| १० | १४४,९७५,००० | ११३,५४३,६२४ | ७८.३२ | २६ | २३९,७२०,००० | १२५,३३३,६८३ | ५२.२८ |
| ११ | १५२,१२५,००० | १८७,२५३,७६८ | १२३.०९ | २७ | ६६,६४०,००० | ५८,६५२,०३३ | ८८.०१ |
| १२ | ४१,०४५,००० | ३७,९०४,३१४ | ९२.३५ | २८ | १११,९७५,००० | ११६,५६६,८९७ | १०४.१० |
| १३ | १३४,४२५,००० | ६९,१९४,०३८ | ५१.४७ | २९ | १३७,५९५,००० | ८४,८२३,५११ | ६१.६५ |
| १४ | १४९,३००,००० | ९३,६३१,९१७ | ६२.७१ | ३० | १३६,६२५,००० | ९२,३६९,२२५ | ६७.६१ |
| १५ | ८०,४००,००० | ४८,०११,५८३ | ५९.७२ | ३१ | १७३,४२५,००० | १०४,६८९,३८३ | ६०.३७ |
| १६ | २६४,९५०,००० | २०६,५२४,३६३ | ७७.९५ | ३२ | १५८,१०५,००० | १२४,९४२,१२८ | ७९.०२ |
| | | | | **जम्मा** | **३,६६५,३१५,०००** | **२,५१४,८९६,४३९** | **६८.६१** |

माथि उल्लेखित लक्ष्यको तुलनामा ८ नं. वडाले ४०.९७, ९ नं. वडाले ४०.५०, १७ नं. वडाले ४९.३०, १८ नं. वडाले ४७.६८, २० नं.वडाले ३५.७७, २३ नं. वडाले ४३.७८ र २४ नं. वडाले ४४.६८ प्रतिशत मात्र राजस्व असुल गरेका छन् । यस प्रकार लक्ष्यको ५० प्रतिशत पनि राजस्व असुल नगर्ने वडाहरुको कार्यसम्पादन उपर महानगरले थप खोजविन गरेको छैन । जसबाट राजस्व असुलीमा प्रभावकारिता आएको देखिएन ।

२१५. **एकीकृत सम्पत्ति कर वा घरजग्गा कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र एकीकृत सम्पत्ति कर वा घरजग्गा कर लगाउने, महानगरपालिकाले स्थानीय कानून बमोजिम मापदण्ड बनाई एकीकृत सम्पत्ति करमा छुट दिन सक्ने व्यवस्था छ । यो बर्ष महानगरपालिकाले महानगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा २ बमोजिम घरजग्गा कर वापत रु.६८६०२५५१९ आम्दानी गरेको देखिन्छ । घरजग्गा कर वापतको वास्तविक आम्दानी बार्षिक प्रक्षेपित आय रु.१ अर्ब को ६८ प्रतिशत मात्र भएको देखिन्छ । व्यक्तिगत आवश्यकताको आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट **मात्र** घरजग्गा कर लिएको पाईयो । घरजग्गा कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि घरजग्गा कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले घरजग्गा कर भुक्तानी गर्ने करदाताको छुट्टै विवरण (लिष्ट) बनाएको देखिएन । महानगरपालिकाले उपलब्ध लगतको आधारमा घरजग्गा करको बक्यौता रकमको गणना गरेको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण घर र जग्गासहितको व्यक्तिगत सम्पत्तीको अनुगमन गरी लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गरी लगत अद्यावधिक गर्ने, घरजग्गा करको बक्यौता रकमको गणना गरी घरजग्गा कर बक्यौता रकम अद्यावधिक गर्ने, घरजग्गा कर भुक्तानीको लागि ताकेता, अनुगमन गर्ने, समयमा घरजग्गा कर भुक्तानी गर्नेलाई छुट तथा नगर्नेलाई अभिलेख जरीवाना लाग्ने व्यवस्था गरी समयमा नै घरजग्गा कर सङ्कलन गर्ने, घरजग्गा कर भुक्तानी गर्ने करदाताको तयार गर्ने आदि घरजग्गा करको व्यवस्थापन हुन नसकेको, घरजग्गा करको दायरा बढाउन नसकेको देखिएकोले घरजग्गाको लगत अद्यावधिक गर्ने तथा स्वत: कर, बक्यौता रकम गणना गर्न सक्ने सफ्टवेयर प्रयोगमा ल्याउन तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२१६. **भूमिकर (मालपोत)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम

| | | | |
|---|---|---|---|
| | महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउने तर एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) नलगाइने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७५ बमोजिम भूमिकर (मालपोत) वापत यो बर्ष रु.१६३४३०७७ आम्दानी गरेको देखिन्छ । मालपोत वापतको वास्तविक आय बार्षिक प्रक्षेपित आयको ११० प्रतिशत भएको देखिन्छ । महानगर वडास्तरमा मालपोत सङ्कलन गर्ने गरेको देखिए तापनि मालपोत वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले यो बर्ष मालपोत कर बुझाएका करदाताहरुको छुट्टै अभिलेख राखेको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाको अनुगमन गरी लगत अद्यावधिक राखेको नदेखिएकोले अनुगमन गर्ने तथा लगत अद्यावधिक गर्ने तर्फ ध्यानाकर्षण गराईन्छ । | | |
| २१७. | **घरजग्गा बहाल कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम महानगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा महानगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ४ बमोजिम महानगरले बहाल कर वापत यो बर्ष रु.१३७७७१२६९५आम्दानी गरेको देखिन्छ । बहाल कर वापतको वास्तविक आय बार्षिक प्रक्षेपित आयको ६६ प्रतिशत मात्र असुल भएको देखिन्छ । व्यक्तिगत आवश्यकताको आधारमा कर बुझाउन आउने सेवाग्राहीबाट मात्र बहाल कर लिएको पाईयो । बहाल कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि बहाल कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । महानगरपालिकाले यो बर्ष बहाल कर बुझाएका करदाताहरुको छुट्टै विवरण (लिष्ट) बनाएको देखिएन । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा लिए-दिएको सम्बन्धमा अनुगमन गरी त्यस्तो बहालको लगत अद्यावधिक गरी राखेको देखिएन अद्यावधिक तथ्याङ्कको आधारमा आय प्रक्षेपण गर्नुपर्ने, प्रक्षेपित आयको लक्ष्य प्राप्तिको लागि नियमित अनुगमन गरी घरजग्गा बहाल कर वापतको राजस्व सङ्कलनमा विशेष कार्ययोजना बनाउनु पर्ने तथा स्वतः कर, बक्यौता रकम गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग गर्ने तर्फ महानगरपालिकाले ध्यान दिनु जरुरी छ । घरजग्गा कर दाखिला गर्दा बहाल आय भए-नभएको अनिवार्यरुपमा सूचना प्रबिधिमार्फत स्वघोषणा गराएर समेत बहालकरको दायरा बढाउन सकिनेतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | | |
| २१८. | **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था छ । यो बर्ष महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ५ बमोजिम व्यवसाय कर रु.३४५१७६६३६।- आम्दानी गरेको देखिन्छ । व्यवसाय कर वापतको वास्तविक आय बार्षिक प्रक्षेपित आयको ६८ प्रतिशत मात्र (न्यून) भएको देखिन्छ । व्यवसाय कर वडास्तरमा सङ्कलन गर्ने गरेको देखिए तापनि व्यवसाय कर वापतको वडागत बार्षिक आय प्रक्षेपण गरेको देखिएन । व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गरी व्यवसाय कर असुल गरेको, लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम सङ्कलन नगरेको, कुनै वडाहरुमा व्यवसायीहरुको लगत नै तयार नगरेको तथा व्यवसाय दर्ता नभएका, नविकरणका लागि नआएका व्यवसायीहरुको अनुगमन नगरेको, व्यवसाय कर बक्यौता रकमको गणना नगरेको पाईयो । वडाहरुको तथ्याङ्क अनुसार कूल दर्ता भएका व्यवसायीहरु मध्ये न्यून संख्यामा मात्र व्यवसायीहरु नविकरण भएको देखिन्छ । महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय तथा सेवाको अनुगमन गरी अद्यावधिक लगत राखी राजस्व असुल गर्नूपर्नेमा अनुगमन गरी त्यस्तो व्यापार, व्यवसाय तथा सेवाको लगत अद्यावधिक नराखेको देखिएकोले आफ्नो | | |

<table>
<tr><td></td><td>क्षेत्रभित्र सञ्चालित पेशा व्यवसाय लगायत व्यापार, व्यवसाय तथा सेवा र व्यवसायीहरुको अनुगमन गर्ने, लगत अद्यावधिक राख्ने, सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउने तथा स्वतः कर, बक्यौता गणना गर्न सक्ने सफ्टवेयरको प्रयोग गर्ने गराउने तर्फ ध्यानाकर्षण गराईन्छ । घरजग्गा कर दाखिला गर्दा नै घर जग्गा लगायतका संरचना बहालमा दिए-नदिएको अनिवार्य स्वघोषणा गराएर व्यवसाय करको दायरा बढाउन तर्फ समेत महानगरपालिकाको सक्रियता बढाउनु जरुरी छ ।</td><td></td><td></td></tr>
<tr><td>२१९.</td><td>मनोरञ्जन कर - प्रदेश आर्थिक ऐन, २०७५ को दफा ४ मा ३ नं. प्रदेशको हकमा चलचित्र घरहरुमा चलचित्र प्रदर्शन गर्न दर्शकहरुबाट प्रति टिकट ५ प्रतिशतका दरले मनोरञ्जन कर असुल गरी त्यस्तो करको ३ प्रतिशत स्थानीय सञ्चित कोष र २ प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था छ । काठमाडौँ महानगरपालिकामा सञ्चालित चलचित्र हलहरुले २०७५।७६ मा चलचित्र शुल्क नबुझाएकोले दाखिला गर्न १६ चलचित्र घरहरुलाई २०७६।४।९ मा पत्राचार गरेको भएतापनि उत्तः शुल्क दाखिला भएको नदेखिँदा लेखापरीक्षणको छनौटमा परेका चलचित्र हलहरुबाट लाग्ने करमा प्रचलित कानून अनुसार लाग्ने ब्याज समेत हिसाब गरी असुल गर्नुपर्ने रु. ----
<table>
<tr><th>चलचित्र घर</th><th>आन्तरिक राजस्व बिभागमा पेश गरेको आयविवरण अनुसार २०७५।७६ को बिक्री</th><th>५ प्रतिशत कर</th></tr>
<tr><td>छायादेवी सिनेमाज त्रिदेबीमार्ग</td><td>११३००२१६२</td><td>५६५०१०८</td></tr>
<tr><td>गोपीकृष्ण मुभिज चावहिल</td><td>१०३८६०२०९</td><td>५१९३०१०</td></tr>
<tr><td>अष्टनारायण पिक्चर्स बालाजु</td><td>३०७२९०९०</td><td>१५३६४५५</td></tr>
<tr><td>केएल सिटी सिनेमा चावहिल</td><td>१५३०६६७७५</td><td>७६५३३३९</td></tr>
<tr><td>म्याक्स इन्टरनेशनल प्रालि बागबजार</td><td>५८२२९९३</td><td>२९११५०</td></tr>
<tr><td>सिनेमार्क मुभिज प्रालि राइजिग महल</td><td>४९४४३२८९</td><td>२४७२१६४</td></tr>
<tr><td>सिनेस्टार प्रालि  कमलपोखरी</td><td>२२०९०८२३४</td><td>११०४५४१२</td></tr>
<tr><td>सिने डे सेफ कम्पनी प्रालि सुन्धारा</td><td>४९३१४०९२</td><td>२४७२१६४</td></tr>
<tr><td>जय नेपाल चित्र घर नक्साल</td><td>७१२००५३८</td><td>३५६००२७</td></tr>
<tr><td>सेन्ट्रल सिनेमाज सुन्धारा</td><td>३१३०६५३३९</td><td>१५६५३२६७</td></tr>
<tr><td>बैकटस इन्टरनेशनल प्रा जि अनामनगर</td><td>१३०३६८१३५</td><td>६५१८४०६</td></tr>
<tr><td>डिजिटल सिनेमा कमल पोखरी</td><td>९४०८५३१३</td><td>४७०४२६५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६५०७७०१४</td></tr>
</table></td><td>६५०७७०१४</td><td></td></tr>
<tr><td>२२०.</td><td>सम्पत्ति कर - साविकमा सम्पत्ति कर कार्यालयहरुबाट उठाईदै आएकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू भएपछि स्थानीय निकायमा हस्तान्तरण गरी असुल हुँदै आएकोमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार यस्तो राजस्व महानगरपालिकाले नै उठाउन थालेको र यस्तो कर दायरामा आएका करदाताको हकमा २०४९।५० देखि नै हिसाब गरी असुल गर्ने गरेको ६ नं. वडा कार्यालयको अभिलेखबाट देखियो । कर उठाउँदा विगत २६ वर्षदेखि गणना गर्ने व्यवस्थाले साविकमा कर नतिरेका तर हाल सेवाग्राहीको रुपमा कुनै सिफारिस लगायत आवश्यक परेको अवस्थामा नगरवासीमाथि कर सम्बन्धी जानकारी एवं सूचना नपुऱ्याउँदा एक्कासी ठूलो व्ययभार पर्न गएको छ । महानगरपालिकाले व्यवसाय करको लागि आधार वर्ष २०७२।७३, घरबहाल करको लागि २०६५।६६ तोकेको अवस्थामा सम्पत्ति करको लागि आधार वर्ष तोकेको छैन । यसरी लामो समयसम्म सम्पत्ति कर नतिरेका करदातालाई निश्चित स्किम र आधार वर्ष नतोकेको कारणले पुरानो वर्षहरुको सम्पत्ति कर नगरवासीले पनि नतिरेका र महानगरसँग सो सम्बन्धी अद्यावधिक अभिलेख नभएको अवस्था छ ।</td><td></td><td></td></tr>
</table>

अर्कोतर्फ सम्पत्ति कर दाखिलाको अवस्था हेर्दा वडा नं.६ मा नक्सा पास गराई घर निर्माण गर्ने नगरवासी ८१०० रहेका छन् । नक्सा पास नगराएका एवं अन्य पुराना भवनको अभिलेख यसमा समावेश छैन । एकिकृत सम्पत्ती कर केही सिमित छुट पाउने ब्यक्ति निकायबाहेक महानगरपालिकाभित्रका सबै घरजग्गामा लाग्ने गर्दछ । यो वर्षको सम्पत्ति कर बुझाउने करदाताको अभिलेख परीक्षण गर्दा ४४६७ अर्थात् ५५ प्रतिशतले मात्र कर तिरी ४५ प्रतिशत दायरा बाहिर रहेका छन् । यसबाट उक्त कर तिर्नेभन्दा नतिर्नेको संख्या अधिक देखिन्छ । यो अवस्था घरबहाल कर र व्यवसाय करमा समेत रहेको छ । यसमा महानगरपालिकाको अनुगमन कमजोर देखिएकोले अनुगमनमा प्रभावकारिता ल्याई राजस्वको दायरामा नआएका नगरवासी एवं व्यवसायीबाट छुटेको राजस्व असुल गर्नु पर्दछ ।

२२१. **राजस्वको सफ्टवेयर सञ्चालन** - महानगरपालिकाले एसियाली विकास बैंकको सहयोगमा २०७२।७३ मा मार्स (Municipal Revenue Service) सञ्चालनमा ल्याएकोमा यो सफ्टवेयर महानगरका कुनैपनि वडामा सञ्चालन भएको छैन । यो सिस्टम लागू गरेको विषयमा सोधनी गर्दा सिस्टममा सबै फाराम नभएको, सेवाग्राहीलाई सुविधा दिनमा ढिलाई हुने गरेको उल्लेख गरेका छन् । महानगर जस्तो राजस्वको कारोबार हुने संस्था, अभिलेख र सेवाप्रवाह सहजता ल्याउन राजस्वको कुनै सफ्टवेयर एवं राजस्व संकलनको अभिलेख अद्यावधिक नहुँदा उठ्नुपर्ने राजस्वको वास्तविक अवस्था यकिन हुन सकेको छैन । साथै सबै राजस्व संकलन गरेको र प्राप्त सबै राजस्व दाखिला भएको आश्वस्त हुने अबस्था देखिदैन । राजस्व असुलीमा प्रभावकारिता ल्याई स्वचालित बनाउन अविलम्ब सफ्टवेयर प्रणालीको विकास गरी सबै वडा तहदेखि नै लागू गर्नु पर्दछ ।

२२२. **राजस्व छुट** - महानगरको आर्थिक ऐन २०७६ अनुसार होटेल, रिसोर्टको नाममा घर जग्गा भई वा लिजमा लिई होटेल, रिसोर्ट निर्माण गरी सञ्चालन भएको करदाताको हकमा नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण बर्ष २०२० लाई प्रबर्द्धन गर्ने उद्देश्यले आर्थिक बर्ष २०७५/७६ सम्मको घरजग्गा कर/सम्पत्ति कर चुक्ता गरेमा आ.ब. २०७६/७७ को सम्पत्ति करमा थप ६५% छुट हुनेछ । चालु आ.ब. २०७५/७६ को सम्पत्ति कर वापतदाखिला गरेको कूल रकममध्ये ६५% छुट्टै कोषमा जम्मा गरी होटेल एशोसियन अफ नेपालसँगको सहकार्यमा कार्यविधि बनाई पर्यटन क्षेत्र प्रबर्द्धन गर्न खर्च गरिने उल्लेख गरेपनि छुट्टै कोषमा जम्मा गरी होटेल एशोसियन अफ नेपालसँगको सहकार्यमा कार्यविधि बनाइ खर्च गरेको देखिएन ।

२२३. नेपाल भ्रमण बर्ष २०२० लाई प्रबर्द्धन गर्ने कार्यमा ललितपुर लगायत अन्य महानगरपालिकाले कुनै छुट नदिएको अवस्थामा **महानगरले** घरजग्गा कर/सम्पत्ति कर छुट दिदा निम्न ९ होटल व्याबशायीले मात्र देहायअनुसार रु ० छुट प्राप्त गरेको देखिदा निश्चित बर्गलाई सहुलियत पुग्ने गरी कानूनमा पूनरावलोकन हुनुपर्दछ ।

| क नं | होटल | आ.व. ७६।७७ को कर | आ.व. ७६।७७ को कर तिरेको | कर छुट | कर छुट (१० प्रतिशत) | अतिरिक्त कर छुट |
|---|---|---|---|---|---|---|
| १ | होटल डेला अन्नपूर्ण | ८,८०७,६७६ | २,२०१,९१९ | ६,६०५,७५७ | ८८०,७६८ | ५,७२४,९८९ |
| २ | याक एण्ड यति होटल | ७,०२८,३६२ | १,७५७,०९० | ५,२७१,२७२ | ७०२,८३६ | ४,५६८,४३६ |
| ३ | ओरियण्टल होटल लि। | २,३७३,४८७ | ५९३,३७२ | १,७८०,११५ | २३७,३४९ | १,५४२,७६६ |
| ४ | होटल शंकर प्रा.ली. | १,९९७,६४२ | ४९९,४१० | १,४९८,२३२ | १९९,७६४ | १,२९८,४६८ |
| ५ | होटल एम्वेस्डर प्रा.ली. | १,३०७,७५२ | ३२६,९३८ | ९८०,८१४ | १३०,७७५ | ८५०,०३९ |
| ६ | होटल सांग्रिला प्रा.ली. | २,११७,०४४ | ५२९,२६१ | १,५८७,७८३ | २११,७०४ | १,३७६,०७९ |
| ७ | तारा गाउ रिजेन्सी होटल | ९,३०१,६४१ | २,३२५,४१० | ६,९७६,२३१ | ९३०,१६४ | ६,०४६,०६७ |
| ८ | द्वारिकाज काठमाडौं भिलेज होटल | २,८४४,२१२ | ७११,०५३ | २,१३३,१५९ | २८४,४२१ | १,८४८,७३८ |
| ९ | होटल सोल्टी | ५,६८८,५९६ | १,४२२,१४९ | ४,२६६,४४७ | ५६८,८६० | ३,६९७,५८८ |
| | | | | ३१,०९९,८१० | | |

**वडा १**

२२४. **सम्पत्ती कर** - काठमाडौ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५ को दफा २ बमोजिम का.म.पा.क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था छ । नमूना छनौटबाट वडा कार्यालयको कारोबारको स्रेस्ता लेखापरीक्षण गर्दा निम्न करदाताले घटी कर दाखिला गरेको रकममा शुल्क र ब्याज समेत असुल उपर गर्नुपर्ने रु. --- ४७४,५४५

| करदाताको नाम | आर्थिक वर्ष | घरको मूल्य | जग्गाको मूल्य | कुल सम्पत्ति | कर तिर्नुपर्ने | कर तिरेको | कर असुल गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| श्रेयस राज कर्णिकार | २०७४।७५ | १५,८०४,८८७ | ३०,०२८,३९४ | ४५,८३३,२८२ | १३०,३७६ | ११७,१६७ | १३,२०९ | आ.व. ७५।७६मा धोषणा गरेको को भवनको क्षेत्रफल भन्दा कम कमको तिरेको |
| | २०७३।७४ | १५,८०४,८८७ | ३०,०२८,३९४ | ४५,८३३,२८२ | १३०,३७६ | ११,५०७ | ११८,८६९ | |
| | २०७२।७३ | १५,८०४,८८७ | ३०,०२८,३९४ | ४५,८३३,२८२ | १३०,३७६ | ९,०१७ | १२१,३५९ | |
| रोहन सिंह सराज ( विश्वज्योति मल) | २०७४।७५ | ७२,९०२,१७७ | २५,०००,००० | ९७,९०२,१७७ | २३९,६४७ | १२९,०९३ | ११०,५५४ | ऐ ऐ |
| | २०७३।७४ | ७२,९०२,१७७ | २५,०००,००० | ९७,९०२,१७७ | २३९,६४७ | १२९,०९३ | ११०,५५४ | |

२२४.१. काठमाडौ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५ को दफा २ बमोजिम का.म.पा.क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था छ । निम्न करदाताले लाग्ने कर दाखिला गरेको नदेखिदा कर रकममा शुल्क र ब्याज समेत असुल उपर गर्नुपर्ने रु. ---

२२४.२. मिनर्वा मल्ल (ल्याण्डमार्क होटल) ले सुरुदेखि आ.व. २०७५।७६ सम्म का.म.पा. वडा कार्यालयमा कुनै पनि सम्पत्ति कर (घरजग्गा कर) दाखिला गरेको पाइएन । यो बर्ष २०७५।७६ मा घर बाहेक जग्गा रो २-१५-०-३ को मोल रु.२१,२३,४३,७५० मा सम्पत्ति कर रु.८,४८,५६३ र प्राविधिकद्वारा घरको क्षेत्रफल यकिन गरी आ.व. २०७५।७६ को सम्पत्ति कर तथा अघिल्ला आ.व.को पनि घरजग्गा कर असुल उपर गर्नुपर्ने रु. --- ८४८५६३.००

२२४.३. होटल माउण्टेन प्रा.ली. ले सुरुदेखि आ.व. २०७५।७६ सम्म का.म.पा. वडा कार्यालयमा कुनै पनि सम्पत्ति कर (घरजग्गा कर) दाखिला गरेको पाइएन । यो बर्ष २०७५।७६ मा घर बाहेक जग्गा रो १-९-१-१ को मोल रु.१२,६५,६२,५०० मा सम्पत्ति कर रु ३,३३,८७५ र प्राविधिकद्वारा घरको क्षेत्रफल यकिन गरी आ.व. २०७५।७६ को सम्पत्ति कर तथा अघिल्ला आ.व.को पनि घरजग्गा कर असुल उपर गर्नुपर्ने रु. -- ३३३८७५.००

२२४.४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद - २ राजस्वको अधिकारको दफा ३ को उपदफा (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनसुची ३ अर्न्तगत क्रम सं १ मा सम्पत्ति कर (घरजग्गा कर) लगाउने र उठाउने प्रवधान रहेको छ । ऐनको दफा १ को उपदफा (२) बमोजिम दफा ३ र ३७ का प्रवधानहरु ऐन प्रमाणीकरण मिति २०७४।६।२७ देखि प्रारम्भ हुने देखिन्छ । का.म.पा.को आर्थिक ऐन, २०७४ अनुसार होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधनको पाकिङ्ग स्थान र बाग बगैचामा कर छुट दिने गरी साबिकै व्यस्था अनुसार कर निर्धारण गरेको मिलेको देखिएन । नया ऐनले सम्पूर्ण सम्पति गणना गर्ने गरी कार्यक्षेत्र निर्धारण गरेको र सो अनुसार २०७५।७६ मा लाग्नेकर हिसाव गरी निर्धारण गरेपनि २०७४।७५ को ९ महिना बराबर घरजग्गा कर असुल गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने रु. - ९०२११२१.००

1) होटल डेला अन्नपूर्णले आ.व. २०७४।७५ मा घर जग्गा कर रु ४,५३५,७४४ तिर्नुपर्नेमा रु ४५१,८२७ मात्र दाखिला गरेकोले थप रु ४,०८३,९१७ असुल उपर गर्नुपर्ने देखिन्छ ।
2) याक एण्ड यति होटलले आ.व. २०७४।७५ मा घर जग्गा कर रु ५,६३८,७२६ तिर्नुपर्नेमा रु ७०१,५२२ मात्र दाखिला गरेकोले थप रु ४,९३७,२०४ असुल उपर गर्नुपर्ने देखिन्छ ।

२२५. **घर बहाल कर** - काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ४ बमोजिम का.म.पा.क्षेत्र भित्रका घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा

| | | | |
|---|---|---|---|
| | वा पोखरी पुरै वा आशिंक तबरले वहालमा लगाई हुने आम्दानीमा १० प्रतिशत बहाल कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था छ । साथै, आ.व. २०७४।७५ को लागि राजस्व विभागको चलानी नं ६३८, मिति २०७५।०२।०१ को परिपत्रअनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने बहालमा लाग्ने घर बहाल करमा नेपाल सरकार, आन्तरिक राजस्व कार्यालयमा बहाल कर बुझाएको हकमा पेश गरेको प्रमाणको आधारमा २ प्रतिशत (१२ प्रतिशतमा नपुग रकम) र नबुझाएको हकमा १२ प्रतिशत घर बहाल कर असुल हुने प्रावधान पाइयो । साथै, अप्राकृतिक व्यक्तिको हकमा आन्तरिक राजस्व कार्यालयमा बहाल कर बुझाएको प्रमाणलाई आधार मानी १२ प्रतिशतमा नपुग हुने २ प्रतिशत घर बहाल कर असुल हुने व्यवस्था छ । वडा कार्यालयको कारोबारको पेश भएसम्मको स्रेस्ता लगायत प्रमाण कागजात समेतका आधारमा लेखापरीक्षण गर्दा निम्न करदाताले लाग्ने कर दाखिला गरेको नदेखिदा कर रकममा शुल्क र ब्याज समेत असुल उपर गर्नुपर्ने रु. --- | २८२०,४५८ | |

| घरधनी | बहालवाला को नाम | आर्थिक वर्ष | सम्झौता मिति | भाडा (वार्षिक) | दर | बहाल कर तिर्नुपर्ने | बहाल कर तिरेको | कर असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कपिल शम्शेर जबरा | विविध | २०७४।७५ | स्वघोषणा | ७९,५६७,५६२ | १२ | ९,५४८,१०७ | ९,५०७,८१० | ४०,२९७ |
| | | २०७५।७६ | स्वघोषणा | ८८,३६०,१७७ | १० | ८,८३६,०१८ | ७,३७५,८५७ | १,४६०,१६१ |
| मनोज शाही | सिनो हाइड्रो | २०७४।७५ | २०७३।१२।२९ | ६,०००,००० | १२ | ७२०,००० | - | ७२०,००० |
| | | २०७५।७६ | | ६,०००,००० | १० | ६००,००० | - | ६००,००० |

| | | | |
|---|---|---|---|
| २२६. | काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसूची ६ बमोजिम को सुत्रअनुसार न्यूनतम मासिक बहाल दर रु ३८ प्रति व.फि. मात्र रहेको भएपनि रोहन सिंह सराफ (विश्वज्योति मल) ले आ.व. २०७५।७६ मा बहाल आयमा कुनै पनि बहाल कर दाखिला गरेको पाइएन । उक्त करदाताको आ.व. २०७५।७६ को सम्पत्ति कर निर्धारण आदेशअनुसार उक्त व्यवसायीक भवनको कुल क्षेत्रफल ३३,६१०.९३ व.फि. रहेको पाइयो । निजले उपरोक्त सूत्रअनुसार न्यूनतम मासिक बहाल रकम रु १,२७७,२१५.३४ को वार्षिक बहाल रकम रु १५,३२६,५८४ हुने देखिन्छ । वार्षिक बहाल रकमको १० प्रतिशतका दरले न्यूनतम बहाल कर रु १,५३२,६५८ का आधारमा सो स्थानको यर्थात कारोबार छानबिन गरी का.म.पा. वडा कार्यालयले असुल उपर गर्नुपर्ने रु. --- | १,५३२,६५८ | |
| २२७. | घरधनी राजेश लाल श्रेष्ठ र बहालवाला अर्गानिक एग्रोफर्म प्रा ली र पूर्णानन्द एग्रो फार्म प्रा.ली. बीच २०७३।०४।०१ मा घरधनीको का.म.पा. १ स्थित घर मासिक रु २४,००० (प्रत्येक) मा बहाल सम्झौता भएको पाइयो । उक्त करदाताको आ.व. २०७५।७६ को सम्पत्ति कर निर्धारण आदेशअनुसार उक्त भवनको कुल क्षेत्रफल ८,३०० व.फि. रहेको पाइयो । काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसूची ६ बमोजिम को सुत्रअनुसार न्यूनतम मासिक बहाल दर रु ३८ प्रति व.फि. उपरोक्त सूत्रअनुसार मासिक बहाल रकम रु ३,१५,००० का दरले वार्षिक बहाल रकम रु ३७,८४,८०० हुने देखिन्छ । वार्षिक बहाल रकमको १० प्रतिशतका दरले न्यूनतम बहाल कर रु ३,७८,४८० मा का.म.पा. वडा कार्यालयमा दाखिल भएको रु १२००० कट्टी भई रु ३,६६,४८० असुल उपर गर्नुपर्ने --- | ३६६,४८० | |
| २२८. | होटल रोयल सिंगी प्रा.ली. ले आ.व. २०७२।७३ मा रु ४,२५,७५० मासिक बहाल आय स्वघोषणा गरेको छ । उक्त प्राली.ले आ.व. २०७३।७४, २०७४।७५ मा कुनै पनि बहाल कर दाखिला गरेको पाइएन । आ.व. २०७२।७३ को स्वघोषणाका आधारमा वार्षिक रु ५१,०९,००० हुने तथा आ.व. २०७३।७४ मा २ प्रतिशतका दरले रु १,०२,१८०, आ.व. २०७४।७५ मा २ प्रतिशतका दरले रु १,०२,१८०` बहाल कर कुल रु २,०४,३६० असुल उपर गर्नुपर्ने रु. --- | २०४,३६० | |
| | **वडा २** | | |

२२९. **सम्पत्ति कर** - काठमाडौं महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५ को दफा २ बमोजिम का.म.पा.क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट बाट वडा कार्यालयको कारोबारको स्रेस्ताका आधारमा लेखापरीक्षण गर्दा निम्न करदाताले देहायअनुसार घटी कर दाखिला गरेको रकममा शुल्क र ब्याज समेत असुल उपर गर्नुपर्ने रु. --- ३७७३८२.००

| करदाताको नाम | आर्थिक वर्ष | घरको मूल्य | जग्गाको मूल्य | कुल सम्पत्ति | कर तिर्नुपर्ने | कर तिरेको | कर असुल गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| लाजिम्पाट प्लाजा प्रा.ली | २०७५।७६ | ६४,९२७,८६८ | ८३,६८२,१६४ | १४८,६१०,०३२ | ४१९,५४४ | ३६७,२५६ | ५२,२८८ | १० प्रतिशत छुट |
| सिभिक अस्पताल प्रा.ली | २०७५।७६ | ८२,१०४,३५३ | ९६,७६९,११० | १७८,८७३,४६३ | ५८२,९६६ | २५७,८७२ | ३२५,०९४ | भवन निर्माण इजाजत अनुसार सम्पत्ति कर गणनामा १६७११.१६ व.फि को घरको गणना छुट भएको |

२२९.१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद - २ राजस्वको अधिकारको दफा ३ को उपदफा (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनसुची ३ अर्न्तगत क्रम सं १ मा सम्पत्ति कर (घरजग्गा कर) लगाउने र उठाउने प्रवधान रहेको छ । ऐनको दफा १ को उपदफा (२) बमोजिम दफा ३ र ३७ का प्रवधानहरु ऐन प्रमाणीकरण २०७४।६।२७ देखि प्रारम्भ हुने देखिन्छ । का.म.पा.को आर्थिक ऐन, २०७४ अनुसार होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधनको पाकिङ्ग स्थान र बाग बगैचामा कर छुट दिने गरी साबिकै व्ययस्था अनुसार कर निर्धारण गरेको मिलेको देखिएन । नया ऐनले सम्पूर्ण सम्पति गणना गर्ने गरी कार्यक्षेत्र निर्धारण गरेको र सो अनुसार २०७५।७६ मा लाग्नेकर हिसाव गरी निर्धारण गरेपनि २०७४।७५ को ९ महिना बराबर घरजग्गा कर असुल गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने रु. --- २३८५०४१.००

१) ओरियण्टल होटल ली.ले आ.व. २०७४।७५ मा घर जग्गा कर रु १,२३६,६११ तिर्नुपर्नेमा रु.९१,०७८ मात्र दाखिला गरेकोले थप रु १,१४५,५३३ असुल उपर गर्नुपर्ने देखिन्छ ।

२) होटल शंकर प्रा.ली.ले आ.व. २०७४।७५ मा घर जग्गा कर रु १,४०३,४९२ तिर्नुपर्नेमा रु १६३,९८४ मात्र दाखिला गरेकोले थप रु १,२३९,५०८ असुल उपर गर्नुपर्ने देखिन्छ ।

३) होटल एक्वेस्डर प्रा.ली.ले २०७४।७५ मा घर जग्गा कर रु ५३०,००० तिर्नुपर्नेमा रु ३०,४७९ मात्र दाखिला गरेकोले थप रु ४९९,५२१ असुल उपर गर्नुपर्ने देखिन्छ ।

२३०. **घर बहाल कर** - शान्ति प्रभा तुलाधरको ४ तले व्यवसायीक भवनमध्ये जमिन, पहिलो र दोस्रो तला सनराइज बैंक बहालमा बसी बहाल कर दाखिला गर्दै आएकोमा उक्त घरधनीले भवनको तेस्रो तलाको बहाल आयमा आ.व. २०७५।७६ मा कुनै पनि बहाल कर का.म.पा. वडा २ मा दाखिला गरेको पाइएन । काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसूची ६ बमोजिम को सुत्रअनुसार न्यूनतम मासिक बहाल दर रु.२७ प्रति व.फि. ले उक्त करदाताको आ.व. २०७५।७६ को सम्पत्ति कर निर्धारण आदेशअनुसार उक्त व्यवसायीक भवनको तेस्रो तलाको क्षेत्रफल ७७३८ व.फि. रहेको पाइयो । उपरोक्त सूत्रअनुसार मासिक बहाल रकम रु २,०८,९२६ भई आ.व.२०७५।७६ को वार्षिक बहाल रकम रु.२५,०७,११२ हुने देखिन्छ । वार्षिक बहाल रकमको १० प्रतिशतका दरले न्यूनतम बहाल कर रु २,५०,७११ हुने देखिन्छ । का.म.पा. वडा कार्यालयले छानबिन गरी यर्थाथ रकम असुल उपर गर्नुपर्ने रु. --- २०८९२६.००

२३०.१. सरिता महर्जनको ८ तले व्यवसायिक भवनको २ देखि ५ तलामा आन्तरिक राजस्व कार्यालय महाराजगन्ज बस्दै आएकोमा श्रावण र भदौको मासिक रु ७,५०,००० का दरले तथा २०७५।०६।०१ देखि २ देखि ४ तलामा मासिक रु ५,६९,९४० का दरले वार्षिक रु ७,१९९,४०० को १० प्रतिशतका दरले बहालकर रु ७१९,९४० असुल उपर गर्नुपर्ने रु. --- ७१९९४०.००

| | | | |
|---|---|---|---|
| २३०.२. | साथै, उक्त भवनको १,६,७ र ८ तलाको पिल्न्थ ४२२१ व.फि को आधारमा १६,८८४ व.फि को काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसूची ६ बमोजिम को सुत्रअनुसार न्यूनतम मासिक बहाल दर रु.२९ प्रति व.फि. को हिसावले न्यूनतम वार्षिक वहाल रकम रु.५,८७५,६३२।- को १० प्रतिशतको दरले असुल उपर गर्नुपर्ने रु. --- | ५८७५६३.०० | |
| २३१. | **भूमिकर** - काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ३ बमोजिम काठमाडौं क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा उक्त ऐनको अनुसूची ५ अनुसार भूभिकर (मालपोत) असुल उपर गर्ने व्यवस्था रहेको छ । आ.व. २०७५।७६ मा होटल मनास्लु प्रा लि को कुल जग्गा ४४६३.४४ व.मी. मध्ये सम्पत्ति कर प्रयोजनको लागि १०५६.७ व.मी कट्टा गरी बाकी ३४०६.५२ व.मी. जग्गामा प्रति आना रु ४० (वर्ग घ) को दरले उक्त करदाताबाट मालपोत बापत असुल उपर गर्नुपर्ने रु. --- | ४,२८६.४० | |
| | **वडा ३** | | |
| २३२. | **घरजग्गा कर** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-२ राजस्वको अधिकारको दफा ३ को उपदफा (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनसुची ३ अर्न्तगत क्रम सं १ मा सम्पत्ति कर (घरजग्गा कर) लगाउने र उठाउने प्रवधान रहेको छ । ऐनको दफा १ को उपदफा (२) बमोजिम दफा ३ र ३७ का प्रवधानहरु ऐन प्रमाणीकरण मिति २०७४।०६।२७ देखि प्रारम्भ हुने देखिन्छ । का.म.पा.को आर्थिक ऐन, २०७४ अनुसार होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधनको पाकिङ्ग स्थान र बाग बगैचामा कर छुट दिने गरी साबिककै व्यवस्था अनुसार कर निर्धारण गरेको मिलेको देखिएन । नया ऐनले सम्पूर्ण सम्पति गणना गर्ने गरी कार्यक्षेत्र निर्धारण गरेको र सो अनुसार २०७५।७६ मा लाग्नेकर हिसाव गरी निर्धारण गरेपनि २०७४।७५ को ९ महिना बराबर घरजग्गा कर असुल गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने रु. --- | १,०८१,४३५ | |
| | होटल सांग्रिला प्रा.लि.ले आ.व. २०७४।७५ मा घर जग्गा कर रु १,१५८,८०६ तिर्नुपर्नेमा रु.७७,३७१ मात्र दाखिला गरेकोले थप रु १,०८१,४३५ असुल उपर गर्नुपर्ने देखिन्छ । | | |
